# सिविन स्मारिका

## २०६९



नेपालमा बालअधिकार आन्दोलनको २५ वर्ष

CWIN 25
1987-2012
25 Years of Child Rights Movement in Nepal

सिविन नेपाल

नेपालमा बालअधिकार आन्दोलनको २५ वर्ष

# सिविन नेपाल स्मारिका

२०६९

For Children With Children

**सिविन नेपाल**

**नेपालमा बालअधिकार आन्दोलनको २५ वर्ष : सिविन नेपाल स्मारिका**

**प्रकाशन मितिः** मंसीर २०६९

**अवधारणाः** सुम्निमा तुलाधर

**सम्पादनः** शारदारमण नेपाल

**संयोजन एवम् अन्तर्वार्ताः** शुभराज पोखरेल

**सहयोगीहरूः**
अपर्णा नेपाल, झनहरी भट्टराई, प्रभा बलम्पु, शारदा रिजाल, कुशुम गुरुङ्ग, माधव लोहनी, लिला भट्ट, अनु कुँवर, जेनी राई, रमेश श्रेष्ठ, वसन्त ढुङ्गाना, प्रनोय मुल्मी, विमलकुमार थापा, अमृता श्रेष्ठ, रमिता छुँजु, गणेश सिंह, सूर्यनारायण श्रेष्ठ, पूजा श्रेष्ठ, ध्रुब गौतम, कुमार भट्टराई, शान्त महर्जन र दिनेश श्रेष्ठ

**प्रकाशकः**
सिविन नेपाल
पो.ब.नं. ४३१४, रविभवन, काठमाडौं
फोनः ४२८२२५, ४२७८०६४
फ्याक्सः ४२७८०१६
इमेलः cwin@mos.com.np
वेबसाइटः www.cwin.org.np

**प्रकाशन सहयोगः** फोरुट-नर्वे

**मुद्रणः** स्थापित अफसेट प्रेस, काठमाडौं

# विषयसूची


**प्रकाशकीय** ५

**शुभकामना सन्देश** ६

**संस्मरण** २५

- बालअधिकार आन्दोलनमा अग्रणी भूमिका - *प्रा. मथुरा श्रेष्ठ* २६
- मानवअधिकार र बालअधिकार - *पद्मरत्न तुलाधर* २७
- बालअधिकार आन्दोलनको अभियन्ता - *दमननाथ ढुङ्गाना* २९
- व्यवहारमा उत्रनु नै कानुनको सौन्दर्य - *सुवास नेम्वाङ* ३१
- बालअधिकार निमित्त मानवअधिकार आयोग क्रियाशील - *केदारनाथ उपाध्याय* ३५
- समुन्नत भविष्यको लागि लगानी - *दीपेन्द्र बहादुर क्षेत्री* ३७
- उपलब्धिलाई संस्थागत गर्नुपर्छ - *मुक्ति प्रधान* ३९
- बन्दीगृहका ठाउँमा पनि अब बालगृह - *प्रेम बहादुर खड्का* ४०
- बालअधिकारमूखी साहित्य सिर्जना आवश्यक - *महादेव अवस्थी* ४१
- बालबालिका हाम्रा सर्बोन्नत विश्वविद्यालय - किरण मानन्धर ४३
- सरकार र गैसस प्रतिस्पर्धी होइनन - *बालानन्द पौडेल* ४५
- असल संस्कार संस्कृतिका लागि असल गीत संगीत - *रामेश श्रेष्ठ* ४७
- राष्ट्र हितका लागि रंगकम - *अशेष मल्ल* ४९
- महिलाअधिकार विनाको बालअधिकार अपूण - *सेख चाँदतारा* ५०
- संयोजन र नेतृत्वको भूमिकामा सिविन - *अर्जुन कार्की* ५१
- महत्वपूर्ण यात्रा, उपलब्धि र दायित्व - *नेत्र तिमल्सिना* ५४
- कर्मठ र पथप्रदशक संस्था सिविन - *शर्मिला कार्की* ५७
- सिविनलाई धन्यबाद - *अनुराधा कोइराला* ५९
- बालबालिकाको परिवार विमुखता एक चरम सम्वेदनशील पक्ष - *सुबोध प्याकुरेल* ६०
- बालअधिकार र महिलाअधिकार अन्योन्याश्रित - *सपना प्रधान (मल्ल)* ६२
- अतितको संझना - *डा. बिजय सैंजू* ६५
- बालस्वास्थ्य अधिकारका लागि सहकार्य - *डा. भरत प्रधान* ६७
- सञ्जालको सहकार्यमा बालअधिकार आन्दोलन - *गणेश विक* ६९
- कन्सोर्टियमको क्रियाशीलतामा सिविन - *जयम बाबु श्रेष्ठ* ७१
- पुनः अनुसन्धानमा जोड दिनु जरुरी - *लक्ष्मी कार्की* ७३
- सबै विकृतिको असर केन्द्र बालबालिका - *शान्तलाल मुल्मी* ७५
- असलहरूको चर्चामा पहिले आउने नाम - *दुर्गा घिमिरे* ७७
- बालश्रम हटाउन अनिवार्य शिक्षा - *शान्ति अधिकारी* ७९

- फैलिँदो विकृति र नियन्त्रणको आवश्यकता - *डा. डम्वर नेपाली* ८१
- अभिभावक र सहकर्मीको भूमिकामा सिविन - *रबिन नेपाली* ८३
- बालअधिकार हननमुक्त मुलुक नबन्दासम्म अभियानको निरन्तरता आवश्यक - *शिव गाउले* ८५
- मुहानमै पुगेर काम गर्नु आवश्यक - *श्याम श्रेष्ठ* ८७
- कानुन कार्यान्वयन र सन्धि पालन नहुनु नेपालको कमजोर पक्ष - *युवराज घिमिरे* ८९
- कुनै पद नलिइकन पनि काम गर्ने सिविन संस्कृति - *शोभा गौतम* ९०
- उत्तरोत्तर विकास र निरन्तरता सिविनको विशेषता - *विष्णु रिमाल* ९१
- राजनीतिक अस्थिरता आजको प्रमुख समस्या - *अच्युतराज पाण्डे* ९५
- श्रमिक अधिकारभन्दा बालअधिकार गम्भीर - *शालिकराम जमरकट्टेल* ९७
- बालअधिकार, बालमैत्री शिक्षा र विद्यालय शान्ति क्षेत्र - *बाबुराम अधिकारी* ९९
- केही सोंच, केही सुझाव - *गुणराज लोहनी* १०१
- शिक्षक कर्मचारीको आचरण र त्यसको दूरगामी प्रभाव - *भरत शाह* १०३
- चेतनामूलक भूमिकामा निरन्तरता - *बाबुराम पोखरेल* १०५
- यात्रा सहयात्रा प्राप्ति र अनुभूति - *डिल्ली चौधरी* १०७
- पीडित बालबालिकाको लागि न्याय सहायक - *शशि राउत* १०९
- हार्दिक बधाई र शुभकामना - *सुनिता दनुवार* १११
- सहयोगी भूमिकामा सिविन - *अशोक जैरु* ११३
- निश्चित लक्ष्य केन्द्रितता, निश्चित परिणाम - *दिल्ली गुरागाँइ* ११५
- अभियन्ताबाट अझै थप अपेक्षा - *दीर्घ नारायण श्रेष्ठ* ११७
- निश्चित दृष्टिकोण भएको संस्था - *दुर्गा सोब* ११९
- सञ्जाल र संयन्त्रहरूमा सिविन उपस्थितिको आवश्यकता - *पुरुषार्थ श्रेष्ठ* १२१
- स्थानीय विकास र बालबालिका - *राम प्रसाद सुवेदी* १२३
- राष्ट्र निर्माणको पक्षमा महत्वपूर्ण योगदान - *शारदा पोखरेल* १२५
- जागृतिको प्रगतिमा सिविनको योगदान - *तिलोत्तम पौडेल* १२७
- लू निभाः बाल सरोकार समूहको स्थापना, विकासक्रम र सिविनसँगको सम्बन्ध १२९
- गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्न चाहान्छौं - *उमेश श्रेष्ठ* १३३

**२५औं वार्षिकोत्सव मूल समारोह** **१३५**
- सम्माननीय प्रधानमन्त्री बाबुराम भट्टराईको मन्तव्य १३६
- बालबालिकाका लागि लगानी गर्नु जरुरी छ - गौरी प्रधान १३६
- 25 years! What bright 25 years! - *Dr. Will Parks* १४१
- हामी बालबालिककाको आँखामा नयाँ नेपाल खोज्नुहोस् - *सविता परियार* १५३

# प्रकाशकीय

रजत वर्षको यस रमाइलो अवसरमा मुलुकका प्रतिष्ठित, वरिष्ठ र सिविनका अनन्य हितचिन्तक विभिन्न व्यक्तित्वहरूको अप्रतिम माया ममता एवम् हार्दिकताका उद्गारहरू सङ्कलन गरी प्रकाशिन गर्न पाउनु हाम्रो लागि अपार हर्षको कुरा भएको छ। हालै सिविन प्रतिनिधिले वहाँहरूसँग भेटेर गर्नुभएको कुराकानीका आधारमा तैयार पारिएका यी रचनाहरू सिविनका लागि अति नै मूल्यवान् र गौरवमय सम्पदा बनेका छन् ।

विगत २५ वर्षको बालअधिकार आन्दोलनको यात्रा हाम्रो लागि अजस्र उत्साहले भरिएको यात्रा थियो । हामी मन मस्तिष्कमा उर्जा  बोकेर यसमा अगाडि बढेका थियौं, एक किसिमले  आन्दोलनमा होमिएका थियौं हामी । नेपालको परम्परागत सामाजिक, सांस्कृतिक राजनीतिक पृष्ठभूमिमा यो नितान्त नयाँ र परिवर्तनकारी लक्ष्यतिरको यात्रा थियो । यसैले सहज थिएन । पाइला पाइलामा चुनौतीहरू थिए । हाँकहरू थिए । तथापि हामी धर्मराएनौं, डराएनौं, बिच्केनौं । प्रतिकूलताहरूको सामना गर्दै अदम्य साहस, धैर्य र सशक्ततासाथ हामी अगाडि बढिरह्यौं । ती दिनहरूमा थप दृढताका साथ अगाडि बढ्न हामीलाई माया, ममता, हौसला र सहयोग दिएर सघाउनेहरू धेरै थिए । बालबालिका, नागरिक समाज, आम जनसमुदाय, संचार माध्यम, सरकारी निकाय समेतले सहृदयले हामीलाई मद्दत गरेका थिए ।

हामीले बालबालिकाका निमित्त गरेका थियौं । धेरैले बालबालिकालाई जस्तैगरी सिविनलाई पनि माया गर्नुभयो, हुर्कन सघाउनु भयो । हाम्रा कमी कमजोरीहरू औंल्याइदिनु भयो । सिविन धेरैको प्यारो संस्था बनेर हुर्कियो ।

हामीले शोषित पीडित बालबालिकाको बालअधिकारका निमित्त काम गर्‍यौं । बालबालिकासँग काम गर्‍यौं । गरिरहेकाछौं । पैरवी, उद्धार र सामाजिक पुनर्स्थापनाका क्रममा हामीले जोखिममा परेका धैरै बालबालिका भेट्यौं । वहाँहरूको मुक्तिको यात्रामा सहयात्री बन्यौं । यस क्रममा वहाँहरूमा जुन अदम्य, अटूट साहस र धैर्यसहितको जिजीविषाको जाज्वल्यमान उर्जा देखेर हामी अपराजेय साहस र अविचल धैर्यका थप पाठहरू पढदै, अरु अगाडि बढ्दै आएका हौं ।

यात्रामा हामी कहिल्यै हताश भएनौ । कसैका आलोचना र प्रहारहरूबाट कहिल्यै कुण्ठित, विचलित भएनौं । हामीलाई पूरा विश्वास थियो, हाम्रो यात्रा, हाम्रा काम, सार्थक ओजपूर्ण र परिणाममूखी छन् । शोषित पीडित बालबालिकाको जीवनमा परिवर्तन ल्याउन सक्ने अवसर हामीसँग छ। हामी लक्ष्यमा पुग्न सक्छौं । लक्ष्यप्राप्तिको हाम्रो त्यो इच्छा आज पनि जारी छ । आगामी दिनमा पनि हामी सबैको शुभकामना र सुझावहरू पाइरहने कुरामा आशावादी छौं ।

बालअधिकारको यस आन्दोलनलाई सबैले साथ दिएको पाउँदा हामीलाई हौसला बढ्छ। बालबालिकाको पक्षमा भएका सकारात्मक कुराले अझै अघि सरेर काम गर्न उत्साह उमङ्ग थप्छ। हामीले यसै सहज भावनाका साथ प्रस्तुत सङ्कलनलाई पाठकसमक्ष ल्याएका छौं। जतिले यस सङ्कलनका लागि आफ्नो व्यस्तताका बीच हार्दिक अभिव्यक्तिहरू दिएर सघाउनु भयो, त्यसका लागि हामी अतिशय आभारी छौं ।

यस स्मारिकाका लागि सबै व्यक्तित्वहरूसँग अर्न्तवार्ता सङ्कलन गरी यस प्रकाशनको संयोजन गर्ने सिविनका शुभराज पोखरेल तथा यस स्मारिकाको सम्पादनगरी हामीलाई सहयोग गर्ने आदरणीय शारदारमण नेपालप्रति हामी विशेष धन्यवाद दिन चाहन्छौं ।

**सुम्निमा तुलाधर**
कार्यकारी संयोजक

काठमाडौं, नेपाल

प्रधानमन्त्री

## शुभकामना

सिविन-नेपालले आफ्नो स्थापनाको २५ वर्ष पूरा गरेको अवसरमा **'नेपालमा बालअधिकारको आन्दोलन र सिविन नेपाल'** स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ ।

बालबालिका भविष्यका कर्णाधार हुन् । राज्यको अभिन्न अंगका रूपमा रहेका बालबालिकाको आफ्नै अधिकार हुन्छ र उनीहरूको पहिचान सहित संरक्षित जीवन जिउने अधिकार छ भन्ने मान्यता सहित उनीहरूको हक, हित र अधिकार सम्बन्धी कार्यमा सिविन नेपालले महत्वपूर्ण कार्य गर्दै आएको छ । बालबालिकामाथि हुने सबै प्रकारका अन्याय, भेदभाव, शोषणलाई समूल नष्ट गर्ने चेतनामूलक अभियान, बालअधिकारको सशक्त रूपमा आह्वान, सडक बालबालिकाको सामाजिकीकरणका निम्ति कार्ययोजना तयार गरी कार्यान्वयन गर्दै बालबालिकाको विषयमा अझ नवीन कार्ययोजना तयार गरी कार्य गर्दै आएको यस सिविन नेपालको कार्य सराहनीय रहेको छ ।

सिविन-नेपालले आफ्नो स्थापनाको २५ वर्ष पूरा गरेको अवसरमा प्रकाशन गर्न लागेको **'नेपालमा बालअधिकारको आन्दोलन र सिविन नेपाल'** नामक स्मारिकाले बालबालिकाका सबै विषयलाई समेट्न सकोस् र यो पुस्तक सबैका लागि उपयोगी बनोस् भन्ने शुभेच्छाका साथ प्रकाशनको सफलताको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।

कार्तिक १९, २०६९

(डा. बाबुराम भट्टराई)

माननीय बद्री प्रसाद न्यौपाने
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

नेपाल सरकार

फोन नं.: ४२००२८०
फ्याक्स: ४२००११६
वेबसाइट: www.mowcsw.gov.np
इमेल: mail@mowcsw.gov.np

पत्र संख्या :

चलानी नं. :

शुभकामना

**निजी सचिवालय**
सिंहदरबार, काठमाण्डौ

सर्वप्रथमतः सिविन-नेपालले बालअधिकारको व्यवहारिक कार्यान्वयनका लागि जोखिम परिस्थितिमा रहेका तथा श्रमिक बालबालिकाको निरन्तर अध्ययन, अनुसन्धान र बालबालिकाको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल भएकोमा यस संस्थाप्रति आभारी छु ।

मुलुकको भविष्यको संवाहकका रुपमा रहेका जनसंख्याको ठूलो हिस्सा आगेटेका बालबालिकाको हित र अधिकार संरक्षणको लागि उन्मूख कार्यक्रमहरुको संचालनतर्फ राष्ट्रिय जीवनका सबै पक्षहरु विशेषरुपमा सजग रहनु आवश्यक छ । यसै बिषयलाई हृदयंगम गरी बाल विकासका लागि बाल अधिकारको संरक्षण र बालसहभागिताको प्रवर्द्धन गर्ने सरकारको दीर्घकालीन लक्ष्यमा सबैभन्दा बढी जोखिमयुक्त परिस्थितिमा बाँच्न बाध्य बालबालिकाको अग्राधिकार स्थापित गरी उनीहरुलाई स्वास्थ्य, शिक्षा, पुनःएकीकरण र सहभागिताका साथै समग्र बालबालिकाको अधिकार प्रत्याभूत गरी उनीहरुको सुरक्षित भविष्यको सुनिश्चितता प्रदान गरी देशमा दीगो शान्ति स्थापना गर्न आजको आवश्यकतालाई सफल बनाउने कार्यमा सिविन-नेपालले महत्वपूर्ण भूमिका खेल्ने मैले विश्वास लिएको छु ।

सिविन-नेपालले भावी दिनमा समग्र बालबालिकाको अधिकारको लागि सशक्त ढंगबाट उसको लक्ष्य, उद्देश्य र कार्यक्रमहरु सरकार र सरोकारहरुसँगको सहकार्य तथा साझेदारीमा निरन्तर अगाडि बढ्न सफल रहोस् । यही शुभ कामना व्यक्त गर्दछु ।

धन्यवाद !

न्यौपाने
०६९।६।२४

माननीय बद्रीप्रसाद न्यौपाने
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
एवम् अध्यक्ष
केन्द्रीय बालकल्याण समिति ।

संसारका मजदुरहरू – एक होऔं !
Workers of the world, unite !

मार्क्सवाद–लेनिनवाद–माओवाद/विचार– जिन्दावाद !
Long Live Marxism-Leninism-Maoism/Thought !

# एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)
# Unified Communist Party of Nepal (Maoist)

राष्ट्रिय महाधिवेशन आयोजक समिति
National Congress Organizing Committee

पत्र संख्या : २०६९/०७०
चलानी नं. ५०८

(एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) २००६ 1949 राष्ट्रिय महाधिवेशन आयोजक समिति National Congress Organizing Committee Unified Communist Party of Nepal (Maoist))

## शुभकामना

सिविन–नेपालले आफ्नो स्थापनाको पच्चीस वर्ष पूरा गर्न लागेकोमा खुशी व्यक्त गर्दै त्यस संस्थाका संस्थापक देखि संपूर्ण त्यस संस्थासंग आवद्ध सबैलाई वालअधिकारको आन्दोलनलाई अधि बढाउन महत्वपूर्ण भमिका निर्वाह गर्नु भएकोमा हाम्रो पार्टीको तर्फबाट हार्दिक वधाई ज्ञापन गर्दछौं ।

सिविन–नेपालले नेपालको वालअधिकार आन्दोलनमा २५ वर्षसम्म निर्वाह गरेको भूमिका समेतलाई समेटेर नेपालमा वालअधिकारको आन्दोलन र सिविन–नेपाल नामक स्मारिका प्रकाशित गर्न लागेको खवरले खुशी लागेको छ । सिविन–नेपालले पच्चीस वर्षसम्म निरन्तर वालअधिकार वारे सचेतना जगाउने देखि त्यससंग संवन्धित अन्य थुप्रै पक्षहरुमा आवज उठाउने, संस्थागत सर–सहयोग गर्ने लगायत कामहरु अगाडि वढाएर नेपालको वाल अधिकारको क्षेत्रमा महत्वपूर्ण काम गरिरहेको छ । आगामी दिनमा पनि वाल अधिकारको क्षेत्रमा र विशेष गरी नेपालको वालअधिकार आन्दोलनको विकास र विस्तारमा त्यस संस्थालाई थप सफलता प्रप्त हुँदै जाओस् र नेपालमा वालअधिकारको आन्दोलन र सिविन–नेपाल नामक स्मारिकाको प्रकाशनले वालअधिकार आन्दोलनलाई अझ विकास र विस्तार गर्न थप सफलता प्राप्त गरोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कार्तिक २४, २०६९

(प्रचण्ड)
अध्यक्ष

# नेपाली कांग्रेस

केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

कार्तिक २०, २०६९

## शुभकामना !

मुलुकमा लोकतान्त्रिक शासन व्यवस्था र यसका आधारभूत मूल्य मान्यतालाई निषेध गरी एकतन्त्रीय निरंकुश शासन व्यवस्था वहाल रहेको अवस्थामा आज भन्दा साढे दुई दशक अघि लोकतान्त्रीक पद्धतिलाई स्थापना गर्नका लागि मद्धत पुऱ्याउने उद्देश्य तथा अत्यन्त जोखिम अवस्थामा रहेका वालमजदुरहरुको अवस्थाप्रति सरोकार राख्दै स्थापित "नेपाल वाल मजदुर सरोकार केन्द्र", (सिविन - नेपाल) ले यस क्षेत्रमा पुऱ्याउदै आएको योगदान अत्यन्त सह्रानीय रहेको छ । आम नागरिकका आधारभूत मानव अधिकारहरुमाथी वन्देज लगाइएको अवस्थामा वालवालिकाको हक अधिकारका विषयमा आवाज उठाउनु पक्कै पनि चुनौतीपूर्ण कार्य थियो । एकदलिय निरंकुश शासन व्यवस्थाको अन्त्य गरी मुलुकमा लोकतन्त्रको पुर्नस्थापना पश्चात सिविन-नेपालले आफ्नो कार्य क्षेत्रको दायरालाई फराकिलो वनाउँदै राज्यको नीति निर्माणको तहमा समेत सरकार तथा सरोकारवाला निकायहरुलाई मार्गदर्शन गर्ने कार्य गर्दै आएको छ । वालवालिकासंग सम्वन्धित विभिन्न विषयहरुलाई उठान गर्दै वाल अधिकारको क्षेत्रमा यस संस्थाले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ ।

सिविन-नेपाल स्थापनाको पच्चिस वर्ष पुरोको अवस्थामा यही नोमेम्वर २०, २०१२ का दिन २५ औं वार्षिक उत्सव मनाउन लागेको थाहा पाउदा मलाई खुशी लागेको छ । साथै, सोही अवसरमा सिविन-नेपाल स्थापनाको २५ वर्ष र यस अवधिमा यस संस्थाले वाल अधिकारको क्षेत्रमा पुऱ्याउँदै आएको योगदानलाई समेत समेटेर "नेपालमा वाल अधिकारको आन्दोलन र सिविन-नेपाल" नामक स्मारिका समेत प्रकाशन हुन लागेकोमा यस कार्यको प्रशंसा गर्दछु । साथै, प्रकाशोन्मुख स्मारिका वाल अधिकारको क्षेत्रमा चासो राख्ने आम पाठकहरु, बुद्धिजिविहरु, अनुसन्धानकर्ताहरु लगायत वालवालिकाहरुलाई समेत अत्यन्त उपयोगी रहनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, नेपाल वाल मजदुर सरोकार केन्द्र (सिविन-नेपाल) को स्थापनादेखि हालसम्म यस संस्थालाई जिवन्तता प्रदान गर्नु हुने तथा सुदृढ वनाउँदै अहिलेको अवस्थासम्म ल्याइ पुऱ्याउनु हुने सम्पूर्ण साथीहरु लगायत यस संस्थावाट लाभान्वित हुनु भएका वालवालिकाहरुप्रति धन्यवाद तथा शुभकामना प्रकट गर्दछु । साथै, सिविन-नेपालको २५ औं वार्षिक उत्सव तथा प्रकाशोन्मुख स्मारिकाको पूर्ण सफलताको कामना गर्दछु ।

जय नेपाल !

सुशील कोइराला
**सभापति**

# नेपाल कम्युनिष्ट पार्टी

(एकीकृत मार्क्सवादी-लेनिनवादी)

## केन्द्रीय कार्यालय

मदननगर, बल्खु, काठमाडौं

पत्र संख्या ........................

२३ कार्तिक २०६९

### शुभकामना

नेपालको बाल अधिकार आन्दोलनको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याइरहेको नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन) ले आफ्नो आन्दोलनको २५ वर्ष पुरा गरेको जानकारी पाउँदा खुसी लागेको छ ।

जोखिममा परेका थुप्रै बालबालिकाहरुको उद्दार, संरक्षण, पुनस्थापना र कानूनी संरक्षण प्रदान गर्न सफल सिविनले आगामी दिनमा अझ सशक्त ढंगले आफ्नो आन्दोलनलाई अगाडि बढाउने छ भन्ने अपेक्षा मैले गरेको छु ।

संविधानसभाको अवसानपछि उत्पन्न राजनीतिक संकटलाई समाधान गर्न राष्ट्रिय सहमति कायम गरेर अगाडि बढ्नुको कुनै विकल्प छैन । राष्ट्रिय सहमतिबाट मात्र संक्रमण कालमा गरिनु पर्ने संविधान निर्माण लगायतका सम्पूर्ण कामहरु सम्पन्न गर्न सकिन्छ भन्ने हाम्रो पार्टीको दृढ विश्वास रहिआएको छ । संविधान निर्माण भई देशले शान्ति र स्थिरता प्राप्त गरेपछि अन्य क्षेत्रहरु झैं मानव अधिकार र बाल अधिकारको क्षेत्रमा पनि उलेख्य प्रगति हुने निश्चित छ । वर्तमान संक्रमण काललाई अविलम्व निष्कर्षमा पुर्‍याउन सिविन जस्ता संस्थाहरुले समेत महत्वपूर्ण योगदान पुर्‍याउन सक्दछन् भन्ने विश्वास मैले लिएको छु ।

तिहार, नेपाल सम्बत् ११३३ र छठ लगायतका पर्वको उपलक्ष्यमा सम्पूर्णमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछु ।

सिविन नेपालले २५ वर्ष पुरा गरेको उपलक्ष्यमा **नेपालको बाल अधिकारको आन्दोलन र सिविन नेपाल** नामक स्मारिकाको सफल प्रकाशनको शुभकामना व्यक्त गर्दछु ।

झलनाथ खनाल
अध्यक्ष

पो.ब.नं. : ५४७१, फोन : ४२७८०८१/८२, फ्याक्स : ९७७-१-४२७८०८४, इमेल : umlcpn@gmail.com, Url: www.cpnuml.org

# मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)
**Madhesee People's Rights Forum, Nepal (Democratic)**

स्थापित- २०६६

**केन्द्रीय समिति**

पत्र संख्या : ०६९/०७०
चलानी नं. : ६००

Email:mprfnd@gmail.com

मिति: २०६९/७/२२

श्रीमान् अध्यक्ष ज्यू,

सिविन नेपाल ।

बिषय :- शुभकामना सन्देश सम्बन्धमा ।

बालअधिकार आन्दोलनकोरुपमा कार्यरत यस सिविन नेपालले सफलतापूर्वक कार्यकालको २५ बर्ष पूरा गरेको सुन्न पाउँदा खुशी लागेको छ ।

यस २५ बर्षको अवधिमा सिविन नेपालले नेपालको बालअधिकारको क्षेत्रमा थुप्रै जोखिम परिस्थितिका बालबालिकाहरुका उद्धार, संरक्षण र पूर्नस्थापना र कानूनी संरक्षण प्रदान गर्न सफल भएको छ । बालबालिका देशको कर्णधार भएकाले यसको अधिकार भविष्य सुनिश्चित गर्न तथा थप भूमिकालाई अझ प्रभावकारी बनाउन यस संस्थालाई प्रगतिपथमा बल पुगोस भनी शुभकामना व्यक्त गर्न चाहन्छौं ।

धन्यवाद । नमस्कार ॥

भवदीय

(विजय कुमार गच्छदार)
अध्यक्ष

संसारका मजदुरहरु एक हौं !

मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

# नेपाल कम्युनिस्ट पार्टी-माओवादी
## Communist Party of Nepal-Maoist
### केन्द्रीय संगठन समिति
### Central Organising Committee

पत्र संख्या/Serial No. :- 069/070

चलानी नं./Regd.No. :- 021

मिति :- २०६९/७/२४

विषय :- **शुभकामना**

नेपालको बाल अधिकारको आन्दोलनको २५ वर्ष र त्यसमा सिविनको भूमिकालाई समेटेर **'नेपाल बाल अधिकारको आन्दोलन र सिविन नेपाल'** नामक स्मारिका पुस्तकका रुपमा प्रकाशन हुन गइरहेकोमा हामी खुशी व्यक्त गर्दछौं । सर्वप्रथम नेपालको बाल अधिकार आन्दोलन र सिविन नेपालको पूर्ण सफलताको शुभकामना दिन चाहन्छौं ।

विगत २५ वर्षको बाल अधिकारको आन्दोलनमा थुप्रै चुनौतिहरुको सामना गर्दै यस क्षेत्रमा सिविन नेपालले खेलेको सकारात्मक भूमिका र बाल अधिकारको क्षेत्रमा पुऱ्याएको योगदान प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । विगत २५ वर्षमा बाल अधिकारको क्षेत्रमा केही सुधार भएपनि अझै मुलुकमा लाखौं बालबालिकाहरु घोषित/अघोषित रुपमा गास, बास, कपास, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत मानवअधिकारबाट वञ्चित छन् । अझैपनि बालबालिकाको ठूलै हिस्सा बालश्रम गरेर जिउन बाध्य छन् । कयौं बालबालिकाहरु राजधानी लगायत देशका मुख्य शहरका सडकहरुमा सडक बालकको रुपमा दर्दनाक जीवन-यापन गरिरहेका छन् ।

मुलुक संक्रमणको चक्रब्यूहमा फसिरहेको सन्दर्भमा बाल अधिकारका मुद्दाहरु झन् जटिल र पेचिलो बन्ने निश्चितै छ । अतः यहाँहरुको सम्मानित संस्थाले आगामी दिनका चुनौतिहरुको दृढतापूर्वक सामना गर्दै बाल अधिकारको आन्दोलनमा सकारात्मक भूमिका पुरा गर्न सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

मोहन वैद्य 'किरण'

अध्यक्ष

बुद्धनगर, काठमाडौं, फोन : ०१-४७८५७६२, फ्याक्स : ०१-४७८५७६३
Buddhanagar, Kathmandu, Phone No. : +977-1-4785762, Fax No. : +977-1-4785763, e-mail : maoist.hq@gmail.com

# मधेसी जन अधिकार फोरम, नेपाल
## Madheshee People's Rights Forum, Nepal

केन्द्रीय समिति

प. सं. ०६९/७०
च. नं. ०६

E-mail: mprforum@yahoo.com

### शुभकामना

मितिः २०६९/०७/२४

नेपालमा बालअधिकार आन्दोलन २५ वर्ष देखी सिविन नेपालले प्रदान गरेको भूमिका अत्यन्त सराहनीय एवं उल्लेखनीय रहेको छ । बालबालिकाहरुको उद्धार, पुर्नस्थापना, कानूनी संरक्षणको साथै सरकारले बालबालिकाहरुका लागि तर्जुमा गर्ने नीति एवं कार्यक्रममा पनि सिविन-नेपाल सहभागी हुदै आएकोमा धन्यवाद दिन चाहन्छु । बालबालिकाहरु भोलीका कर्णधार भएका हुनाले उनीहरुलाई जोखिमपूर्ण काममा लगाउने, श्रम शोषण गर्ने, यौनजन्य हिंसा र शारीरिक शेषण गर्ने, कार्यलाई अन्त्य गर्ने, शैक्षिक अधिकारबाट बञ्चित हुन नदिने, उचित पोषण, समानता, अविभेद, सामाजिक सुरक्षा प्रदान गर्ने कानुनी व्यवस्था हनुपर्दछ ।

साथै आधारभूत बालशिक्षालाई अनिवार्य, निःशुल्क र पहुँच योग्य बनाउनुका साथै त्यसलाई गुणस्तरीय ,जीवनोपयोगी र विज्ञानसम्मत बनाउनु पर्दछ । शिक्षा आर्जन गर्ने संवैधानिक बालअधिकारलाई व्यवहारमा रुपान्तरण गर्न तथा विद्यालय बाहिर रहेका बालबालिकाका लागि स्वरोजगारमूलक शिक्षाको प्रवर्द्धन बालबालिकाहरुलाई कम्तिमा आधारभूत शिक्षा आफ्नो मातृभाषामा अध्यन गर्न पाउने अधिकारको प्रत्याभूति गरिनु पर्दछ । बालबालिकामाथि भईरहेका सबैखाले शोषण, उत्पिडन र दुर्व्यवहारलाई अन्त्य गर्न बालअधिकारमुखी नयाँ ऐन, नियम, आचारसंहिता बनाउँदै त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमनमा प्राथमिकता दिनु पर्दछ । जोखिम परिस्थितिमा बाँची रहेका बालबालिकाहरु विशेषगरी अति गरीब परिवारका बालबालिका, सडक बालबालिका, श्रमिक बालबालिका, अपाङ्गता भएको बालबालिका, HIV/एडस सङक्रमित परित्यक्त, अनाथ, टुहुरा तथा परिवारविहिन, आश्रयविहिन तथा सबैखाले हिंसा, विभेद र शोषणबाट पीडित बालबालिकाको हकहितको संरक्षण, विकास र सशक्तिकरणको लागि सामाजिक सुरक्षाको सुनिश्चितता गरिनु पर्दछ । बालअधिकार र बालविकासको क्षेत्रलाई मूलप्रवाहीकरण गर्दै बालबालिकामाथि भईरहेको सबैखाले शोषण, उत्पिडन र विभेदलाई जरैदेखि उखेल्नु पर्दछ ।

यिनै मूल्य मान्यतालाई सिविन-नेपालले आगामी दिनहरुमा अगाल्दै बालबालिकाहरुका अधिकारहरुका संरक्षणमा अहम् भूमिका खेल्ने छ भनी आशा गर्दै सिविन-नेपालले २५ वर्ष पुरा गरेको अवसरमा उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

उपेन्द्र यादव
अध्यक्ष

FORUT
Postadresse/Postal address:
Boks 300, 2803 Gjøvik, Norway
Kontoradresse/Office address:
Roald Amundsens vag 1B
2816 Gjøvik
Bank: 7220.05.36348
Telefon/Phone: +47 61 18 74 00
Telefax: +47 61 18 74 01
E-mail: forut@forut.no
Hjemmeside/Web site: www.forut.no

## CWIN - a bold and brave voice for the rights of the children

FORUT, a Norwegian humanitarian organization, has been a CWIN partner for the last 18 years. As a solidarity organization, FORUT wished to extend operations in South East Asia early in the 1990s. For a number of years, the organization had been involved in development work in Sri Lanka and India, a considerable part of it focusing on child rights and the plight of children. Nepal was chosen, and after some research, CWIN was identified as an ideal partner organization.

FORUT and CWIN belong to the same family, closely knit together with shared values and ideas as well as a heartfelt aspiration to change the world. Our interaction with CWIN is based in equal partnership in the best sense of the word. Equal partnership is recognized through mutual respect, reciprocal learning and equality.

FORUT appreciates the expertise, idealism and unrelenting quest found in CWIN. CWIN is a true solidarity organization with a theoretic and practical approach that is held in great regard by FORUT as a partner. We have learnt a lot from CWIN in joint meetings, discussing development matters and working out new strategies. We are also impressed by the way CWIN attracts new knowledge and the willingness to include new issues and perspectives in the organization's efforts to advocate human rights and human development. CWIN today is a driving force in promoting understanding of the fact that alcohol and drugs are obstacles to development, bringing this perspective into their promotion of children's rights.

The hallmark of CWIN is and has always been that it is a learning organization. The capacity to change in response to challenges and new general terms is vitally important to maintain its status as a relevant and influential solidarity actor. This status has been upheld by CWIN for 25 years, serving the underprivileged in general and children in particular. CWIN has made a difference, especially towards girls at risk. The organization's fearless, devoted and patient contributions have saved thousands of girls in Nepal from slavery and trafficking, giving their lives a new and better turn.

Robert K. Greenleaf (1904–1990) was the founder of the modern Servant Leadership Movement. He wrote: "The servant-leader is servant first... Becoming a servant-leader begins with the natural feeling that one wants to serve, to serve first". The staff of CWIN are genuine servant leaders applying their time, efforts, voices and skills to serve the most vulnerable in order to enhance solidarity, justice and peace in the true sense of these words.

FORUT extends its gratitude to CWIN for the extraordinary achievements obtained by the organization through its 25 years of existence. We are grateful to have been able to participate in these efforts, for our friendship and good relations, and for the important contributions brought to our network of partner organizations by CWIN. We are looking forward to continued partnership for many years to come. Our struggle to bring peace and solidarity to the world is not yet won, but together we will patiently continue our fight for justice and human rights.

Morten Lønstad
Secretary General of FORUT

FORUT SOLIDARITETSAKSJON FOR UTVIKLING
CAMPAIGN FOR DEVELOPMENT AND SOLIDARITY
Foretaksreg.: NO 951 989 827 - Registrert hos IK-innsamlingskontrollen - 0010

unicef

United Nations Children's Fund
UN House, Pulchowk
P O Box 1187, Kathmandu, Nepal

Tel 977 1 5523200
Fax 977 1 5527280
www.unicef.org/nepal

08 November, 2012

Dear CWIN Team,

It is an immense pleasure for UNICEF to contribute to the celebration of CWIN's 25th Anniversary, and we wish to congratulate you all for your undivided commitment and dedication to the realisation of children's rights in Nepal.

CWIN is one of the most reputed child rights organisations in Nepal and UNICEF is proud of its partnership with CWIN.

In the past quarter century CWIN has blossomed from a promising bud into a beautiful flower that is spreading the fragrance of child rights all over the country, and doing all it can to ensure the protection of girls and boys in Nepal.

CWIN has been undertaking very innovative and pioneering work in these 25 years. These include the successful establishment and management of the Child Helpline; reaching thousands of children in need of protection; the continuous advocacy efforts carried out to ensure that children's rights are not forgotten and are placed in the Government's agenda; the communication and sensitisation programmes on children's rights broadcasted through different mass media and community dialogues efforts.

The realisation of children's rights, and in particular, the realisation of children's rights to protection is a challenging undertaking that requires greater political commitment, resources, and the absolute conviction that the foundations of a true democracy are based on how the most valuable and vulnerable citizens are recognised as subjects with equal rights

CWIN has contributed a lot to protect children from violence and abuse. It has always been there when the voice of the most disadvantaged, silenced by fear and powerlessness, needs to be heard. Children still face different forms of violence, ranging from physical, psychological, sexual violence, to neglect and exploitation. There is a social emergency taking place in country, and too many children in situations of extreme risk and vulnerability remain unable to access the institutions, the people, and the support mechanisms they need to live a better life.

It is more and urgent to work all together, State and non-State actors, civil society and multi-lateral organisations to urgently put in place a Protection System that is capable of preventing and responding to all forms of child protection violations taking place in the country. This is a process that has already begun and we are sure that in this immense undertaking for justice, CWIN will continue not only to be there, but to motivate and inspire others.

Wishing you all the best of the success for many years to come.

Hanaa Singer
UNICEF Representative

unite for
children

unicef

Save the Children

Message from David Wright, Country Director, Save the Children

I am delighted to learn that Child Workers in Nepal Concerned Centre (CWIN-Nepal) is celebrating its silver jubilee this year. Having started working in a challenging socio-political context, CWIN-Nepal has been able to make remarkable strides forward in the child rights movement of Nepal. I understand that the journey was a tough one, but CWIN-Nepal's continuous efforts not only made the organisation an influential one at the national level, but also enhanced the protection of children's rights in this country.

Save the Children has fostered a unique partnership relationship with CWIN-Nepal for more than a decade now. The partnership has provided both organizations with opportunities to learn from each other, and improve programming that ultimately contributes to realising the rights of Nepali children. Establishing Child Helpline and Hotline services for children at risk, rehabilitating street children, campaigning against human trafficking, pioneering an initiative to protect children online are some of the interventions which have set milestones in child protection. CWIN-Nepal's engagement in national-level campaigns such as Children as Zones of Peace (CZOP) has contributed to the successful protection of thousands of Nepali children during the peak of the armed conflict in Nepal. Its efforts to ensure the rights of Nepali children in the constitution making process are well recognized in the child rights community. Moreover I am proud of the fact that Save the Children has been an active partner of CWIN-Nepal in implementing most of these initiatives from the very beginning.

I sincerely hope that CWIN-Nepal will continue to be at the forefront of the child rights movement in Nepal in the years to come. I would also like to express Save the Children's complete solidarity with and support for CWIN-Nepal's future endeavours which will ensure that child rights stay to the fore of decision making amongst the Government Line Ministries and other key Nepali institutions.

I wish CWIN-Nepal all the best for its 25th anniversary celebration.

David Wright
Country Director, Save the Children

**Nepal Country Office**
Airport Gate Area, Shambhu Marg
GPO Box 3394
Kathmandu, Nepal

Save the Children International
St. Vincent House
30 Orange Street
London, WC2H 7HH
United Kingdom

A company limited by guarantee and
registered charity in England and Wales
Registered Charity Number 1076822
Registered Company Number 3732267
www.savethechildren.net

Citizens' Committee in Japan for Overseas Support

Dear all the staffs and supporters of CWIN,

We appreciate for giving this opportunity to share Shapla Neer's appreciation and congratulation for CWIN on the completion of its 25 years working for child right in Nepal as a pioneer.

Shapla Neer feels really privileged to have CWIN as our trusted partner implementing 'Prevention and Reduction of Child Labours of Restaurants in Kathmandu valley' project in the municipalities of Kathmandu, Lalitpur and Kirtipur since 2011. Throughout this project CWIN has been demonstrating dedication and professionalism which benefits not only the working children at restaurants now but children who has possibility to work without staying with family and going school in the future and the stakeholders related to child right especially municipality staffs. All the staffs of the project are working hard and patiently so that municipalities feel the sympathy and the rational with the project, and now are working together to prevent and reduce the working children in tea shops and small restaurants.

We believe that NGOs cannot change the world alone and we need cooperation with people surrounding children like local government and citizens for better future. So we fell thankful again to CWIN who leads the role to make the child right sensitive society together with a lot of stakeholders.

We wish CWIN all the best in its future initiatives.

Yours sincerely

KATSUI Hiromi
Country Representative
Shapla Neer —Citizens' Committee in Japan for Overseas Support
Kupondole, Lalitpur

**Child Social & Financial Education**

8th November 2012
Amsterdam, the Netherlands

**Message of support from Aflatoun on the 25th anniversary of Child Workers in Nepal Concerned Centre (CWIN)**

25 years ago, when the Nepalese context was not as open to speaking up for social change or human rights, Child Workers in Nepal Concerned Centre (CWIN) started the child rights movement in Nepal. This movement stemmed from the conviction that children are an integral part of the country and should be able to exercise their rights and have meaningful participation in issues that affect them. Today, this movement has matured and child rights have since been established in the country through ratification of conventions, as well as formulation and amendment of different national laws and policies.

Since 2008, the Aflatoun network has benefited from CWIN's expertise and experience, and the organisation has become an invaluable partner. CWIN implements our programme on social and financial education for children and youth through a network of child care homes and youth clubs throughout the country. Children and youth have begun savings clubs and enterprises like card-making. As of 2011, their programme has reached around 5,000 children and youth in Nepal.

In October 2012, CWIN and UNICEF Nepal jointly launched Aflateen, our programme for youth 15 years and above. CWIN has been providing technical assistance to help UNICEF Nepal and its partners reach 200,000 youth in 16 districts over a 2-year period. Through Aflateen, we aim to build the youth in Nepal as peer educators who understand social and financial concepts, and engage in savings, market, and enterprise, which affect them more and more as they grow to become consumers, workers, and producers. CWIN has also contributed crucially to strengthening the Aflatoun network by hosting in Kathmandu this year's Aflatoun Asia regional meeting, as well as a multi-stakeholders meeting that saw the participation of the Governor of the country's central bank, Nepal Rastra Bank, and also the Commissioner of the National Human Rights Commission.

We are very grateful for CWIN's hard work and precious contribution to the Aflatoun movement and wish them a very happy 25th anniversary. May the coming years see our collaboration expand and contribute to the ever better realisation of the rights of children and youth in Nepal.

Hidde van der Veer
Executive Director
Aflatoun, Child Social and Financial Education

# Child Helpline International

Amsterdam, 15 November 2012

Dear CWIN-Nepal Team,

On this same day of the Universal Children's Day, CWIN-Nepal is celebrating 25 years of hard work to strengthen the Child Rights Movement in Nepal. We are proud and excited to commemorate this milestone together.

25 years ago, CWIN-Nepal initiated the Nepalese Child Rights Movement with the hope that children and young people in Nepal would have a better life and a more promising future. Because of your initiatives, child rights got an important place on the national political agenda;  your efforts reached out a hand and gave a voice to many children and young people in need.

We are excited that through the years, CWIN-Nepal and CHI have built a solid partnership characterised by commitment and support. Simultaneous to the Child Rights Movement gaining strength and recognition, our relation grew stronger and stronger. With our mandate to connect child helplines across the globe, CHI is built by its active members that keep the network dynamic through initiatives and determination. We are very thankful to CWIN-Nepal for being one of these crucial members.

On behalf of CHI and on my personal behalf, I would like to wish you a memorable 25th anniversary. In the last decades, the Child Rights Movement has achieved many important goals, yet there are still challenges to overcome. Together, we are driven to face these challenges to protect children's rights in Nepal.

Best wishes,

Nenita La Rose

Nenita La Rose
Executive Director

GLOBAL **MARCH**

**Against Child Labour**
**Contra el Trabajo Infantil**
**Contre le Travail des Enfants**

14 November 2012

**Message from Kailash Satyarthi, Chairperson**

If one wishes to see how a small group of young university students makes history by transforming a country amidst abject poverty, complicated paradoxes, political instability, surmounting insurgency and social inequity into a model exemplifying significant advancement in human rights and egalitarianism, Child Workers in Nepal (CWIN) is a perfect example.

I am fortunate to have witnessed all of this for a little over 25 years. When I met Gauri ji, Sumnima and couple of other extremely bright and dedicated youths before the launch of CWIN, I was impressed by their determination and solidarity for the cause of child labour. Child labour was a non-issue in Nepal those days and the biggest challenge was to establish its inter-linkages with the denial of human rights and bountiful opportunities for children in future without projecting poverty as an excuse.

CWIN has championed initiatives related to child rights and led the fight against exploitation of children in all spheres of life. Not only tens of thousands of most deprived children have been saved from streets, homes and industrial units, but more importantly CWIN has been successful in placing the plight of such children on the political and social agenda, linking it with South Asian regional and global initiatives. As one of the founding partners of South Asian Coalition on Child Servitude (SACCS) and later on Global March Against Child Labour, the leadership of CWIN has played a very significant role in building the worldwide movement against child labour.

The road that lies ahead is full of challenges ranging from trafficking, prostitution, and bonded labour to lack of educational and developmental facilities. I wish CWIN all the success and have full faith in its abilities for creating a Child Friendly Nepal.

In Solidarity,

Kailash

Kailash Satyarthi

Stichting Global March Against Child Labour, Rokin 38-I, 1012 KT Amsterdam, The Netherlands
Global March International Secretariat: L-6, Kalkaji, New Delhi-110019, India
Tel: +91 11 41329025; Fax: +91 11 40532072; Email: info@globalmarch.org; Website: www.globalmarch.org

From exploitation to education ▪ De la explotación a educación ▪ De l'exploitation a l'éducation

Plan Nepal
Country Office
Shree Durbar, Pulchowk
Ward No. 3, Lalitpur, Nepal
P.O. Box 8980, Kathmandu
http://www.plan-international.org

T + (977) 1 5535580
F + (977) 1 5536431

Plan

8th November, 2012

Dear CWIN colleagues,

It is an honour to have been asked by Child Workers in Nepal Concerned Centre (CWIN) to write a few words commemorating its 25th anniversary.

The name CWIN is synonymous with the protection of child rights in Nepal. From a small unregistered organisation established by a few devoted activists in 1987, CWIN has today become a vast institute that commands respect both within and outside the nation. Only last week CWIN staged a magnificent display of artistic talent, Dream Create Live, for upwards of 300 dignitaries. The programme, a story of hope, was representative of the promise that CWIN has offered and continues to offer to children in need in 37 districts across the nation.

Plan is proud to have partnered such a groundbreaking institution for 16 years of fruitful collaborative endeavours "for children, by children" which started back in 1996, when the two organisations piloted a two-year project designed to address the problems of migrant working children in Kathmandu through a three-pronged approach including social reintegration, community mobilisation, and life skills development and empowerment. As is typical of CWIN's modus operandi, the project expanded to include new target areas and new dimensions, adding, in particular, advocacy to direct service provision. After the first three phases had been completed successfully, an additional three years of handing over were spent productively, ensuring that the programmes had matured sufficiently to be sustained indefinitely. It was a job well done indeed.

Over the years CWIN has engaged in wide variety of activities, from providing educational support and conducting vocation skill trainings and child rights awareness workshops to establishing child forums, publishing children's magazines, operating transit homes, and organising health camps. It has helped transform children's rights to survival, development participation, and protection from a non-issue to one at the centre of new government plans and policies. The last two years alone have seen CWIN push for the creation of a comprehensive alcohol policy, the enforcement of the Tobacco Regulation Act, and provisions to protect children from the dangers of the Internet and provide support for the world's first International Girls Day, and the production of recyclable bags from old banners. CWIN was also a key player in developing the new Child Policy of Nepal Government, which was approved this year.

In its quarter of a century of existence, CWIN has not only been responsible for helping thousands of children at risk but also conducting numerous studies on issues related to child workers in various venues, from tea estates to carpet factories; of sexual abuse and child marriage; and of the impacts of alcohol, tobacco and drugs. Meeting the needs of street children and vulnerable adolescents as identified by this research has remained a key concern, with initiatives like warming winter camps and comprehensive adolescent education designed especially to serve them. The National Resource Centre on Child Rights which CWIN established in 1989 serves as an invaluable source of the information it garners, whether through research or on-the-ground experience. CWIN is now leading an alliance of child rights-based organizations, including Plan Nepal in implementing a Girl Power Project which aims to empower and protect young girls in Nepal.

**Fundraising Countries:** Australia Belgium Canada Colombia Denmark Finland France Germany Hong Kong India Ireland Japan Korea Netherlands Norway Spain Sweden Switzerland United Kingdom United States of America
**Program Countries** Bangladesh Benin Bolivia Brazil Burkina Faso Cambodia Cameroon China Colombia Dominican Republic Ecuador Egypt El Salvador Ethiopia Ghana Guatemala Guinea Guinea Bissau Haiti Honduras India Indonesia Kenya Laos Liberia Malawi Mali Mozambique Myanmar Nepal Nicaragua Niger Pakistan Paraguay Peru Philippines Rwanda Senegal Sierra Leone Sri Lanka Sudan South Sudan Tanzania Thailand Timor-Leste Togo Uganda Vietnam Zambia Zimbabwe

Plan Nepal
Country Office
Shree Durbar, Pulchowk
Ward No. 3, Lalitpur, Nepal
P.O. Box 8980, Kathmandu
http://www.plan-international.org

T + (977) 1 5535580
F + (977) 1 5536431

Plan

CWIN can also proudly claim to be a pioneer in numerous areas. It wrote the first translation of the United Nations Convention on the Rights of the Child (UNCRC), held the first South Asian seminar on working children, and prosecuted the first legal case against an employer who abused a child. It also initiated mechanisms to protect children which the nation now takes for granted should exist: drop-in centre for children; helplines; publications by and for children, including the first, *Voice of Child Workers*; and the use of theatre to promote awareness. It has also increasingly exploited the power of electronic media, with radio programmes like Children Are Zones of Peace, the television documentary *Seeking the Light of Education* and the anti-tobacco video *Steps Toward Change*.

CWIN has also successfully advocated for socio-political change. It was among those organisations that pushed for the ratification of the UNCRC, the inclusion of child rights in the 1990 and Interim constitution, and the promulgation of the Children's and the Child Labour Acts. Through such efforts, it has transformed the very nature of how society perceives children and ensured that children's rights will be honoured.

With 25 years of experience to serve as the foundation of its future efforts, there is no doubt that CWIN will continue to improve the quality of the lives of Nepali children in future. In this endeavour, Plan Nepal wishes CWIN the very best.

Donal Keane
Country Director
Plan Nepal

**Fundraising Countries:** Australia Belgium Canada Colombia Denmark Finland France Germany Hong Kong India Ireland Japan Korea Netherlands Norway Spain Sweden Switzerland United Kingdom United States of America

Quinoa asbl
ONG d'éducation au développement
Rue d'Edimbourg 26
1050 Bruxelles
Tél. 02 893 08 70
Fax 02 893 08 71
E-mail : info@quinoa.be
www.quinoa.be

Brussels, 7th of november 2012

CWIN-Quinoa Partnership

After nearly 20 years of non-stop collaboration, the CWIN is one of our oldest partner. We prepared and coordinated together numerous international projects that aim to raise awareness, intercultural exchanges and common support among the civil society for our respective projects.

Through these hundreds of Belgians who met and lived with Nepalese people, a new international solidarity has been built. These projects set up together with the CWIN-Nepal enabled many people to engage themselves in social and system changes. The CWIN-Nepal joint efforts were key factors to make citizens aware and engaged in Europe for better international links and supports.

Moreover the extraordinary and complete work for children Rights in Nepal has been shown and shared with belgian youth each year for the past 15 years. In that sense, the CWIN-Nepal has always been open, didactic to and reachable by politicians, local and foreign people, respectively. We are very proud to collaborate in a long-term with such a successful, efficient and open organisation. We have learnt a lot from your brilliant operation, the various problems you tackle and means around children rights you use.

As a proof of this meaningful missions and achievements from the CWIN, several volunteers from our international projects initiated organisations or groups of actions throughout the years to support the CWIN or the children who are taken care by the CWIN.

The CWIN is a chance for the nepalese society, for the children and for all of us!

Happy 25 years anniversary and long life to the CWIN-Nepal!

The Quinoa Team

Quinoa asbl | Rue d'Edimbourg 26 | 1050 Bruxelles | Tél : +32.2.893 08 70 | Fax : +32.2.893 08 71
info@quinoa.be | www.quinoa.be

Dear CWIN friends!

I am very happy to have got the opportunity to congratulate CWIN with its 25 years anniversary. I am also delighted for having been accepted as a true partner of CWIN through most of its history. First as the secretary general of FORUT, and the last four years as the principle of Seljord Folk High School. I am impressed and full of respect for the work CWIN has done as a child rights organization. The important practical and social work has been of great importance for so many children, but also the advocacy work targeting decision makers at so many levels have been outstanding and important.

The history of CWIN is very much about youth mobilization against unfair. Where the society as well as the politicians failed in their obvious responsibility, the youths took the challenge and mobilized for a change. There are so many qualities within CWIN. We have seen youth spirit and powerful action driven by strong believes. When it combines with research and knowledge based documentation, networking and advanced strategic thinking - it becomes powerful. Which CWIN has proved to be. I feel privileged having been accepted as a close partner of CWIN for more than 20 years. And I and my colleagues have learnt a lot.

There are similarities between the development of FORUT-Norway and CWIN. The history is very much about youths! When I today is connected to Seljord Folk High School, it is also a youth environment where I see a potential. The lessons learnt from the two success stories in Nepal and Norway is the inspiration for us in Seljord to motivate the students to turn their eyes against unfair, and to show solidarity. The three focuses in this project is CWIN, rights of the child and Nepal. Up to this date hundreds of students in Norway have come back with new experience and ideas after having visited Nepal and been introduced to CWINs work and ideas. We talk about the "leaders of tomorrow".

Thanks for the unique partnership which have been based on confidence, collaboration, friendship and professionalism! We are ready to continue our efforts together with CWIN for the good cause, in order to achieve even more. There should be no compromise when coming to the issue of protection and the rights of the children - based on UNs declaration of the rights of the child. Unfortunately there is a need for movements like CWIN and youth engagement to ensure that word is transformed into action.

Namaste!

Terje Heggernes

Principle of Seljord Folk High School

Dear Sumnima and friends at CWIN,

Please accept our heartfelt congratulations on your 25th anniversary!

As the agency that highlighted the issue of children's rights for the very first time in Nepal, this indeed is a special occasion for CWIN to reflect back on your historic, significant and meaningful journey.

We, the Concerned for Working Children consider it an honour and a privilege to have a partner in CWIN, a partner who has always braved extremely challenging social and political realities to ensure that the Rights of Children of Nepal are upheld and respected. Having been associated closely with CWIN almost since its founding years, with a high degree of appreciation, deep respect and fondness, we cherish all the child rights related programmes we have collaborated in - with a special mention of the facilitation of the Regional and International Working Children's Movement.

We specially wish to high light the role of CWIN in protecting children, who were worst affected, during the severely traumatic war torn years, as Nepal struggled for peace, justice and democracy. CWIN, with its courage and conviction has always put children and their rights first - and has effectively created an environment in Nepal where children's rights as a concept has begun to gain ground.

There are certainly challenges ahead, but with the innate strength CWIN has consistently shown as a team, in partnership with children - standing tall in the field of Children's Rights, we are sure it will stride ahead, making new paths, setting new records and strengthening the foundation of democracy in Nepal.

In solidarity,

Kavita Ratna

For Team CWC

**rtc**
**responding to conflict**

Dear CWIN friends

It is with great pleasure and respect that I and all at Responding to Conflict congratulate you on 25 years of pioneering and committed work towards the rights of the child. Your commitment to working closely with children and youth in all areas of Nepal, no matter how difficult to reach, combined with your constant involvement in ensuring adequate policy and holding decision makers to account is, I believe, the foundation of your ability to continually be at the forefront of the child rights field for 25 years now, and well into the future.

Responding to Conflict has had the privilege of partnering with CWIN since 2009. We have worked together with children and youth affected by conflict and to find new ways of ensuring that their voices are heard by governmental and non-governmental policy makers charged with building a lasting peace in Nepal. Engaging with peace building from the perspectives of children and youth, and ensuring their needs and priorities are heard by decision makers is exploring new ground in policy and practice, not only in Nepal but also internationally. Moreover, the way you continue to develop innovative strategies that combine education, the promotion of participation, campaigns, media and advocacy continues to astonish not only us at Responding to Conflict but those who we work with in other countries who share your commitment to both child rights and peace. Your influence is profound and far reaching.

On a personal note I would like to state that stepping foot in the CWIN office is like getting a 'massage for the soul'. You CWIN - re-affirm what is good in life, what is good in people. As a visitor to you this is what I feel every time I step into your office or interact with your staff. I am sure I am not alone in feeling this. The warmth and dynamic commitment that you share with the children you work for and your partners, all of whom share moments in your journey, are inspiring. For me this is the essence of the organisation you have created. It is very special.

It has been an absolute pleasure to work with you and learn from you over the past three years.

We wish you all the success for the future,

With you in friendship and in peace

Simon Weatherbed
Director
Responding to Conflict

ICDI
International Child Development Initiatives

**International Child Development Initiatives (ICDI) congratulates CWIN with its 25 years of existence**

ICDI and CWIN have known eachother for many years. It all started in ... when ICDI was asked to evaluate projects of CWIN by one of its main donors through the years, Plan Netherlands. The results of this evaluation were very positive. ICDI was impressed with the professionalism of the staff and the outreach and impact CWIN had in the communities in which it works to improve children's rights. In the years after that we have looked hard to find possibilities to work together more colosely. This finally resulted in 2011 in the Girl Power Programme, a five year long programme that aims to improve educational opportunities for adolescent girls and seeks to strengthen mechanisms to better protect girls against violence. We are now two years into Girl Power and we at ICDI remain as impressed as ever with the work that CWIN is doing. Sadly, there still remains a lot to be done to improve child rights in Nepal. But we think that CWIN is one of those organizations that really can make a change. And we at ICDI can also sincerely say that we learn a lot from CWIN. We wish CWIN all the best in the years to come.

Mathijs Euwema

Director

*"Again I saw that under the sun the race is not to the swift, nor the battle to the strong, nor bread to the wise, nor riches to the intelligent, nor favor to those with knowledge, but time and chance happen to them all."*

# संस्मरण

# बालअधिकार आन्दोलनमा अग्रणी भूमिका



**प्रा. मथुरा श्रेष्ठ**
**बरिष्ठ मानवअधिकारवादी नेता**

२५ वर्ष अगाडि पनि मानिसहरूले बालअधिकारको बारेमा आवाज ननिकालेको त होइन । तर बालअधिकार भनेको के भन्नेमा धेरै भ्रम थियो । पछि बालअधिकार के हो भनी बृहत् छलफल हुन थाल्यो । कसरी अगाडि जानुपर्छ भन्ने कुरामा जानकारी खोजिन थालियो । सिविन सबैभन्दा पहिलो बालअधिकार क्षेत्रमा काम गरेको संस्था भएकोले यसको अभियन्ता पनि यसैलाई मान्नु पर्छ र सिविनमा काम गर्ने साथीहरूलाई मान्नुपर्दछ । बालअधिकारमा विभिन्न पञ्चायत कालमा धेरै संघर्षहरू गर्नुपर्‍यो र गर्दै आयो । सुरुमा सिविनले सडक बालबालिकालाई बढी ग्राह्यता दिने गरेको थियो । बालश्रमिकको क्षेत्रमा पनि धेरै काम गरेको थियो । क्रमशः सिविनले सम्पूर्ण बालअधिकारको क्षेत्रमा काम गर्दै अवधारणा राख्दै आएको छ । आन्दोलन पनि गर्दै आएको छ । यसै सन्दर्भमा मलाई के थाहा छ भने १९८९ बालअधिकारसम्बन्धी महासन्धि ड्राफ्ट गर्ने सर्न्दभमा सविनले धेरै काम गरेको थियो । नेपाली भाषामा अनुवाद गरेपछि नेपालको तत्कालिन अन्तरिम सरकारको पालामा १९९० मा यो अनुमोदन भयो ।

सिविनले धेरै किसिमले अग्रपंक्तिमा रहेर काम गरेको छ । कानुनी रूपमा बालअधिकारलाई सुनिश्चित गर्न विभिन्नखालले कन्भेनसनमा नेपालमा अनुमोदन गर्नको निमित्त मात्र काम गरेन देश र जनभावना अनुरुप कानुन वनाउन पनि बारबार संघर्ष गरेको छ । बालअधिकार, सामाजिक विकासको निमित्त जनसमुदायहरूलाई अगाडि बढाएको छ । बालबालिकाहरूकै क्षमता विकासको लागि विभिन्न किसिमले काम गरेको छ । विभिन्न बालगृहरू, आवधिक गृहहरूको व्यवस्था गरेको छ । यो अनुपम कार्यक्रम हो । अधिकार गुमेका बालकहरू, खासगरी बञ्चित बालबालिकाहरूको अधिकार सुनिश्चित गर्ने काम गरिराखेको छ । शिक्षा क्षेत्रमा सिविनले त्यतिकै गरिराखेको छ । नेपालमा शिक्षाका लागि स्पोन्सरसिपको विकास गर्ने सबैभन्दा सिविन नै हो । विभिन्न किसिमबाट बालअधिकारलाई सम्पन्न बनाउने र यसलाई स्थापित गर्ने काममा लागेको छ । साथसाथै यसले विगतदेखि वर्तमानसम्म पनि राम्रो काम गरिराखेको छ । सानोतिनो कमी कमजोरी होला तर पनि धेरै राम्रो काम गरिराखेको हुनाले भविष्य पनि धेरै राम्रो छ र भविष्यमा पनि धेरै राम्रा काम गर्नुपर्ने बाँकी छ ।

बालअधिकारलाई नराम्रो असर पार्ने एउटा मादकपदार्थ सेवन पनि हो । नेपाल मदिरा नीति संञ्जाल (नापा)को संयोजक र सचिवालय नै सिविनले व्यवस्थित गरिराखेको छ । मादक पदार्थ नियन्त्रण र सुर्तिजन्य पदार्थ नियन्त्रणमा पनि धेरै काम गरिराखेको छ । घरेलु हिंसा रोक्न पनि थुप्रै काम गरिरहेको देखेको छु । बालबालिकाको क्षमता अभिबृद्धि, इन्टरनेट अनलाइनमा बालसंरक्षण, बालबालिका विरुद्ध हुने सवै किसिमका हिंसा दुर्व्यवहार र समस्याहरूमा काम गरिरहेक छ भविष्यमा अझ सशक्त भएर अगाडि जानुपर्छ ।

कुरा गर्दा हामी १९९० देखि नै विशिष्टीकृत संस्था बन्नुपर्दछ भन्थ्यौ । सिविन बालअधिकार भने जस्तै । इन्सेक, वाच, सिभिक्ट आदि आ–आफ्नो क्षेत्रमा छन् । सिविनले बालअधिकारसँग काम गर्ने संस्थासँग अन्तरक्रिया गरेर नेतृत्व लिनु पर्दछ । बालअधिकार आन्दोलनको विगत २५ वर्षलाई नेतृत्व दिएर सफल बनाएकोमा सिविनलाई बधाई । धन्यवाद र शुभकामना ।



# मानवअधिकार र बालअधिकार

**पद्मरत्न तुलाधर**
**वरीष्ठ मानवअधिकारवादी नेता**

नेपालमा मानवअधिकारको विषय निक्कै पछि मात्र सुरु भएको हो । सुरुवातमा एम्नेष्टि इन्टरनेशनलले मानवअधिकारको लागि काम गरेको थियो, तर उसले नेपालको मानवअधिकारको विषय प्रत्यक्ष उठाउन नपाउने भएकाले र यहाँबाट केही नहुने भएकोले हामीले पहिलो पटक राजबन्दीहरूको विषयमा अध्ययन गर्न र विषय उठाउन मेरो अध्यक्षतामा एउटा समिति बनाएर मानवअधिकारका कार्यको थालनी गऱ्यौं । यसपछि मेरै अध्यक्षतामा मानवअधिकार संरक्षण मञ्चको स्थापना भएपछि औपचारिक रूपमा मानवअधिकार विषयको सुरुवातभयो यसको दुई वर्षपछि मात्र ऋषिकेश शाहको अध्यक्षतामा मानवअधिकार संगठनको स्थापना भयो । गौरीजी मानवअधिकारबारे सचेत भएकोले वहाँ र रुपा सुम्नीमा लगायतले पहिलो पटक नेपालमा बालअधिकारको आन्दोलनको सुरु गर्नु भएको हो । यसरी नेपालमा मानवअधिकारको आन्दोलनसँगै विस्तारित रूपमा बालअधिकर आन्दोलनको सुरु भएको हो ।

हाल सिविनले काठमाडौं लगायत धेरै जिल्लामा बालअधिकार र अन्य विषयमा कामको थालनी गऱ्यो । यसले देशमा मात्र हैन दक्षिण एशिया, एशिया र अन्तर्राष्ट्रिय स्तरसम्म बालअधिकारको मुद्दा उजगार गऱ्यो । अन्तर्राष्ट्रिय सन्धी सम्झौतादेखि बालअधिकार महासन्धिसम्ममा सिविनले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

हामी मानवअधिकारवादीहरूको सोचमा बालअधिकारको विषयले प्राथमिकता परेको थिएन । हामीले राजनीतिक अधिकार वाक स्वतन्त्रता र नागरिक अधिकारको विषयलाई मात्र प्रथमिकता दिने गरेका थियौं । सिविनले नै बालअधिकारको विषयलाई सबैको सामु मात्र हैन हामी मानवअधिकार वादीहरूको मन मस्तिस्कसम्म पनि प्रभावकारी रूपमा उतार्ने काम गरेको हो ।

बालबालिका माथि अन्याय भयो सिविन, सडकमा बालबालिका देखिए सिविन, कतै बालबालिकामाथि दुर्व्यवहार भयो सिविन, बालश्रम देखियो सिविन, बालबालिकालाई कतै केही भयो कि सिविन, यसरी समाजमा बालहकहितको सवालमा सिविन अत्यावश्यक सहयोगीका रूपमा परिचित हुँदै आयो । यसरी क्रमशः सिविनको भूमिका खालि बालअधिकार बालबालिकाको सुरक्षाको हकमा मात्र सीमित नभई बालबालिकसम्बन्धी कानुन, नियमावली सुधर,निर्माण र कार्यान्वयनका लागि दवव दिने, लविङ गर्ने र प्रचार प्रसार गर्नेसम्म विस्तारित हुँदै गयो । यस्ता कार्यमा संसद सदस्यहरू र हामी मानव अधिकरवादीहरूका व्यक्तिगत कुराभन्दा पनि सिविन र सिविनका साथीहरूको क्रियाशीलता देखिन्थ्यो । यस्ता बेलाहरूमा मानवअधिकारवादीको हैसियतले मेरो साथ र सहयोग सिविनसँग सधैं नै रहन्थ्यो ।

दोस्रो जनआन्दोलनमा माओवादी एकतिर र सरकार एकतिर थियो । म एक्लो सम्पर्कसूत्र जस्तै व्यक्ति भएको थिएँ । जनयुद्धताका बेलाबेला बालबालिका प्रयोग भएका, प्रभावित भएक कुरा, चन्दा आतङ्क, सेना आतङ्कका कुरा उठ्ने गर्थ्यो । यस विषयमा प्रचण्डलाई व्यक्तिगतरूपमा फोन गरेर पनि भन्थें र

सभा समोराहमा पनि बोल्थें । बालबालिकामा परेको नकारात्मक असरका कुराले म साह्रै भावुक पनि हुन्थें । बालबालिकालाई नकारात्मक असर पर्ने यस्ता काम कुराका विरुद्ध सिविन लगायत अरु मानव अधिकार र बालअधिकार कर्मीहरूको पनि भूमिका हुने गर्थ्यो, तर यस्तो भूमिका सहायक जस्तो मात्र हुने गर्थ्यो । मानवअधिकार र बालअधिकारको हननका विरुद्ध गरिने हाम्रो आन्दोलन लगभग एउटै हुने हुने गर्दथ्यो ।

मैले जाने अनुसार सिविनले सुरुवातमा सडक बालबालिकाहरू लगायत गाउँबाट गरिबीले सहर आएर मगन्ते बन्न पुगेका बालबालिकालाई समेट्ने र उनीहरूको अवस्थालाई बुझेर उनीहरूलाई संरक्षण दिने गर्दथ्यो । त्यति बेला धेरैलाई लागेको थियो कि सिविन भनेको सडक बालबालिकाको लागि मात्र काम गर्ने संस्था हो ।

अभिभावकले त्यागेका हुने भएकाले सडक बालबालिका अति उच्छृङ्खल पनि हुन्थे, उनीहरूको मनोविमर्श गर्नेदेखि उनीहरूलाई सामाजिकीकरण गर्ने र परिवारिक तथा सामाजिक पुनर्स्थापनको समेत काम सिविनले गर्दै आयो ।

नेपालका कति बालबालिका परिवारकै साथमा रहेर पनि पीडित र हिंसामा परेका छन् । कति आफ्नै अभिभावकहरू समेत बालबालिकालाई आफूले भनेको मात्र गर्न लगाउने तर बालबालिकाको मनोभावना नबुझ्ने हुन्थे, अझै पनि छोराछोरीलाई पढ्ाउँदा तिमी डाक्टरै बन्नु पर्छ भन्ने अथवा इन्जीनीयर नै बन्नु पर्द भन्ने अभिभावकहरू पाइन्छन् । बालबालिकाको रुची अनुसार पढाईको स्वतन्त्रता दिंदैनन् । बालबालिकाको इच्छा के छ कसैले बुझ्दैनन् । बालबालिकामा यसको नकारात्मक असर पर्छ । यो र यस्ता बालमनो विज्ञान नबुझि लादिने आदेशात्मक कुराहरू उच्च र मध्यम वर्गका घर परिवारमा हुने देख्दा सामान्य तर नकारात्मक छाप छोड्ने व्यवहारहरू हुन् । सिविनले यस्ता विषयलाई पनि उठाउने गरेको छ ।

सिविनले बालअधिकारको मुद्दा बालश्रमिक र सडक बालबालिकाबाट सुरु गरेको थियो । कानुनले निषेध गरेका उमेर नपुगेका बालबालिका जिउनको लागि रेष्टुरेण्ट र अन्य श्रम क्षेत्रमा निकृष्ट श्रम समेत गर्न बाध्य छन् तर यो कुरा समाजले मनन् गरेको छैन । यस्तो कुरामा सिविन सक्रिय भएर लागि रहेको छ । बालश्रमको प्रयोग गर्नेहरूलई कानुनको दायरामा ल्याएका कुरा पनि समाचारमा आएको छ । यी सबै कुराबाट समाजमा पनि अलिअलि परिवर्तन आउन थालेको छ । तर त्यो अझै व्यापक भैसकेको छैन ।

हामी आशा गर्छौ की अबको केही वर्षमा नेपालका बालबालिका यो शोषणबाट मुक्त हुनेछन् र जीवनमा चौतर्फी विकस गर्न पाउने छन् । सिविन आन्दोलनका वर्षहरूमा सम्पर्कमा आएका अवसरबाट वञ्चित बालबालिकाले अवसर पाएर राम्रो भएर धेरै प्रगबती गरेका कुरा हामीले सुनेका छौ । सिविनले अबको दिनमा पनि बालश्रमको कुरामा त्यत्तिकै ध्यान दिनुपर्छ । बालश्रम अहिले पनि यथावत् छ । हामीले अझै पनि काठमाण्डौका धेरै ठाउँमा बालबालिका सडकमा सुतेका देख्छौं न त तिनले खान पाएका हुन्छन् न त लाउन नै ।

सिविन आन्दोलनले २५ वर्षको अवधी पारगऱ्यो । धेरै काम गऱ्यो । समस्या भने अझै पनि समाधान भएको छैन । सिविनले अझै विभिन्न सञ्जालमा रहेर विशेष रूपमा क्रियाशील भएर व्यपक दृष्टि र उपस्थितिका साथ युद्ध स्तरमा काम गर्नु पर्दछ । सिविनको विशेषता भनेकै निरन्तरता हो । सिविनको उपलब्धिको पनि निरन्तरता हुनुपर्छ र जस्तै प्रतिकूल अवस्थामा पनि सिविन बालअधिकार आन्दोलन अघि बढनुपर्छ ।

# बालअधिकार आन्दोलनको अभियन्ता



**दमननाथ ढुङ्गाना**
**वरिष्ठ मानवअधिकारवादी नेता**

नेपालको बाअधिकार आन्दोलनको अग्रणी सामाजिक संस्था सिविन नेपाल हो । विगतमा राजनीतिक अधिकार, वाक् स्वतन्त्रता जस्ता विषयलाई मात्र मानव अधिकारका रूपमा लिने गरेको र बालअधिकारको बिषयलाई आत्मसात गर्न नसकेको बेलामा, अझ सर्व साधारणमा बालबालिकाको पनि अधिकार हुन्छ भन्ने कुरामा चेतना पनि नभएको समयमा सिविन-नेपालको कार्यक्रम र यसको अभियानबाट नै नेपालमा बालअधिकार प्रतिको विशेष जागरुकता विस्तार भएको हो ।

नेपालको मानवअधिकार, प्रजातन्त्र र गणतन्त्रदेखि देशमा शान्ति स्थापनाका विभिन्न चरणमा प्रत्यक्ष रूपमा संलग्न भएको र सिविनका मित्रहरूसँगका सहकार्य र सामीप्यताकै कारण पनि नेपालको संविधान २०४७ मा बालअधिकार विषय समावेश गर्नदेखि बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ लाई नेपाल सरकारको तर्फबाट सन् १९९० तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई सरकारको नेतृत्वमा अनुमोदन गराउने कार्यमा समेत सहयोग पुऱ्याउने अवसर पाएको हुँ यसमा मेरो मूल्याङ्कनमा सिविन नेपाल सदैब अग्रणी भूमिकामा रहेको छ ।

नेपालमा बालबालिकाको बिषय त्यसमा पनि परिवार र समाजबाटै परित्यक्त सडक बालबालिका र श्रमिक बालबालिकाको अध्ययन, अनुसन्धान र उनीहरूको संरक्षणको कार्यबाट बालबालिकाको कामको थालनी भएको हो । तिन ताक उक्त बालबालिका कसैको पनि सरोकारभन्दा हेला र तिरस्कारका विषय हुन्थे ।

नेपालमा प्रजातन्त्रको पुनः स्थापना पछि २०४८ सालको पहिलो संसदको सभामुख हुनेसौभाग्य मैले पाएको थिएँ । सोही समयमा बालबालिकासम्बन्धी ऐन र नियमावली पास भएको थियो । उक्त ऐन र नियमावली निर्माण प्रक्रियामा विताएका क्षण मेरो स्मृतिमा अझै प्रेरणादायी रूपमा रहेको छ । यसैगरी श्रमिकको बालबालिकाको प्रयोग गरी बालश्रम शोषणदेखि जोखिम परिस्थितिका बालबालिकाको उद्धारसम्बन्धी कानुनी अधिकार प्रत्याभूतिका लागि सिविन-नेपाल निरन्तर क्रियाशील रहेकै कारण घरमा बालश्रमिक प्रयोग गर्दा आफूलाई गौरव गर्नेहरू हाल बालश्रमिकहरूलाई घरमा प्रयोग गर्नु दण्डनीय हो भनी डराउन थालेका छन् । बालबालिकालाई काम दिएर दया गरेको भन्नेहरू बालबालिकामाथि अन्याय गरेको भनी डराउन थालेका छन् । नेपालमा छुवाछुत विरुद्धको कानुन २०२० सालमा लागू भएता पनि खास रूपमा हालसम्म पनि यसको कार्यान्वयन भएको छैन भने बालबाललिकासम्बन्धी कानुन र बालश्रम (नियमित र निषेध गर्न बनेको ऐन) छोटो समयमा नै केही हदसम्म कार्यान्वयनको चरणमा पुग्नु र बालअधिकारको विषय स्थापित हुनुमा सिविन नेपालको महत्वपूर्ण भूमिका रहेको छ ।

नेपालमा बालअधिकारको संस्थागत विकासमा सिविनको महत्वपूर्ण भूमिका भन्नुनै बालअधिकार सचेतना अभियान देशव्यापी बनाउनु, बालहेल्पलाइन नेपालको स्थापना गरी सरकार र सामाजिक संस्थासँग सहकार्यमा बालहेल्पलाइन सञ्चालन गरी बालबालिकाको आपत्कालीन संरक्षणमा महत्वपूर्ण संरचना खडा गराउन सफल हुनु, अन्तरिम

संविधानमा बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषण आदिलाई मौलिक अधिकारका रूपमा समावेश गराउन सफल हुनु, राजनीतिक पार्टीको घोषणापत्रहरूमा बालअधिकारको विषय समावेश गर्न बाध्य पार्नु, संविधान सभामा बालबालिका समिति निर्माण गराउन सफल हुनु प्रमुख रहेका छन् । यी र यस्तै कार्यक्रमहरूमा सिविनका साथीहरू हामी जस्ता मानवअधिकारवादीहरूसँग लविङ गर्नेदेखि पत्रकार र सभासद एवंम् संसदहरूसँगको लविङगका साथ साथै बालबालिकाको संरक्षणमा निरन्तर लाग्नु नै सिविनको बिशेषता हो ।

सन् २००५ मा राजाको प्रत्यक्ष शासनमा सिविन-नेपालका अध्यक्ष मेरा मित्र गौरी प्रधानलाई मानवअधिकारको अन्तर्राष्ट्रिय कार्यक्रमबाट फर्कने क्रममा अन्तर्राष्ट्रिय विमान स्थलबाटै पक्राउ गर्दा वहाँको रिहाईका लागि बन्दी प्रत्येक्षिकरणको बहसमा संलग्न रहेको संझदा गर्वको अनुभूति हुन्छ ।

सिविन-नेपाल स्थापित भई नेतृत्वदायि भूमिका पूरा गरेको २५ वर्ष पुगेको यस महत्वपूर्ण घडिमा सम्बन्धित सबैमा हार्दिक अभिनन्दन अर्पण गर्दै आगामि दिनमा अझै कठिवद्ध भई विश्व किर्तिमान राख्न सकोस- शुभ कामना ज्ञापन गर्दछु ।

# व्यवहारमा उत्रनु नै कानुनको सौन्दर्य



**सुवास नेम्वाङ**
**पूर्व अध्यक्ष एवं सभामुख संविधान सभा तथा विधायक संसद**

नेपालको सन्दर्भमा बालअधिकार आन्दोलन धेरै नै व्यवस्थित, क्रियाशील रूपमा अगाडि बढिरहेको छ । यस अभियानको अग्रभागमा सदा सर्वदा सिविन र सिविनसँग संवद्ध मित्रहरू उभिनु भएको मैले पाएको छु । नेपालको बालअधिकारसम्बन्धी आन्दोलनमा संयोग र सैभाग्यले भनौं म कुनै न कुनै रुपले जोडिएको छु र अहिले पनि यो आन्दोलन प्रति सहयोग, समर्थन र आफ्नो प्रतिवद्धता पनि रहेको छ । नेपालको बालअधिकारसम्बन्धी आन्दोलन व्यववस्थित ढंगले अगाडि बढी धेरै उचाई प्राप्त गरेको छ । बालअधिकरलाई प्रष्ट रूपमा सुनिश्चित गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । पछिल्लो आन्दालनसँगै जोडिएर यो आन्दोलनका परिणामस्वरुप देशमा जुन उपलब्धि हासिल गर्न सकेका छौं तिनै उपलब्धिहरूभित्र बालअधिकारको क्षेत्रसँग सम्बन्धित प्रश्नहरूलाई पनि विस्तृत गर्न सफल भएका छौं त्यसैले हाम्रो अन्तरिम संविधानले यसका कतिपय विषयहरूलाई संस्थापन गर्न पनि सफल भएका छौं । नेपालको बालअधिकारसम्बन्धी आन्दोलनले खोजेका सबै कुरा त प्राप्त भएको छैन तर धेरै कुराहरू प्रप्त गर्न सफलता प्राप्त भएको छ ।

जतिबेला बालअधिकारसम्बन्धी आन्दोलन सुरु भएको थियो त्यति बेला हाम्रो देशमा बालअधिकारसम्बन्धी सामान्य कानुनको पनि अभाव थियो त्यो अवस्था मलाई अहिले संझना हुन्छ । धेरै अगाडिको कुरा हो म सिविनसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिएको थिएँ मलाई अहिले पनि ती सुखद दिनहरू याद आउँछ । हामीले बालअधिकार आन्दोलनलाई अगाडि बढाउने सिलसिलामा नेपालमा बालअधिकारको लागि प्रष्ट कानुनको माग गर्‍यौं । कानुनको आवश्यकता छ भनेर हामी सबैले भन्यौं । यसै क्रममा थुप्रै बालअधिकारका लागि काम गर्ने संघसंस्थाहरू पनि जन्मिए । कानुनको निर्माण गर्ने काममा पनि सफलता प्राप्त भयो । यही क्रममा अगाडि बढ्दै जाँदा देशमा पछिल्लो आन्दोलन भयो त्यस पश्चात् अन्तरिम संविधान बन्यो । त्यस अन्तरिम संविधानले बालअधिकारको सम्बन्धमा एउटा प्रष्ट प्रावधान नै राखेर नेपालका बालबालिकाको पहिचानदेखि लिएर सबै पक्षहरूलाई समेटेर संवैधानिक अधिकारको रूपमा व्यवस्था गर्‍यो । यसले बालअधिकारसँग सम्बन्धित प्रत्येक क्षेत्रमा अगाडि बढ्न सक्ने एउटा संवैधानिक आधार नै तयार गर्‍यो । वास्तवमा यही पृष्ठ भूमिमा संविधान सभाले बालअधिकारको सन्दर्भमा नयाँ संविधानमा प्रष्ट व्यवस्था गर्नको लागि काम गरेको हो जसमा सम्बन्धित विषयगत समितिको प्रतिवेदनमा पनि यी कुरा समेटिएका हुन् तर दुर्भाग्य बस भन्नु पर्दछ संविधानसभाले ती उपलब्धिहरूलाई संविधान बनाएर संस्थागत गर्न सकिएन तर त्यतिहुँदा हुँदै पनि ति आधारहरू छन् । ती आधारहरूलाई कुनै दिन हामीले संस्थागत गर्दै अगाडि बढ्न सक्नु पर्दछ ।

हाम्रो संविधान सभामा मानव अधिकार, जनताका मौलिक अधिकारहरूसँग सम्बन्धित विषयहरू, महिलासँग सम्बन्धित विषयका अधिकारहरूसँगै बालबालिकासम्बन्धी अधिकारको प्रसंग छ सो प्रसंगमा सकारात्मक पक्ष के हो भने हाम्रा राजनीतिक दलहरूको बीचमा यसलाई लिएर विवाद

भएन । बालअधिकारको सम्बन्धमा सबै दलहरू प्रष्ट रहेको पाएँ । दलहरू यस विषयमा हामीले के गर्न सक्छौं त्यो गर्नु पर्छ भन्ने मनस्थितिमा रहेको पाएँ । त्यसैले यस सन्दर्भमा संविधानमा व्यवस्था गर्ने सन्दर्भमा दलहरू खुल्ला थिए । यसबारेमा महत्वपूर्ण विषयहरू उठेका थिए त्यमाथि छलफलहरू भएका थिए । यसलाई संस्थागत गरेर एउटा प्रष्ट संवैधानिक आधार तयार गर्नु पर्छ भनी दलहरू एकदमै प्रष्ट र एक मत थिए । त्यसैले मलाई विश्वास थियो र मैले बारम्बार सार्वजनिक कार्यक्रमहरूमा भन्ने गरेको पनि थिएँ "हामीले बनाउने संविधान बालमैत्री संविधान बन्छ" । मैले बालअधिकारको क्षेत्रमा लागेका संस्थाका साथीहरू र बालबालिकाका प्रतिनिधि मण्डल सबैसँगै यही प्रतिवद्धता जाहेर गरेको थिएँ ।

नेपालको बालअधिकार आन्दोलन शून्यबाट सुरुभएको अभियान हो । मलाई संझना आउँछ । त्यस समयमा सम्बन्धित क्षेत्रका साथीभाईहरूसँग छलफल हुँदा र अभियानमा अगाडि बढ्दाको समय मलाई राम्रोसँग संझना छ । त्यतिबेला बालबालिकाको विषयमा सामान्य कामको पनि अभाव रहेको अवस्था थियो । यस क्षेत्रमा काम गर्ने संस्थाहरू पनि थिएनन । यदि म सही भनिरहेको छु, भन । अन्य तत्थ्यहरू देखिंदैनन् भने मलाई विश्वास छ बालअधिकारका क्षेत्रमा सबैभन्दा पहिलो संस्था नै सिविनको रूपमा मलाई संझना छ । त्यतिबेला बालअधिकारकै लागि भनेर काम गर्ने अरु संस्थाहरू मलाई संझना छैन । बालअधिकारको कुरा गऱ्यो कि सडक बालबालिकाको कुरा गऱ्यो कि श्रम शोषणको, उद्योग धन्दामा बालबालिकामाथि भएका शोषणको सन्दर्भमा बालबालिकाको कुरा गऱ्यो कि सिविन भन्ने संस्था नै अगाडि आउँथ्यो । सिविन क्रियाशील भएर अगाडि बढ्दै जाँदाको क्रममा संयोग र सौभाग्यको कुरा हो अरु बालअधिकारवादी संस्थाहरू पनि जन्मदै गए र बालअधिकारको यो अभियानमा थप हुँदै गए । त्यसले यो अभियान र बालअधिकार सम्बन्धि यो आन्दोलनलाई सशक्त र व्यवस्थित बनाउँदै लग्दा अहिले यो क्षेत्रमा काम गर्ने थुप्रै संस्थाहरू छन् । त्यसैले नेपालमा अहिले हामी बालअधिकारको सन्दर्भमा एउटा प्रष्ट अगाडि बढ्ने आधार तयार भएकोछ । बालअधिकार के हो ? यस सँग सम्बन्धित शोषणहरू के के हुन् ? भनेर यसलाई पहिचान गर्ने कामहरू अहिले भएका छन् । संगठित क्षेत्र बाहेक असंगठित श्रमक्षेत्रमा बालबालिकामाथि साह्रै धेरै ठूला शोषण भईरहेको अवस्था छ । एकातिर यी कुराहरू छन् भने यसलाई पहिचान गर्दै कानुन निर्माण गरेर, वैधानिक आधार तयार गरेर, अगाडि बढ्ने आधार तयार गर्ने विन्दुमा हामी आईपुगेका छौं । साथै धेरै ठूला सफलता प्राप्त गरेको अवस्थामा हामी आईपुगेका छौं । यसको लागि सिविन लगायत सम्बद्ध संस्थाहरू, यस क्षेत्रमा लागेका मानव अधिकारकर्मीहरू, नागरिक समाज लगायतले साह्रै ठूला भूमिका निर्वाह गरेको छ । वास्तवमा यिनै संस्था तथा नागरिक समाजले झकझकाएर मात्रै राज्य अग्रसर भएको अवस्था छ । राज्य त अहिले पनि जति गर्नु पर्ने हो त्यति गरेको छैन । यो अवस्थामा निरन्तर राज्यलाई झकझकाएर यो विन्दुसम्म ल्याई पुऱ्याउनमा नागरिक समाजले धेरै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

पहिलेको भन्दा अहिले बालअधिकारको अवस्थामा सुधार आएको छ तर सन्तोष मान्ने आधार छैन हामीले जे जति कानुनी र संवैधानिका आधार तयार गरेका छौं यी नीति र कानुनको सुन्दरता भनेको व्यवहारमा उत्रँदा नै हुन्छ । संविधानमा खोज्यो संविधानमा छ, कानुनमा खोज्यो कानुमा छ, नियमावलीमा खोज्यो नियमावलीमा छ, नीतिगत आधारहरू छ, तर व्यवहारमा भने फेरी त्यस्ता खालका कमी कमजोरीहरू, विकृति र विसंगतिहरू देखा पर्दछन् भने त्यो सन्तोषको कुरा होइन । जस्तो संगठित श्रम क्षेत्रहरूलाई छोडेर असंगठितश्रम

क्षेत्रमा बालबालिकामाथि धेरै शोषण विद्यमान रहेको छ त्यो तपाईँ हामी सबैले बुझेको कुरा हो । अहिले पनि त्यस्ता खाले शोषणका घटनाहरू देखा परिरहेका छन् सार्वजनिक सञ्चारहरूमा आईरहेका छन् । बालबालिका माथिको शोषण अहिले पनि जारी छ, बालबालिका मूलतः बालिका माथिको यौन शोषण तथा हिंसा अहिले पनि देखा परिरहेको अवस्था छ । हाम्रा कानुन, नियमावली, नीति, संविधानका बाबजुद बालबालिका विरुद्धका यस्ता काम कारवाही घटनाहरू भईरहेका छन् यस्ता कार्यको अन्त गर्ने प्रष्ट आधार तयार गर्न सक्नु पर्द । अहिले पनि यस क्षेत्रमा कमी काजोरीहरू देखिएका छन् ।

नेपालमा बालबालिकामाथि शोषण अन्यय, विभेद विद्यमान रहेको छ । यसलाई पूर्णरूपमा अन्त्य गर्नको लागि मुख्यतः सरकार र राज्यको नै जिम्मेबारी हुन्छ । देशमा विद्यमा, कानुन र नीतिगत आधारहरू तयार भएको अवस्थामा यसलाई व्यवहारमा उतार्ने काम मुख्यत राज्य र सरकारको नै हो । यसमा कमी कमजोरीहरू रहेका छन् । वास्तवमा यो क्षेत्र मात्र हैन सिंगो मानव अधिकारकै सन्दर्भमा राज्यसँग सन्दर्भित भएर यी प्रश्नहरू उठने गरेका छन । हाम्रो सरकार अन्तर्राष्ट्रिय, क्षेत्रिय संधिसंझौता धेरै चाडो गर्दछ यसरी प्रतिवद्धता जनाउने पक्षमा हाम्रो सरकार धेरै प्रगतिशील छ । तर व्यवहारमा उतार्ने पक्षमा भने कमी कमजोरीहरू रहेका छन् भनी नेपाल सरकारलाई आलोचनाहरू लाग्ने गरेको छ । बालअधिकारको पक्षमा पनि ठिक यही कुरा हो । हामीले नीतिगत आधार तयार गऱ्यौं । कानुनी र संवैधानिक प्रतिवद्धताहरू गरेका छौं । यसलाई व्यवहारमा उतार्ने कुरामा कमीकमजोरीहरू भएका छन् । उदाहरणका लागि राज्यका तर्फबाट बालबालिकाको क्षेत्रमा जे जति प्रतिवद्धताहरू जाहेर गरिएकोछ त्यसको कार्यान्वयनकालागि हामी जति अग्रसर हुनपर्ने थियो त्यति अग्रसरता देखिएको छैन भन्ने आरोप छ र यसमा सत्यता पनि रहेको छ । हामीले यस बारेमा प्रयौप्त आर्थिक चाँजोपाजो गर्न सकेका छैनौं । बजेट मार्फत् प्रतिवद्धता देखाउन सकेको छैनौं, बजेट छुट्याउन सकेका छैनौं । व्यवहारमा लागु गर्न सकिएको छैन । त्यसकारण मुख्यतः यसमा राज्य र सरकारको कमजोरी रहन्छ । दोस्रोमा राज्य र सरकारलाई निरन्तर झकझकाउन सिविन जस्ता संस्थाहरूले पहिलेभन्दा अझ बढी सशक्त र व्यवस्थित ढंगले लाग्नु पर्ने हो कि भन्ने मलाई लाग्छ ।

देशको खराव स्थितिले बालबालिकालाई असर पर्नु हुन्न, असर पर्न दिनु हुन्न, बालबालिकालाई त्यसको नकारात्मक असरबाट टाढै राख्नु पर्दछ भनिन्छ त्यसमा हामी सबैको प्रतिवद्धता पनि छ । त्यसको बाबजुद मुलकको जुन स्थिति छ त्यो स्थितिले बालबालिकालाई पनि नकारात्मक असर परिरहेको छ यस्तो असर बालबालिकालाई पर्न नदिईकिन जागरुक भएर अगाडि बढौं यो मेरो सबैलाई आग्रह हो । यो स्थितिबाट मुलुकलाई मुक्त गरेर जब हामी संक्रमण काललाई अन्त गर्दै अगाडि बढिरहेका हुन्छौं त्यतिबेला हामीले बालअधिकारसँग सम्बन्धित विषयलाई व्यवहारमा अझ राम्रोसँग उर्तार्दै अगाडि बढ्न सक्छौं । म सदैव आशावादी छु । दलहरूले मुलुकलाई कमीकाजोरीका बाबजुद यस अवस्थासम्म ल्याईपुऱ्याएका छन् । दलहरूले नै मुलुकलाई यो स्थितिबाट मुक्त गर्ने छन् । त्यो क्रममा अगाडि बढ्दा बालबालिकासँगसम्बन्धीत अधिकारलाई एक नम्बर प्राथमिकता भित्र राखेर हामी सँगसँगै त्यसलाई पनि सुल्झ्याउँदै अगाढि बढ्न सफल हुनेछौं भन्ने मलाई विस्वास छ । त्यसतर्फ सिंगो मुलुको ध्यान अक्रषर्ण गर्ने कुरामा म पनि व्यक्तिगत रूपमा निरन्तर सदाझै लागि पर्ने छु भन्ने कुरा पनि आग्रह गर्न चाहन्छु ।

सिविन नेपालसँगको सहकार्य विगत २५ वर्ष अगाडि देखिकै हो । मलाई याद छ पुर्वी नेपालका चिया बगानमा बालश्रमीहरूमाथि भएको शोषणलाई मैले

नजिकबाट नियालेकै कारण त्यस क्षेत्रका बालश्रमिकको अध्ययन सिविन नेपालबाट भएको हो । यसको परिणामा स्वरूपमा त्यस क्षेत्रका बालश्रमिकको शिक्षा स्वास्थ्य र लगायत जीवनमा ठूला परिवर्तन ल्याउन सफल भएको थियो । यस्तै बालश्रम विरुद्धको विश्व यात्रा होस् या अन्तरिम संविधानमा बालअधिकारको विषय या संविधानमा बालअधिकारलाई समावेस गराउनको लागि १० लाख हस्ताक्षर बुझ्ने क्रममा म हरेक क्षणमा सिविन नेपाल र बालबालिकाको साथमा निरन्तर रहँदै आएको छु । बालअधिकारको प्रत्याभूतिबाट नै नयाँ नेपलाका परिकल्पाना गर्न सकिन्छ ।

बालअधिकार आन्दोलनको २५ वर्षको संघारमा उँभिँदा हामीले हाम्रो विगतलाई समीक्षा गर्नु पर्दछ । हाम्रा सकारात्मक पक्षहरू के छन् । त्यसलाई पहिचान गर्दै त्यसलाई निरन्तर अगाढि बढाउँदै लैजाने हाम्रो प्रतिवद्धता र योजना हुनुपर्दछ । यो विगतका समिक्षा गर्ने क्रममा सरकारका तर्फबाट, राज्यका तर्फबाट, नगरिक समाजका तर्फबाट र सम्बन्धित संस्थाका के कस्ता कमी कमजोरीहरू रहेका छन् । उदाहरणका लागि सिविन जस्ता संस्थाहरूले यस बारेमा समीक्षा गर्नु पर्दछ । विगतमा के कमजोरी रहेको छ त्यसलाई अवका दिनमा हामी सच्याउँदै अगाडि बढ्छौं भन्ने प्रतिवद्धताका साथ त्यसका आधारहरू तयार गरेर अगाडि बढ्नु पर्दछ । केही कमी कमजोरीहरूका बाबजुद यो २५ वार्ष बालअधिकारको क्षेत्रमा निकै उपलब्धिमूलक रहेको छ । त्यसलाई निरन्तर नयाँ उचाईमा अगाडि बढाउने एउटा प्रतिवद्धता, सोच र योजनाका साथ अगाडि बढ्न सक्नु पर्दछ । यो बेलामा त्यही आधारहरू तयार गर्न सक्यौं भने धेरै ठूला सफलता र महत्व हुनेछ भन्ने मलाई विश्वास छ ।

# बालअधिकार निमित्त मानवअधिकार आयोग क्रियाशील



**केदारनाथ उपाध्याय**
**अध्यक्ष, राष्ट्रिय मानवअधिकार आयोग**

सिविन खडा हुनुभन्दा पहिले बालबालिकासम्बन्धी विषयमा भनिन्थ्यो कि law a protects their person, preserves their life on state, excuses their laches and remains as a guardian in times of need भनिन्थ्यो । यो कानुनको दृष्टिकोण पनि बालबालिकाको संरक्षण गर्ने रूपमा थियो ।

यो पञ्चायतकालमा पनि मैले देखेको थिएँ कि बाल संगठन भन्नेहरू थिए । बालबालिकासम्बन्धी कुरालाई बालमन्दिरहरू परोपकारको रूपमा हेर्थे । बालबालिकाको संरक्षण गर्ने र तिनीहरूलाई सुरक्षा प्रदान गर्ने, कसैले बेवस्ता गरेर फालिएका बालबालिकालाई ल्याएर पालनपोषण गर्ने, स्याहार गर्ने जस्ता कुराहरू थिए । दयाको भावबाट यी कुराहरू हुने गरेका थिए । मलाई लाग्छ, सर्वप्रथम सिविनको स्थापना सम्वत् १९८७ साल तिर भयो । सिविनले बालबालिकाको नैर्सगिक अधिकारप्रति चेतना ल्यउने प्रयास गऱ्यो । स्थापना भएदेखि नै उसले त्यो काम सुरु गऱ्यो । संयोगको कुरा हो, यसको २ वर्षपछि बालअधिकारसम्बन्धी सन्धि १९८९मा पारीत भयो । त्यसको केहीवर्षपछि बालबालिकासम्बन्धी ऐन २०४८ लागु गऱ्यो नेपालले । त्यसपछि बालबालिकासम्बन्धी नियमावली जारी गऱ्यो । अहिले अन्तरिम संविधानमा बालअधिकारलाई मौलिक हकको रूपमा त्यसलाई स्थापित गऱ्यो । यसमा सिविन जस्तो संस्थाको सक्रिय भूमिकाको कारणले भएको हो । यी सबै कुरा जनमानसमा लैजान, बालकालिकाहरूलाई यो अनुभूत गराउन, अधिकारको कुरा हो यो दयाको कुरा हैन भन्ने कुरा अनुभूत गराउन सिविनले महत्वपूर्ण भूमिका खेलेको छ ।

संयुक्तराष्ट्र संघको स्थापना १९४८ देखिनै विश्वव्यापी घोषणापत्रमा मानवअधिकारको उल्लेख भएको हो यसपछि राजनितिक अधिकार र सामाजिक अधिकारसम्बन्धी अनुबन्ध आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी विषयहरूको विस्तार भयो । यसरी हेर्दा बालअधिकारको विषय त्यसभित्र विशेष रूपमा केन्द्रित भएन । महिलाअधिकारको कुराहरू आयो । बालबालिकाको अधिकारको लागि बोली दिने मान्छेहरू नभएकोले यिनीहरूको अधिकार धेरै किसिमले अन्तर्राष्ट्रिय महासंन्धिको रूपमा पनि ढिलो आउन गएको हो । अहिले कानुनी रूपमा आइसकेको भए पनि यसको कार्यान्वयनमा धेरै कुराको खाँचो छ । यसमा सिविन जस्तो सँस्थाले यसलाई अगाडि बढाउने काम गरी राखेको छ ।

मलाई याद छ बालअधिकार सम्बन्धमा म न्यायधीश हुँदा अदालतमा एउटा मुद्दा परेको थियो । बालबालिकाहरूले संगठन स्थापना गर्न पाउछन् कि पाउदैनन्, तिनीहरू त नाबालक हुन् भन्ने सवालमा आफ्नो अधिकारका निम्ति उनीहरूले स्थापना गर्न पाउँछन्, त्यसको लागि स्थानीय वयस्क संरक्षक हुनुपर्छ भन्ने कुरा आएकै हो । त्यो संगठन स्थापना गर्न पाउछन् भन्ने कुरामा मैले निर्णय दिएको मलाई याद छ । सबै मुद्दा त मलाई याद छैन, तर एउटा

धिरज केसी भन्ने बालक थियो, त्यसलाई पसलेले डोरीले बाँधेर राख्थ्यो । काम गर्ने बेलाम मात्र खोल्थ्यो । फेरी त्यसलाई बाधेर राख्ने गरेको थियो । त्यसको सम्बन्धमा केस हेरेर त्यसलाई मुक्त गर्नको लागि एउटा महत्वपूर्ण निर्णय गरेको थिए जस्तो लाग्छ । अरु पनि कतिपय केसहरू होलान् जसको सम्झना मलाई छैन ।

राष्ट्रिय मानवअधिकार आयोगमा जव म आएँ र देखेँ बालअधिकार सम्बन्धामा एउटा डेक्स छ, जो अझसम्म पनि आयोगले आफ्नै स्रोतबाट सञ्चालन गर्न सकेको छैन । जसबाट बार्षिक रूपमा बालअधिकारसम्बन्धी प्रतिवेदन प्रकाशित गर्ने गर्दछ । यिनीहरूले अरुको अनुसन्धानहरूलाई आधार मानेर, सहयोग लिएर सरकारलाई सुझाबको रूपमा प्रतिवेदन दिंदा रहेछन् । राष्ट्रिय मानवअधिकार आयोगमा यो अहिलेसम्म आयोगको स्थापना भएदेखि अहिलेसम्म २६१ बाट protest हरू दायर भएका छन् । बालअधिकारको सम्बन्धमा त्यस मध्ये ६८ वटा protest दायर भएका छन्, ६८ वटा विषयमा सिफारिश पनि भएको छ । मानवअधिकार आयोगले गरेका सिफारिसहरू नीतिगत सिफारिसहरू छन् । कमलरी प्रथाको बारेमा गरेको कुरा नीतिगत कुरा भयो । बालबालिकाहरूको सम्बन्धमा अरु पनि जस्तै शिक्षाको सम्बन्धमा, स्वास्थ्यको सम्बन्धमा, बालश्रम निषेध गर्ने सम्बन्धमा जस्तो सिफारिस हुन्छ त्यो नितिगत सिफारिस हो ।

कतिपय कुरामा सिविनजस्तो संस्थाले जुन गरेको छ त्यसको प्रयास जस्तै शारीरिक सजाँयमा त्यस्तो खालको कुरालाई हामीले पनि टेकअप गरौं । बालबालिकाहरूलाई कुटपिट गर्नुहुदैन, शारीरिक यातना दिनु हुदैन भन्ने निर्देशिका पनि स्कूलहरूको निम्ति निकालेका छौं । सडकबालबालिकाको निम्ति हटलाईनको व्यवस्था गरेको छ । अहिलेको स्थितिमा पहिलेको भन्दा सवै कुराहरूमा धेरै नै प्रगति भएको छ । जस्तै बालअधिकारको सचेतनाको सम्बन्धमा त्यसमा सिविनले गरिरहेको छ । त्यो सचेतनाको कार्यक्रमहरूलाई प्रशंसा गर्छौं, सम्भवत हामीले केही गर्न सके अझै राम्रो हुन्छ होला । मानवअधिकार आयोगमा डेक्सको रूपमा मात्रै छ । जुन नियमित रूपमा प्रतिवेदन प्रकाशित गर्ने कामहरू गरिराखेको छ । यो अन्तराष्ट्रिय बालअधिकार दिवस मनाउने क्रममा मन्तव्य व्यक्त गर्नेभन्दा बढी नियमित रूपमा हामीले धेरै प्रयास गर्न सकेको छैनौं ।

सिविन, जुन विगतमा गाह्रो अवस्थाबाट यहाँसम्म आईपुग्यो । जुन बेलामा बालअधिकार सम्बन्धमा मान्छेलाई चेतना नै थिएन । बालबालिकालाई माया दया गर्नुपर्छ भन्ने भावना मात्र थियो । यो समाजमा यिनीहरूको पनि अधिकारको कुरा हो, मान्छेले स्नेह पाउनु पर्ने समाजबाट स्नेह र ममता पाउनु पर्ने यो कृपा र स्नेह मात्र हैन, उनले अधिकार पाउनु पर्ने हो । यो उनीहरूको नैसर्गिक अधिकारको कुरा हो । जस्तो तपाईले पानी राख्नु हुन्छ विरुवामा, त्यसैगरी बालबालिकालाई सरल जिन्दगी, न्यायपूर्ण जिन्दगी दिन सक्नुपर्छ । अधिकारयुक्त किसिमले बौद्धिक विकास, शारीरिक विकासको लागि मदत गर्नु पर्छ भन्ने कुराको चेतना यो समाजमा थिएन । त्यो बेलादेखि सिविनले सुरुवात गऱ्यो । सरकारलाई, नयाँ नयाँ खडा भईरहेको संस्थाहरूलाई, आफ्नो अभियानमा सम्मिलित गराएर चेतना फैलायो । फलस्वरुप ऐनहरू आए, संविधानमा मौलिक हकको रूपमा स्थापित हुन गएको छ । त्यसलाई साकार पार्नको लागि अझै प्रयासहरूको जरुरत छ । एक्लैले सकिदैन होला, तर के गर्नपर्छ भने, जति भएका सञ्जालहरू र राष्ट्रिय मानवअधिकार आयोग समेत मिलेर काम गऱ्यो भने यो फलदायी हुन्छ ।

अन्तमा सिविन संस्थाले बाधा अवरोध झेल्दै आज यो २५ वर्ष पूरा गरेको छ । आउदा दिनमा अझ क्रियाशील हुन सकोस्, अझ सफलता पाओस् भन्ने



# समुन्नत भविष्यको लागि लगानी

**दीपेन्द्र बहादुर क्षेत्री**
**उपाध्याक्ष, राष्ट्रिय योजना आयोग**

२५ वर्ष सम्म अनवरत रूपमा बालअधिकार आन्दोलनको नेतृत्व गरेकोमा सिविनलाई बधाई छ। हाम्रो जस्तो अल्पविकसित देशमा जसले शक्ति प्राप्त गरेको छ, जोसँग श्री सम्पति छ त्यो नै हावी हुने गरेको अवस्था हुन्छ। कमजोर पक्षहरू जस्तैः महिला, बालबालिका, अल्पसंख्यक आदि आर्थिक रुपले पछाडी परेकाहरूको वकालत गर्ने विषय पछाडी परेको छ। खासगरेर २०४६ सालपछि यस्ता विषयले रफ्तार पाएको छ । सिविनले गरेको कामले जोखिम परिस्थितिमा बाँच्न बाध्य बालबालिका भविष्यमा गएर राम्रो नागरिक बन्न सक्छन् र बन्नुपर्छ भन्ने बातावरण तयार गरिरहेको छ । आफ्ना कमीकमजोरी छन् भने त्यसलाई सुधार गर्दै थप प्रयायहरूका साथ अगाडि बढ्न यो २५ वर्षका उपलब्धिहरूले प्रत्साहन मिलेको छ।

अहिले पनि कतिपय उच्च र मध्यम वर्गीय परिवारमा कामदारका रूपमा बालबालिकालाई प्रयोग गर्ने चलन छ। यस्ता कुराहरू एकैचोटि परिवर्तन हुँदैन। यसका विरुद्ध निरन्तर काम गरिरहनु पर्दछ, तर पनि समाप्त चाहि त्यति सजिलै हुँदैन । बालश्रम शोषणका मुद्दामा चेतनामूलक कार्यक्रमहरू गर्नेदेखि, श्रममा संलग्न बालबालिकाको उद्धार, संरक्षण, शिक्षा प्रदान गर्नुका साथसाथै यी सबै बालबालिकाको हक स्थापित गर्न सिविन निरन्तर लागि रहेको छ।

सिविनले न्यायिक क्षेत्रमा बालबालिकाको अधिकार स्थापित गर्न जुन मिहनेत गरिरहेको छ यो प्रसंशनीय छ । प्रम्परागत रूपमा चलिआएको कुरा परिवर्तन गर्न सहज चाहि छैन । छुवाछुतको कुरा गरौ भने कानुन त २०२० सालमा नै आएको हो कतिपय क्षेत्रमा प्रवल रूपमा रहिरहेको छ। त्यसलाई छुटाउन गाह्रो छ। त्यस्तै बालबालिकाको क्षेत्रमा पनि सिविनले निरन्त रुपले गदै आईराखेको सरकारले पनि कानुनको निर्माण गरेर कार्यान्वयनमा तदारुकाता देखाएर केही गर्न खोजेको छ। यति हुँदापनि अपेक्षा गरे जति काम भएको छैन । मोफसलमा रहेका जिल्ला कार्यालयहरूमा पनि सिडियोको अध्यक्षतामा बालअधिकारसम्बन्धीा कतिपय समितिहरू बनेर बेला बेलामा कार्यक्रमहरू भइराखेको छ। तर पनि यो पर्याप्त हो भन्ने मलाई लाग्दैन । आन्तरिक रूपमा स्रोत र साधन पनि यसमा गाँसिन्छ । अन्तराष्ट्रिय सहयोगको निमित्त पनि अपिल गरिराखेकै छ, सिविन निरन्तर क्रियाशील छ । बालबालिकाको स्थिति भविष्यमा क्रमशः अझ राम्रो हुँदै जने आशा गर्न सकिन्छ।

सबभन्दा पहिला नेपाल सरकारले सहरी क्षेत्रमा मात्र नभए र गाउँ स्तरमा पनि जानु पर्छ विना सर्तको अनुदान जुन जान्छ, त्यो अनुदान मध्ये बालबालिका र महिलाको निम्ति पनि निम्नतम यति खर्च गर्नु पर्छ भनेर तोकेर पठाएको हुन्छ,। व्यवाहरमा प्रयोग गर्नेहरूले बालबालिकाकै हितमा गरेको छन् भन्ने निश्चित छैन किन भने बाटो खन्यो भने बालबालिका पनि यो बाटो हिंडिहाल्छन् नि भन्ने गरेको पनि पाइन्छ । यो समस्याको रूपमा छ । स्रोत साधन प्रयोगको नीति र पद्धति हुनु राम्रो हो। सरकारी गैर सरकारी सयुक्त प्रयास अन्तरगत राज्यले नै त्यसको दायित्व लिने हिसावले बालहेल्प लाईन अगाडि बढेको छ राम्रो हो विभिन्न क्षेत्रमा बालबालिका माथि दिईनु पर्नेजति ध्यन दिएको छैन । बालबालिकालाई

सम्वोधन गर्नको निम्ति ल्याईएका प्रावधानहरूको कार्यान्वयनमा आगामी दिनहरूमा विभिन्न कार्यक्रमहरू मार्फत ध्यन पुऱ्याएर हामिजान सक्यौ भने राम्रो हुन्छ । आजका बालबालिका भोलीको प्रशासक हुन सक्छन् । नीति निर्माणमा जान सक्छन् । निणर्य गर्ने नेतृत्व गर्ने व्यक्तिको रूपमा आउन सक्छन् । बालबालिकाको निमित्त अहिले गरेको खर्च भविष्यक्को लागि लगानी नै हो ।

रोजगारी उन्मुख तालिम प्रदान गर्नमा सिविनले निरन्तरता दिंदै आईरहेको छ । सरकारले पनि कानुन बनाएर तदारुकता देखाउन खोजेको छ यो राम्रो छ । सिविन ले जुन कुरा गरिरहेको छ यसलाई अझ सुदृढ गरेर जानुपर्दछ । सवैभन्दा पहिला नेपाल सरकारले शहरी क्षेत्रमा मात्र नभएर गाँउमा पनि पुग्नुपर्दछ । विना सर्तको गाँउमा गएको अनुदान बालबालिकाकै हितमा खर्च गरिनु पर्छ ।

द्वन्द्वकालमा बालबालिकाकालाई संरक्षण गर्ने देखि लिएर विद्यालय शिक्षा प्रदान गर्ने सम्मको कार्य सिविनले गरेको थियो । यसरी बालबालिकाको शैक्षिक विकास भएको हुनाले भोली कुन प्रोफेसनमा जाने कहाँ कहाँ जाने उनीहरूलाई जानकारी हुन सक्छ । त्यसको निम्ति सिविनले गर्ने काम मात्रै पर्याप्त हुन सक्दैन । त्यस्तो बेलामा सरकारको छात्रावृत्ति नीति कस्तो छ ? समावेशी महिला जनजाति, मधेसी उत्पीडित बेसहारामा परेर आएका लगायतका निम्ति पनि छुट्यउन सक्यो भने देखि त्यसले छुट्टै प्रभाव दिन सक्छ । पछि पारिएका समुदायका बालबालिका पनि आफ्नो क्षमतालाई प्रयोग गरेर मुलुकको सेवामा समर्पित हुन सक्छ । त्यो दिशामा सिविनले सोच्न सक्यो भने एउटा थप प्रयास हुन सक्छ ।

सिविनले गरेको प्रयास प्रशंसनीय छ आगामी दिनहरूमा पनि यसको कार्यक्षेत्र आधुनिकीकृत हुँदै आगाडि बढोस्, मेरो कामना छ ।



# उपलब्धिलाई संस्थागत गर्नुपर्छ

**मुक्ति प्रधान**
**महान्याधिवक्ता**

द्वन्द्वकालमा सिविनको आधिकारिक नेतृत्वकर्ता गौरी जी, हामी देशको विभिन्न भागमा सँगै क्षेत्रगत भ्रमण गरेका थियौँ । द्वन्द्वमा परेका बालबालिकाको हकहितको रक्षाको सवालमा सिविनले गरेका काम हामीले प्रत्यक्ष देख्यौँ । नेपालको मानवअधिकार अन्दोलनमा सिविनले जुन ढङगले विकास गऱ्यो, नीति निर्माण र कार्यन्वयन र त्यसको संरक्षणको सवालमा सिविनले सुरुदेखि नै अत्यन्तै राम्रो काम गर्दै आएको छ । बालिकाहरू विशेष गरी सडक बालबालिका, श्रमिक बालबालि जसको बाबु आमा पनि श्रमिक छन् त्यस्ता श्रमिकको छोराछोरीहरूको हकहितमा नीति निर्माण गर्ने सवालमा, कानुनी रूपमा र मानवअधिकारको संरक्षणको तहबाट पनि सिविनले एउटा केन्द्र वा स्रोतको रूपमा रहेको मैले महसुस गरेको छु ।

सिविनले अव मुख्यतः बालबालिकाको बाँच्न पाउने अधिकार उनीहरूको शिक्षा, स्वास्थ्य, उनीहरूको जीविकाको अधिकार मुख्य अधिकारको लागि लड्नुपर्छ । बालबालिकाप्रति समाजले हेर्ने पूरागर्नुपने जिम्मेवारी, सम्वन्धित अभिभावकहरूले बालकालिकाहरूलाई हेर्ने दृष्टिकोण र लिनुपर्ने दायित्वलाई सुनिश्चित गराउनुपर्छ । सरकारले विशेष गरी बालबालिकासम्बन्धी छुट्टै बजेट निर्धारण गरेर कम से कम विद्यालयमा पढ्ने बालबालिकालाई शिक्षा, लुगा, कापी कलम व्यवस्थित गर्न सक्छ । त्यस्तो व्यवस्थाको लागि पनि सिविनले अवश्य लड्नुपर्छ जस्तो मलाई लाग्छ ।

सिविनको यो २५ वर्ष जुन किसिमबाट सकारात्मक ढङगले अगाडी बढ्यो, बालबालिकाको क्षेत्रमा जुन विकास पुऱ्यायो त्यस उपलब्धिलाई संस्थागत गर्न पनि अव सिविनले प्रयास गर्नुपर्छ । सरकारको धबतअजमयन का रूपमा मात्र नभई अन्तराष्ट्रिय क्षेत्रमा समेत आफ्नो भूमिका निर्वाह गर्नु पर्छ ।

२५वर्ष मनाउन लागिरहेको उपलक्ष्यमा सिङगो मानवअधिकार, महान्यधिवक्ताको कार्यलय परिवारको तर्फबाट र आफ्नो तर्फबाट पनि हार्दिकताकासाथ शुभकामना ब्यक्त गर्न चाहन्छु ।

# बन्दीगृहका ठाउँमा पनि अब बालगृह



**प्रेम बहादुर खड्का**
**अध्यक्ष, नेपाल बार एशोसिएन**

लोकतन्त्र र मानवअधिकारमा खासगरी कमजोर वर्गको मानवअधिकार रक्षा गर्नुपर्छ । उनीहरूको मानवअधिकारको हनन हुनुहुँदैन भन्ने नेपाल बार एशोसिएसनको मान्यता हो । हामी २०/२५ सालदेखिनै मानवअधिकारको संरक्षणको लागि काम गर्दै आईरहेका छौँ । त्यस अर्न्तगत पनि बालअधिकारको सम्बन्धमा नेपाल बार एशोसिएसन लड्दै आईरहेको छ। बालबालिकाको लागि काम गर्न हामीले पनि सन् १९८८ मा नर्वेजीएन बारसगै र बालअधिकार नीतिको लागि पनि लडेका छौँ र सिविनका कार्यहरू पनि हेरेका छौ । बालअधिकारको लागि सिविन पनि लड्दै आएको छ । बालअधिकारहनन हुन नदिन र बालबालिकाको संरक्षण गर्न सिविनले गरेको काम प्रसंसनीय र स्वगतयोग्य रहेको हामीले पाएका छौँ ।

सिविनले बालअधिकार जनचेतना जागृत गर्न र बालअधिकारका कानुन बनाउन पनि ठूलो मद्दत गरेको छ । बालकले पनि आफ्नो अधिकार संरक्षण गर्न सक्छ र ? बालकको पनि अधिकार हुन्छ र ? भन्ने जुन समूह थियो त्यो समूहलाई पनि सिविनले बालबालिकाको पनि अधिकार हुन्छ उनीहरूको अधिकार हनन गर्नु हुँदैन भन्ने वोध गराएको छ । पहिले बालअधिकारका लागि कानुन समेत बनेको थिएन । अहिले बालअधिकारको लागि छुटै इजलास समेत बनेको छ । सिविनले अदालत समेत स्थापना गर्ने कुरामा, जनचेतना जागृत गर्ने काम गरेको छ । यो मनन योग्य छ । म स्वागत गर्दछु । यसले गर्दा सिविन अहिले धेरै अगाडि बढेको छ ।

सिविनले बालअधिकारको लागि काम गरेको छ र जोखिम अवस्थाका बालबालिकासँग सम्बिन्धित विषयका मुद्दाहरू हामीले नि शुल्क लड्दै आएका छौ । बालअधिकारका निमत्त बार एसोसिएनले निशुल्क सेवा प्रदान गरी आएको छ । त्यसै गरी महिलाका निमित्त देशभरिनै हामीले यस्तो सेवा निःशुल्क गर्दै आएका छौँ । सिविनले पठाएका बालअधिकारको हनन् मुद्दामा हामी निशुल्क सेवा प्रदान गर्छौ ।

सिविनले बालबालिकाको लागि राम्रो वातावरण र उसले अपराध नै गरेको छ भने पनि कुनै खालको अपराधबोध नहोस् भन्ने वातावरणको बालगृहमा राखेर हुर्काउने व्यवस्थाको सिर्जना पर्दछ । अव मुलुकमा बालबालिकाका लागि बन्दी गृह होइन बालगृह हुनुपर्छ ।

जसरी सिविन अहिलेसम्म बालअधिकारको संरक्षणको लागि काम गरेको छ र त्यसैलाई स्थापित गराउनको लागि अगाडि बढ्नु पर्दछ । अन्तमा अहिले सम्मका कामका लागि सिविनलाई धन्यवाद । भविष्यमा अझ पनि बालअधिकारको हनन भएको कहीँ पनि सुन्नु नपरोस् अनि शिक्षाबाट पनि कुनैपनि बालबालिका बिमुख हुन नपरोस् भन्ने हाम्रो भनाईका साथ शुभकामना ।

# बालअधिकारमूखी साहित्य सिर्जना आवश्यक

**महादेव अवस्थी**
**प्राज्ञ, नेपाल प्रज्ञा प्रतिष्ठान**

सिविनले नेपाली बालबालिकाको अधिकारका निम्ति महत्वपूर्ण कामहरू गरेको छ । यसले गरेका कामहरूको बारेमा म धेरै पहिलेदेखि जानकार रही आएको हूँ । सिविनले बालअधिकारका क्षेत्रमा काम गरेर २५ वर्ष बिताइसक्यो । नेपाली समाजका बालकहरूका अधिकारका बारेमा चेतना जगाउने एउटा जागरण ल्याउने एउटा वातावरणको निर्माण गर्ने काम सिविनले गरेको जस्तो लाग्छ। यस बीचमा साहित्यकारहरूले पनि नेपाली बालबालिकाहरूको हकको निम्ति, चरित्रको विकास गर्नका निम्ति,बाल पठन सामग्रीको विकास गर्नु आवश्यक ठानेर बालसाहित्य रच्दै आएका छन् । साहित्यकारहरूसँग पनि सिविनले सहकार्य गरेको छ । सिविन धेरै क्षेत्रसँग सम्बद्ध छ । बालबालिकाका अनेक क्षेत्रमा सिविन गाउँ गाउँ पुगेको छ र बालबालिकाको सिर्जनात्मक प्रतिभा प्रष्फुटनका निम्ति कलाकारहरूसँग, साहित्यकारहरूसँग बालबालिकाको सिर्जनात्मक सहकार्य गर्ने गराउने जस्ता महत्वपूर्ण काम पनि सिविनले गरेको छ। यस दृष्टिले सिविनका कामको मैले उच्च मूल्यांकन गरेको छु । सिविनले धेरै महत्वपूर्ण काम गरेको छ जस्तो लाग्छ ।

शैक्षिक सामाग्रीहरूमा बालबालिकाहरूका निम्ति सिविनले धेरै किसिमका उत्पादनहरू गरेको छ, पाठयसामग्रीहरू, शैक्षिक सामग्रीहरूको उत्पादन गरेको छ । सिविनले गरेका कामको परिणाम स्वरुप बालबालिकाहरूको हक, हितसँग सम्बन्धित पाठ्यसामग्रीहरू उनीहरूलाई दिनुपर्छ, अरुलाई पनि त्यस विषयमा जानकारी दिनुपर्छ भन्ने किसिमको वातावरण बनेको छ । यो वातावरण बनाउनमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सिविनको महत्वपूर्ण भमिका छ ।

बालअधिकारको निम्ति पठनीय, बालकहरूको मनोवृति विकास गर्ने, बालकाहरूको वुद्धिको विकास गर्ने खालको साहित्यको सिर्जना गर्दै जानु आवश्यक छ । साथै असल संस्कार निर्माणका निम्ति बालकहरूमा पनि सिर्जनात्मक चेतना निर्माण गर्दै जानुपर्छ । उनीहरूलाई सिर्जनशीलतातर्फ डोऱ्याउनुपर्छ । अर्कातिर बालअधिकारलाई कुंण्ठित गर्ने खालको, बालअधिकारलाई आघात पार्ने खालको, बालमानसिकतालाई धक्का पुरयाउने खालको साहित्य रचिनु हुँदैन । त्यस किसिमका साहित्य रचिनुको सट्टा त्यस्तो किसिमको स्वच्छ साहित्य रचिनु पऱ्यो जसले बालकहरूलाई आत्मबलको विकास गर्नमा सघाउ पुऱ्याओस् । साहित्यकारहरूले यसतर्फ सचेत भई काम गर्नुपर्छ भन्ने चेतना भर्खर पाउँदैछन् । भर्खर साहित्यकारहरूमा यस्तो खालको चेतना आउँदैछ । सवैतिर यो अझै पुगिसकेको छैन तर परयाउने प्रयत्नमा छ ।

प्रज्ञा प्रतिष्ठानको भूमिका चैं बेग्लै हो । यसले सिर्जनात्मक साहित्यको विकासमा त्यति योगदान पुऱ्याउने खालको वातावरण छैन । प्रज्ञा प्रतिष्ठानमा भाषाका बारेमा,साहित्य संस्कृतिका बारेमा अनुसन्धानमूलक प्राज्ञिक कामहरू हुन्छन् । त्यसैले हामी वैचारिक कार्यक्रमहरू, वैचारिक अभियानहरू संचालन गर्न सक्छौं । विचार गोष्ठीहरूको आयोजना गरेर सिर्जनात्मक लेखनका बारेमा कुरा गर्न सक्छौं ।

तर सिर्जना नै रच्नेतिर चाहिँ अहिले प्रज्ञा प्रतिष्ठानले गर्ने स्थिति छैन । अध्ययन अनसन्धान विचार गोष्ठी कार्यक्रमहरू सम्मेलनहरू आयोजना गर्ने विचारहरूको आदान प्रदान गर्ने विचार विनिमय गर्ने त्यस किसिमको काम गरिरहेको छ। सिविनसित यसै विषयमा केही वर्ष यता खासगरी अहिले यो नवगठित प्रज्ञा प्रतिष्ठानमा प्रज्ञिक सदस्यहरूको मनोयनपछि एउटा बालसाहित्य विभाग पनि त्यहाँ राखिएको छ। जो पहिले थिएन र त्यस विभाग अन्तरगत त्यो एउटा सानो एकाई हो र त्यसअन्तरगतबाट सिविनसँग सहकार्य गरेर हामीले स्रष्टा र बालकहरूका बीचको सिर्जनात्मक सहकार्यसँग सम्बन्धित कार्यक्रम पनि गऱ्यौँ । स्थानीय स्तरमा बालसाहित्य लेखन, सम्पादनसम्बन्धी वैचारिक गोष्ठीको संचालन पनि गऱ्यौँ । ती उपलब्धिमूलक रहेका छन् र तिनले बालसाहित्यको रचना गर्नुपर्छ र सम्पादित बालसाहित्य बालकलाई उपलब्ध गराउन पर्छ भन्ने विचारको सम्प्रेषणमा सहयोग पुऱ्याएकाछन् । यसै गरी यो अगाडि बढ्ने हो ।

प्रज्ञा प्रतिष्ठान एउटा ठूलो संस्था हो । यसले धेरै विषय हेर्नुपर्छ । बालसाहित्य त एउटा सानो एकाई मात्र हो । अब बालसाहित्यका क्षेत्रमा र बालअधिकारका क्षेत्रमा काम गर्ने धेरै संस्थाहरू मुलुकमा आइसकेका छन् र धेरैले काम गरिरहेका छन्। प्रज्ञा प्रतिष्ठानले यी सबै संस्थाहरूसँग सहकार्य गरेर केही कार्यक्रम त गर्न सक्छ । तर बालअधिकारमूखी साहित्यको सिर्जना गर्दै जानुपर्छ भन्ने कुरामा चाहिँ बालअधिकार तथा बालसाहित्यका क्षेत्रमा कार्य गरिरहेका संस्थाहरू बीचमा हातेमालो र एउटा सहमतिपूर्ण विचारको विकास गरेर अब के गर्ने भन्ने विषयमा एउटा नीति चाहिँ हामी आफैले तय गर्नु पर्छ जस्तो लाग्छ ।

अब सिविनको भूमिकालाई सिविन आफैले निर्धारण गर्नु पर्छ। हामीले सिविनलाई अर्ती उपदेश दिने कुरो त आएन, तैपनि अब सिविनको क्षेत्र ठूलो छ । सिविनले बालअधिकारका क्षेत्रमा धेरै काम गर्न परेको छ र धेरै क्षेत्रमा बालबालिकाहरूलाई सहयोग परयाउनु परेको छ र त्यस्तै एउटा क्षेत्र सिर्जना पनि हो । बालबालिको सिर्जनात्मक प्रतिभा प्रष्फुटनका निम्ति साहित्यको विकास पनि यसले गर्नु परिरहेको छ । यसका निम्ति सिर्जनात्मक किसिमका गोष्ठीहरूको आयोजना गर्ने र एउटा बालबालिकाहरूलाई आफ्नो सिर्जनात्मक प्रतिभाको प्रदर्शन गर्ने थलो मंचको निर्माण गरिदिने र त्यस किसिमका सामग्रीहरूलाई प्रकाशनमा ल्याइदिने सम्पादन गरिदिने उनीहरूलाई हौसला दिने र साथसाथै बालबालिकाहरूका निम्ति साहित्य आवश्यक छ है भन्ने कुराको सन्देश साहित्यका स्रष्टाहरूलाई पनि दिने कार्यमा अगाडि बढदै गयो भने सिविनको भूमिका यस क्षेत्रमा अझ व्यापक बन्दै जाने मैले देखेको छ



# बालबालिका हाम्रा सर्बोन्नत विश्वविद्यालय

**किरण मानन्धर**
**कुलपति, नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान**

सबैभन्दा पहिले त यो २५ वर्षको उपलक्ष्यमा म सिविनका सम्पूर्ण परिवारलाई शुभकामना दिन चाहन्छु । सिविन जसरी अगाडि बढदै छ, सिविनसँगको मेरो सम्बन्ध पनि बढिरहेको छ । सिविनको हरेक कामलाई म भित्र बाहिर जहाँ बसेर पनि हेर्ने गरिरहेको छु । मलाई जहाँसम्म लाग्छ सिविनको शुरुको प्रदर्शनमा मैले पनि भाग लिएको छु । जबसम्म देशमा विद्यार्थी, बालबालिकाहरू सही ढंगले माथि जान पाउँदैनन् तबसम्म देश र विश्वमा शान्ति हुँदैन भन्ने पक्षको मान्छे भएको नाताले पनि सिविनको हरेक कार्यमा म सँगसँगै बस्न रुँचाउँछु र सँगसँगै हिड्न रुँचाउँछु ।

एक कलाकार र कलाविद्यार्थीको नाताले मलाई लाग्छ, कलाले जीवनमा धेरै परिवर्त्तनहरू ल्याँउछ विशेषगरी सडकका बालबालिका, आमा बाबु बितेका, र हेलामा परेका बालबालिकादेखि लिएर अनेकौं प्रकारको जीवन स्थितिसित जुधिरहेका बालबालिका नै मेरा सबैभन्दा ठूला पात्र हुन् । मेरो क्यानभासमा वहाँहरू जति पनि अटाइरहनु भएको छ । मलाई के लाग्छ भने क्यानभास पनि विश्वमानचित्रको एउटा नक्सा नै हो । त्यसैले पनि बालबालिकासँग काम गर्न रुचाउँछु । कलामा नयाँ नयाँ प्रकारका प्रयोग र सिर्जनाका क्रममा मेरा ती बालबालिकाहरूको मलाई माया लाग्छ । मलाई अपाङ्ग बालबालिकाहरूको पनि धेरै माया लाग्छ । जसरी म स्टुटगार्डमा हुँदा मेलै धेरै कुरा सिकेँ । जुन आजकल त भनिन थाल्यो पेन्टिड. भनेको चित्र मात्र कोर्ने होइन, मस्तिष्क र शरीर अर्थात् दिमाग र हातले काम गर्नुपर्छ । आफ्नो शरीरले काम गर्नुपर्छ भनेझैं मैले देखेँ कसैको त्यहाँ हात चल्दैन खुट्टा चल्दैन । टाउकोलाई नै ब्रस बनाएर काम गरेको पनि हेरेँ । त्यसबाट म धेरै प्रभावित भएँ । त्यहाँदेखि मैले पनि हातहरू क्यानभासमा धेरै चल्बलाउन थालेँ । पहिलेका जमानामा हाम्रा बज्यैहरूले हाम्रा पुराना पुराना घरमा झुम्रोले लिपापोती गर्नुहुन्थ्यो भने अहिले हामीलाई ब्रस नै चाहिन्छ भन्ने पनि आवश्यक छैन । त्यही लीपापोतीको झुम्रोले काम गरेर मैले थुप्रै देशमा प्रदर्शन पनि गरेँ । अहिले पनि म त्यही गर्छु । म बालबालिकाहरूलाई र तिनीहरूको दिल दिमागलाई अहिलेसम्मको सबैभन्दा ठूलो विश्वविद्यालय ठान्छु । बालक हुँदादेखि नै म पढ्नभन्दा बढी प्रकृतिसँग खेल्न रुचाउँथेँ । मलाई प्रकृति भनेपछि रियालिटीमा जानुजस्तो लाग्छ । अहिले पनि नयाँ रंङ्ग खोज्नु पर्‍यो भने सानो तिनो ट्रेकिङ्ग जान्छु, काई लागेका चीजहरू हेर्छु । विशेष गरेर नानीहरूले बनाउने चीजहरू हेर्छु । किनभने बच्चाहरूले बनाएका कुराले मनमा तत्काल तुरन्तै असर गर्छ । अभिव्यन्जनाहरू सृजना गर्छ । बच्चाहरूसँग बस्दा, उनीहरूले बामे सरेको देख्दा हुने भए मलाई पनि बामे सरेर खेल्न मन लाग्छ । उनीहरूले जस्तै अलि ठूलो भएपछि कहिलेकाहिँ बालबालिकालाईजस्तै एउटा कलाकारलाई पनि एउटा राम्रो बट्टाको रंग निचोर्न माया लाग्छ । कहिले काहीँ सानो नानीले रङ्ग पोखाइ पनि दिन्छ, यो उठाउँ भन्दैन । यो उसको आफ्नो अभिव्यक्ति अधिकार हो । एस्प्रेसन, राईट्स हो । त्यसै कारण ती नानीहरू सबैभन्दा ठूलो सिर्जनाका पात्र हुन् । बच्चाहरूलाई त मेरो गुरु नै भन्छु ।

एउटा कुची र रंग जुन छ त्यो एउटा गोली र बोलीभन्दा पनि धेरै ठूलो प्रहार हो । जसले बोल्न सक्दैन, जसलाई प्रहार भइ रहेको हुन्छ, जसले लेख्न जाँन्दैन उसलाई पनि आफ्नो अभिव्यक्ति दिने अहिलेको स्वतन्त्रता जुन छ, त्यसलाई सबैभन्दा दह्रो प्रहार र कठोर रुप र त्यसले बुझाउने किसिमको कुची र रंङ्गले दिन्छ । त्यसैकारण अहिलेको इल्युस्ट्रेसनको विभिन्न क्षेत्रमा पनि आवाज, रंङ्ग र कुचीको माध्यमबाट हामी विभिन्न इल्युस्ट्रेशन गर्नसक्छौं । कुनै पनि माध्यम त्यो मात्र क्यानसभासमा,वा

कागजमा किन नहोस् । अहिले कुनै पनि कार्यक्रम हुनु अघि पोस्टरहरू निस्कन्छन् । कुनै अफिसलाई लोगो चाहियो । त्यो सानो एउटा लोगोले पनि उसका आकार प्रकारहरू, आधारहरू व्यापक रूपमा व्याख्या गरेको हुन्छ ।

अहिले मेरो उमेर ६० वर्ष भैसक्यो । सुरु सुरुका बेलाको कुरा गर्ने हो भने हामी घरबाट तर्सिनु पर्थ्यो । घरबाट एउटा सेतो कागज पनि दिँदैनथे, यो पर्दैन यसले पेन्टिङ्ग गर्छ भनेर । स्कूलमा पनि पटक पटक हत्केलामा छडी खाइन्थ्यो । स्कूलमा गणित गर्न दिइन्थ्यो । आफु परियो पेन्टिङ्ग गर्ने । गणितमा सिधै हात थाप्नुपर्ने स्कूलमा पढ्दा पनि सिर्जना कसैले लुकाएर लुक्न सकेन । कसैले छेकेर छेकिन सकेन । मोडलको रूपमा एउटा म आफै छु । नेपालमा थुप्रै संघर्ष गर्नुपर्‍यो जसरी अहिले बालबालिकाहरूले गरिरहेका छन्, जसरी सिविनले साथ सहारा दिइरहेको छ ।

सिविनको कुनै पनि कार्यक्रममा म समय मिलाएर जान्छु । हामी सँगै काम गरौं भन्छु । अहिले पनि नेपालमा थुप्रै मेरा विद्यार्थीहरू छन् । उनीहरूकलाई पनि के म भन्छु भने अहिले म कुलपति छु । कुलपतिभन्दा कलाकारिता ठूलो हो । कुलपति पद अबको २ वर्षमा सकिन्छ । कलाकारिता त म धर्तीबाटै गइसकेपछि पनि बाँकी रहन्छ । कतै न कतै त चित्रहरू झुण्डिरहेका हुन्छन् ।

हामी सिविनले गरेका काममा गौरव गर्नसक्छौं । बच्चाहरूलाई हाम्रो पनि कोही छ भनेर घमण्ड गर्ने आधार बनेको छ । जस्तो अहिले हाम्रो हात, खुट्टा, आँखा, नाक छ सबै कुराहरू हुँदा पनि यदि ब्याकबोन भएन भन उभिन सकिँदैन । त्यसैले सिविन मेरो विचारमा एउटा ब्याक बोन हो । यसले बालबालिकाहरूको अधिकारको लागि र स्वतन्त्र जीवनयापन गर्न सक्ने क्षमता अभिबृद्धिका लागि व्यवस्थित रूपमा काम गरिरहेको छ ।

सिविनको गठन नै बालअधिकारको लागि भएको हो । गुम्सिरहेको बन्द र उकुसमुकुस संरचनामा कतैतिर प्वाल पारेर त्यो धुँवा निकाल्नु भनेको धेरै ठूलो कुरा हो । त्यो काम सर्वप्रथम त सिविनले गरिदियो । होस्टे भन्नेलाई हैँसे भनेर साथ दिनेहरू पनि चाहिन्छन् । त्यो कसको लागि त ? बालकहरूको लागि,उनीहरूको अधिकार प्राप्तिको लागि । सिविनले राम्रो काम गरिरहेकोछ भनेर यद्यपि हामीले मुखले भनिरहनु पर्दैन सिविनका कामले नैभनिरहेकाछन् । नेपालकै सन्दर्ममा कुरा गर्दा पनि यी सबै प्रयासहरू यो देशको मुहार फेर्नको लाीग,आन्दोलनको लागि,यी सबै अधिकारको लागि भयो । त्यसैले हामी पनि सँगसँगै लाग्यौं नत्र त एक जना कलाकारलाई कके चाहिन्थ्यो र ? पहिलेका मानिसहरूभन्थे कोठा भित्र सिर्जना गर्नको लागि चुरोटको प्याकेट राखेर सिर्जना गरे पनि पुग्छ । यस्तै भन्ने चलन पनि थियो । तर त्यो होइन, हामीले जमाना सँगसँगै हिड्नु पर्छ । समाजको हामी पनि अभिन्न अङ्ग हौं र हाम्रै प्रयासमा समाज निर्माण हुन्छ । सिविनले निरन्तर रूपमा बालअधिकारको विषयमा लडाइ लडिरहेको छ । बालअधिकारको विषयमा वकालत गरिरहेको छ । राहत र शिक्षा दीक्षाको व्यवस्थाका लागिप्यास गरिरहेको छ । वालअधिकार आन्दोलनमै २५ वर्ष बिताएको छ सिविनले ।

यहाँ एउटा मात्र एकेडमी थियो । अहिले भाषा साहित्य, संगीत, ललितकला भनेर अहिले ३ वटा एकेडेमीहरू बनेका छन् । तीनैवटै प्रतिष्ठानको काम सिर्जना गर्ने हो । सिविनले ३ वटै सँग समन्वय गरेर बालबालिकाहरूको एउटा छुट्टै पनि बनाएर त्यसबाट पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म हिमालदेखि तराईसम्म नाता जोडेर, सँगसँगै मिलेर काम गर्‍यो भने अझ राम्रो हुन्छ । यी तीनै प्रतिष्ठानको आत्मासँग सिविन पनि एउटा अर्को थपियो भने राम्रो नै हुन्छ । म त सिविनलाई आग्रह गर्छु, हामी ३ वटै प्रज्ञा प्रतिष्ठानलाई पनि आग्रह गर्छु । त्यो नयाँ र थप सशक्त आन्दोलन बन्छ । उद्देश्य मिल्ने अन्य विभिन्न संघसंस्थासँग पनि ऐक्यबद्धता गरेर सिविनले बालअधिकारको सर्वोत्तम लक्ष्य प्राप्त नभएसम्म लडिनै रहनुपर्छ । रजतवर्षको उपलक्ष्यमा मेरो शुभकामना ।

# सरकार र गैसस प्रतिस्पर्धी होइनन्



**बालानन्द पौडेल**

**सचिव, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय**

सिविनको आन्दोलन वास्तवमा मेरो जागिर अवधिभन्दा पनि पुरानो छ । म विद्यार्थी हुँदादेखि सिविनले बालअधिकारको क्षेत्रमा गरेको काम अवलोकन गरि रहेको छु । मैले निजामती सेवामा प्रवेश गरेपछि अप्रत्यक्ष र प्रत्यक्ष रूपमा यसले गरिरहेका क्रियाकलापहरूसँग नजिकबाट हेर्ने अवसर जुट्यो । महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयमा आइपुगेपछि सिविनले गरेका धेरै कामहरूका बारेमा सँगै काम गर्ने र बुझ्ने मौका पाएँ । सिविन एउटा गैरसरकारी संस्थाले जसरी सरकारसँग मिलेर कामहरू गर्नसक्छ ती सबै गरिरहे जस्तो लाग्छ। विशेषगरी बालअधिकारको क्षेत्रमा हेर्दा यो जुन कल्याणकारी कामको हिसाबले अगाडि बढेको अवस्था थियो । बालबालिका अधिकारका हकदार हुन् भन्ने कुराको रूपमा स्थापित गर्नका लागि सिविनले आन्दोलन चलायो त्यो ज्यादै सराहनीय छ । ती सबै कुराहरू नीतिगत तहमा प्रतिविम्वित गर्न र सरकारलाई प्रोत्साहित गर्नमा सिविनको जुन भूमिका छ त्यो ज्यादे उदाहरणीय छ ।

बालबालिकाको अधिकार भनेको आफ्नो विकास गर्नु, शिक्षा, स्वास्थ्य प्राप्त गर्नु हो । आफ्नो हक हितका कुरामा सहभागी हुनु हो। शिक्षाको विकासको हिसाबले शिक्षा मन्त्रालयले धेरै कामहरू गरेको छ। संरक्षणको हिसाबले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले पनि धेरै प्रकिया अगाडि बढाएको छ । स्वास्थ्यको कुरा हेऱ्यो भने बालमृत्यु दरमा धेरै कमी आएको छ। सहभागिताको हिसाबले पनि सिविन जस्ता संस्थाले यो क्षेत्रमा धेरै कामहरू गरेको छ। स्थानीय विकास मन्त्रालयले पनि आफ्नो प्राथमिकतामा यस्तो कुराहरू अगाडि ल्याइ रहेको अवस्था छ। त्यसैले यो नीतिगत तहमा, कार्यक्रमगत तहमा सरकारलाई प्रोत्साहित गर्ने सूचनाहरू दिने र उनीहरूलाई कार्यक्रमहरू सहित सहकार्यमा लाने, उत्प्रेरित गर्ने काम जसरी सिविनले गरिरह्यो त्यसरीनै सरकारी निकायहरूलाई प्रोत्साहित गर्ने र कतिपय अवस्थामा समन्वय गर्नेमा पनि जुन कामहरू गऱ्यो त्यो ज्यादै उदाहरणीय छ ।

बालअधिकार महासन्धिलाई अनुमोदन गराउँने सिलसिलामा सिविनले खेलेको भूमिका धेरै प्रशंसनीय थियो र त्यसले गर्दा नेपालले बालअधिकारको क्षेत्रमा हामी कहाँ रहेछौं, संसारमा कहाँनिर छ तुलना गर्न पायो । नीतिगत कुराहरू सुधार, कार्यक्रमको तहमा परिमार्जन आदि गर्नको लागि एउटा आधार प्रदान गऱ्यो अझ अन्तर्राष्ट्रिय जगतमा हामी आफैलाई तुलना गर्न र हामी कहाँनिर छौं, र कतातिर जानुपर्छ भनेर पहिल्याउने अवसर पनि प्रदान गऱ्यो । यसमा सिविनले खेलेको भूमिका पनि ज्यादै महत्वपूर्ण छ । नेपाल सरकारले नीतिगत कुराहरू निर्धारण गर्दा, ऐन निर्माण गर्दा, बालबालिकासम्बन्धी राष्ट्रिय नीति बनाउँदा सिविनले खेलेको भूमिका, यसले दिएका सूचनाहरू, सुझावहरू मलाई लाग्छ लिपीबद्ध छ र ती कुराहरूले नेपाल सरकारलाई आफ्ना कार्यक्रमहरू परिमार्जन गर्न मद्दत गरेको छ ।

बाल हेल्पलाईनलाई आज हामी साझेदारीको रूपमा लिन सक्छौं । वास्तवमा बाल हेल्पलाईन सरकारको दायित्वभित्रको कुरा हो र सरकारले आफ्नो दायित्व

पूरा गर्न आफैले यी कार्यक्रमहरू संचालन गर्नु जरुरी छ । गैर सरकारी संस्थाहरू सहयोगी हुन सक्छन् जस्तै हामी सिविनसँग साझेदारी गरिरहेका छौं । यो बालसंरक्षणको सवालमा ज्यादै नै महत्वपूर्ण छ । कतिपय अवस्थाहरूमा सरकारी निकायहरूभन्दा गैर सरकारी संस्था प्रभावकारी हुनसक्छ । त्यसको उदाहरण यो बालहेल्पलाईन निःशुल्क फोन नं. १०९८ सहितको सेवा हो । सरकार आफैले आफ्ना कर्मचारीहरू राखेर यो कार्यक्रम संचालन गरेको भए लागतको हिसाबले यसको प्रभावकारिता थोरै पनि हुन सक्थ्यो । यो काम एउटा गैरसरकारी संस्थासँगको साझेदारीमा सञ्चालन गर्दा प्रभावकारी हिसाबले अगाडि बढी रहेको छ । यो एउटा उदाहरण हुन सक्छ कुन कुन क्षेत्रमा गैरसरकारी संस्थामार्फत कार्यक्रमहरू लैजाँदा बढी प्रभावकारी हुनसक्छ । ती कुराहरू पहिचान गर्दै हामीले साझेदारीका कामहरू पहिल्याउनु पर्ने हुन्छ ।

वास्तवमा सिविन माथि ठूलो जिम्मेवारी छ । यसले आजसम्म गरेका कामका आधारमा यसबाट राज्यले बालबालिकाको क्षेत्रमा धेरै अपेक्षा गरेको मैले ठानेको छु । आगामी दिनमा सरकार र सिविन मिलेर सहकार्य गर्न सकिन्छ । बालबालिकाको अधिकारको संरक्षणको लागि एउटा विस्तृत योजना ल्याउन सकिन्छ, जरुरी पनि छ ।

मेरो विचारमा संघसंस्था बलियो भएमा सरकार बलियो हुन्छ । सिविन बलियो भयो भने सरकार बलियो हुन्छ । त्यसैले हामीले यसलाई कुनै प्रतिस्पर्धी होइन कि सरकारी हिसाबले लानुपर्छ । सरकारी निकायहरूका बाध्यताहरू छन् यसका प्रक्रियाहरू धेरै छन् । यो आफैमा एउटा लचकदार संस्था होइन । गैरसरकारी संस्थाहरूमा कतिपय काममा लचकता हुन्छ । त्यसले गर्दा कतिपय कामको लागि गैरसरकारी संस्थाहरू सरकारीभन्दा प्रभावकारी हुनसक्छन् । ती क्षेत्रहरू के के होलान् भनी पहिचान गर्नु जरुरी छ । त्यसको ढाँचा के होला त्यो पनि पहिचान गर्नु जरुरी छ । सरकारले यो भन्न मिल्दैन कि कुनै पनि गैरसरकारी संस्थाले गरेका कामको जवाफदेहिताबाट सरकार मुक्त हुन्छ । त्यसको अन्तिम जवाफदेहिता त सरकारमा हुन्छ । त्यसले गर्दा सहकार्यका क्षेत्रहरू थुप्रै हुनसक्छन् । जस्तै जनचेतना बढाउने काममा गैरसरकारी संस्थाहरूको भूमिका ज्यादै महत्वपूर्ण देखिन्छ । कतिपय दुर्गम क्षेत्रमा लैजानु पर्ने कामहरू त्यहीँका संस्थाहरू मार्फत् लैजाँदा बढी प्रभावकारी हुनसक्छ । कतिपय विज्ञता हासिल गरेका संस्थाहरू छन् । निश्चित क्षेत्रमा विज्ञता हासिल गरेका सस्थाले कुनै पनि निकायभन्दा प्रभावकारी हिसाबले काम गर्नसक्छन् । त्यस्ता काम त्यही संस्थामार्फत लैजाँदा उपयुक्त हुन्छ । यो २५ वर्षको सरकार र सिविन बीचको साझेदारीबाट सिविनले पनि धेरै कुरा सिकेको छ र सरकारले पनि धेरै कुरा सिकेको छ । ती सिकेको कुराहरूलाई सस्थागत गर्नु पनि यो २५ वर्ष पूरा गरेका अवसरमा एउटा जरुरी काम बनिसकेको छ ।



# असल संस्कार संस्कृतिका लागि असल गीत संगीत

**रामेश श्रेष्ठ**
**वरिष्ट जनगायक तथा बालगीत संगीतकार**

केटाकेटीहरू लाई आपत्बिपत् बाट जोगाउनु, उनिहरूलाई संरक्षण दिनु, शिक्षित बनाउनु, स, देशसेवा गर्न सक्ने सुयोग्य नागरिक बनाएर अघि बढ्ने काम जुन सिविनले गऱ्यो, त्यो अति नै प्रशंसनीय छ ।

सिविनले पञ्चायती कालमा राम्रो काम गर्ने खोज्दा बाधा अड्चन हुन्थ्यो । साना साना व्यक्ति उठ्लान्, सचेत भएर हाम्रो व्यवस्थालाई, हाम्रो राजखानदानलाई पनि धक्का देलान्, सिध्याउलान् भनेर प्रशासन पछि लाग्थ्यो । अनेकौं बाधा अड्चन हालथ्यो । त्यतिबेला म गौरी जी सँगै थिए । हामी केटाकेटीका लागि सँगै काम गर्थ्यौं । त्यस्तो आपत्विपत् प्रशस्त संघर्ष दुःख गरेर स्थापित गरेको संस्था आज २५वर्षको भएको छ । त्यतिबेलाका २५ वर्ष अगाडीको केटाकेटीहरू आज २५ वर्षपछि कहाँ पुगे के भए ? हामीहरू जस्ता जनताले थाहा पाउनु आवस्यक छ । २५ वर्ष अगाडि सिविनले उद्वार, र संरक्षण गरेका बच्चाहरू शिक्षित भएर दशको कुन कुन क्षेत्रको जिम्वेवारी सम्हाल्नको लागि के गर्दै छन् ? त्यो सिविनले किताव बनाएर छाप्नु पर्छ ।

सिविनले निरन्तर काम गरीरहेको छ । केटाकेटीहलाई बालश्रमिक राख्ने, निर्मम यतना दिने, निकृष्ट कामहरू गराउने १८,१४,१६ घन्टा काम गराउने, अमानवीय यतना दिने हरूलाई चुनौती दिदैं सिविनले बालबालिकाहरूलाई मुक्ति र पुनःस्थापित गर्दै आएको छ । त्यो हामीहरूले विचारेका छौं । सिविन आईसकेपछि बालशोषण, उत्पीडनलाई उदांगो पारेको छ ।

पीडित केटाकेटीहरूलाई सिविनले जुन संरक्षण गरेर राख्ने काम गरेको छ । मान्छेहरू एक छिन त कठै विचारा त भन्छन् । उनीहरूलाई त्यहाँबाट निकालेर सुरक्षित गरेर राम्रो बातावरणमा शिक्षित बनाउने, हरेक कामहरू सिप सिकाउने काम गर्दा राम्रो हुन्छ । ठाउँ ठाउँमा हामी जादाँ सिविन बालहेल्पलाईन भन्ने लेखेको हामीले देख्छौं आपत्विपत् परेका केटाकेटीहरूलाई उद्धार, पुनस्थापना गर्ने कार्यक्रम गरेको छ सिविनले भनेर खुःसी लाग्छ ।

कतिले त्यसलाई प्रयोग गरेर जोगाउन, जोगिन पाएका छन् । सिविन संस्था यस्तो संस्था हो, जसले कुरामात्र हैन कामैबाट जोखिम परिस्थितिका बालबालिकालाई संरक्षण दिएर हुर्काएर राखेको छ । सिविनले धेरै सिप सिकाएको छ । पढाएको छ । जिल्लाहरूमा म पनि गएको छु । देखेको छु । सिविनका साथीहरूले बढि हल्ला नगरीकन नेपालको केटाकेटीहरूलाई बालअधिकार पढाउनु भएको छ । बुझाउनु भएको छ । काम र कर्तव्यतिर जे गरेको छ राम्रो गरेको छ । आफ्नो हक अधिकार बुझाएर बोल्न सिकाएको छ । म स्वर्णिम स्कूलमा पढाँउछु । केटाकेटीहरूले कहिले काहीँ बालअधिकारसम्बन्धी कविता, निवन्ध हामीहरूलाई सुनाउँछन् र सिकाउछन् पनि । त्यो सबै कुराहरूमा केटाकेटीहरूको निम्ति सिविनले खेलेको ठूला भूमिका को प्रभाव हो । आज सिविन छ । दुःखी केटाकेटी देख्यौं भने हामी सिविनलाई सम्भन्छौ । स्थानीय रूपमा समाधान गर्न सकेनौं भने सिविनलाई हामीले अनुरोध गर्छौं । गाउँलेहरूले यसो पनि भनेको पनि मैले सुनेको छु । यी सबै कुराले गर्दा सिविन केटाकेटीको निम्ति भरोसाको केन्द्र बनेको छ ।

हाम्रो स्कूलको बालकलाकारहरू पनि सिविनका मञ्चहरूमा सहभागी भएर प्रस्तुति गर्ने काम पनि सुरुसुरुको अवस्थामा गरेका थिए । गौरी जी का गीतहरू पनि मैले सेलेक्ट गरेको छु केटाकेटीहरूलाई युद्धहरूमा,

अन्दोलनमा राजनितिक पार्टीहरू, नेताहरूले प्रयोग गरेर फाईदा लिने काम गर्छन् । यसको विरुद्धमा पनि हामीले गीतहरू बनायौँ र गायौँ पनि । यो विश्वव्यापी यात्रा हो बालश्रम विरुद्धको भन्ने गीतहरूमा पनि मैले संगीत दिएको छु । ५ वटा गीतहरूमा मैले संगीत दिएको छु । अर्को जनयुद्धको समयमा केटाकेटीहरूलाई प्रयोग गरेको विरुद्धमा पनि मैले लेखेर संगीत गरेर पठाएको छु । "सम्बोधन छ हामी बालबालिकाका" भनेर गौरीजीले जुन आवाज उठाउनु भएको छ । त्यस गीतमा पनि मैले संगीत दिएको छु । मेरो नयाँ एल्वममा पनि गीत राख्दै छु ।


गीत र संगीत पनि एउटा महत्वपूर्ण अस्त्र हो । यसले मान्छेलाई आनन्द मस्ती मज्जा मात्र दिदैन । गाउँदा गाउँदै लय र सुरमा आनन्दित भएका बेला संन्देशहरूले जव उनीहरूलाई छुन थाल्छन् त्यो स्पर्श केटाकेटीको मनमा आजीवन सस्कार भएर बस्छ । असल संस्कार र असल गीतहरू पाएका बालबालिकाले जीवनमा नराम्रो काम गर्दैनन् ।

हामीहरूले सार्थक हिसाबले ठूला उदेश्यका लागि नागरिकहरूको उत्थान गर्नको निम्ति गीतको प्रयोग गरौं । यो गर्नै पर्छ । यस्ता कामहरू निरन्तर हुनुपर्छ । सिविनसँग जुन गीतहरूमा संगीत गरेको छु । ती गीत संगीतहरू केटाकेटीलाई सुहाउने खालका छन् । मैले पप गीतहरू गाएको छैन । पछिल्लो समयमा अनेक खालका पपको जुन प्रयोग भयो त्यसमा नेपालीपन पाइँदैन । गीतहरूभन्दा नेपाली शैलीका गीत संगीतमा मौलिकता पाइन्छ । गीतहरू गाउँदा राम्रो गीतहरू छान्नु पर्छ जसले बालबालिका लगायत समाजलाई प्रभाव दिन सकोस् बच्चाहरूले पनि ग्रहण गर्न सकुन् । नेपाली शैलीको, मौलिक शैलीको नेपाली परिचय दिने सक्ने गीतहरू जुन विदेशीले पनि त्यही सुन्न खोज्छ । त्यस्ता नेपाली गीत संगीतहरू छान्नुपर्छ भन्ने मेरो अनुरोध छ ।

केटाकेटीहरू हाम्रो कुरा सुनेर बाल श्रमको विरुद्धमा लड्छन् । उनीहरूको घरमा हेर्ने हो भने बालश्रम हुन्छ । यो विडम्वना खोजी नीति कसरी गर्ने ? ठुला नेताहरू, अफिसरहरू, व्यपारीहरू नै बालश्रमिकहरू खोजीखोजी राख्छन् । कतिपय ठाँउमा ता केटाकेटीहर बालअधिकारको हनन भयो । हामीले पढ्न पाउनुपर्छ, हामीलाई किन हेप्ने ? भन्ने जस्ता कुराहरू धेरै ठाँउमा बोलेको मैले सुनेको छु । हाम्रो स्कूलमा पनि केटाकेटीहरूले बालअधिकारको गीतहरू गाउनुस् भन्छन् । उनीहरू चेतनाको निम्ति बालअधिकारसम्बन्धी निबन्धहरू लेख्छन् । कविताहरू लेखिराखेका हुन्छन् । स्कूलमा भित्ते पत्रिका केटाकेटीहरूले लेखेर टाँस्छन् । बालचेतना अगाडि बढेको छ । यसको लागि अझै संस्थाहरू लागिपर्नुपर्छ । अलिकति सहयोग अफ्नो देशबाट पनि लिन सकिन्छ । तर त्यसलाई औपचारिक रूपमा देखाएर उनुचित फाईदा उठाउने धेरै छन् । सिविनमा त्यस्तो प्रवृत्ति देखिदैन । आत्मनिर्भर हुनको लागि पनि बाटोहरू खोज्नुपर्छ । सिविन दु:ख पाएकाको निन्ति एउटा ओत हो । एउटा असल सभ्य नागरिक बनाउनको निम्ति सिविनले शिक्षा दिएको छ । सामूहिक रुपले काम गर्नको नीम्त पनि उनीहरूलाई स्वभाव बनाई दिएको छ । यी सबै कुराको लागि हामी नेपाली जनताले अवश्य पनि धन्यवाद दिनुपर्छ । आभार प्रकट गर्नुपर्छ । बनावटी कुराहरू हैन । भाषणमात्र गरेर हुँदैन । बालबालिकाहरूलाई व्यवहारत: नराम्रो काम गर्नेलाई स्थान दिनु हुँदैन । जति सुकै नाम चलेको किन नहोस् । सिविन सजग हुनु पर्छ । कतै बालपीडकहरू आएर सिविनको मञ्चबाट बालअधिकारको विषयमा भाषण दिन थाले भने दुर्भाग्य हुन पुग्छ ।

असल इमान्दार मान्छेहरूले जव बोल्दछन । कुराहरू व्यङ्ग्य हुन्छन् । तर बेईमान आएर सिविनको मञ्चबाट बोल्न थाल्छन् । त्यो सिविनले आफ्ना बालबालिका र समुदायको वीचमा कमाएको आस्था गुमाउनको लागि माध्यम हुन्छ । मैले गौरी जीसँग भनेको छु । अहिलेको समयमा धेरै खराव मान्छेहरू निस्केका छन् । असल मान्छे जनताले खोज्न थालेका छन् । ईमानदार असल नियत भएका मानिसहरू चाहिन्छ संस्थालाई जीवित बनाई राख्नको लागि । नेपाली जनता चेतनशील भईसकेका छन् । पार्टीका नेताहरूले दिएको धोकाहरूबाट पनि सचेत भएका छन् । यस्ताबाट बच्नको निम्ति के गर्ने भनेर सचेत भएका छन् ।

# राष्ट्र हितका लागि रंगाकर्म



**अशेष मल्ल**

**अध्यक्ष, सर्वनाम नाट्य समूह**

जतिबेला नेपालमा अधिकारसम्बन्धी कुनै सवाल उठाउनु पनि अपराध थियो । बालअधिकार भन्ने शब्दसँग त समाज परिचित नै थिएन, त्यतिबेला सिविन खास गरी गौरी प्रधान ज्यूले जुन सकारात्मक विचार लिएर समाजमा देखाउनु भयो, त्यो अद्‌भुत थियो । यसले समाजमा एउटा सकारात्मक रूपमा मोड ल्याएको ठान्दछु । वास्तविक रूपमा भन्ने हो भने नेपालमा बालअधिकारको प्रश्नमा आवाज उठाएर यसलाई व्यापकता दिने काम सिविनले गर्‌यो । यो अग्रपङ्क्तिमा छ । सिविनलाई एकदमै धन्यवाद ।

जब जब बालअधिकारमाथि प्रश्नहरू तेर्सिए, यातनाका कुराहरू आए, राष्ट्रमा एउटा कानुन पनि नभएको अवस्थामा सिविन अगाडि आएको म देख्छु । सिविन बालबालिकाको हितको लागि एउटा पर्यायवाची शब्द नै बनि सकेको अवस्था छ । यसमा यतिसम्म भयो कि कतिका लागि यो शब्दसँगै डराउनु पर्ने अवस्था पैदा गर्‍यो । विगत २५ वर्षमा एउटा उदाहरणीय नाम हो सिविन ।

बालहितको सवालमा मैले देखेको सबभन्दा ठूलो कुरा आर्थिक अवस्था र शिक्षा हो । त्यससँग जोडिएर आएका संस्कृतिका विभिन्न पक्ष छन् । सम्रग्रमा एउटा बालकले उसलाई चाहिने अधिकारहरू जति उसले पाउनुपर्छ । त्यो भन्दा बढी देशको संस्कृति, कला, साहित्यले पनि त्यतिकै साथ दिनु पर्ने हुन्छ । यस अर्थमा सर्वनामले पनि एउटा आफ्नो यात्रामा बालबालिकाहरूलाई लिएर विभिन्न रंगमंचमा विविध कार्यक्रमहरू सँगसँगै हामीले लिएर गयौं । अर्थात् बालबालिकाहरूको बौद्धिक विकास होस् भनेर हामीले चाहयौं । अब त्यसमा सिविनसँग मिलेर सर्वनामले धेरै कामहरू गर्‍यो र आखिरमा हामी दुवैकोउद्‌देश्य त एउटै हो । जसरी हुन्छ राष्ट्रका बालबालिकाको एउटा मजबूत स्थिति होस् । त्यसलाई अझै अगाडि बढाउनका लागि यो नाटक मात्र होइन कलाका विविध पक्षहरू समाहित गर्दै लानुपर्ने हुन्छ र यसमा हामी मिलेर काम गर्न सक्दछौ ।

विकास एउटा संस्थाले मात्रै गरेर हुने होइन । समग्र राष्ट्रमा शिक्षाको विकास नहुन्जेलसम्म कुनै पनि विकास पूर्ण हुने छैन । त्यसमा एउटा संस्थाले कति गर्ने ? यो २५ वर्षसम्म एउटा संस्था लागिपरिरहेको छ । राष्ट्र मौन छ, सरकार मौन छ । अब सिविनले जे जति गर्‍यो पूरा राष्ट्रै बोल्नु पर्छ । अन्यथा एउटा संस्थाले मात्रै आजीवन १०० वर्ष गरेपनि केही अर्थ हुँदैन । त्यसकारणले अब सिविनले के गर्नुपर्छ भने राष्ट्रमा यो चाहिं सरकारको दायित्व हो भनेर सरकारलाई नै बोध गराउनुपर्छ । त्यसभन्दा ठूलो कुरा प्रत्येक व्यक्तिको पनि निश्चित दायित्व हुन्छ । व्यक्तिको आफ्नो दायित्व के हो ? व्यक्ति आफै सचेत हुनुपर्छ । घर घरमा यो सन्देश पुर्‍याउने काम गर्नुपर्छ । मलाई यस्तो लाग्छ ।

अब जुन एउट बृहत् र व्यवस्थित रूपमा सिविनको नेटवर्क छ । त्यो चाहि लोभ लाग्दो छ । मलाई पनि ईर्ष्या लाग्छ । त्यत्रो नेटवर्क हामीसँग छैन । हामी पुग्ने भनेको सडक नाटकमार्फत् गाउँ गाउँमा पुग्ने हो र आफनो थिएटरमा नाटक गर्ने हो र राष्ट्रभरि जुन सिविन फैलि रहेको छ । त्यहाँ हामी सर्वनामलाई पनि समावेश गराएर सँगसँगै हातेमालो गरेर गाउँ गाउँमा समाज समाजमा, बस्ती बस्तीमा यो थिएटरलाई अझै पनि अगाडि पुर्‍याउनुको अर्थ के हो भने बालबालिकालाई वर्कशपहरू, ट्रेनिङ्गहरू दिएर उनीहरूलाई नै एउटा सक्षम रंगकर्मी बनाउन सकियो भने पक्कै पनि यो राष्ट्रको हितमा हुन्छ र सिविन र सर्वनामले मिलेर यो पक्षमा धेरै काम गर्नसकिन्छ जस्तो लाग्छ ।

# महिलाअधिकार विनाको बालअधिकार अपूर्ण

**सेख चाँदतारा**

**अध्यक्ष, राष्ट्रिय महिला आयोग**

सिविनले धेरै सकारात्मक र उल्लेखनीय काम गरेको छ । म महिला आयोगमा आउनु अगाडि जब म जिल्लामा काम गर्दथेँ त्यतिबेला पनि मैले सिविनको नाम र काम सुनेको र देखेको थिएँ । देशको कमजोर अवस्था, कुनै पनि क्षेत्रमा पूर्णता नपाएको परिस्थितिमा बालबालिकाको क्षेत्रमा हेर्दा २५ वर्षमा धेरै काम भएको छ । अन्तरिम संविधान बनाउने कार्यमा र नयाँ संविधान निर्माणको क्रममा पनि सिविनले पटक पटक बालअधिकारको आवाज उठाउँदै आएको हो । अहिलेसम्म संविधान नबने पनि महत्वपूर्ण मस्यौदा संविधानमा धेरै काम भएको छ ।

महिला र बालअधिकार एक सिक्काका दुई पाटा हुन् । यी दुई एक आपसमा एकदम सम्बन्धित छन् । जस्तो एउटा परिवारमा एउटा महिला घरेलु हिंसामा परेकी छन् भने त्यहाँ आमा र छोराछोरी दुवैलाई त्यसको असर पर्दछ । उनीहरूको मानसिक तथा अन्य विकासमा बाधा पर्दछ । हालसम्म महिला आयोगले महिलाको विषयलाई अघि बढाए पनि अवको समयमा महिला र बालबालिको विषयलाई सँगसँगै लिएर जानुपर्छ ।यसको लागि समन्वयको जरुरी छ । यसरी महिला आयोग जिल्ला जिल्लामा जान्छ र अनुगमन गर्दछ । अनुगमन प्रमुख पाटो हो । यसमा जसरी महिला आयोगले महिलाको सवालमा विस्तृत अनुगमन गर्दछ । यसका साथसाथै बालबालिकाको आवश्यकतालाई पनि अनुगमन गर्न सके राम्रो हुन्छ । यसले गर्दा बालबालिको अवस्था थाहा हुन्छ । हरेक कार्यक्रम गर्दा उनीहरूको सवाललाई पनि समेट्न सके राम्रो हुन्छ ।

महिला र बालबालिकाको अधिकारलाई सँगै लैजानु जरुरी छ । जस्तो नागरिकताको हकको सवालमा हेर्दा कसैको बाबुले छोडेको, विदेशीएको, बेपत्ता भएको अवस्थामा बालबालिकाले नागरिकता नपाएको अवस्था छ । त्यसैले आमाको नामबाट नागरीकता पाउने कुरा यहाँ महत्वपूर्ण हुन्छ । यस्ता विषयहरूमा सिविन जस्तो संस्थासँगको समन्वयले नीतिमा समावेस हुन सक्छ ।

सिविनले महिला आयोग, महिला तथा बालबालिका मन्त्रालय जस्ता सरकारी निकाय र सरकारी संरचनासँग समन्वय गर्न सक्छ । जस्तै महिला आयोगले विभिन्न संस्था जस्तै माइती नेपाल, एकल महिला र अन्य सघसंस्थाहरूसँग पनि मिलेर जिल्ला जिल्लामा अनुगमनको लागि सञ्जाल बनाएको छ । यसमा सिविनलाई पनि समेट्न सके राम्रो हुन्छ ।

अन्तमा सिविनको यो २५ वर्षको सफलताको लागि बधाई सँगै यो संक्रमणकालीन अवस्थामा सिविन जस्तो संस्थाको काम महत्वपूर्ण छ र आगामी दिनहरूमा महिला आयोगसँग पनि सहकार्याको अपेक्षा गर्दछु ।



# संयोजन र नेतृत्वको भूमिकामा सिविन

**अर्जुन कार्की**
**अध्यक्ष, नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**

नेपालमा बालबालिकाको अधिकार पनि मानवअधिकार हो भन्ने अभियानको थालनीकर्त्ता संगठित समूह भनेको सिविन नै हो । सामाजिक संघसंस्थालाई सामाजिक संघसंस्थाका रूपमा दर्ता गरेर आफ्नो अभियान संचालन गर्न नसकिने पञ्चायतकालको एउटा अप्ठ्यारो अवस्थामा सिविनले आफ्नो काम थालनी गऱ्यो । नेपालमा बालबालिकाको पनि अधिकार हुन्छ भन्ने विषय अघि सार्दै बालअधिकारसँग सम्बन्धित आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका अभियानलाई सामाजिक आन्दोलनसँग जोड्ने कामको थालनी सिविनले नै गरेको हो । हामीले सिविनलाई यसको जस दिनुपर्छ ।

नेपालमा बालबालिकाको पनि अधिकार हुन्छ भन्ने विषयका अभियानहरूको सुरुवात गर्ने संस्था सिविन नै हो । यसको बहुआयमिक रुप छ, यसले एकातिर आन्दोलन र अभियानको रूपमा काम गरेको छ भने अर्कोतिर बालबालिकालाई विभिन्न किसिमले पुर्नस्थापना गर्ने काम गरि रहेको छ । नेपालको मात्र नभएर राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा बालअधिकारलाई सुनिश्चित गर्नका निम्ति नीति निर्माण गर्ने अभियानमा पनि सिविनले एउटा पायनिर संस्थाका रूपमा रहेर महत्वपूर्ण भूमिका खेलेको कुरा सबैलाई जानकारी छ । यसले नेपालमा बालअधिकारलाई मानवअधिकारको राष्ट्रिय अभियानको रूपमा अघि बढाउँदै राष्ट्रिय नीतिहरू ल्याउनेदेखि लिएर दक्षिण एसियामा र अन्तरराष्ट्रिय क्षेत्रमा पनि यसले महत्वपूर्ण योगदान पु-याएको छ । त्यसैले बालअधिकारको कुरालाई एउटा अभियान मात्र भनेर पुग्दैन यसलाई पुनर्स्थापनाले मात्र पनि समाधान हुँदैन, खास कुरा के छ भने जहाँनिर अधिकारविहीन बालबालिकाहरू उत्पादन गर्ने फ्याक्ट्री छ त्यो फ्याक्ट्रीलाई यथावत् राखेर हामीले समस्याको रूप पक्षलाई मात्र सम्बोधन गर्ने गऱ्यौं भने समाधान भेटिँदैन, जुन कारणले गर्दा समस्याहरू सिर्जना हुन्छन्, ती कारण यथावत् रहेसम्म साँचो रूपमा बालअधिकारलाई सुनिश्चित गर्न सकिँदैन भन्ने कुरा प्रारम्भदेखि नै सिविनले बुझेको महसुस हुन्छ । साथै सिविनले राष्ट्रिय अन्तरराष्ट्रिय क्षेत्रमा नीति निर्माण गर्नेदेखि लिएरा प्राज्ञिक योगदान पुऱ्याउने, दबाव समूहको रूपमा रहेर काम गर्ने लगायत एक खालको बहुआयामिक भूमिका निर्वाह गरेको हामीलाई महसुस हुन्छ । नेपाल सरकारले नेपालको बालअधिकार तथा मानवअधिकार आन्दोलनप्रति सम्वेदनशील मात्र नभएर बालअधिकार मानवअधिकारको जुन एउटा अभियान छ, आन्दोलन छ, त्यसको एउटा अभिन्न अंगको रूपमा सिविनलाई स्वीकार गर्ने जुन काम गरेको छ, वास्तवमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र बालअधिकारका क्षेत्रमा यसले पुऱ्याएको योगदानको कदर नै हुनुपर्छ । सिविनको पूर्वअध्यक्षलाई नेपाल सरकारले मानवअधिकार आयोगको सदस्य बनाउनुमा पनि मानवअधिकार क्षेत्रमा सिविनले खेलेको भूमिकाको एउटा परिणाामका रूपमा लिनुपर्छ भन्ने मलाई लाग्छ ।

आरआरएनसँग मात्र नभएर सिङ्गो नेपालको गैरसरकारी संस्थाहरूको आन्दोलनमा सिविनको महत्वपूर्ण भूमिका छ । म गैरसरकारी संस्था महासंघको पूर्वअध्ययक्ष भएको नाताले के भन्नसक्छु

भने नेपालको यो मानवअधिकार आन्दोलनलाई संस्थागत र राष्ट्रिय स्वरुप दिने अभियानमा एउटा महत्वपूर्ण योगदान पुऱ्याउने निकाय भनेको गैरसरकारी संस्था महासंघ पनि हो । गैरसरकारी संस्था महासंघको स्थापना गर्दाका समय सिविनको महत्वपूर्ण भूमिका छ । यो मैले अध्यक्षता गरेको संस्था आरआरएन मात्र नभएर सिंगो गैरसरकारी संस्थाहरूको आन्दोलन, अभियान र मानवअधिकार आन्दोलनलाई राष्ट्रिय रूपमा संगठिन गर्ने कुरामा पनि सिविनले योगदान पुऱ्याएको छ । कतिपय अवस्थामा फरक फरक क्षेत्रमा विशिष्टता हासिल गरेको संस्था भए पनि हामीले सहकार्य गर्ने, सँगै बसेर योजनाहरू बनाउने, अभियानहरू संचालन गर्ने, बहसहरू गर्ने खालको साझेदारी पनि गरेका छौं । यो हाम्रो राष्ट्रिय स्तरको कुरा भयो । जिल्ला र क्षेत्रीय स्तरमा पनि सिविनका कार्यकर्ताहरू र आरआरएनका कार्यकर्ताहरू साझेदार जस्तो मात्र नभएर एउटा विशिष्ट संस्थाका प्रतिनिधिका रूपमा सँगै बसेर कार्य गर्ने, एक अर्कालाई समस्या परेको बेलामा सहयोग गर्ने, योगदान पुऱ्याउने भूमिका निर्वाह गरेको कुरा पनि हामीले पटक पटक हाम्रो क्षेत्र, जिल्लाहरूबाट जनाकारी प्राप्त गरेका छौँ । खास गरी आफैसँगको साझेदारी भन्नाले हामी एउटै अभियान, एउटै योजनामा मात्र होइन, मानवअधिकार आन्दोलनमा खासगरी आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको विषयमा, मानवअधिकार एलाईन्सलाई अगाडि बढाउने भन्ने सन्दर्भमा र खास गेरर कमैया मुक्ति आन्दोलनको बारेमा, बालबालिका शान्ति क्षेत्र हुन् भन्ने सवालमा, राजाको निरंकुश शासनको बेलामा, खास गरेर राजा ज्ञानेन्द्रले सत्ता कब्जा गरेको बेलामा, लोकतान्त्रिक आन्दोलनलाई मानवअधिकार आन्दोलनसँग गाँसेर अन्तराष्ट्रिय अभियान सन्चालन गर्ने बेलामा पनि हामीले थुप्रै सहकार्यहरू गरेकाछौं, एकअर्काको सहयोग लिने काम गरेकाछौं । अहिले सम्मको हाम्रो अनुभवमा एकअर्कालाई सहयोग गर्ने सहकार्य गर्ने क्षेत्रमा खेलेका प्रमुख भूमिका उल्लेखनीय छन् । आरआरएन भन्दा सिविन तीन चार वर्ष जेठो संस्था हो । गैरसरकारी संस्थाहरूको क्षेत्रमा सिविनलाई अग्रज संस्थाको रूपमा पनि हेरिन्छ ।

मलाई कस्तो लाग्छ भने एउटा विशिष्ट अवस्थामा सिविनको स्थापना भएको थियो । त्यतिबेला मानवअधिकार र लोकतन्त्रका कुरा गर्नु मात्र पनि राजनीतिक अपराध मानिन्थ्यो । अहिले मुलुकमा लोकतान्त्रिक व्यवस्था छ । मानवअधिकार र बालअधिकारको क्षेत्रमा, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका क्षेत्रमा काम गर्ने सयौ हजारौ संस्थाहरू स्थापना भइरहेका छन् । यस अवस्थामा सिविनले आफूले परम्परागत रूपमा गरिआइरहेको कामभन्दा अलिकति फरक ढंगले सोच्नु पर्ने आवश्यकता छ । सामाजिक आन्दोलन र सामाजिक अभियानका लागि २५ वर्ष भनेको छोटो अवधि होइन । समय आज लगभग अर्को युगमा प्रवेश गर्दैछ । त्यसैले मलाई कस्तो लाग्छ भने विगत २५वर्षमा गरेका अभियान कार्यक्रम र त्यसले खेलेका भूमिकाहरूबाट पाठ सिक्दै विशिष्टीकरण गरेर मुलुकमा एउटा छट्टै, बालअधिकारको पनि एउटा निश्चित क्षेत्रको विशेषज्ञ संस्थाको रूपमा यसले आफुलाई विशिष्ट बनाएर लैजानु पर्छ । मलाई कस्तोलाग्छ भने बालअधिकारसम्बन्धी जुन काम अरु भर्खरै स्थापना भएका नयाँ संघसंस्थाहरूले गर्न सक्छन् त्यो उनीहरूलाई गर्न दिए हुन्छ । उनीहरूको क्षमताले नभ्याउने खालका रिसर्च, राष्ट्रिय आन्दोलनलाई अन्तर्राष्ट्रिय आन्दोलनसँग जोड्ने, पोलिसीहरूमा इन्फलुनेन्स गर्ने कुरा, एक किसिमले भन्ने हो भने यस क्षेत्रको थीम ट्याङ्कका रूपमा यसलाई विशिष्टीकरण गर्दै अगाडि लैजानु पर्छ । यो सान्दर्भिक हुन्छ र ग्लोबल डेभलपमेन्ट पोलिसीहरूसँग यसको लिंक हुन्छ । जस्तै उदाहरूणका लागि अहिलेसम्मका सहस्राब्दी लक्ष्यका

अभियानहरूसँग बालबालिकाहरूको अधिकारलाई कसरी जोड्ने भन्ने कुरा पनि छ र भर्खरै संयुक्त राष्ट्रसंघले अन्तराष्ट्रिय रूपमा पोस्ट २०१५, अर्थात् सन् २०१५ पछाडिका दशकको निम्ति विकासका लक्ष्यहरू के हुनुपर्छ भन्ने बारेमा छलफल गरिरहेको छ । त्यसमा बालअधिकारका क्षेत्रहरूबाट के के कुरामा ध्यान दिनुपर्छ भन्ने बारेमा योगदान पुऱ्याउनेदेखि लिएर अहिले यो भर्खरै जुलाईमा सम्पन्न भएको रियोसिका सम्मेलन, संयुक्त राष्ट्रसंघको महासभाबाट पारित गरी sustanble development SDG दिगो विकासका लक्ष्यहरू भन्ने आउने दशकका निम्ति लक्ष्य निर्धारण गर्ने संयुक्त राष्ट्रसंघको जुन उद्देश्य रहेको छ त्यसमा हाम्रो राष्ट्रिय, क्षेत्रीय र विशव्यापी स्तरमा बालअधिकारलाई कसरी सुनिश्चित गर्ने ? यसलाई मानवअधिकार आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार विकासको अधिकारसँग जोडेर लाँदा पनि बालअधिकार हनन भएसम्म खसोखास रूपमा दिगो विकास भएको मानिदैन भन्ने एउटा मूल्य मान्यता स्थापित गर्नको निम्ति राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा प्रचारप्रसार, वकालत र सन्जालनिर्माण (lobbying, advocacy, networking) गर्ने कुरामा लाग्नु पर्छ भन्ने मलाई लाग्छ । अहिलेका लागि यी केही उदाहरणहरू हुन् । भोलि नयाँ नयाँ अभियानहरू नयाँ नयाँ कुराहरू आउँछन् । यहाँ आर्थिक, सामाजिक, सांस्कृतिक विकासका अन्तर्राष्ट्रिय योजनाहरू छन् । जस्तो वैदेशिक लगानीका कुराहरू छन्, वैदेशिक ऋणको कुरा छ,, वैदेशिक सहायताको कुरा छ, त्यसलाई कसरी बालमैत्री, गरीबमूखी, र गाउँमूखी बनाउने ? त्यसले गर्दाखेरि ठूलो संख्यामा बालापन खोसिएका क्षेत्रका बालबालिकाको अधिकारलाई विकास गरी सुनिश्चित गर्न सकिन्छ भन्ने जस्ता कुरामा सिविनले विशिष्ट योगदान पुऱ्याउन सक्छ भन्ने मलाई लाग्छ । अरु सामान्य बालबालिकाको अधिकारको क्षेत्रमा अरु सर्वसामान्य संस्थाहरूले गर्न सक्ने कामहरूलाई छोडदै आफुले हेर्ने नयाँ क्षेत्रमा प्रवेश गर्नुपर्छ । यसरी सिविनले विगत २५ वर्षमा हासिल गरेको थुप्रै विशिष्ट ज्ञान र अनुभवहरूलाई विशिष्टीकरण गर्नु समय सान्दर्भिक हुन्छ र यसले यी नयाँ भर्खरै स्थापना भएका बालअधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरूलाई पनि सघाउ पुग्छ र यसले मानवअधिकार र बालअधिकारको राष्ट्रिय अन्तर्राष्ट्रिय आन्दोलनमा पनि योगदान पुऱ्याउँछ ।



# महत्वपूर्ण यात्रा, उपलब्धि र दायित्व

**नेत्र तिमल्सिना**

**पूर्व अध्यक्ष, गैरसरकारी संस्था महासंघ**

पछिल्ला ६ वर्षमा गैसस महासंघमा बसेर काम गर्दा सिविनलाई नजिकबाट नियाल्ने मौका मिलेको थियो । सिविनसँगको सहकार्यमा बालबालिकाको अधिकार,उनीहरूको सुरक्षा र हकहितको लागि २५ वर्षमा जे जति काम गरेको छ त्यो नमुनाको रूपमा छ । सिविन बालअधिकार र सिङ्गो मानव अधिकार आन्दोलनको एउटा प्रतीकको रूपमा चिनिन्छ । अर्को कुरा जुनसुकै अधिकारमा काम गर्ने गैसस निकाय भए पनि उनीहरूलाई बालबालिकाको अधिकारको क्षेत्रमा सक्रिय गराउन क्षमता अभिबृद्धि गर्ने संस्थाको रूपमा सिविन स्थापित भएको मान्न सकिन्छ । त्यसैगरी संविधान निर्माणको प्रक्रिया अर्थात् संसद सक्रिय भएको अवस्थामा सिविनले मेची महाकाली अभियान थाल्यो त्यो समयमा यति धेरै जनसमर्थन पायो । यसले के अनुभूति भयो भने सिविनले वास्तवमै आफ्नो काम सवल र दायरा फराकिलो बनाएको छ र मलाई एउटा गौरव के कुरामा लाग्यो भने एउटा गैर सरकारी संस्थाले यति राम्रो नमूनाको रूपमा काम गर्न सक्दोरहेछ । अरु संघसंस्था बीच पनि सिविन एउटा आस्था र भरोसाको केन्द्रको रूपमा स्थापित भयो । यसले धेरै सन्देश दियो ।

वास्तमा २०४६ सालपछि खुलेका गैस संस्थाहरूले आज २० वर्ष पूरा गरेका छन् । म गै स स महासंघको अध्यक्षको हैसियतले पनि धेरै संस्थाहरूका दुई दशक पूरा गरेको उपलक्ष्यमा भएका कार्यक्रममा सहभागी हुने मौका पाएँ, ती संस्था र सिविनलाई तुलना गरेर हेर्दा २० वर्षमा बालबालिकाको अधिकार, मानव अधिकार जस्ता एउटै क्षेत्रमा आफ्नो पहिचान बनायो भने अन्य संघसंस्थाको हकमा २० वर्षमा आफ्नो विशिष्टखालको पहिचान बनाएको पाउँन सकिंदैन । उनीहरूले २० वर्षमा जे जस्ता काम पाए ती सबै काम गरेको देखिन्छ । सिविन अहिले अन्य संस्थाको लागि राम्रा कुराको पाठ सिक्न सकिने संस्थाका तहमा पुगेको छ र यो एउटा सामाजिक विकास अभियानमा सफल हुन सकेको देखिन्छ ।

बालअधिकार, मानवअधिकारको क्षेत्रमा सञ्जाल बनाउने सन्दर्भमा सिविन नेपाल र गैरसरकारी महासंघको संयुक्त आयोजनामा बालअधिकारको विषयमा सचेतना अभियान संचालन गर्ने उद्देश्यले एउटा कार्यक्रम भएको थियो । त्यहाँ हामीले एउटा दस्तावेज बनायौं र त्यो हाम्रा सञ्जाल संस्थालाई सर्कुलेट गऱ्यौं । त्यसको यति धेरै सकारात्मक प्रतिक्रिया आयो वास्तवमा यो सबै गाउँ गाउँ, जिल्ला जिल्लाहरूमा आवश्यक छ भन्ने कुरा भयो । सञ्जालको हिसाबले गैसस करिव ५हजार ५सय सदस्य संस्थाको सञ्जाल हो । सिविनको २५ वर्षको सिकाइलाई अझै मझबुत बनाउन र आफ्नो सहकार्यलाई अझ बलियो बनाउन यसको उपस्थिति अनिवार्य छ । विभिन्न सञ्जालमा सिविनको उपस्थितिले अझ किसानको सञ्जालमा यसको उपस्थिति अनिवार्य छ र यसले मानव अधिकारका सञ्जाल, महिला अधिकारका सञ्जाल, वातावरण, नागरिक सामाजका सञ्जाल तथा स्थानिय निकाय आदिमा बनेका सञ्जालमा काम गऱ्यो भने यसले सकारात्मक सन्देश दिन्छ ।

सिविनले २५ वर्षमा जे कुरा सिक्यो यसले अन्य सस्थाहरूको नेटवर्कलाई पनि बालअधिकारको क्षेत्रमा

सचेत बनाउन र परिचालन गर्न ती अनुभवहरू बाँड्नु जरुरी देखिन्छ । यस्ता नेटवर्कले बालअधिकारको साथसाथै मानव अधिकार, महिला अधिकार अर्थात् समग्र सामाजिक परिवर्तको लागि महत्वपूर्ण भूमिका हुने रहेछ । सिविनले गैसस महासंघ, मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरू, महिला अधिकारको क्षेत्रमा काम गर्ने संस्था वा श्रमिक अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरू सबैजसोको नेतृत्व गरेको छ । जति पनि अधिकारको विषयमा काम गर्ने संस्था सिविनसँगको सञ्जालमा छन् ती सबैले सिविनको बारेमा राम्रो जानकारी राख्दछन् । उनीहरूले सूचना पाउने कुरा होस् वा अन्य राम्रा सिकाइ होस् यसबाट धेरै कुरा सिक्न सक्छन् । यस्ता सञ्जालले सामाजिक आन्दोलनको लागि सूचना दिन, सबलीकरण गर्न र अधिकारको विषयलाई स्थापित गर्न निकै मद्दत गर्दारहेछ भन्ने सिकाइ भएको छ । तर एउटा कुरा के कमी देखिन्छ भने महिला अधिकारकाबारेमा कुरा गर्दा वा मानव अधिकारको कुरा गर्दा बालअधिकार त्यहाँ प्रमुख सवालको रूपमा अझै पनि अगाडि आउदैन । अझै पनि अन्य अधिकारका सञ्जालहरू जस्तै महिला अधिकार, स्वच्छ भएर बाँच्नपाउने अधिकार, मानव अधिकारका बराबर हुन् त्यस्ता अधिकारमा काम गर्ने सञ्जालको कुरा गर्दा अझै पनि त्यस भित्र बालअधिकारको मुद्दा अझ प्रमुख हुन्छ भनेर काम गर्न गराउन पनि सिविनले सञ्जालमा काम गर्नु आवश्यक छ ।

विभिन्न अधिकारका क्षेत्रमा काम गर्ने नेटवर्कलाई सबलीकरण गर्ने सवाल र त्यसको महत्वबारे कुरा गर्दा सिविनको सन्दर्भमा २ वटा भूमिका स्पस्ट देखिन्छ । एउटा त बालबालिकाको अधिकारमा काम गर्ने संस्थाहरूलाई मूलप्रवाहीकरण गर्दै तिनीहरूको बीचमा एउटा छाता संगठनको रूपमा सिविन अगाडि जानुपर्छ र अर्को जति पनि नेटवर्क छन् तिनीहरूको विचमा बालअधिकारको विषयमा एउटा संयुक्त सचिवालयको रूपमा यसले काम गर्नुपर्छ । यसले गैरसरकारी महासघ मात्र नभई वन उपभोक्ता महासंघ र बालअधिकार समेत जोडेर जानुपर्छ । वन उपभोक्ता महासंघ यति ठूलो महासंघ हो जहाँ लाखौं लाख किसान, महिलाहरू संगठित रहेका छन् र यो अत्यन्तै ग्रामीण भेगसम्म पनि पुगेको छ । यसकारण बालअधिकारलाई अझै बृहत् रूपमा यसरी लान सकिएको छैन । यहाँभन्दा बाहिरका सञ्जालको संयोजनमा कमी छ । आगामी दिनहरूमा यस क्षेत्रमा सिविन पुग्नुपर्छ । यसै गरी वातावरण गैरसरकारी महासंघ छ । वातावरण र बालबालिका त्यसमा पनि खास गरि शहरी वातावरण र बालबालिका, फोहर मैला र बालबालिका, सडक बालबालिका, गरिव तथा श्रमिक बालबालिका जस्ता क्षेत्रमा सिविनले अलिकति ध्यान दिन सक्यो भने अरु संस्थाहरूलाई सवलीकरण गर्ने बालअधिकारको सबै पक्षलाई उठाउन सक्ने संस्थाको रूपमा एउटा मौका छ ।

नेपालमा बालअधिकारसम्बन्धी कानून बन्ने त्यसको कार्यान्वयन गराउने कुरा साथै महासन्धि सम्झौतालाई कार्यान्वयनमा ल्याउने कुराको सन्दर्भमा सिविनको भूमिका हेर्दा दुई वटा कुरा हेर्न सकिन्छ । एउटा त यसले विभिन्न क्षेत्रमा बालबालिकासम्बन्धी कानून कसरी तल्लो तहसम्म कार्यान्वयन गराउन सकिन्छ, त्यसको लागि दस्तावेज बनाउने तथा अनुगमन गर्ने, वकालत गर्ने, काम गरेको छ भने अर्को कहाँ कस्तो कानून बालबालिकाको लागि बनाउनु अवश्यकता छ र त्यसलाई कसरी कार्यान्वयन गर्ने भन्ने काममा सिविनले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसको उदाहरणको लागि एक पटक सिविन र गैसस महासंघ मिलेर जुनसुकै विकास परियोजनामा बालबालिकासम्बन्धी आचारसंहिता बनाएर जानुपर्छ भन्ने विषयलाई लिएर हामी समाजकल्याण मन्त्रालयमा पुगेका थियौं । जब हामीले त्यस विषयको बारेमा कुरा उठायौं तव मन्त्रालयबाट

हामीले गरिरहेका छौं भन्ने जवाफ पायौं । यो प्रसंग जोड्नुको अर्थ हामीकहाँ नीतिनियम प्रसस्तै छन् । ऐन कानून पनि छन् तर तिनको कार्यान्वयनमा एकातिर संशोधनको आवश्यकता त छँदैछ अर्कोतिर दस्तावेजमै राम्रा कुरा लेखिंदा कार्यान्वयमा कसरी लैजान सकिन्छ, त्यसको लागि निदेर्शिका बनाएर सरकारी तथा गैरसरकारी क्षेत्रमा लैजान सकिन्छ भन्ने कुरामा त्यसको अनुगमन, अन्तरक्रियाहरू गरेर जाने कुरामा सिविनले पहल गर्न सक्छ । नीति र पैरबीमा यसले काम गर्न सक्ने संभावना देखिन्छ । यो सरकारी क्षेत्रको लागि हुन सक्छ भने गैरसरकारी क्षेत्रमा पनि कतिपय नीतिनियम, सन्धिसंझौता, कानून नीति निर्देशिकालाई राम्रोसँग बुझ्न नसकेको अवस्थामा नीतिको जानकारी गराउने र सरकारी क्षेत्रमा नीति नियमको पालना कहाँ भयो भएन, पुग्यो पुगेन भन्ने कुराको अनुगमन गर्ने काम छ । यसलाई हामी नगरिक अनुगमन भन्दछौँ । नागरिक अनुगमनले कहाँ नीतिनियमको कमी कमजोरी छ भन्ने कुरा देखाउँछ भने अर्कोतिर भएका कानूनलाई कार्यान्वयनमा लैजान मद्दत पुग्छ ।यस्ता प्रकारका काममा सिविनको महत्वपूर्ण भूमिका हुन्छ ।

सिविनले काम गरेकै कारणले बालअधिकारको क्षेत्रमा आएका परिवर्तनलाई संझनुपर्दा प्रमुख रूपमा बालश्रमलाई लिन सकिन्छ । बालश्रमका बारेमा सिविनले जे जति काम गऱ्यो राष्ट्रिय रूपमा आधाजति मानिसलाई सिविनले गरेको कामकोबारेमा थाहा छ । त्यस्तै बालश्रम ऐन ल्याउनमा सिविनको भूमिकालाई महत्वपूर्ण मान्न सकिन्छ । बालश्रम उन्मूलनका सर्न्दभमा कारखानाहरूमा भएको बालश्रमको भयावह स्थितिबाटै सिविनले आफ्नो काम थालनी गरेको देखिन्छ । यसले बालश्रमको मुद्दालाई मुख्य रूपमा अगाडि ल्याएको हो । यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमै सकारात्मक रूपमा हेरियो । त्यसपछाडि बालबालिकाको राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय सन्धिसंझौतामा नेपाल पक्ष भएर भए गरेका संझौताको कार्यान्वयनको पक्षमा नेपाल सरकारले त्यति धेरै काम गरेको थिएन तर जव सिविनको उपस्थिति भयो तव दरिलो रूपमा ऐन कानून सन्धि संझौता अनुसार अगाडि बढाइएको पाइन्छ । अर्को त्यस्तै निकै राम्रो कुरा जुन सडक बालबालिका छन् उनीहरूको लागि संरक्षण गृहमा राखेरमात्र होइन उनीहरूलाई सामाजिक पुनःस्थापना गर्नु एउटा मात्र दिगो रूपमा समस्या समाधान हो जसले बालबालिकालाई सबल बनाउछ, सक्षम बनाउछ र सामाजिक सदभाव, सम्मान दिन्छ भन्ने अवधारणामा सिविनले काम गऱ्यो वास्तवमै यो राम्रो काम हो ।

# कर्मठ र पथप्रदशक संस्था सिविन



**शर्मिला कार्की**

**अध्यक्ष, गैरसरकारी संस्था महासंघ**

२५ वर्षको बालअधिकार आन्दोलनमा सिविनले गरिआएको काम उल्लेखनीय छ । २५ वर्ष अगाडि समग्र मानवअधिकारको कुराको सुरुवात त भएको थियो । बालबालिबाको अधिकारको हनन् के हो ? बालअधिकार भनेको नै हो ? कसरी बालअधिकार भनेर किटान गर्ने ? भन्ने कुराको चर्चा परिचर्चा थिएन । सिविनले आफू रजिस्टर्ड हुनुभन्दा पहिलेदेखि नै यी कामहरूमा संलग्न भएर प्रतिबद्ध नेतृत्व लिएको थियो । म गौरी दाईलाई सम्झन चाहन्छु । कहिलेकाही हाम्रो बैठकमा भन्नुहुन्थो ढलको गोलोगोलोभित्रै बालबालिकाहरूसंग बसेर पनि संझाउने, बुझाउने गर्थ्यौं । जुन ढंगले २५ वर्ष अगाडि काम सुरु गऱ्यो सिविनले, अहिले ठूलो छलाड.छ । बालअधिकार भनेको के हो भन्ने स्थापित गर्ने कामदेखि बालबालिका क्षेत्रमा खरावी कहाँनिर छ, कहाँनिर नकारात्मक बालश्रम छ ? बच्चा भएर जन्मेपछि मानवताको अवस्था नरहने, घरमा बस्न नपाउने, सडकमा गए्र बस्नुपर्ने अवस्था के हो ? उनीहरूको लागि वोल्न, उनीहरूलाई आवाज दिन, ऐकबद्धाता गराउन, सामुहिक गराउन, मुल्य मान्यता सिकाउन, पढाइ सिकाउन, र संगठित भएर काम गरेका छौं, पढ्न गएका छौं भन्ने वोध गराउन सिविनले धेरै काम गरेको छ । सिविनले अरु नयाँ आउने र बालबालिकासंग काम गर्ने संस्थालाई पथ प्रदर्शन पनि गरेको छ । सिविनले बालबालिकाको क्षेत्रमा दुर्व्यसन, बेचबिखन, लगायतका नकारात्मक कुरा हटाउन सम्वोधन गर्ने काम गरेको छ । बालबालिकाहरू, महिलाहरू बेचिने गरेका थिए । तिनीहरूलाई जुन ढंगले सिविन लगायत अन्य संस्थाहरू मिलेर नेपालमा फिर्ता ल्याउने काम भयो त्यसपछि एलाइन्स फर ट्राफिकिंग भन्ने नेटवर्कको जन्म भयो । जुन नेटवर्क आज पनि लगातार रूपमा काम गरिरहेको छ । सुरुमा सिविनले नेतृत्व दियो । आफ्नै संस्थामा राख्यो । यसरी हेर्दा बालअधिकार शिक्षाका दृष्टिले एउटा युनिर्भसिटीकै रूपमा सिविनका २५ वर्ष रहेभन्दा पनि फरक पर्दैन ।

सिविनले बालबालिकाको हक अधिकारका लागि बालबालिकको कानुनहरूमा आवश्यक परिवर्तन गर्ने कुरामा, विशेष भूमिका खेलेको छ । सिविनकै पहलमा धेरै कुरा सम्भव भएका छन् ।

बालबालिकासंग आमाको, परिवारको, घरको, अन्य स्टेक होल्डरहरूको सम्बन्ध जुन छ त्योसबैलाई सम्वोधन गरेर सिविन अगाडि वढेको छ । त्यसरी हेर्दा महिला र बालबालिकाको कुरा अन्योन्याश्रित छ । सिविनको संलग्नता सिधै बालबालिकासंग मात्र नभएर महिलासंग काम गर्ने संस्था, बालिकासंग काम गर्ने संस्था पनि छ । हामी कहाँ सबै खाले काम गर्ने संघसंस्थाहरू छन् । जस्तो हामी शान्तिमालिकामा छौं, शान्तिका लागि महिलाको हातेमालो हो त्यो । बालबालिकाको लागिभन्दा पनि बालिकाको लागि महत्व दिएर हेर्नुपर्ने हाम्रो देशको अवस्था छ । विशेषतः लैङ्गिक विभेदको समस्या छ । सिविन शान्ति मालिकामा पनि नेटवर्कमा रहेर भूमिका खेलिरहेको छ । सिविनलाई बालिकाका हक हितका लागि काम गर्ने संस्थाको रूपमा पनि हामीले देखेका छौं । सिविनले आफ्नो मुद्दालाई अरु सञ्जालमा बसेर पनि अगाडि बढाई रहेको छ ।

सिविन अध्यक्षको हैसियतले आदरणीय गौरी प्रधान एन.जी.ओ. फेडेरेसनका पूर्व अध्यक्ष हुनुहुन्थो । अहिले मानवअधिकार आयोगमा प्रवक्ताको रूपमा काम गरिराख्नु भएको छ। सिविनले जे कुरा आफैले ल्यायो जे जति काम गऱ्यो एक्लै अथवा टिमसँग ती सबैको अनुभव सिविनसँग छ। त्यो अनुभव राष्ट्रिय हुदै अन्तरराष्ट्रियकरण भैराखेको छ। बालअधिकारको क्षेत्रका धेरै सहयोग पुगेको छ । नेटवर्कसँगको भूमिका भनेको मुद्दालाई फराकिलो वनाउने, अरुलाई पनि आफ्नो मुद्दामा सामेल गराउने, सकारात्मक गराउने र धेरैले सँगसँगै भएर समस्यालाई समाधान गराउने हो । रणनैतिक ढंगबाट सिविनले यो मार्ग अपनाएको छ ।

२५ वर्ष भनेको ठट्टा होइन । निकै लामो समय हो । यस बीच धेरै काम भएका छन्। बालबालिका जो सडकमा थिए तिनको आफ्नै क्लव छ। आफ्नै हैसियत कायम गरिसकेको छ । सिविन आफ्नै मोडालिटीमा आवश्यक परिवर्तन गर्दै अधि बढेको छ । राज्यलाई उत्तरदायी वनाउने प्रक्रियामा, सरकारसंग राज्यका निकायसंग, गा.वि.स.संग, नगरपालिकासंग, जीविसहरूसंग कसरी काम गर्ने, राज्यको स्रोत र साधनबाट बालबालिकाका मुद्दाहरू सम्वोधन गराउने काम कसरी गर्ने यस्ता क्षेत्रमा काम भएको छ। अहिले धेरै संघसंस्थाहरू यस क्षेत्रमा काम गर्न आइसकेको हुनाले सिविनले अव स्रोत संस्थाको रूपमा विकास गर्नुपर्छ कि भन्ने मलाई लाग्छ ।



# सिविनलाई धन्यबाद

**अनुराधा कोइराला**
**अध्यक्ष, माइती नेपाल**

सर्वप्रथम त २५ वर्ष पुगेकोमा सिविनलाई वधाई दिन चाहान्छु । नेपालमा बालअधिकार स्थापित गर्ने जुन कार्य सिविनले गऱ्यो त्यसको सराहना गर्छु। आगामी दिनमा यस्तै यस्तै काम सिविनले गरिराखोस् ।

मैले मात्र भनेको होईन, नेपालको सबै व्यक्तिहरूले भन्छन् सिविनले बालअधिकारको क्षेत्रमा कानुनहरू र अरु नीतिहरूलाई राम्रोसँग स्थापित गर्न सहयोग पुऱ्याएको छ । म सिविनलाई हृदय देखि नै धन्यवाद दिन चाहान्छु ।

सिविन र माईती नेपालले धेरै कुराहरूमा सहकार्य गर्दै आएको छ । म कसरी हेर्छु भने १२८ जना बालिकाहरू बोर्डरपारिबाट उद्धार गरी ल्याउनमा हामी सबैजना मिलेर सहकार्य गऱ्यौ । त्यो महत्वपूर्ण काम राज्यको लागि पनि चुनौती नै थियो । हामी सबै जसरी आजको दिनसम्म सहकार्यको हिसावले अगाडि बढेका छौँ त्यसै गरी अगाडि बढ्नुपर्छ । हामी संघसंस्था बालअधिकार, किशोरी अधिकारको लागि पनि परेका छौँ । हामी सबैजना एकजुट भएर यो मुलुकलाई मानवबेचविखनरहित समाजका रूपमा विकसित गराउन ुपर्छ ।

सिविनले जे गरिरहेको छ, जुन काम गरिरहेको छ त्यसलाई निरनन्तरता दिदै अगाडि वढ्नुपर्छ । जुन तरिकाले लडिरहेको छ त्यसरी अगाडि बढ्नुपर्छ जस्तो लाग्छ मलाई । अन्तमा सिविनलाई यहाँसम्म ल्याइपुऱ्याउन सहयोग गर्ने साथीहरूलाई हार्दिक बधाई तथा सिविनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# बालबालिकाको परिवार विमुखता एक चरम सम्वेदनशील पक्ष



**सुबोध प्याकुरेल**
**अध्यक्ष, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

बालबालिकाहरूको दुःख दर्द देखेर संवेदनाका साथ बालअधिकारका क्षेत्रमा काम सुरु गरेको संस्था हो सिविन नेपाल । यसलाई अधिकारमूखी आन्दोलनका रूपमा रुपान्तरित गर्न त्यति बेलाको पञ्चायतकालमा संम्भव थिएन । ४६ सालपछि बल्ल यसलाई बालअधिकारको हिसाबले अगाडि बढाउने काम संगठित रूपमा चल्न सक्यो । सुरु सुरुमा पञ्चायत कालकै कुरा गर्ने हो भने परोपकार जस्ता अरु संस्थाहरू पनि थिए । तर तिनीहरू मूलतः अनाथालयका रूपमा चलेका थिए । दुःख पाएका, अनाथ असहाय बालबच्चाहरूलाई ल्याएर राख्ने, पढाइ दिने गर्थे । नाम नै परोपकार थियो । त्यो धार्मिक हिसाबले चलेको थियो । बालअधिकारकै कुरा गर्दा यसलाई विश्वकै मानव अधिकारसँग गाँस्ने काम नेपालमा सिविनले नै गरेको थियो यसमा कुनै दुईमत नै छैन । अब बालअधिकारसम्बन्धी पक्ष राष्ट्र भएपछि त्यो मानव अधिकार समितिमा प्रतिवेदन पठाउने काममा पनि सिविन नेपालकै अगुवाइ रह्यो । नेपालमा बालगृहहरू कसरी चलाउनु पर्छ, भन्ने कुरामा पनि सिविनकै अगुवाइ रह्यो । यहाँसम्म कि बालकल्याण समिति बनाइनुपर्छ, यो हरेक जिल्लामा हुनुपर्छ, बालगृहहरूको न्यूनतम मापदण्ड हुनुपर्छ भन्ने लगायत यस क्षेत्रका सबै कुराहरूको अगुवाइ सिविनले नै गरेको हो । आकस्मिक समस्यामा परेका बालबालिकाहरूलाई उद्धार र पुनःस्थापना गर्ने काममा २४ सै घण्टा खटेर सिविन नेपालले सयौं बालबालिकाको उद्धार गर्‍यो । यी सबै हिसाबले हेर्दा र आधुनिक मानवअधिकार आन्दोदनको हिसाबले हेर्दा बालअधिकार आन्दोलनलाई व्यवस्थित, वैज्ञानिक गर्ने कुरामा सिविन नै नेपालको अग्रणी संस्था हो ।

यसमा एउटा विशिष्ट कुरा के पनि गाँस्न चाहन्छु भने, सिविनले बालअधिकारको क्षेत्रमा काम गर्दा बालबालिकाको माग हैन कि बालअधिकारको कति बेला उल्लंघन हुन्छ, बालबालिकाको दुर्दशाको चरण कति बेला शुरु हुन्छ,त्यस पक्षलाई विशेष ध्यान दिएर काम गरेको छ ।यथार्थमा बालबालिकाको दुर्दशासँगै अभिभावकहरूको दुर्दशा सुरु हुन्छ । किन भने बालबालिकाहरू आफ्नो कुरा आफै भन्न पनि सक्दैनन् । अरु कसैले भनिदिनु पर्छ । त्यसो भएको हुनाले बालअधिकारको क्षेत्रमा काम गर्दा गर्दै पनि त्यो मानव अधिकारको उल्लंघनका अनेकन पाटाहरू महिला अधिकारका कुरा, आर्थिक अधिकारका कुरा, अन्य विभिन्न अधिकारहरूका कुरा आउँछन्, जस्तो आमा–बाबु झ्यालखाना परे भने बालबालिकाहरूको विजोग हुन्छ । कमाउने मान्छेले यातना पाए, अशक्त भई दिए भने त्यसको प्रभाव बालबालिकामा पर्छ । त्यस्तै अनेकन अधिकारहरूको प्रत्यक्ष सम्बन्ध छ । त्यसलाई लिएर उजागर गर्ने काम पनि सिविनले नै गर्‍यो । त्यसै भएको हुनाले बालअधिकारको अग्रणी र बालअधिकारकै क्षेत्रमा दत्त चित्त भएर लागेको संस्था हँदा हुँदै पनि तपाई हामी के देख्छौ भने मानव अधिकारको व्यापक विषयमा काम गरिरहेका अधिकार कर्मीहरूको जे जति संञ्जालहरू छन्, मानव अधिकार सन्धि अनुगमन समन्वय समितिको कुरा गरौं अथवा हिजोको हरेक लोकतान्त्रिक आन्दोलनमा मानव अधिकार कर्मीहरूसँगै हातेमालो गर्ने कुरा गरौं यस्ता हरेक विषयमा सिविनको अतुलनीय योगदान छ । यसमा कसैले पनि दुई मत राख्दै राख्दैन ।

कुनै पनि बालबलिकाले परिवारबाट विमुख हुन नपरोस्, भन्ने एउटा मूल नारा बन्नु पर्छ । किनभने एउटा बच्चा परिवारबाट कतिबेला विमुख हुन्छ, त्यसको कारण हुँदैन

कहिले पनि । अरु अरु हुर्केकाहरूको त आफ्ना कारणले हुन्छन्, तर बच्चाहरू अर्काको कारणले परिवारविमुख भएका हुन्छन् । बच्चाले मातृत्व नपाउनु अति नै दुःखदायी कुरा हो । अति नै संवेदनशील कुरा हो । त्यसो भएको हुनाले बच्चालाई सिंगो परिवारसँग गाँस्ने र परिवारलाई सिंगो मानव अधिकार आन्दोलनसँग गाँस्ने हिसाबले जान सकियो भने राम्रो होला भन्ने मलाई लाग्छ ।

जतिबेला म मानवअधिकार आन्दोलनमा आएकै थिइनँ, त्यति वेलै गौरीजी बालबालिकाका लागि चिन्तित हुनुहुन्थ्यो । आजभन्दा कमसे कम ३० वर्ष पुरानो कुरा होला जति बेला गौरीजी बालबालिकाको लागि सोच्न थाल्नु भयो,त्यतिबेला हामी मुस्किलले संयुक्त राष्ट्र संघको विश्व घोषणा पत्रको कुरा गर्थ्यौं । बालअधिकारको क्षेत्रमा सिविनले गरेको योगदान वौद्धिक र विशिष्ट छ । म त्यसको सम्मान गर्छु । र पछिल्लो चरणमा जे जति मानव अधिकारसम्बन्धी आन्दोलनहरू भए चाहे त्यस आन्दोलनले लोकतन्त्रको कुरा गरेको होस्,चाहे यातना विरुद्ध कुरा गरेको होस्, दण्डहीनताको कुरा गरेको होस्, अथवा महिला, जनजाति, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको कुरा गरेको होस्, अहिले पछिल्लो चरणमा चाहिँ वेपत्ता पारिएका नागरिकहरूको कुरामै भनौं यस्ता तमाम विषयमा सिविन हामीसँगै छ। बालअधिकारको क्षेत्रमा काम गर्ने हिजोआजका व्यवसायिक रूपमा केन्द्रीकृत हुने संस्थाको रूपमा मैले सिविनलाई बुझेको छैन । बालबालिकाको अधिकारको कुरा गर्दा नेपालको समग्र मानव अधिकारको चुनौती सामना गर्ने एउटा राम्रो बाटो खुल्छ भन्ने चिन्तनका साथ आन्दोलनमा लागेको संस्था हो सिविन भन्ने मैले बुझेको छु । हामी सबैजसो संञ्जालमा सँगै छौँ । मानव अधिकारको कुरा गरौँ, दण्डहीनता विरुद्धको कुरा गरौँ, अर्न्तरराष्ट्रिय फौजदारी अदालतको कुरा गरौँ हरेक कुरामा हामीसँगै छौँ ।

बालबालिकाको अधिकार नै सम्पूर्ण अधिकारहरूको माऊ अधिकार हो भन्ने कुरा यस देशका नागरिकहरूबीच सैद्धान्तिक रूपमा स्थापित गर्ने संस्थाको नाम सिविन हो । त्यसमा दुई मत नै छैन । त्यसपछि त्यसका केही सहायक प्रवन्धहरू जरुरी हुन्छन् । त्यसका लागि राजधानीमा चेतना प्रसार भएर मात्र हुँदैन, बालअधिकार संरक्षणका लागि यो चेतना देशैभरि पुग्नुपर्छ र यसको संरक्षणव्यवस्था पनि चाहिन्छ भनेर राज्य तहमा वकालत गर्ने काम नेपालमा जति भएको छ त्यसको अगुवाइ पनि सिविनले गरेकै हो । तेस्रो सबैभन्दा राम्रो पक्ष मलाई लाग्छ यो, त्यो के हो भने सिविनले आफूले मात्र सबै चिजको जस लिने हिसाबले काम गरेको छैन, बालअधिकारकै क्षेत्रमा पनि उसले विभिन्न संस्थाहरूसँग मिलेर काम गरेको छ । अहिले पनि मानवअधिकार सन्धि अनुगमनसमन्वय समितिको बालअधिकारसम्बन्धी समितिमा सिविन छ । कति वर्ष त सिविन त्यसको संयोजकै थियो । अहिले संयोजक त छैन, तर पनि सिविनको संलग्नताले गर्दा त्यो बालअधिकार समितिलाई निकै राम्रो भएको छ ।

बालबालिकाको कुरा गर्दा सबै खाले भेदभावको चिन्तनबाट माथि उठेको कुरा हुन्छ, बच्चा भनेपछि मधेशी हो कि पहाडी हो कि, जनजाति हो कि, बाहुन हो कि, कसैले सोच्दैन । यो एउटा संवेदनशील विषय हो र हाम्रो मूलुकको सबै धर्मले सबै संस्कृतिले बच्चाहरूलाई ईश्वरको रुप भन्छ । त्यसो भएको हुनाले बच्चाहरूबाट थाल्दा यसले समग्र नागरिकहरूको वारेमा व्यापक दृष्टिकोण निर्माण गर्न मद्दत पुर्‍याउँछ । त्यसैले मानव अधिकारको कुरो हामीले बालबच्चाबाट थाल्ने हो भने समग्र मानव अधिकारका विषयबस्तुहरूतर्फ आफ्नो संवेदना वढेको पाउछौं । एउटा बच्चाको कुरा गर्नासाथ प्रजनन स्वास्थ्यको कुरा आउँछ, आमाको कुरा आउँछ । प्रजनन स्वास्थ्य किन विग्रन्छभन्दा घरमा उपयुक्त लालनपालन भएन भन्ने कुरा आउँछ । उपयुक्त लालनपालन किन भएन भन्दा भेदभाव छ भन्ने कुरा आउछ । यसरी परिवारभित्र, र समाजमा पनि विविध खाले भेदभावको कारणले परिवार तथा समाज आर्थिक रूपमा विपन्न हुन्छ । विविध खाले सचेतनाको कमी भएको कारण, भएका संरचनासम्ममा पनि उनीहरूको पहुँच कमजोर हुन्छ । उदाहरणका लागि सरकारले हेल्थपोष्ट राखेको छ, तर कति मान्छेलाई थाहा छैन । संचेतना, संरचना र जिम्मेवारी सबै डोर्‍याउनु पर्ने विषय भएको हुनाले यस क्षेत्रको योगदान त साँचै सम्मानयोग्य छ ।

# बालअधिकार र महिलाअधिकार अन्योन्याश्रित



**सपना प्रधान (मल्ल)**
**अध्यक्ष, एफ.डब्लु.एल.डी**

सिविनले स्थापना कालदेखि एउटा मुद्दा बोकेर आयो, त्यो हो बालबालिकाको मुद्दा । बालबालिकाहरू जो आफ्नो प्रतिनिधित्व त्यो बेला प्रभावकारी ढङ्गले, आफै संगठित भएर गर्न सक्दैनथे । सडक बालबालिका जो एकदमै बढी जोखिममा परेका थिए जसलाई राष्ट्रले बालबालिका भनेर मान्यता दिन समेत गाह्रो मान्ने अवस्था थियो । बालबालिका जो शोषणमा परेका छन्, जसको बस्ने ठाँउ छैन, खाने ठाँउ छैन, पढ्ने वातावरण छैन, जसको जिम्मा राज्यले लिनुपर्थ्यो त्यस्ता व्यक्तिहरूको जिम्मा लिंदै सिविन  बालबालिकाको आवाज बन्यो, अभिभावक बन्यो र न्यायको पहलकर्ता ।

निश्चय पनि एउटा पुरुषले र मानवअधिकारबादी व्यक्तिले पहल गर्दा बालअधिकार पनि मानव अधिकारको विषय बन्न पुग्यो । जस्तो अहिले पनि महिला अधिकारको विषय, बेचविखनको विषय मानव अधिकारबादीहरूले वहन गर्न सक्नु भएको छैन । तर एउटा पुरुषले त्यो मुद्दा लिंदा निश्चय पनि फरक हुने भयो । अतः संस्थागत रूपमा नेतृत्वदायी र एउटा पहलकर्ताको संस्था मात्र भएन कि, त्यसपछि बालबालिकासम्बन्धी ऐन आउदा होस् अथवा राष्ट्रको जुनसुकै नीतिहरू बनोस्, अथवा एउटा बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदनको विषय नै किन नहोस्, महासन्धिको अनुगमनको प्रक्रिया नै किन नहोस्, एउटा गैरसरकारी क्षेत्रको प्रतिवेदन बनाउने कुरामा नै किन नहोस्, हरेक ठाँउमा संलग्न छ । नीतिगत रूपमा पनि काम गरिराखेको छ र नीति तथा कानुनलाई व्यवहारमा रुपान्तरण गर्न पनि काम गरिराखेको छ ।

निश्चय पनि सिविनले बालअधिकार, महिलाअधिकार र वातावरण लगायतलाई जोड्ने काम गऱ्यो । १२८ जना जुन महिलालाई फर्काउने बेलामा, चरीमाया लगायत व्यक्तिहरूलाई फर्काउने बेला पनि समन्वयको भूमिका खेल्यो । हुन त बालबालिका भन्ना साथै बालिका पनि आउँछ । त्यो आधारमा पनि अगाडि बढ्नु पऱ्यो । बालअधिकारको कुरा गर्दा महिला अधिकार, आमाको अधिकारलाई टुटाउन मिल्दैन । केही प्रयासहरू गरेको छ । तर अझ बढी सक्रिय होस् भन्ने हाम्रो चाहना छ । निश्चय पनि केही सीमाहरू छन् । सिविन र महिला कानुन विकास मञ्चबारे सोच्दा त्यस्तै त्यस्तै लाग्छ, कामको प्रकृतिको हिसावले । तर सिविनको व्यापकता के छ भने यससँग सेल्टरहरू पनि छन् । जुन अझ बढी थप बलहरू हुन् । जुन राम्रा पक्षहरू पनि हुन् । तर गर्दै नगरेको हैन कहिले ट्रेड नियममा गरियो होला । तर ती छरिएका विषयमा भन्दा पनि सिविन भन्ना साथै सधै बालबालिकाको एउटा आभास हुन्छ । निश्चय नै हामीले समाजमा बसेपछि यो मुद्दा हेर्छु यो मुद्दा हेर्दिन भन्न मिल्दैन । अहिले पनि कतिपय मुद्दामा सहकार्य गरिरहेका छौं । महिलाका कुरा र वातावरणको कुरालाई पनि, बालकको जीवनसँग जोडेर हेरिएको छ । बालकको भविष्य स्वच्छ वातावरणसँगै जोडिएको छ । ट्रेड यूनियनको कुरा गर्दा संगठित हुने कुरा पनि आउँछ । बालबालिकाहरू

पनि संगठिन हुनु आवश्यक छः नेपालमा हेर्ने हो भने, केही संस्थाहरू केही व्यक्तिहरू अरुले केही गरेनन्, आफुले मात्र गरेको छु भन्ने सोचबाट अगाडि आइराखेका छन् त्यस्तो खालको संस्थाभित्र सिविन पर्दैन । सधै कसरी साझेदारी गरुँ भन्ने, र चाहिँदा आइदियो भने सधैँ साथ दिने संस्थाहरूमा पर्छ सिविन । निश्चय पनि चुनौती लिनु आवश्यक छ कुनै पनि संस्थाले । एउटा सुसानले यो पालना गरेन, लोकतान्त्रिक तरीकाबाट कामहरू गरेन भने आजको परिस्थिमा जहाँ मानव अधिकार आफै चुनौतीमा छ, सुसान आफै चुनौतीमा छ, हामी लामो संक्रमणकालमा छौँ, र दण्डहीनताको अवस्था छ,अहिले यहाँ झनै हाम्रो सामूहिक कार्यको आवश्यकता छ । यस सन्दर्भमा हेर्दा मलाई लाग्छ अहिलेको अवस्थामा सिविन अरु एक्टिभ भएर अगाडि आउनु आवश्यक छ । किनभने, आज सामूहिक आवाज(कलेक्टिभ भ्वाईस)को आवश्यकता छ । फेरी राज्य पुनःसंरचना र एकदमै नीतिगत कानुनी संविधानहरू वनाउँदा पोलिसी लेभलमा अझ बढी संलग्न हुनु आवश्यक छ । कार्यक्रमको लेभलमा यो धेरै सक्रिय छ । तर अझ म भन्छु पोलिसी लेभलमा फोकस गर्नु आवश्यक छ । किनभने जति बेला राजनीतिक सन्दर्भ जस्तो छ त्यसै अनुसार कामहरू पनि गर्नु आवश्यक छ ।

मलाई लाग्छ, यो नागरिकताको आवाजमा संस्थाहरू त्यति प्रभावकारी ढंगले आएकै छैनन् । यो महिलाको मात्रै मुद्दा हुँदै होइन । वास्तवमा महिलाले मातृत्वको सुनिश्चिता, आमाबाट बालबालिकाको पहिचान गर्ने भन्ने कुरा गर्दा बालबालिकाको लागि नै गरिराखेको हो । राज्य विहीनता क्षम्य हुँदैन भन्ने सिद्धान्तलाई स्वीकार गरिसकेपछि, राज्यले जसरी बालबालिकाको पहिचानसँग खेलवाड गर्ने, तिनीहरूको आत्म सम्मानसँग खेलवाड गर्ने, जुन काम अहिले राजनीतिक परिवेशले गराईराखेको छ, त्यसको विरुद्धमा सिविन अझ बढी अगाडि आओस् भन्ने म चाहन्छु । किनभन्दा यहाँ प्रश्न विदेशी नागरिकलाई नेपालमा ल्याउने कुरै हैन,यो त नेपाली महिला यदि विदेशी होइन, नेपाली नागरिक हो, पुरुष सरह नागरिक हो भने,सन्तानलाई पहिचान दिलाउने कुरा पनि कोसँग विहा गऱ्यो, कहाँ बच्चा जन्मियो, नेपालमा बसिराखेको छ कि छैन, भन्ने आधारहरू छन्, जो यथार्थ हो, आमा हो, जो जननी हो, जो वास्तविक्ता हो, उसलाई अस्वीकार गर्ने जुन पितृसतात्मक प्रबृत्ति छ त्यसले बालकको मान, सम्मान, मर्यादा र पहिचानमा प्रश्न उठाउने र राज्य विहीनताको अवस्था सृजना गर्ने काम गरेको छ । कतिपय अवस्थामा कस्टडीको राइटमा प्रभाव पारिराखेको छ, विदेशीसँग विहे गर्दा नेपालमा नागरिकता दिइँदैन, किन दिने कस्टडी भनेर जुन आमाले पाउनु पर्ने प्राथमिकता हो त्यसबाट पनि बञ्चित गरिराखिएको छ । त्यसलाई पनि हेर्नु आवश्यक छ । अर्को पाटो बालबालिकाको उमेर बढाएर पहिचान दिएर पनि वेचविखनको जोखिम बढिराखेको भन्ने जुन कुरा आएको छ, त्यो विषयमा पनि म लाई लाग्छ सिविनले अलिकति संवेदनशील तरीकाले कसरी हाम्रो आफ्नै सुशानको अडान कायम गर्ने भनेर त्यसतर्फ पनि क्रियाशील बन्नु आवश्यक छ । ।

मलाई खट्किने कुरा भने बालगृहहरू जेखडा भैराखेका छन् ती बालगृहहरू कमाउने भाँडोका लागि होइनन् । बालगृहहरू भनेको त जसले भोलि बाहिरबाट उठाउन सकिएन भने पनि आफैले केही गर्न सक्छु भन्ने वर्ग वा संस्थाहरू त्याहाँ आउनु आवश्यक छ । तर यहाँ कतिले बालगृहहरू खडा गर्ने, त्यसपछि धर्म पुत्र पुत्री वनाउन एउटा माध्यमको रूपमा काम गर्ने अथवा खाली विदेशी मात्र आएर बालगृह संन्चालन गर्ने सोचमा काम गरेको देखिन्छ । त्यहाँ जुन बालबालिकामाथि हुने शोषणहरू छन् त्यो विषय सिविनले उठाउनु आवश्यक छ । अर्को, अहिले पनि वालविवाहमा कमी

आइराखेको छैन । मुद्दा बलियो तरीकाले उठिराखेको छैन, विशेष गरेर तराईतिर हेर्ने हो भने । त्यो मुद्दा पनि उठाइयोस् भन्ने म चाहन्छु । किनभने कानुन त आएको छ, तर कानुनको प्रभावकारी कार्यान्वयन भैराखेको छैन । तेस्रो कुरा धर्म पुत्र पुत्री पाल्ने कुरा र त्यसको अनुगमन प्रणलीमा पनि ध्यान दिनु आवश्यक छ । सबै जनालाई विदेशीले नै धर्म पुत्र पुत्री पाल्ने किन ? नेपालीले पनि धर्म पुत्र पुत्री पाल्न पाउनु पर्छ । हाम्रो कानुन आफै पनि यसमा बाधक छ । धर्म पुत्र पुत्री पाल्नलाई उत्साहित गर्नुभन्दा पनि १० वर्षभित्र सन्तान भएन भने अर्को विवाह गर्न छुट दिइन्छ । त्यस्तो विभेदपूर्ण कानुनलाई संशोधन गर्ने कुरामा पनि नीतिगत आवाज उठाउनु आवश्यक छ । सकेसम्म नेपालीले पालुन्, नेपाली नपाल्ने हो भनेदेखि मात्र विदेशीलाई पाल्न दिने र अनुगमन प्रणाली नियमित बनाउने व्यवस्था गर्नु आवश्यक छ । त्यहाँभित्र पनि सुशान, बेचविखनमा मात्र हैन, सुशानमा हेर्न आबश्यक छ । अनि स्कुलहरूमा बालमनोविज्ञान बुझ्रेर पढाउने सिकाउने व्यवस्था गरिनु आवश्यक छ । बालबालिकाको मनोविज्ञान नहेरी पढाउने, व्यवहार गरिने अवस्थाहरू छन् त्यसबाट पनि धेरै नकारात्मक असरहरू पर्न सक्छ भनेर त्यतातिर पनि ध्यान जाओस् । अहिले संविधान बन्ने क्रममा बालबालिकाको राज्य विहीनता अस्वीकार हुने र बाबुको पहिचान भए मात्र नागरिकता दिने आमालाई वास्ता नगर्ने परिपाटीमाथि ध्यान दिनु पर्‍यो । सडक बालक र अनाथ बालबालिकाहरूको पहिचानको सुनिश्चिचताका लागि पनि संविधान निमार्णकै प्रक्रियामा जोडदार तरिकाले सिविनले आवाज उठाओस् ।



# अतितको संझना

**डा. बिजय सैंजू**
**संस्थापक सदस्य सिविन, हाल कार्यकारी अध्यक्ष, कन्सर्न नेपाल**

२०४६ सालको जन आन्दोलन अगाडि बालअधिकार तथा मानवअधिकारको कुरा गर्ने छलफल गनै सम्भवनै थिएन । यस माथि बालमजदुरको उपस्थिति र तिनको शोषणको कुरावारे गफ हांक्नु मात्रै पनि अपराध जस्तो । यस्तो परिस्थितिमा बालमजदुरको नामाकरण गरी संस्था दर्ता गर्नु त असम्भव जस्तै कुरो भै हाल्यो । यस्तो पस्थितिमा त्यसबेला सिडिओ कार्यालयमा बाल मजदुर सरोकार केन्द्रको संस्था दर्ता गर्न तम्सियौं हामी । यसको अगणी भूमिका लिन तयार भए त्यसताकाका अखिल विद्यार्थी नेता गौरी प्रधान । पार्टी नै प्रतिवन्धित अवस्थामा रहेको बेलामा एक अखिल नेताको अगुवाइमा संस्था दर्ता के गर्थे र ? सिडिओ कार्यालयमा झुलाइयो ६ महिनासम्म । त्यस पछि दर्ता फाइलनै हराएको जानकारी गराइएपछि सबै जिल्लाराम भइयो । अव के गर्ने ? प्रश्न अनुत्तरित थियो । हामी युनिभर्सिटीबाट भरखँरै पढाइ पूरा गरेर निस्केका विद्यार्थी अब के गर्ने भन्नेमा अल्मलिरह्यौं । तैपनि विना साइनवोर्ड सिविनको नामले आफ्नो अर्ध भूमिगत शैलीमा सानातिना बाल मजदुरहरूको अवस्था बारे जनचेतनामूलक कार्यहरू गर्दै गयौं । खासगरी सडक बालबालिकाहरूमा केन्द्रित भएर काममा लाग्यौं । दातृसंस्थाहरूसँग काम गर्नलाई संस्था दर्ता अनिवार्य जस्तै थियो, तसर्थ एउटा विचार आयो । सिविन दर्ता गर्न तम्सिएका हामी केही विद्यार्थी मध्ये स्नातकोत्तर एमबीएमा प्रथम श्रेणीमा उत्तीर्ण हुनेमा म पहिलो थिएँ । त्यस बेला नेपाल सरकारको उद्योग विभागको नीतिमा स्नातकोत्तर प्रथम श्रोणीमा उत्तीर्ण गरेकाहरूलाई कन्सल्ट्याण्ट कम्पनी खोल्न अनुमति दिने रहेछ । यसै प्रावधानलाई प्रयोग गर्ने हेतुले सो प्रस्ताव गौरीजीलाई राखियो र वहाँलाई पनि नयाँ आँखा भेटिए जस्तो भयो । यसरी उद्योग विभागमा दर्ता गर्ने सहमति भयो । तर एउटा अपठ्यारो आइलाग्ने कुरा गौरीजी लगायत साथीहरूबीच बहसमा राखियो । त्यो के भने सामाजिक संस्थाको नाममा दर्ता गर्दा नाफामूलक हुन नहुने तर अनुसन्धानमूखी कन्सल्ट्यान्टको रूपमा दर्ता गर्दा नाफामूलक हुनुपर्ने व्यहोराको प्रावधान राख्नै पर्ने भयो । हामी एक छिन अल्मलियौं । तर अध्यक्ष गौरी प्रधानले नाफामूलक भनेरै अहिलेलाई राखुं न त भन्नुभयो । त्यही अनुरुप हामीले निर्णय गरी त्यसताका टेकुमा अवस्थित उद्योग विभागमा गई मेरो एमबीएको प्रमाणपत्र पेश गरी 'बाल मजदुर सरोकार' केन्द्र विधिवत् दर्ता गरियो । संस्था दर्ता प्रक्रियामा चाहिने कागजात सपै मिलाउने काम गौरीजीकै एक आफन्त र सिविनको संस्थापक सदस्य अशोक श्रेष्ठ हुनुहुन्थ्यो ।

### पहिलो अन्तर्राष्ट्रिय सम्मेलन

संस्था दर्ता पछि फूर्ति नै बेग्लै, मलाई अझै संझना छ २०४४ सालमा त्यसबेलाको होटल ब्लूस्टारमा नेपालमा पहिलो पल्ट बालमजदूसम्बन्धी दक्षिण एशियाली अन्तरराष्ट्रिय कार्यशाला गोष्ठी आयोजना गरियो । यसमा निर्धक्क भएर बाल बचाउ नर्वेले प्रायोजन गरेको थियो । संस्थाका अध्यक्षले विद्यार्थी जीवनमा हासिल गरेको अन्तरराष्ट्रिय भाइचारा सम्बन्धले ठूलो काम गऱ्यो । उक्त अन्तरराष्ट्रिय सम्मेलन सम्पन्न गर्न कुनै कठिनाइ भएन ।

### राजनीतिक अस्थिरता बीचको सिविन

नेपालमा रामराजा प्रसाददारा गरीएको भनिएको २०४२ सालको बम काण्ड पछि त्यसताकको सरकारलाई फाल्न राजनीतिक सरगर्मी तात्दै आइरहेको थियो । अन्तर्राष्ट्रिय

सम्मेलनको सफलता पछि सिविन संस्था सरकारको आँखाको तारो बन्दै गएको त छंदै थियो । चूनौती हाम्रो सामु गम्भीर थियो । जमलको एउटा घरभित्रको सानुकोठामा सीमित रहेको सिविनलाई कार्यालय स्थापना गरी बाहिर साइनबोर्ड समेत झुण्ड्याउने गरी ल्याउने कसरी ? यसमा सहयोग गर्नुभयो कालिमाटीको त्यसताकाको वडा अध्यक्ष स्व. जीवन मानन्धरले । पद्मरत्न तुलाधारज्यूसँगको भाषिक आन्दोलनको सम्पर्कले गर्दा अलि निकतम रूपमा मैले चिनेको नाताले वहाँलाई एउटा कार्यालय खोजि दिन आग्रह गरें । वहाँको गौरी प्रधानसँग भेटघाट नभए पनि अखिलप्रतिको विस्वास र पद्मरत्न तुलाधरप्रतिको आस्थाले गर्दा तुरुन्तै सहयोग गर्ने बचन स्वरुप १३ वडा स्थित सुनिल थापाको घरमा एउटा अफिस कोठा र एउटा हल कोठा सहुलियत दरमा उपलव्ध भयो । के खोज्छस् काना आँखा भने झैं हामी तुरन्तै जमलको अँध्यारो कोठाबाट कालिमाटी सर्यौं, साइनबोर्ड सहित ।

**२०४६ सालको आंदोलन**

त्यसताकाको सरकारविरुद्ध र बहुदलीय व्यवस्थाको लागि आन्दोलन नजिकिंदैं थियो । साथसाथै सं.रा. बालअधिकार महासन्धीलाई नभेम्वर २० तारिखका दिन संयक्त राष्ट संघबाट सन् १९८ ९मा पारित भयो । यो बडो खुसीको कुरो थियो हामीलाई । छयालिस सालको आन्दोलन एकाएक उत्कर्षमा पुग्ला र आफु भूमिगत हुनुपर्ला भन्ने त्यसताका अखिल पाँचौका नेता गौरी प्रधानजीलाई विस्वासै थिएन । त्यसैले त्यसबेला युनिसेफसँगको सहकार्यमा बालअधिकार महासन्धीलाई नेपालीमा रुपान्तरण गर्ने जिम्मा वहाँले लिनु भएको थियो । उद्देश्य थियो सो महासन्धीलाई मुलुकभर प्रचार गर्ने । तर विडम्वना आन्दोलन क्लाइमेक्समा पुगेपछि गौरी प्रधानजी भूमिगत हुनुपर्ने भयो । भूमिगतकै अवस्थावाट फोन आयो युनिसेफको उक्त कार्य पूरा गर्ने वारे । उपाय थिएन या त कार्य छोड्ने या त पूरा गर्ने । तसर्थ म त्यो जिम्मा पूरा गर्ने निधोमा पुगें र उक्त महासन्धिलाई पूर्ण रूपमा नेपालीमा रुपान्तरण गरी छोडें । सो रुपान्तरित गरिएको नेपाली भाषाको महासनधिलाई मैले पूरा गरेको कार्यलाई अलि अलि ग्रामेटिकल करेक्सन गर्ने काममा ‘लिगल रिसर्च सेन्टर’ नामक संस्थाले मद्दत गर्‍यो । यसै बीचमा नेपालमा आन्दोलन सफल भयो, बहुदल आयो सबै खुसी हुन पायौं ।

केही समयपछि उक्त अनुदित बालअधिकार महासन्धि कृति प्रकाशित हुँदा थाहा नै नपाई सिविन र आफ्नो नाम समेत छाप्ने काम गर्‍यो लिगल रिसर्चले । तर केही वर्षपछि सो अनुदित बालअधिकार महासन्धिमा सिविनको नामै हटाईयो र मात्र अनुवादकमा ‘लिगल रिसर्च सन्टर’को नाम मात्र प्रकाशित भयो । यसमा मैले प्रतिवाद गरेको थिएँ । त्यसपछिको पुनः संस्करणहरूमा दुवैको नाम गायब थियो । यहाँसम्ममा मैले सिविनसँग विदा लिइसकेको थिएँ, तसर्थ व्यक्ति विशेषको पूर्वाग्रहप्रति ध्यान नै दिइएन । कन्सर्न नेपालमा आवद्ध भएर आफ्नो बालअधिकारको काममा निरन्तरता दिइसकेको थिएँ ।

अन्तमा, नपत्याउँदो किसमिले २५ वसन्त वर्ष पार गरी सकेको रहेछ । सिविन आन्दोलन बीचको नेपालको बालअधिकार क्षेत्रमा पाइनीयर संस्था भएको र यस क्षेत्रमा सिविनको नेतृत्वदायी भूमिका नेपालमा अझै पनि अपरिहार्य रहेको यथार्थतालाई कसैले नकार्न सक्दैन । बालबालिकाहरूको अवस्था २५ वर्षपछि अर्थात् हालसम्म पनि दयनीय रहिरहेको ध्यानमा राख्दै ती बालबालिकाहरूको सुनौलो भविष्यका निम्ति यसले राष्ट्रिय तहमा नेतृत्व लिन सक्नुपर्छ । **सिविनले अब सिविन बनाउने हैन देश बनाउने सोंच राख्नुपर्छ ।**

अन्तमा, सिविनको २५ सौं वर्षगाँठको उपलक्ष्यमा म संस्थापक सदस्य भएको नाताले हालको अध्यक्ष श्री माधव प्रधानजी लगायत सम्पूर्ण यसका कार्य समितिका सदस्यहरू, साधारण सदस्यहरू, आवद्ध भएका बालअधिकारकर्मीहरू सम्पूर्णलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।



# बालस्वास्थ्य अधिकारका लागि सहकार्य

**डा. भरत प्रधान**

**अध्यक्ष, जनस्वास्थ्य सरोकार केन्द्र**

सिविन भन्ने बित्तिकै मलाई पुराना दिनहरू याद आउछ । गौरी त्यति बेला विद्यार्थीको नेताको रूपमा चिनिन्थे । भेटघाटको क्रममा बाल श्रमिकहरूका सम्बन्धमा केही नयाँ कुराहरू गरौं भनेको र केही नयाँ सोचाई राखेको नै नेपालको निमित्त असाध्यै ठूलो नौलो सोचाइ त्यो गर्नु ठूलो चालेन्ज जस्तो लाग्थ्यो त्यतिबेला । २५ वर्ष बितिसकेछ । २५ वर्षको अवधिमा सिविनेले गरेको काम मात्र हैन सिविन आफै पनि अभियान कै रूपमा छ । बालबालिकालाई माया गर्नुपर्छ भन्ने मायाको मात्रै अवधारणा वोकेको समाजमा सिविनले अधिकारको कुरा ल्याएर ठूलो परिवर्तनको चेतना आयो । यी २५ वर्षमा एउटा आन्दोलनकै रूपमा नै सिविन अगाडि उभिएको छ र आज पूरा देशलाई मात्र हैन कि अन्तराष्ट्रिय क्षेत्रमा समेत पनि ठूलो भूमिका निर्वाह गरेको छ । यो ज्यादै ठूलो उपलब्धि हो जस्तो लाग्छ ।

नेपालमा बालबालिकाहरूको विषयलाई संस्थागत रूपमा सिविनले सुरु गरेको थियो । केही नभएको शून्य अवस्थाबाट अगाडि बढेको हुनाले सिविनको अग्रणी भूमिका ज्यादै नै सराहनीय छ । सिविनकै पहलमा महासन्धिहरूको डाफ्ट वनाउनेदेखि लिएर महासन्धि सम्पन्न हुने सम्मको कुराहरू भए । नेपालमा बालअधिकार, बालकहरूको हक, हित निमित्त ऐन कानुन नै थिएन । ऐन कानुन बनाउने काममा पनि सिविनले नै अग्रणी भूमिका लियो । सरकारलाई घचघच्याउने कुराहरू, विभिन्न संघसंस्थाहरू, एन. जी.ओ.लगायत, हाम्रो जस्तो संस्थालाई सचेत गराउने काम पनि सिविनले गऱ्यो ।

मोडेल अस्पताल सिविनभन्दा ४/५ वर्ष ढिलो जन्मिएको संस्था हो । हाम्रो संस्था सुरु हुनुभन्दा अगाडिदेखि नै हाम्रो जनस्वास्थ सरोकार ट्रष्ट सुरु गर्दादेखि नै हामीले सिविनसँग सहकार्य गऱ्यौं । सबभन्दा पहिले सडक बालबालिका र श्रमिक बालकहरूको निमित्त कमन रुममा हुँदादेखि नै उनीहरूको स्वास्थ परीक्षण गर्ने कुराहरू, टेम्पो, बसमा कार्यरत बालबालिकाहरूको स्वास्थ्यमा कति प्रभाव परेको छ भनेर रिसर्च गर्ने कुराहरूदेखि लिएर थुप्रै कुराहरूमा स्वास्थ्यको क्षेत्रमा हाम्रो जनस्वास्थ्य सरोकार ट्रष्टले सहकार्य गर्दै आएको छ ।

ठूलो स्तरमा र सामूहिक रूपमा रिसर्च गर्ने, समयसमयमा सिविनले संञ्चालन गरेको गृहमा रहेका बालबालिकाहरूको उमेर विस्तारै वढ्दै जाने क्रममा पनि उँहरूको स्वास्थ्यमा आएको परिवर्तनहरू, समस्याहरूलाई जानकारी लिनको निमित्त र उहाँहरूलाई सहयोग गर्नको लागि सहकार्य गर्दै आईरहेको छौ ।

मनोवैज्ञानिक रूपमा, स्वास्थ्यको, कुनै व्यक्तिको आफ्नो उमेर अनुसारले विकास हुदै जान्छ, त्यो बेलामा विकास कसरी हुन्छ, त्यसमा पर्ने प्रभावहरू र आइपर्ने समस्याहरूको निम्ति चेतनाको बृद्धि लगायत शिक्षाकै कुराहरूमा पनि हामीहरू अगाडि वढ्नु पर्छ भन्ने हामीलाई लाग्छ । केही हदसम्म ती कुराहरू गर्ने प्रयास गरिराखेका छौ । यौन शोषणका कुराहरू देखि लिएर बालिबालिकाहरूमाथि हुने दुर्व्यवहारका कुराहरूमा हामीले बालबालिकाहरूको विकाससँगसँगै मनोवैज्ञानिक कुराहरूमा जानकारी दिएर अगाडि वढ्नुपर्छ ।

मुलुकमा महासन्धिदेखि लिएर ऐन कानुन वनाउने प्रक्रियासम्ममा ठूलो भूमिका खेलेको छ सिविनले । त्यसलाई अझ व्यवहारिक रूपमा कार्यन्वयन गर्ने पक्षमा अझ पनि काम बाँकी नै छ जस्तो मलाई लाग्छ । त्यसको निमित्त दवावमूलक कामहरू गर्नको निमित्त सरकारलाई यस्तो काम अगाडि वढाउन वाध्य बनाउनको निमित्त सिविन एक्लैलेभन्दा पनि सिविन जस्तै अरु पनि बालअधिकारकर्मी र संस्थाहरू छन् । सबैको नै सहयोग जुटाउने, सञ्जालहरू बनाएर काम गर्ने गर्दा बालबालिकालाई शोषण, उत्पीडनबाट मुक्त गर्न र उनीहरूको अधिकार स्थापित गर्न सजिलो पर्छ । अझै विभिन्न समस्याहरूमा कार्यक्रम मात्र हैन कि अभियानै चलिराखेको छ भने, यसमा निरन्तरता दिइराख्नु सजिलो पर्दछ । सिविन अग्रणी संस्था भएको हुनाले र त्यसमा समय अनुसार नयाँ नयाँ कुराहरू आइसकेको हुनाले त्यसमा समेत दृष्टि पुऱ्याएर अगाडि वढ्ने कुरामा हुनसक्दछ । यसका लागि हाम्रो शुभकामना छ ।

संस्थागत रूपमा सामान्य सञ्जाल मात्रै नभएर सहकार्यको निमित्त दीर्घकालीन प्रभाव पर्ने किसिमबाट नै समझदारी गर्दै अगाडि प्रशस्तै ठूला बढेका स्थितिमा ठूला कार्यहरू गर्न सक्छौँ । किनभने महिला र बालबाकिाहरूका समस्याहरू संसारभरी अग्रस्थानमा छन् र तिनीहरूमा हामीले ध्यान पुऱ्याउनु पर्दछ । त्यस्तै पुरुषहरूका भन्दा महिलाहरूका समस्याहरू बढी संवेदनशील छन् । बालबालिकाहरूको स्वास्थ्य अधिकारसम्बन्धी जति पनि कुराहरू छन् त्यसमा सहकार्य गर्नको निमित्त अझै प्रतिबद्ध भएर अगाडि बढ्नुपर्छ जस्तो मलाई लाग्दछ ।

# सञ्जालको सहकार्यमा बालअधिकार आन्दोलन



**गणेश विक**

**अध्यक्ष, मानवअधिकार एलायन्स**

सिविन स्थापना हुँदा म बझाङ्गतिर थिएँ होला, तर पनि बालअधिकार भनेको सिविन हो भन्ने खालको मेसेज हामीले त्यति बेला पनि पाउँथ्यौं । नेपालमा बालअधिकारका २५ वर्षको यात्रालाई व्यापक प्रभाव पार्ने एउटा संस्थाका रूपमा सिविनले नेतृत्व गऱ्यो । यसरी सरकारी कार्यालयहरू, गैरसरकारी संस्थाहरू, नागरिक समाज र अरु मानवअधिकार आन्दोलन समेतलाई यहाँसम्म सँगै ल्याउने काम सिविनले गऱ्यो जस्तो लाग्छ । बालअधिकार त सिविनको विशिष्ट पहिचान नै बन्यो । कतै कुनै बालबालिका समस्यामा पऱ्यो, कतै केही पढाइ, लेखाइ गर्नुपर्ने भयो भने सिविनमा गएपछि हुन्छ भन्ने खालको एउटा स्थिति सिविनले निर्माण गऱ्यो ।

सिविनले बालअधिकारको विषयलाई उठायो यसपछि अरु संस्था पनि एउटा एउटा विशिष्ठ विषय समेट्दै स्थापना हुन सुरुभए । जस्तो इन्सेक, आर आर एन आदि । नेपालको बालअधिकार आन्दोलनलाई यस ठाउँसम्म ल्याई पुऱ्याउने काममा सिविनको ठूलो र महत्वपूर्ण भूमिका छ ।

सिविनले बालअधिकार आन्दोलनमा एकदम सुझबुझका साथ मानवअधिकार र बालअधिकार एक अर्काका परिपूरक हुन् भन्ने कुराको विकास गर्दै आयो । सिविनको कामबाट कस्तो देखिन्छ भने कुनै किताबको अथवा कुनै पाठ्यक्रमको कुनै पोलिसीको कुनै एउटा ठाउँमा बालअधिकार लेखिनु महत्वपूर्ण होइन तर सिङ्गो जीवन पद्धतिमा जीवनको रुपान्तरणसँग जोडेर बालअधिकारलाई लिनुपर्छ, र त्यसलाई मानवअधिकार आन्दोलनको रूपमा विकास गर्नुपर्छ । सिविनलाई एउटा आधार बनाएर अब नेपालमा बालअधिकार आन्दोलनलाई, महासंघ, मानवअधिकार संरक्षण मंच, मानवअधिकार एलाईन्स, एच.आर टी एम सी सी जस्ता थुप्रै खालका नेटवर्कहरू जति पनि बनेका छन् ती नेटवर्कहरूले बालअधिकारको अभियना अगाडि बढाउनु पर्छ । अहिले सिविन बिनाका नेटवर्कहरू धेरै कमै देख्न सकिन्छ । विशेष गरेर अन्य संस्थाहरूका कार्य र एलायन्सहरूको कामको प्रकृति र सिविनका कामको प्रकृति कहिले पनि बाँझिएन् । धेरै गैरसरकारी संस्थाहरू अरुले दिएको पैसाका पछि लागेर काम गर्दछन् । तर सिविनले आफ्ना गतिविधि रुकुम, रोल्पा, सुदूर पश्चिम कर्णाली जहाँसुकै भए पनि आफ्ना गतिविधिहरू निरन्तर रूपमा विशिष्ट किसिमबाटै सञ्चालन गर्दै आएको छ । हेका छन् र उसको समन्वयमा भएका अलाईन्सेसहरू छन् ।

सिविन जुन सुकै सञ्जालमा रहेर पनि राजनीति, नागरिक समाज, गैसस महासंघदेखि लिएर सबै क्षेत्रका कामहरूसँग जोड्ने आफ्नो आन्दोलनलाई जोड्ने र उनीहरूलाई बालअधिकार र बालअधिकारमूखी बनाउने खालका काममा सिविनको भूमिका महत्वपूर्ण देखिन्छ ।

सिविनले बालअधिकारको विरुद्धका कुनै पनि घटना हुनासाथ यसले प्रेस रिलिजहरू गर्ने त्यसलाई फ्याक्ट फाइन्डिगहरू गर्ने त्यसका डकुमेन्टहरू निकाल्ने र त्यसपछाडि सरकारसँग नीति निर्माणका लागि पहल गर्ने जस्ता काममा निरन्तर रूपमा लाग्यो । सिविनका गतिविधि कहिल्यै राजनीतिक विवादमा नपर्ने ढंगले गयो, बालअधिकार आन्दोलनलार्य असर नपर्ने गरी जगफबल चष्नजत ञ्यखभ्रूभलत मा, एन जी ओ ञ्यखभ्रूभलत मा देखियो यसको परिणाम स्वरुप पूर्व अध्यक्ष र मानवअधिकार आयोगको प्रवक्ता सदस्यसम्म हुनु बन्नु भयो ।

सिविनले सबै क्षेत्रहरूलाई जोडेर लान सक्यो । हिमाल, पहाड, तराई सबै ठाउँहरूलाई जोडेर बालबालिकाका सबै अधिकार मानवअधिकार हुन् भन्ने गरी जोडेर अगाडी आउन सक्यो । यो एउटा राम्रो विशेषता हो । सिविनको कार्यशैली अरुको भन्दा फरक छ । मलाई कहिलेकाही के

लाग्छ भने सिविनका साथीहरू मसिनो ढंगले काम गर्नुहुन्छ । अब नेशनल मात्र नभएर इन्टरनेशल रूपमा सिविनले आफ्ना गतिविधिहरूलाई, र उपलब्धिहरूलाई प्रदर्शन गर्ने गरेको छ । सिविनको कार्य पारदर्शी र तथ्यपूर्ण छन् ।

सिविनको नेतृत्व र सम्लग्नतामा मानवअधिकार एलाईन्स, एटविन, एनजीओ फेडशन जस्ता सञ्जालहरू निर्माण भए, जसमा निरन्तर सिविन सदस्य रहेर कार्य गर्दै आएको छ । बालअधिकारलाई आधार बनाएर मानवअधिकार, मानव ओसारपसार, एनजीओ आन्दोलन मा सक्रिय सहभागी हुँदै आएको छ । सिविनले सञ्जाल सदस्यहरूलाई पनि बालअधिकारको विषयलाई केन्द्रभागमा राखेर काम गर्न प्रोत्साहन गर्दै आएको छ जसमा "विद्यालय शान्ति क्षेत्र" देखि लिएर थुप्रै अभियानहरूको वर्गीकरण गर्न सकिन्छ । एउटा व्यापक राष्ट्रिय नेटवर्क मार्फत् व्यापक राष्ट्रिय स्तरमा प्रोजेक्टहरू संचालन गरेर ७५ जिल्लामा जान सम्भव थिएन । तर अहिले गर्वका साथ के भन्न सकिन्छ भने सिविनले स्थापना गरेको एलाईन्स या एन जी ओ फेडरेसन लगायतका सबै संस्थाहरू ७५ जिल्लाका सबै गाविसहरूमा पुगेका छन् । जस्तै अहिले हामी मानवअधिकार एलाईन्स भनेर एक गाविस रक्षक अभियानमा छौं र यस अभियानलाई स्वभाविक रूपमा सिविनले अगाडि बढाएको बालअधिकारआन्दोलनसँग जोडेर त्यहाँका बालअधिकारका कुरालाई उठाउने गरेका छौं । अहिले हरेक जिल्ला विकास समितिमा बालबालिकासम्बन्धी कुराहरू अगाडि बढी रहेका छन्, त्यसले गर्दा यसको नेटवर्किङ्गमा पनि यस आन्दोलनलाई अथवा यस अजषीम चष्नजत ञयखझभलत लाई अगाडि बढाउने र अरु नेटवर्कहरू मार्फत् जोडेर लैजाने कुरामा एकदमै राम्रो गरेको देखिन्छ ।

सिविनले कार्यक्रमहरू संचालन गर्दा कुनै जातीय, लिङ्गीय र क्षेत्रीय आधारमा विभेद गर्दैन उसले तीनवटैबीच एक खालको अन्तर घुलनको परिस्थितिलाई बलियो बनाएको छ । नीतिगत रूपमामा हेर्दा विद्यालय शान्ति क्षेत्र हुन् भन्ने अभियानको नेतृत्व पनि सिविनले गरेको हो । वृहत् शान्ति सम्झौतामा पनि बालबालिकाको सुरक्षको विषय पारित भएको अवस्था हो । अन्तरिम संविधान निर्माणका सन्दर्भमा पनि बालअधिकारसँग सम्बन्धित कुरा संविधानमा समावेस भएकोछ । त्यस कार्यमा पनि सिविनको भूमिका स्मरणीय छ । नीतिगत हिसाबले जिल्ला विकास समितिमा, जिल्ला बालकल्याण समितिमा बालसहभागिता र बालबालिकाको विषयले स्थान पाएको छ । यसै कारण पनि नीतिगत कुरामा जस्तै अब ३ वर्षे कार्ययोजना, ५ वर्षे कार्ययोजना, बालअधिकारसम्बन्धी त्यससँग जोडेर १० वर्षे कार्ययोजना र त्यसपछि त्यससँग जोडेर मानवअधिकारसम्बन्धी ३ वर्षे कार्ययोजना आइरहेको छ । अहिले मानवअधिकार आयोगले पनि बालबालिकासम्बन्धी एउटा बालअधिकार डेक्स स्थापना गरेको छ । बालबालिकासम्बन्धी जुन १० वर्षे कार्ययोजना बन्यो त्यसको संयोजक पनि गौरी जी नै हुनुहुन्थ्यो । आज बालअधिकार र बालबालिकाका क्षेत्रमा कसैले स्पेशलाईजेसन गरेर आएपनि यसको विशेषज्ञ चाहि सिविननै सावित हुन्छ । यो सिविनको कामले स्थापित गरेको तथ्य हो । यर्थाथमा काँग्रेस, कम्न्युष्ट जस पनि बालबालिकासम्बन्धी केही काम गर्नुपर्‍यो भने सिविन सम्झन्छन् ।

सिविनले विगत २५ वर्षमा प्राप्त गरेको उपलब्धिहरूलाई संस्थागत गर्ने निर्माणको प्रक्रियामा अगाडि बढने कुरा महत्वपूर्ण हुन सक्छ । सिविनले कम्तीमा पनि अहिलेका ५विकास र भोलिको फेडरल राज्यहरूलाई पनि समेट्ने गरी र कम्तीमा ३ वटा रिजनल अफिसहरू चलाउनु राम्रो हुन्छ । बालबालिकको घरेलु हिंसाको समस्या, यति ठूलो छ,समाधान खोज्न हरेक मान्छे काठमाडौमा आएर सम्भव छैन । जिल्ला जिल्लामा पनि यसको शाखा खुलाएर सञ्जाल बनाएर अगाडि बढ्नुपर्छ । बालअधिकारमा काम गर्ने संस्थाहरूको सजाल बनाउदै विभिन्न ठाउँमा ३ वटा क्षेत्रीय हेड क्वार्टर बनाएर यसमार्फत काम गर्न सकियो भने यसले भविष्यमा बालबालिकाहरूलाई ठूलो सेवा दिन सक्छ जस्तो लाग्छ । मधेस, दलित जनजाति महिला र कर्णाली लगायतको दुर्गम क्षेत्रका आदिवासी जनजातिका विभिन्न समूदायलाई समन्वय गरेर अगाडि बढ्नुपर्छ ।

# कन्सोर्टियमको क्रियाशीलतामा सिविन

**जयम बाबु श्रेष्ठ**
**अध्यक्ष, कन्सोर्टियम**

जुन बेला सिविनको स्थापना भयो । त्यो बेलाको परिवेश परिस्थिति राजनीतिक माहौल सबै फरक थियो र मलाई अझै पनि याद छ। एउटा कार्यालय राख्नको लागि डेरा दिनु पनि गाह्रो मान्ने अवस्था थियो । बालश्रम भनेको हामी कहाँ छैन, भन्ने खालको एककिसिमको ढाक छोप गर्ने पर्दा लाउने खालको प्रयासमा ठूला मान्छेहरू नै लागेको अवस्था थियो । त्यसताका एकपटक विजयकुमारले नेपाल टेलिभिजनमा प्रधानमन्त्री गिरिजा प्रसादलाईसोधेको थियो। नेपालमा बालश्रमको अवस्था के छ ? दियर इज नोट चाइल्ड लेबर इन नेपाल भनेका थिए गिरिजा प्रसादले । त्यो खालको मनस्थिति थियो त्यसमा अब बिस्तारै बिस्तारै परिवर्त्तन आएको छ ।

हामीकहाँ परिवारभित्र पनि ठूलो मान्छेको गल्ती नहुने, बालबालिकालाई वास्ता नगर्ने परम्परा छ । यस्तो परम्पराले गाँजेको मूलुकमा बालअधिकार महासन्धिको घोषणा सँगसँगै सिविनले काम गर्न थाल्यो । त्यति मात्र नभई महासन्धि आउनु अगाडिको मस्यौदालाई अनुवाद गर्ने र त्यसका साथै महासन्धी अनुमोदन भइ सकेपछि त्यसलाई नेपालीमा अनुवाद गरेर यहाँ व्यापक रूपमा प्रचार प्रसार गर्ने काम पनि सिविनले गऱ्यो। यो सुरुवात थियो जग बसाल्ने काम थियो। यो अवस्थामा पनि सिविनले नेतृत्वको भूमिका निर्वाह गरि रहेको अवस्था पनि थियो र छ। यो एकदमै सराहनीय कुरा हो किनकि सिविन विभिन्न संघसंस्थाहरूको क्षमता निर्माण को लागि त्यहाँ रहेको स्रोतव्यक्तिहरूलाई तालिम दिने कुरामा धेरै अगाडि देखि नै लागि रहेको हो। अहिले आएर राज्यस्तरमा धेरै कामहरू भएको देखिन्छ । विशेष गरी अधिकारको कुरा स्वीकार्नु पनि ठूलो कुरा हो । थुप्रै कानुनी सुधारहरू भएको छ । केन्द्रय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति देखि गाउँस्तरीय बालसंरक्षण समिति सम्मको व्यवस्था बालसहभागिताको व्यवस्था भएको छ ।

गैरसरकारी संघसंस्थाहरू सीमित र सानो इकाईमा स्थापना भए पनि गैससले सबैलाई बाटो देखाउनका लागि नेतृत्वकारी भूमिका लिन सक्छ । समग्र बालबालिकाको हक हित सुनिश्चित गर्नका लागि बाटो देखाउने कामहरू गर्नसक्छ । पहिलो रूपमा स्थापना भएर अग्रणी रूपमा भूमिका निभाउँदै आइरहेका गैसर हो सिविन ।

सिविनले जुन गरिआएको भूमिका छ । विभिन्न समस्याहरू लाई समाउँदै निराकरण गर्दै लाने कुरामा अघि बढी रहेको राम्रो उदाहरण छ। यसै परिप्रेक्ष्यमा अझ हामीले सुझावको रूपमा राख्ने हो भने राष्ट्रिय स्तरमा बालअधिकारको संरक्षणको लागि र नीतिगत रुपमै आवश्यक सुधार गर्दै जानका लागि प्रयास गर्ने कुराहरूमा र त्यसको लागि समूहगत रूपमा गैरसरकारी संस्था सरकारी निकायहरूलाई समेत सँगसँगै लिएर नीतिगत सुधारहरू गर्दै बालबालिकाहरूको भविष्य सुनिश्चित गर्नका लागि अझै पहल गर्नु पर्ने मैले देखेको छु ।

वास्तवमा कर्न्सोट्रियमको कुरा गर्ने हो भने कर्न्सन र सिविन सुरुदेखिको अहम भूमिका निभाउँदै आएको संस्था हुन् । त्यसमा खासगरी सहभागिताको लागि काम गर्ने र विशेष गरी बालक्लबलाई अगाडि बढाउनको लागि यसमा बालबालिकाको आवाजलाई

कसरी बनाउने समूहगत गर्ने भन्ने हिसाबमा यो स्थापना भएको हो र क्लबलाई बलियो बनाउँदै लानको लागि मानवसंसाधनको क्षमता अभिबृद्धि गर्ने काम यसले गरेको छ । क्षमता अभिबृद्धिका साथै बालक्लबका राम्रा कामहरू सबै सामु पुऱ्याउँदै बालक्लबलाई अझ कसरी सुधार्ने भन्नेमा लाने काम पनि कर्न्सोट्रियमले गर्दै आएको छ । सस्थापक सदस्यको रूपमा सिविनले पनि निरन्तर रूपमा काम गरिरहेको छ । कन्सोटर्टियमको नेतृत्वमा बसेर धेरै समयसम्म काम गरेको हो अहिले आएर क्लबको परिवेशबाट एकदमै अगाडि आएर सिङ्गो बालसहभागिताको सवाललाई र बालसहभागितालाई एकदम अर्थपूर्ण बनाउनका लागि र दैनिक जीवनमा परिवार, संघसंस्था कुनै पनि अन्य क्रियाकलापका क्षेत्रमा बालसहभागिताको सवाललाई प्रभावकारी रूपमा मिलाएर लाने काममा कर्न्सोट्रियम लागि रहेको अवस्था छ । यसमा सिविनले निभाएको भूमिका एकदमै सराहनीय रहेको छ ।

बालअधिकार आन्दोलनका लागि सञ्जाल एकदमै आवश्यक छ । गैर सरकारी संघसंस्थाहरू सीमित एरियामा सक्रिय भइरहेका हुन्छन् । उनीहरूले विशेषगरी प्रोग्रामको हिसाबमा हेर्ने हो भने त झन विशिष्ट उद्देश्यको लागि काम गरिरहेका हुन्छन् । नीति निर्माण र कार्यान्वयनका लागि पैरवीको काम गर्छौं त्यो कुनै एउटा संस्थाले गरेर हुँदैन त्यसको लागि व्यापक रूपमा सहभागिता जुटाउनु पर्ने हुन्छ । यसमा ठूलो भूमिका सञ्जालले निभाएको हुन्छ । नेपालमा दोस्रो जन आन्दोलनपछाडि बालमैत्री संविधान कसरी बनाउने भन्ने विषयमा कर्न्सोट्रियमले धेरै सल्लह सुझाव संङ्कलन गरेको त्यसलाई सम्बन्धित ठाउँमा पुऱ्याएर प्रक्रिया अगाडि बढाउनमा सिविनले सञ्जालको सदस्यको नाताले आवश्यक ठाउँहरूमा आफुले नेतृत्व दिन सकिने कुराहरूमा र आफुसँग जाने बुझेको कुराहरू लाई शेयर गर्ने कुराहरूमा धेरै राम्रो भूमिका निभाएको मैले देखेको छु । नाओस साझा समूहमा पनि मैले सँगै काम गरेको छु । त्यहाँ पनि आफ्नै एक्सपर्टिज ै शेयर गर्ने काम भएको छ । कतिपय अवस्थामा आवश्यकता अनुसार आफैले नेतृत्व लिने काम पनि गरि आएको छ भने कतिपय अवस्थामा आवश्यकताअनुसार योग्य व्यक्तिलाई नेतृत्वमा ल्याउनका लागि सहयोग गरेको पनि छ ।

गैसस क्षेत्रमा कामको सुरु मैले सिविनबाटै गरेको हुँ । सरकारी कर्मचारी थिएँ र स्नाकोत्तोर । के लोक सेवा जाँच दिने तयारीमा लागि रहेको थिएँ गलैचा कारखानामा काम गर्ने बालबालिकाहरूको सर्वे चलिरहेको थियो, त्यसमा संलग्न हुने मौका पाएँ । त्यहाँ बालबालिकाको समस्या देखिसकेपछि म यो सामाजिक क्षेत्रमा आएको हुँ । सुरुको बेलामा त जुन यो नीतिका कुरा, महासन्धिका कुराहरू अगाडि ल्याउन सिविनले काम गऱ्यो । बालश्रम विरुद्ध विश्व यात्रा अभियन भएको थियो । त्यसमा सिविनले दक्षिण एशियाको नेतृत्व नै गरेको थियो । कामको दौरानमा त्यो मैले सिविनको अविस्मरणीय भूमिका देखेको छु । त्यसमा बालबालिकाहरूको शिक्षाको लागि र शिक्षामा बालबालिकाहरूलाई अझ आर्कषित गर्नको लागि शिक्षाको लागि विश्वअभियानको पनि सिविनले नेतृत्व लिँदै आइरहेको मैले देखेको छु ।



# पुन: अनुसन्धानमा जोड दिनु जरुरी

**लक्ष्मी कार्की**
**अध्यक्ष, एटविन नेपाल**

मेरो लामो अनुभवमा सिविनले बालअधिकारको क्षेत्रमा गरेका कार्यक्रमहरू धेरै सराहनीय पाएकी छु । एटविनको अध्यक्षका हैसियतले भन्नुपर्दा पनि मलाई सिविन भन्ने बित्तिकै गौरी दाईको सम्झना आउँछ । त्यो बेलामा अगुवाइ गर्नेहरूमा हुनत त्यतिबेला एटविन त भइसकेको थिएन एउटा नेटवर्क मार्फत् कुरा गर्दै गर्दाखेरि त्यस्तै बेलामा गौरी दाईहरू अरु संघसंस्थाका प्रतिनिधिहरूले बेचबिखनमा परेका बालिका महिलाहरूकाका लागि के गर्न सकिन्छ भन्ने सम्बन्धमा वहाँहरूले छलफल गर्नु भयो । वहाँहरूले अनुसन्धान गरेर बम्बइमा बेचिएका पता लगाएपछि त्यहाँबाट ती बालिकाहरूको उद्धार गर्ने बेला वहाँको ठूलो भूमिका थियो भन्ने कुरा हामीले अलिअलि देख्यौँ सुन्यौँ बुझ्यौँ आज पनि त्यसको याद आउँछ। सिविनभन्दा पहिले बालबालिकाको क्षेत्रमा बालअधिकारको क्षेत्रमा काम गर्ने संस्था नेपालमा थिएन। बालिका संरक्षणकै सन्र्भमा हामी सिविनसँग नजिक्किन पुग्यौं। सिविनले संरक्षण र पुनस्थापनाको क्षेत्रमा पनि काम गरिआएको छ । बालअधिकारका क्षेत्रमा, सशक्तीकरणलगायत विभिन्न महत्वपूर्ण कामहरू गर्दै आएको छ। सिविनले बालअधिकारको लागि छुट्टै रूपमा काम गरेपछि चिन्तन र व्यवहारका क्षेत्रमा मुलुकभित्र ठूलो परिवर्तन आएको देखिएको छ ।

बालअधिकारको क्षेत्रमा पहिलो संस्थाको रूपमा काम गर्दैआएको सिविनले १९८७ महासन्धि आउनुभन्दा अगाडिदेखिनै बालअधिकारको क्षेत्रमा काम गर्दै आउँदा महासन्धि पारित अनुमोदन गराउने सन्दर्भमा खेलेका भूमिका ऐतिहासिक छन् । पछि बालबालिकासम्बन्धी नीति तथा कानुन निर्माणका सन्दर्भमा खेलेका महत्वपूर्ण भूमिकाहरू छन् । बालअधिकारका विभिन्न सञ्जाल निर्माणमा प्रेरक आरम्भक र नेतृत्वकर्ताका रूपमा खेलेका भूमिकाका कुरा छन् । समग्र मानवअधिकार, र महिला अधिकारको क्षेत्रमा अगुवाइ र अन्य विभिन्न संघसंस्थाले हातेमालोको कुरा छ । अधिकारका क्षेत्रमा कहाँ छैन सिविनका उपस्थिति ? २००३, २००४ तिर बालकल्याण समितिको अध्यक्षता गौरी प्रधान दाईले गर्नुभएको थियो । नागरिक समाजको तर्फबाट CZOP को पनि सिविनले नेतृत्व गरेको थियो । अहिले पनि CZOP मा सिविन छ । बालबालिकासम्बन्धी ऐन नियमावलीहरू ल्याउनमा मात्र होइन कार्यान्वयनगराउनमा पनि अगुवा भूमिका लिँदैआएको छ सिविनले ।

यसरी बालअधिकार संरक्षण सम्बर्धनका साथै, मानव बेचबिखन, महिला तथा बालबालिका बेचबिखन विरुद्धका विभिन्न नेटवर्कमा रहेर काम गर्दै अगाडि बढेको सन्दर्भमा भन्ने हो भने सिविनले धेरैतिर धेरै काम गर्दै आएको छ । एटविनकै पनि पहिलो कार्यकालमा डा रेनुले काम गर्नु भयो भने दोस्रो कार्यकालमा संयोजन गर्ने काम सिविनले नै गरेको थियो । अहिलेसम्म पनि महिला तथा बालबालिका अन्यायमा पर्दा, बेचबिखनमा पर्दा उद्धार र पुनस्थापनाका लागि सिविनले त्यत्तिकै अग्रसरता लिँदै आएको देखिएको छ ।

पहिले पहिले महिला र बालबालिकाहरू यौन व्यापार, देह व्यापारको लागि मात्रै बेचिन्थ्ये भन्ने कुरा थियो भने अहिले बेचिने प्रकारहरू बदलिएका पनि छन् । नयाँ नयाा आयामहरू थपिएका छन् । अहिले ढुंङ्गा खानी र होटल रेष्टुरेन्ट सडक क्षेत्र बस, टेम्पोमा खलासीकाम यी सबै बेचबिखन हुनुमा कारक तत्व, दासत्व निर्माण र बढोत्तरीमा मिसमास भएर आएको पनि हुनसक्छ । यसको अनुसन्धान नियन्त्रण र निराकरणका लागि पनि नेटवर्कहरूमा बसेर सहकार्य समन्वय गरेर जानुपर्छ ।

हामी आआफ्नो एन.जि.ओ चलाउँछौ जागिर खानको लागि काम गर्छौं । यस्तो तालले होइन । अब समस्याको जराकरण पत्ता लगाएर अब यस क्षेत्रमा पनि नीति निर्माण र कार्यान्वयन तहमै पुगेर काम गर्नुपर्ने थप आवश्यकता देखिएको छ । अव पुनः अनुसन्धान क्षेत्रमा जोड दिन सिविनलाई अनुरोध गर्छु ।

रजतवर्षको अवसरमा सिविनलाई बधाइ ।



# सबै विकृतिको असर केन्द्र बालबालिका

**शान्तलाल मुल्मी**

सिविनसँगको हाम्रो संलग्नता र सामीप्य धेरै अगाडि देखि नै हो । सिविनको यो २५ वर्षे यात्राको क्रममा कतै न कतै कुनै न कुनै रुपबाट म पनि सहभागी छु । जव सिविनको भर्खर भर्खर अफिस सुरु भयो । गौरी प्रधानजीले त्यो अफिस सुरु गर्नुभो कालिमाटीमा सिविन स्थापना हुँदा म असाध्यै नै खुशी भएको थिएँ । म त्यो बेला ओक्सफाममा नेपालको रिप्रेन्जेन्ट भएर गर्थें । सिविनलाई एकदमै आर्थिक संकट थियो । मेरो संम्झनामा छ, त्यो बेलामा आइ.एल.ओ ले मान्यता दिनेतिर प्रक्रिया अगाडि बढेको थियो । म अक्सफाममा भएको हुनाले म सहयोग गर्छु भनेर प्रक्रिया थाले । सुरुमा केही सहयोग पनि गरेजस्तो लाग्छ । सहयोग गऱ्यो भनेर सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्का त्यति बेलाका डाइरेक्टर माधव ओम श्रेष्ठले मलाई वोलाएर स्पष्ट के भन्नु भयो भने तपाईले पन्चायत विरोधी, सिविन जस्तो संस्थालाई सहयोग गर्नुभयो । त्यस कारण तपाइँको अफिसको साइनवोर्ड हामी फयाँक्न सक्छौं । शब्द त्यही थियो । त्यो बेलामा मैले जवाफ दिएका कुराहरू छन्, म रेकर्ड होस् भन्ने चाहान्छु । तपाइले मेरो साइनवोर्ड फाल्न सक्नु हुन्छ तर म नेपालीलाई नेपालबाट फाल्न सक्नुहुन्न । That is my challange मैले भनेको थिएँ । आज सिविन अगाडि वढेको छ । पञ्चायत सिद्धिसकेपछि बालअधिकारमा काम गर्ने विभिन्न संस्थाहरू आए । ती संस्थाहरूको नेतृत्व गर्ने काम पनि सिविनले गऱ्यो । बालअधिकार, बालश्रमशोषण र बालिकाहरूको यौनशोषण, आदिको विरुद्ध सिविनले काम गरेको छ ।

सिविनकै प्रयासले नेपालमा अव बालबालिकालाई बालापन दिनुपर्छ भन्ने भावनाको विकास भएको छ । हालै शिक्षा मन्त्रालयले एक कक्षाभन्दा कमको बालबालिकाले झोला बोक्न दिन हुँदैन भनेर निर्णय गरेको छ । त्यो पनि सकारात्मक कुरा हो । भावनात्मक परिवर्तनमा र नेपालमा नेपाली जनतामा जुन हिसाबले सामन्ती सोचबाट अगाडि बढेको समाजलाई अव बालबालिका पनि मानव हुन् उनीहरूको पनि अधिकारको संरक्षण हुनुपर्छ, शोषण गर्नु हुदैन भन्ने एक किसिमको भावनाको विकास भएको छ ।

बालबालिकासम्बन्धी कानुन बनाउनेदेखि लिएर मन्त्रालय गठनसम्म सिविनको भूमिका छ । बालबालिका मन्त्रालय भन्ने अगाडि थिएन, त्यो पछि आएको । जुन हिसाबले अर्न्तराष्ट्रिय अभिसन्धिहरूमा नेपालले हस्ताक्षर गऱ्यो । हरेक जिल्ला, जिल्लामा समिति गठन गर्नेदेखि लिएर बालबालिकाको मन्त्रालय गठन गराउने सम्ममा पनि सिविनको अहम भूमिका छ ।

जतिजति शहरीकरण हुन्छ । भौतिकवादी समाज हुन्छ, सानो परिवार हुन्छ, बालअधिकारको कुरा अझ बढी सशक्त हुन्छ । समय सापेक्ष यस समस्यालाई जनता माझ कसरी पुऱ्याउने र नीति निर्माणमा कसरी पुऱ्याउने भन्ने कुराको रणनीति सिविनले बनाउने हो । तर २०, २५ वर्ष बालअधिकारमा काम गऱ्यो अव अर्को काम गर्नुपर्छ भनेर म भन्दिन ।

जतिजति गरीबी बढ्दै गएको छ । बाल यौन शोषण

पनि बढेको छ । साउथ अफ्रिकाका केही देशहरूमा बच्चाहरूलाई जहाजमा राखेर लिएर गएर यौन शोषण गर्ने एउटा गिरोह नै छ । भोली यहाँ नहोला भन्न सकिंदैन । त्यसकारण अव उठाउनु पर्ने अर्को मुद्दा भनेको बालबालिकाहरूको यौन शोषण हो जस्तो मलाई लाग्छ ।

एक दुइ तीनमा राखेर मान्न गाऱ्हो छ यो कुरा । तर समग्रमा भन्ने हो भन्ने नेपालको नीति निर्माण देखि लिएर हरेक परिवारसम्म बालअधिकार संरक्षण गर्नु पर्छ भन्ने भावनाका विकासका साथसाथै, नेपालमा जुन नीति नियम बनेको छ त्यसमा सिविनले अहम भूमिका खेलेको छ ।

टोवाकोको नेटवर्कमा हामी सबै साथ छौ । सिविनले संस्थाले नेतृत्व गरेको छ । माधक पदार्थमा हामी सबै साथ छौं तर सिविनले नेतृत्व गरेको छ । अहिले छ छैन थाहा छैन, कार भन्ने नेटवर्क थियो । कारले पनि निश्चित मुद्दामा काम गरेको थियो । कारको स्थापना, डोनरले गरेका थिए । त्यसकारण त्यो मऱ्यो । तर अरु संञ्जाल हेर्नुस् त हामी आफैले गरेका हुनाले त्यसको स्थायित्व छ । अगाडि बढीराख्या छ । कामहरू भैराख्या छ । सञ्जालमा त्यसको सहयोगी संस्था, त्यसका हातहरू, त्यसका आवाज उठाउने मुखहरू बढी हुने भएको हुनाले त्यो बढी सशक्त अवश्य नै हुन्छ ।

बालबालिका केन्द्र हुन् । महिलाको मुद्दालाई लिएर गएर पनि बालबालिका नै भेटिन्छन् । मदिरा सेवनबाट सबभन्दा बढी पीडित हुने पनि श्रीमती र बालबालिका नै हुन् । मैले घरमा बसेर चुरोट खाएँ भने चुरोटको धुवाँले सबभन्दा बढी असर मेरा छोरा वा छोरी र संभ्रान्त परिवार हो भने गाडीमा बसेर चुरोट खाँदा मेरो कारमा वसेका मेरो छोरा छोरीलाई नै असर गर्ने हो । त्यसकारणले जति पनि शोषण, उत्पीडनको महिलाको रक्सीको, क्रोधको, अन्तमा त्यसको असर भनेको भोलिका नेपालका कर्णाधार बालबालिकामा नै हुने भएको हुनाले यसमा विशेष ध्यान दिएर जानुपर्छ भन्ने मलाई लाग्छ ।

सिविन २५ वर्ष भएको संझँदा आश्चर्य लाग्यो । यति छिटो २५ वर्ष जानेरहेछ । सिविनले अझ बढी सशक्त रूपमा काम गरोस् । नेपालमा काम गर्नु पर्ने धेरै धेरै बाँकी छ । किनभने नेपालमा सामाजिक संस्थाको इतिहास धेरै छोटो छ । साच्चै भन्ने हो भने देखि ४६ सालको जनआन्दोलनपछि मात्रै सबैले राम्रोसँग काम गर्न पाएको हो । २०।२२ वर्षको इतिहास लामो होइन । भारतमा भन्ने हो भने संस्था ऐन बनेको १८६० मा हो । सिविनले भविष्यमा अझ बढी सशक्त रूपमा काम गर्न सकोस् म शुभकामना दिन चाहन्छु ।

# असलहरूको चर्चामा पहिले आउने नाम



**दुर्गा घिमिरे**
**अध्यक्ष, एबिसी नेपाल**

सिविन एबीसी सँगसँगै खोलिएको संस्था रहेछन् । हामीले पनि १९८७ मा शुरु गरेको हो । सिविनले बालबालिकाको हक हित र संरक्षणको लागि वकालत गर्ने, कानूनी परामर्श गर्ने, देखि लिएर विभिन्न किसिमका बालबालिकाहरूलाई संरक्षण दिने कामहरू समेत गरेको छ । र कतिपय अवस्थामा उसले उद्धारहरू बच्चाहरूलाई सिविनले गरेको छ । सिविनले उद्धार गरिएका कतिपय बच्चाहरूलाई केही हामीले पनि सहयोग गर्ने अवसर पाएका छौं । बालबालिकाको स्वतन्त्रता विरुद्धको जुन कानुनहरूमा वकालत गर्ने काममा पनि सक्रिय रूपमा गरिरहेको छ । हामी एकअर्काको सहयोगी भएर काम गरिरहेका छौ । सिविनको कामबाट अत्यन्त प्रभावित पनि छौं । वास्तवमा सिविनले बालअधिकारको क्षेत्रमा उल्लेखनीय योगदान गरेको छ ।

चेलीबेटी बेचबिखन विरुद्धमा त्यसमा पनि मानव बेचबिखनसम्बन्धी कानुन निर्माणमा पैरवी गर्ने कार्यमा पनि सिविनको महत्वपूर्ण योगदान देखेको छु । समग्र रूपमा हेर्दा बालबालिकाको सबै समस्याहरू सरकारले मात्र निराकरण गर्न सक्छ जस्तो लाग्दैन । बालअधिकार संरक्षण गर्ने कुरामा सिविनले विस्तृत रूपमा काम गरेको छ । काठमाडौंमा मात्रै काम गरेको छैन जिल्ला जिल्लामा पनि सिविनले बालबालिकाको हक हित संरक्षणको लागि महत्वपूर्ण योगदान दिएको छ । २५ वर्षको यात्रामा सिविनले धेरै नै बालअधिकारको क्षेत्रमा काम गरेको जस्तो लाग्छ । कति जिल्लाहरूमा बालबालिकाको सुरक्षाको प्रश्न अझै छ । जहाँ बालअधिकारको निम्ति बोल्न पर्ने ठाउँहरू छन् । ती ठाउँमा पनि आवश्यकताअनुसार सेवा पुऱ्याउनु पर्नेछ ।

कतिपय अवस्थामा मलाई लाग्छ नेटवर्कहरूले पनि धेरै महत्वपूर्ण काम गरेका छन् । सिविनले अरु अरु बालअधिकारसम्बन्धी काम गर्ने संस्थाहरूले के गरिरहेको छन् भन्ने कुरामा बराबर अर्न्तक्रिया गर्नु राम्रो होला । अर्को कुरा यो जति पनि समस्याहरू छन् र नयाँ अध्ययनहरू छन् धेरैजसोमा बालबालिकानै पीडित छन् । महिलाहरूनै पीडित छन् । साना साना केटीहरूको कसरी संरक्षण गर्न सकिन्छ, चेलिवेटी वेचविखन कसरी गर्न सकिन्छ भन्नेमा पनि हामीले दरिलो छलफल विचार विमर्श गर्नपर्छ जस्तो लाग्छ ।

हामीले मिलेर १९९६ मा बालिकाहरूका उद्धार गरेका थियौँ जो बम्वईमा च्भधबचम ज्फभ मा थिए । १८ वर्षभन्दा मुनिका ९९ प्रतिशत थिए । हाम्रो नेटवर्कको सफलता के थियो भने हामी ७ वटा संस्था मिलेर सरकारले गर्न नसकेको काम गरेको थियाँ । त्यतिखेर सरकारले चाहि वास्तै गरेन । यो ऐतिहासिक घटना थियो । यो कामको राम्रो असर परेको थियो । धेरै मान्छेलाई नेटवर्कमा ठूलो शक्ति छ भन्ने भएको थियो ।

सिविनले यस क्षेत्रमा काम थाल्दा बालबालिकाहरूको संरक्षण क्षेत्रमा यसरी काम गर्ने संस्था नै थिएन । त्यतिबेला बालबालिकाहरूको क्षेत्रमा सरकारको दायित्व के भन्ने कुरालाई अगाडी ल्याईदियो । सवैलाई झकझक्याई दियो र कमसेकम गैरसरकारी

संस्थालाई मात्र होइन अन्तराष्ट्रिय दातृनिकायहरूको पनि ध्यानाकर्षण गरायो । कति उद्धार कार्यले, कति संरक्षणको कार्यले । मानवअधिकारको क्षेत्रमा, महिला र बालअधिकारको क्षेत्रमा काम गर्ने संस्थाको रूपमा धेरैको मन मस्तिष्कमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रूपमा बालअधिकारको क्षेत्रमा काम गर्ने संस्थाका रूपमा सिविनको नाम आउँछ । सिविनको नाम एकदम पहिले नै आउँछ ।

मेरो धेरै धेरै शुभकामना छ । अझ यसको काम विस्तार होस् । यसमा संलग्न भएर काम गर्ने, सेवा भावले काम गर्ने सबैमा धेरै आभार व्यक्त गर्न चाहन्छु । मैले त धेरै नजिक भएर गौरीजीसँग पनि काम गरेँ । वहाँहरूलाई पनि म बालअधिकारको क्षेत्रमा काम गर्ने संस्थाको सुरु गरेर एउटा नयाँ इतिहास कायम गरेकोमा मेरो हार्दिक शुभकामना र बधाई ।



# बालश्रम हटाउन अनिवार्य शिक्षा

**शान्ति अधिकारी**
**संस्थापक अध्यक्ष, सिविस**


सिविन एउटा पायोनियर संस्था हो। सबैभन्दा पहिला बालअधिकारको क्षेत्रमा काम गर्ने संस्था हो । सिविनले नै अरु संस्थाहरूलाई पनि यो क्षेत्रमा काम गर्नको लागि प्रेरित गरेको हो। बालबालिकाको पनि अधिकार हुन्छ र यस क्षेत्रमा चेतना प्रसारको काम गर्नुपर्छ भन्ने कसैले नसोचेका बेला यस क्षेत्रका समस्याहरू उजागर गर्दै विगत २५ वर्ष देखि निरन्तर रूपमा लागिरहेको संस्था हो सिविन । कतिपय संस्थाहरू स्थापना हुँदै मर्दै गएको उदाहरण छन् । सिविनले निरन्तर रूपमा क्रियाशील रहेर जहिले पनि अग्रपक्तिमा उभिँदै बालअधिकारको क्षेत्रमा काम गर्दै आएको छ । जति बेला मानअधिकारले बालबालिकालाई पनि समेट्छ, बालबालिकाको अधिकारको विषयमा कुरा गरि रहनु पर्दैन भन्ने सोच राखिन्थ्यो त्यति बेला सिविनले आन्दोलनका स्तरमा बालअधिकारको कुरा अघि बढाएको थियो ।अहिले जनचेतना बढेको छ । बालअधिकारका कुरा धेरैले बुझ्रेर उठाउन थालेका छन् । पहिले बालअधिकारलाई मानअधिकारको क्षेत्रमा पनि हेरिदैन थियो । मानवअधिकार भनेको अलि ठूला ठूला मान्छेहरूको मात्र अधिकार हो भन्ने किसिमले लिइन्थ्यो । बालबालिकाको अधिकार चाहिँ मानवअधिकार क्षेत्र भित्रको अधिकार होइन भन्ने थियो । अहिले बालबालिका भनेका सबभन्दा पहिलो प्राथमिकताका विषय हुन् भनिन्छ । बालअधिकारको स्थापना नभइकन अरु अधिकारको स्थापना अथवा अरु क्षेत्रको विकास हुनु सम्भव छैन भन्ने चेतनाको विकास भएको छ । यसमा ससिविनको योगदान छ । यद्यपि व्यवहारमा सम्पूर्ण बालबालिकाले त्यो अधिकार प्रयोग गर्न सकेको अवस्था आज पनि छैन । हुनत यो कुनै संघसंस्थाले मात्र गर्ने कुरा हो जस्तो लाग्दैन । यसमा त सम्रग रूपमा मुलुककै भूमिका हुनुपर्छ । राज्यले नेतृत्वदायी भूमिका खेल्नुपर्छ । राज्यले आफ्नो दायित्व महसुस गनुपर्छ र वहन गर्नुपर्छ । संघसंस्थाले त बमखयअथ गर्ने हो । समस्या उजागर गरिदिने हो । त्यो काम प्रशस्तै भएको छ । सरकारको तर्फबाट सम्बोधन गरेर ती अधिकारहरूलाई व्यवहारमा उतार्ने काम चाहिँ अझै पनि हुनुपर्ने जति भएको छ जस्तो लाग्दैन ।

नेपालमा बालबालिकासँग प्रभावकारी रूपमा काम गर्ने संस्था हो सिविन । सरकारका विभिन्न निकायले काम गर्ने क्रममा विगतमा सिविनलाई आमन्त्रण गरे होलान् र सिविनले महत्वपूर्ण भूमिका खेलेकै कारण सरकार पनि बालअधिकारका क्षेत्रमा यति व्यवस्था गर्न यतिसम्म सफल भाको छ । भएको होला भन्ने मेरो विश्वास छ। अव मेरो सुझाव के छ भने सिविन पायनियर संस्था भएकोले यसले अभिभावकत्वको भूमिका खेल्नु पर्छ । अरु संघसंस्थाहरूलाई पनि बाटो देखाउनपर्छ । अब सिविनले साना साना कार्यक्रमहरू लिएर कार्यक्षेत्रमा जानुभन्दा नीति निमार्णका स्तरमा रहेर काम गर्ने र सरकारी निकायलाई बढीभन्दा बढी क्रियाशील बनेर नीति नियम तथा कानुनलाई व्यवहारमा कार्यान्वयन गर्न अघि बढाउने काममा प्रभावकारी भूमिका खेल्नु पर्छ ।

१४ वर्षभन्दा मुनिका बालबीलकालाई काममा लगाउन हुँदैन । सम्पूर्ण बालबालिकाले आफ्ना अधिकारहरूको उपभोग गर्न पाउनु पर्छ भन्ने

सन्धिहरूमा सरकारले सही गरिसकेको छ । बालबालिकाका अधिकारका सम्पूर्ण कुरा कानुनमा उल्लेख गरिसकिएका छन् । व्यवहारमा लागु गराउने तर्फ अझै आवश्यक ध्यान पुगेको छैन । बालश्रम हटाउन सरकारले मुलुककमा अनिवार्य शिक्षाको व्यवस्था गर्नुपर्छ । सरकार यसमा सफल भयो भने सम्पूर्ण बालबालिका स्कूल जाने छन् ।बालश्रम हट्ने छ । सम्पूर्ण बालबालिकालाई फेरी स्कूल पठाउनका लागि हाम्रो भौगोलिक स्थितिले असजिलो पार्नपनि सक्छ ।सजिलो पार्ने के उपाय हुनसक्छ हामीले त्यसकोखोजी गर्नुपर्छ । यसो गर्नु असम्भव छ जस्तो लाग्दैन ।जस्तो हामी भन्ने गर्छौं अभिभावकहरूलाई रोजगारी देऊ, अभिभावकहरूको आर्थिक बृद्धि गर, अभिभावकहरूको आर्थिक बृद्धि गऱ्यो भने बालबालिकाहरू स्वतः स्कूल जान्छन् । मुलुकको आर्थिक विकास पनि हुन्छ । हाम्रो एउटा मुद्दा बालबालिकाको शिक्षा पनि हो । देशमा अहिले हुनुपर्ने विकास भनेको आर्थिक र शैक्षिक हो जस्तो लाग्छ । आर्थिक र शिक्षामा समृद्धि हँदै गयो भने हाम्रो देशको अरु समस्या पनि समाधाना हँदै जान्छने् अबका दिनमा खासगरेर सिविनजस्ता संस्थाले प्रोजेक्टलाई बढी ध्यान दिनेभन्दा पनि देशलाई समृद्ध बनाउन, देशमा परिआउने ठूला समस्यालाई समाधान गर्न कसरी सहयोग पुऱ्याउन सकिन्छ, पुऱ्याउनुपर्छ भन्नेतिर बढी ध्यान लानुपर्छ । किनभने सिविनले २५ वर्ष पार गरिसक्यो एउटा परिपक्व संस्था भइसक्यो, यससँग प्रशस्त अनभवहरू छन्,

प्रशस्त काम गरेको छ । अब सिविनले केही बालबालिकालाई शिक्षा र बालगृहको व्यवस्थामा समय दिनुभन्दा कुनै पनि बालबाीलकाले त्यसरी बस्नु नपर्ने कसरी के कामबाट गर्न सकिन्छ भन्नेतिर बढी ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ ।



# फैलिँदो विकृति र नियन्त्रणको आवश्यकता

**डा. डम्वर नेपाली**
**अध्यक्ष, परोपकार**

सवभन्दा पहिलो कुरा त मैले के भन्नुपर्छ भने मैले परोपकार अनाथालयमा भर्ना हुन बस्न, खान, लुगा फाटो सबैको बन्दोबस्तका साथ मैले अध्ययन गर्ने मौका पाएँ । आफूले चाहेको जस्तो गरी पढ्ने, अवसर परोपकारले दियो । मैले नयाँ जीवन पाएँ भन्दा हुन्छ । त्यसबेलाको अवस्था फरक थियो । त्यसबेला खान, लाउन र पढ्न पाएँ साह्रै राम्रो कुरो मानिन्थो । अहिले सबै किसिमको सहुलियत, सबै किसिमको ज्ञानगुणका कुराहरू हुनुपर्ने अवस्था आइसक्यो । अहिले हरेक क्षेत्रमा जुन प्रतियोगिता छ, त्यसबेलाको स्थितिमा थिएन । त्यसबेला टि.भि., रेडियो त्यति नभएको कारण खेली खेली पढिन्थो । जस्तो हामी फुटबल खेल्न जान्थ्यौं । हामी रमाइलोका लागि खेल्थौ । अहिले त टि.भि अगाडि बच्चाहरू बस्न थालिसकेपछि आखाँ झिमिक्कै नगरी हेर्छन् । खाएको पचाउन र स्वस्थ हुन गारो भैसक्यो ।

त्यतिबेला हामीलाई खान पाए पुथ्यो । पढ्न पाए पुथ्यो र खेल्न पाए पुथ्यो । परोपकार अनाथालयले अनाथालयका बच्चाहरूहरूलाई सुत्न, ओड्ने ओछ्याउने, लाउन लुगा फाटो दिन्थ्यो, नियमित नियम थियो । विहान उठ्नेदेखि लिएर सुत्न नजाँदासम्म त्यो नियम लागु हुन्थो । समयमा खाने, पढ्ने र सुत्ने गर्दा अनुशासित कार्यक्रम हुन्थ्यो र त्यही अनुशासनमा हुर्क्यौं हामीहरू । अहिले स्वतन्त्रताको नाममा अनुशासन विकृत छ । विभिन्न किसिमको विकृतिहरू फैलिएको देख्छु । त्यसलाई कसरी नियन्त्रिण गर्ने ?

परोपकार अनाथालय भीमसेनस्थानमा मात्र थियो । अधिराज्यभरी फैलिएको बालमन्दिर हो । त्यो बेला शाही परिवारबाट निरीक्षण हुन्थो । संरक्षकत्व प्राप्त हुन्थो ।

दया माया गर्ने व्यक्तिहरू भेटिन्थ्यो । अनाथ बच्चालाई देख्यो भने लैजाउँ, ख्वाउँ, पिलाऊँ राम्रो बनाउ भन्ने र हेरेको हुन्थ्यो । यही हेराई कुनै संस्थागत रूपमा अगाडि बढ्यो । कुनै व्यक्तिगत रूपमा अगाडि बढ्यो । फरक यहि नै हो । हामी नेपालीहरू हिन्दु परम्पराका मान्छेहरू धेरै भएका कारणले दया, माया प्रेम, सद्भाव भन्ने छ । दया, माया, प्रेम सद्भाव भएको कारणले बालबालिकाको हरचाह गर्ने क्षेत्र बढेर गएको हो । सरकारी क्षेत्रलाई हेर्ने हो भने पहिले बाल मन्दिर मात्र थियो ।

त्यो जमानामा इन्जिनिरिङ्ग पढन पाउनु ठूलो मानिन्थो । इन्जिनियरले कुनै किसिमको तफलिफ नभैकन काम पाउँथ्थो । अहिले त्यो अवस्था देखिदैन । त्यतिबेला अनाथालयमा खानपिनको हिसावले हेर्ने हो भने नपालीको स्टायान्डरभन्दा राम्रै थियो । बाटो त्रिभुवन राजपथ बाहेक अरु थिएन । धेरै कुरा पाउँदैनथ्यो । अहिले स्वदेशी बिदेशी, सबै चिज पाइन्छ ।

बालबालिकाहरू आफूले आफैलाई उभ्याउन सक्ने

क्षमता बृद्धि गर्नुको लागि धेरै कुराहरू पढाउनु, सिकाउनु, पर्ने अवस्था आइसकेको छ । जस्तो आइटीको कुरा छ । कम्प्युटर नजानी कामै छैन । इन्टरनेट नभै नहुने भैसक्यो । हात हातमा मोवाईल हुन थालिसक्यो । हामीलाई वर्षमा एक पटक सिनेमा हेर्न मुश्किल पर्थो । अहिले टि.भी.मा सिनेमा नै सिनेमा आइराख्या हुन्छ । त्यो हिसावले विकास भाको हो । त्यसले बिकृति पनि ल्याएको छ । जहाँ विकास हुन्छ त्यहाँ विकृति हुन्छ । बालअधिकारको मैले अध्ययन त अमेरीकामा गरेको थिएँ पि.एच.डि मा । त्यहाँ कुनै किसिमको हप्काई दप्काई गर्नुहुँदैन । बच्चाले उजुर गर्दियो भने आमा बाबुको वेहाल बनाइदिन्छ । खानपिन, हेरविचार राम्रो गर्नुपर्छ । त्यो गरेन र बच्चाले उजुर गर्दियो भने आपत परिहाल्छ । यहाँ त्यो अवस्था सृजना भैसकेको छैन । यहाँ भोका नाङ्गा अझै पनि, प्रशस्तै छन् । हाम्रो देशले राम्रोसँग विकास गर्न सकिराख्या छैन । राम्रो अवस्थामा पुऱ्याउन अझै पनि सकेको छैन । अहिले म परोपकार संस्थाको कोषाध्यक्ष र परोपकार अनाथालयको संयोजक । मैले गर्नुपर्ने, काम गर्न सकिराख्या छैन । संस्थाको आर्थिक स्थिति पनि राम्रो छैन ।

सिविनले २५ वर्षको दौरानमा गरेका कामहरू साह्रै सराहनीय छ पत्रपत्रिकामा समाचारहरू पढ्न पाउछौ । धन कमाउने हिसावले कतिले बालबालिकाहरूलाई नचाहिने काम गराएर शोषण गरीराखेका हुन्छन् । शोषण रोक्ने कुरामा सिविनले धेरै ठूलो योगदान पुऱ्याएको छ । अर्कोतर्फ हेर्ने हो भने आमा बाबुको झगडा हुन्छ । बच्चा त्यहाँ बस्न नसक्ने हुन्छ । कसैले सौतेनी आमाको व्यवहार खप्न नसक्ने हुन्छ भागेर शहर आउछ । त्यस्तो अवस्थामा पनि सिविनले कहाँबाट आएको, कहाँ बसिराखेको, के गरिराखेको बुझेर, आवश्यक मद्दत गरेर संरक्षकलाई भेटाएर जिम्मा दिने आइन्दा त्यस्तो नगर्न, सतर्क बनाउने काम गरेको छ । समुच्चामा हेर्ने हो भने सिविने धेरै गरेको छ । बिकृति बढेपछि वेसाहारा, लाचार बालबालिकाहरू पनि बढेका छन् । बच्चाहरूले इटाँ बोकिराखेका हन् । गिट्टी कुटीराखेका छन्, जीवीका चलाउन । आमा बाबुले कमाएर मात्र नपुगेको हुनसक्छ । सिविनले यस्तो अवस्थाका बालबालिकाहरूको अभिभावक भेटेर बच्चालाई आफूले जस्तो मेहनेत गरेर पनी पढाउनु पर्छ भन्ने कुराको जागृति पनि ल्याएको छ । सुधार धेरै भएको छ ।

सिविनकै माधवसरको अध्यक्षतामा सिनेट खोलेका छौं । मैले परोपकार अनाथालयको तर्फबाट त्यसमा संलग्न हुन पाएकोमा धेरै कुराहरू सिक्न पाएको छु । र यसले बालअधिकार कस्तो हुनुपर्छ । बालसंरक्षण गर्ने आधार के के हुनुपर्छ । यसले विभिन्न किसिमको तालिमहरू दिएको छ । मैले पटक पटक भाग लिन पाएको छु । संसारमा बालअधिकारको लागि के भैराखेका छन् भन्ने कुराहरू, थाहा भैरहेको छ । यस्तो कुराहरूलाई निरन्तरता दिई अगाडि वढ्यो भने सिविनले देशको लागि र अन्तराष्ट्रिय क्षेत्रमा समेत बालबालिकाहरूको लागि धेरै कुराहरू गर्न सक्छ । धेरै गरिराखेको छ । हेल्पलाईनको अर्को कुरा छ । हेल्पलाईन सबैलाई थाहा छ भन्न मिल्दैन । थाहा दिने काम चाहिं हुनुपऱ्यो । त्यस्तै कति बालबालिकाहरू विदेशमा बेचिएका छन् । त्यहाँसम्म पनि पुग्नुपर्ने अवस्था आयो । गाँउमा आफ्नै मान्छेले बालिकाहरूलाई, घाँस कटाएर दिनकादिन पिटाई पनि गरिराखेका छन् । उनीहरूलाई पनि शिक्षित गर्नुपऱ्यो । देशबाट कसैको ललाई फकाईमा बाहिर गएपछि कति कष्टकर जीन्दगी हुन्छ भन्ने कुराको प्रचार प्रसार अझ सशक्त ढंगले जान सक्यो भने सिविनले अझ धेरै राम्रो गर्न सकिने आधारहरू बन्छन् ।



# अभिभावक र सहकर्मीको भूमिकामा सिविन

**रबिन नेपाली**

**प्रमुख, एस.ओ.एस. बालग्राम, जोरपाटी**

सिविन मैले स्थापनाकालदेखि नै देखेको संस्था हो । अरु संस्थाले चाहि अरुले बनाएका बाटोमा हिड्न पाए तर सिविनले आफुले हिडेको बाटो चाहि आफैले बनाएर हिडेको हो । जतिखेर सडकका केटाकेटीहरूको लागि काम भनेको दुष्कार्य मानिन्थ्यो त्यतिखेर यसलाई सिविनले आफ्नो मुख्य एजेण्डा बनाएर काम गर्न थालेको हो । र मैले अहिले हेर्दा उसको २५ वर्षको उसको प्रगति ज्यादै प्रशंसा योग्य छ । उपलब्धिहरू ज्यादै सकारात्मक रूपमा छन् ।

अरुले काम गर्ने सजिलो विषय हुन्थे । त्यतिखेर बाल संगठन, नेपाल रेडक्रस, परोपकार यिनै थिए । त्यति थिएनन् । उनीहरूले गर्ने काम भनेको निश्चित रूपमा राज्यलाई अप्ठ्यारो नपर्ने हाई हाई पाइने खालका काममा केन्द्रित थिए । सिविनले छानेको विषय जटिल थियो । सिविनको छनौटे त्यतिबेलाको लागि फलामे चिउरा नै हो ।

सिविनले बालबालिकाका विविध मुद्दाहरू उठाउने गरेको छ । उठाउने मात्र होइन मुद्दालाई एउटा निष्कर्षमा पुऱ्याएको पनि देखेको छु । त्यसैले गर्दा सिविनको भूमिका अरु संस्थाहरूको भूमिकाभन्दा फरक छ । र बहुत उपलब्धिमूलक भूमिकाको रूपमा मैले हेर्छु । यसले बालबालिकाको विषयमा काम गर्दा एकदमै अप्ठयारो समस्यासँग जुधेर यसले काम गरेको छ । सरकारलाई नीति बनाउन बाध्य पारेको छ । बनाएका नीति कार्यान्वयनको लागि उ आफै पनि खटेर लागेको छ । त्यसैले यसको पहलमा धेरै कामहरू भएको छ ।

सिनेट र सिविन एउटै उद्देश्य लिएर काम गर्ने संस्थाको रूपमा हेरेको छु । जस्तो संसार भरि जति पनि बालबालिकाको लागि काम गर्छन् । तिनीहरू सबै यू एन आर सी बाट गाईडेड छन् । यू एन आर सी का ती कुराहरूलाई अंगिकार गरेर ती बालबालिकासँग काम गर्ने हो भनेका छन् । सिविनले सिनेट बालगृहरूको सञ्जालसँग काम गरेको पक्ष पनि एउटा हो । सिनेटले पनि बालगृहमा रहेका केटाकेटीका लागि काम गर्छ । सिविनले यो फोरमलाई प्रयोग गरेर ती केटाकेटीलाई सेवा पुऱ्याएका हो । त्यसकारणले सिविनको सहकार्य हाम्रा लागि ज्यादै सुखद छ । सिविनले धेरै कार्यक्रमहरू आफै डिजाइन गराएर पनि हामीलाई दिएको छ । र हामीले हाम्रो कार्यक्रमहरू बनाउँदा सिविनको कार्यक्रम सँग धेरै कार्यक्रमहरू मिल्दाजुल्दा छन् । उसका कार्यक्रमहरूलाई सहज रूपमा हामीले स्वीकारेका छन् । यी सबै कुराको निष्कर्ष निचोड हामी सबै यु एन आर सी का हिमायती हौं । २००० मा स्थापना भएको हाम्रो संस्था २०१२ मा पुगेको छ । १२ वर्षको यो यात्राको दौरानमा हामीले धेरै सहयोग सदभाव पाएका छौ ।

सिविनको भूमिका कति ठाउँमा एउटा अभिभावकको रूपमा देखेको छु । कति ठाउँमा एउटा सहकर्मीको रूपमा । कति ठाउँमा उ आफै पनि कार्यान्वयन गर्ने ठाउँमा छ । सिविनले आफैलाई समयको मागअनुसार ढालेको देखेको छु । समयले कस्तो खालको माग गर्छ । त्यो माग अनुसार काम गरेको देखेको छु ।

सिविनको उसको पहिलो उद्देश्य सडमा रहेका केटाकेटीहरूलाई सुरक्षित वातावरण दिने उनीहरूलाई शिक्षित बनाउने र उनीहरूलाई आफ्नो परिवारमा पुनर्मिलन गराउने जुन एउटा काम सिविनले सुरु गर्‍यौ त्यो संसारले बुझेको कुरा हो । यो असाध्यै राम्रो गरेको थियो । अर्को हामीले सिविनको तर्फबाट सहयोग लिएर एस ओ एस र सिविन दुबै हामीले बालगृहको लागि बाल संरक्षण नीति बनाएका छौ । कोड अफ कन्डक्टहरू बनाएका छौँ । त्यो बाल संरक्षण नीति र कोड अफ कन्डक्टको उद्देश्य बालगृहमा रहेका बालबालिकालाई बालअधिकारको उपभोग गर्ने वातावरण बनाइ दिने हो । त्यो अहिले हामीले नेपालको ५ विकास क्षेत्रमै विविध कार्यक्रमहरू गरेर बालगृहहरूलाई बुझायौँ । बालगृहमा शारीरिक सजाँय चाहि अहिले ९० प्रतिशत रोकिएको छ, त्यो सुखद पक्ष हो । सिविनले अहिले आएर बाल हेल्पलाइनको स्थिति खडा गरेको छ । बाल हेल्पलाइनले अप्ठ्यारामा परेको बालबालिकालाई तत्काल मद्दत पुर्‍याएको छ । यो अति नै प्रशंसनीय काम हो ।



# बालअधिकार हननमुक्त मुलुक नबन्दासम्म अभियानको निरन्तरता आवश्यक

**शिव गाउले**
**अध्यक्ष, नेपाल पत्रकार महासंघ**

जसरी नेपालमा राजनितिक अधिकारकै क्षेत्रमा धेरै कामहरू गर्न बाँकी रहेको र समग्रमा भन्नुपर्दा नागरिक अधिकार,जसभित्र सबै अधिकारहरू पर्दछन् त्यो अधिकारको संरक्षणको निम्ती सबै पक्षहरू टड्कारो ढंगले काम गर्नुपर्ने खाँचो महसुस भइरहेको अवस्थामा सिविनले आफ्नो काम थालेको हो ।

नेपालमा खुल्ला र उदार लोकतान्त्रिक शासन प्रणाली जहाँ नागरिक अधिकारलाई र सत्ता शासक र पहुँचमा हुनेहरूभन्दा बाहिरका नागरिकहरू, समाज र समाजभन्दा बाहिरका सम्पूर्ण पक्षहरूलाई समेत समेटेर काम गर्नुपर्ने खाँचो महसुस भइरहेको सन्दर्भमा सिविनको जन्म भएको हो र यसरी आफ्नो अनवरत यात्रा आजसम्म ल्याइपऱ्याएको छ । यसले गर्दा सिविनले यो अवधिभित्रमा के कस्ता कामहरू गऱ्यो भन्ने सवालमा सहजरूपमा म भन्न सक्दिन तर समग्ररूपमा के भन्न सक्छु भने सिविन र यो जस्ता अरु संस्थाहरूले मुलुकमा बालबालिकाको हकमा र यसका मुद्दाहरू अस्वीकार गर्नै नसक्ने मुद्दाहरू बनेका छन् । राजनितिक दलहरूका निर्वाचन घोषणापत्रहरूमा, सरकारका प्रथमिकताका विषयहरूमा यसरी समग्रमा भन्नुपर्दा सरकारी र गैरसरकारी क्षेत्रमा पनि विभिन्न एजेण्डा र मुद्दाहरू नछुट्न पर्ने विषयका रूपमा रहेका छन् ।

कानुन भनेको समाजका आवश्यकताहरू र समाजका तर्फबाट खड्केका विषयवस्तुहरूलाई सम्बोधन गर्न अपनाइने एउटा प्राविधिक संयन्त्र मात्र हो । त्यसले गर्दा कानुन बनेर कानुनमा के सुधार आयोभन्दा पनि समाजले यसलाई स्वीकार गरोस् र यी स्वीकारोक्तिका परिणमहरू कानुन हुन् भन्ने मलाई लाग्छ । यसरी यी कानुनहरूले मात्रै बालबालिकाका सम्बन्धित मामलाहरू कसरी प्राथमिकताका विषयहरू हुने ? यिनीहरूको उचित सम्बोधन विना हामी सुखद् भविष्यको कल्पना किन गर्न सक्दैनौं? भविष्य भनेका बालबालिकाहरू हुन् भन्ने जस्ता मुद्दालाई सैद्धान्तिक रूपमा स्वीकार गर्ने काम मुलुकको उपल्लो तहको नीतिनिर्माणहरूमा जुन देखियो त्यसले गर्दा यो अवस्था ल्याएको हो भन्ने म ठान्दछु । यो पृष्ठभूमिमा सिविन जस्ता संस्थाहरूको उल्लेखनीय योगदान छ । अर्को महत्वपूर्ण कुरा के छ भने आम समाज तुरन्त परिवर्तन हुँदैन जस्तो हामी आमसञ्चार क्षेत्रका मान्छेहरू हामी पत्रकारहरू बेलावखत छलफल गर्ने गर्छौं नयाँ सडकमा बेच्न राखेको गुँदपाक खान उचित छ कि छैन भनेर तपाइँले एउटा समाचार लेखे पुग्छ तर बर्षौंदेखि समाजमा व्याप्त कुरीतिहरूले यस्तरी जरा गाडेर बसेका हुन्छन्,अझ धर्म र संस्कृतिको नाममा त्यसलाई यसरी बचाउ गरेर राखिएको हुन्छ कि तिनीहरूका विरुद्ध विद्रोह गर्नु, तिनका विरुद्ध आवाज उठाउनु, ती मान्यताहरू बदल्नु भनेको एउटा दुइटा समाचार लेखेर, एउटा दुइटा संस्थाको अभियान चलाएर पुग्दैन यसरी सिविन लगायतका संस्थाहरूले चलाएको आवाज यो आन्दोलन,यो कार्यसूचीको भूमिका महत्वपूर्ण छ र पच्चिस वर्षमा आज जे

परिणाम देखिएको छ त्यो पर्याप्त छैन र यसका निम्ती धरै काम गर्न बाँकी छ । जुन यात्रामा सिविनजस्ता संस्थाहरूको अझ ससक्त सहभागिता र अझै जोड दिनु पर्दछ भन्ने कुरामा अतिशयोक्ति हुदैन ।

मेरो बिचारमा एउटा गैरसरकारी संस्थाको आफ्नै सीमा हुन्छ तर सिविनले अब एउटा गैरसरकारी संस्था मात्रै हैनकि व्यपकतामा सामाजिक संस्थाको रुप धारण गरिसकेको छ र त्यसले आफ्नो हैसियत त्यस अनुसार प्रयोग गर्नु पर्दछ । ठूलो मात्रामा जनसमूहको धारणामा परिवर्तन आउने खालका कार्यक्रमहरू यसको डिजाइनमा पर्नु पर्दछ अर्थात् राजनीतिक दलहरूका घोषणपत्रमा के लेखिएका छन् तिनीहरूलाई परिमार्जित गर्न के गर्नु पर्दछ,जुन शासन शैलीहरू छन् ती पद्धतिहरू पनि कसरी बालमैत्री हुनुपर्दछ । एउटा वडाको वडाध्यक्षदेखि प्रधानमन्त्रीको कार्यालयसम्म नीति तय र कार्यान्वयन प्रक्रियाहरू कसरी बालमैत्री हुनु पर्दछ भन्ने जस्ता व्यापक महत्व राख्ने विषयहरू अब सिविनको कार्यक्षेत्रभित्र पर्नु पर्दछ र तिनलाई चाहिँ एउटा सामाजिक र राजनैतिक आन्दोलनको रूपमा अगाडी बढाउनु पर्दछ । मैले जोड दिएर भन्न खोजेको कुरा के हो भने एउटा गैर सरकारी संस्था भएका कारण यसका परियोजनाभित्र परेका कार्यक्रमहरूमात्रै गर्नुपर्ने यसका बाध्यताहरू हुन सक्छन् तर अब यसले परियोजना बजेट र परियोजना पूर्ण गर्ने कुरामा मात्रै हैनकि एउटा सामाजिक आन्दोलनको अभियन्ताको रूपमा कसैले पैसा दिए पनि नदिए पनि आफुसँग पैसा भए पनि नभए पनि ती काम अब हाम्रा काम हुन् भन्ने अभियान को रूपमा यसलाई अब आन्दोलनकै रूपमा अगाडी बढाउनु पर्दछ र यो सिविनको जिम्मेवारीमा पर्नु पर्दछ भन्ने कुरा मलाई लाग्दछ ।

नेपालको पत्रकारिता आफ्नै अनुभवबाट सिधै अगाडी बढ्ने क्रममा र समग्रमा वीस पच्चिस वर्षको व्यवसायिक इतिहासमा छ जस्तो हामी गोरखापत्रको उदाहरणलाई लिएर सय वर्ष भयो पत्रकारिताको इतिहास भन्न सकौँला तर खुला र उदार प्रतिस्पर्धी वातावरणमा नेपाली मिडियाले काम गर्न पाएको भर्खर वीस पच्चिस वर्ष हँदैछ । अल्लारे उमेरबाट परिपक्क हुँदैछ । यो क्रममा यसबाट भएका त्रुटि कमजोरीहरूलाई हामी अस्वीकार गर्नै सक्दैनौं र यिनलाई हामीले समयक्रममा सुधार गर्दै लैजानु पर्दछ भनेर आम पत्रकारहरूकै बीचमा छलफल चलाइरहेका छौँ र यसका बावजुद नेपाली मिडियाले नेपाली बालबालिकाका मुद्धाका विषयमा अहिले उठाईरहेका एजेण्डाहरू, प्रश्नहरू सिर्जना गरिरहेका बहसहरू भनेको एकदमै प्रशंसा गर्न योग्य छन् त्यसैले ती राम्रा कुरालाई निरन्तरता दिँदै भएका कमजोरीलाई सच्याएर अगाडी बढ्न नेपाली मिडिया प्रयत्नशील छ । यस विषयमा एउटा लामो अनुभव पच्चीस वर्ष यस क्षेत्रमा काम गरेको संस्था भएको नाताले यस्ता गैर सरकारी संस्थाले हासिल गरेका उपलब्धी, सिकेका सीप रअनुभवहरूलाई सहकार्य मार्फत् अगाडी बढाउन तयार छौँ र नेपालका सबै संञ्चारकर्मीहरूलाई यस क्षेत्रमा यस विषयको जानकार संस्थाको रूपमा मद्दत गर्नु पर्दछ र यो मदतलाई पत्रकारहरूले कार्यान्वयन गर्नु पर्दछ र गर्नेछन् भन्ने कुरमा म विश्वस्त छु ।

पच्चीस वर्ष पूरा  गर्नु नेपालमा चानचुने कुरा होइन र आफैमा पच्चीस वर्ष पूरा गर्नु ठूलो कुरा हो र यो बालअधिकारको क्षेत्रमा एकदमै निर्भीकरूपमा काम गर्ने निर्भीक पाइलाहरू अगाडी बढिरहुन् र बालअधिकार हननमुक्त मुलुकको रूपमा नचिनुन्जेलसम्म यो अभियानलाई हामीले निरन्तरता दिनुपर्दछ ।

# मुहानमै पुगेर काम गर्नु आवश्यक



**श्याम श्रेष्ठ**

सिविनको स्थापना कालदेखि नै म यससँग परिचित छु । जति बेला बालबालिकालाई दया र कृपाको दृष्टिकोणबाट हेर्ने परिस्थिति थियो । पञ्चायत कालको अवस्थामा बालअधिकारको सोच र धारणा नै थिएन । बालबालिकाको हक र हितको विषय राज्यले कल्याण गर्ने कुरा होइन उ मानिस हो र उसको अधिकार हो । बालअधिकार अहिले सर्व स्वीकार्य बनेको छ बालअधिकार हुँदैन वा होइन भनेर भन्न कसैले पनि सक्दैन त्यो विन्दुमा पुऱ्याउनको लागि नेतृत्वदायी भूमिका खेल्नु यस विषयलाई फर्काउन नसकिने गरी स्थापित गर्नु नै सिविनको सबैभन्दा ठूला उपलब्धि हो ।

अलपत्र तथा जोखिममा परेका बालबालिकाको विषयमा जानकारी पाउँना साथ उद्धार गर्ने बालहेल्पलाईन संरचनाको स्थापना निक्कै ठूला कुरा हो । हेर्दा यो साधारण जस्तो लाग्छ । अब कुनै पनि बालबालिकाले सडक लगायत कुनै पनि ठाउँमा अलपत्र, हिंसा, शोषण, दुर्व्यवहारमा परेको अनुभूति गर्दा वा अरु कसैले देख्छ भने बाल हेल्पलाइनमा फोन गरेर उसले तत्काल मद्दत पाउन सक्छ । यो काम सरकारको हो, उसले गर्नु पर्ने काम थियो । हाल आएर बालअधिकारका लागि केही कार्य हुन थालेको छ जस्तो बालकल्याण समिति बनेका छन् जतिबेला सिविन स्थापना भयो सो समयमा यस्तो केही पनि थिएन ।

बालअधिकारको अवधारणा निर्माणका साथै बालबालिकाकाप्रति सरकारको मात्र हैन नागरिक समाजको पनि दायित्व छ भनेर सिविनले सुरुवात गऱ्यो यो नै सबैभन्दा महत्वपूर्ण विषय हो ।

सिविनले सडक बालबालिका लगायत बालश्रम र बालबालिकासँग सम्बन्धित विभिन्न विषयमा अध्ययन अनुसन्धानका साथ कामको थालनी गर्छ । अध्ययनबाट आएका तथ्यहरू रेडियो, टिलिभिजन, पत्रपत्रिका मार्फत सार्वजनिक गरी यसरी जनमन निर्माण गर्छ । यसरी बालअधिकारको विषयमा जनमत निर्माण गर्ने सिविन संस्था अलग्गै तयार भएको छ । वास्तवमा लोककल्याणकारी राज्यमा सरकार र राज्यको यस विषयमा दायित्व हुनुपर्ने थियो । यसलाई अन्तरिम संविधान आईसकेपछि त्यसले बालअधिकारको संरक्षण सरकार र राज्यको दायित्व हो भनेर सम्बोधन गरेको छ । यो आउनु अगाडि नागरिक संस्था सिविनले यसको जिम्मेवारी लिएको थियो ।

बालश्रम र सडक बालबालिकाको तथ्य तथ्याङ्क पहिलो नै सिविनको हो । यसै गरी बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय जति पनि सन्धि महासन्धि, अनुबन्धहरूको प्रचार प्रसार गर्ने जस्ता राज्यले पूरा गर्नु पर्ने दायित्व पूरा गराउन दाबावको लागि वातावरण तयार गर्ने र जनमत निर्माण गर्ने काम सिविनले गरेको छ ।

सिविन एउटा गैर सरकारी, मानवअधिकारवादी संस्था हो । यसको पनि आफ्नै सीमा हछ, अरुको अनुदानमा चल्नु पर्छ । यसका आ-आफ्नै विशेषता र सर्त हुन्छन् । यसरी सीमाभित्र रहेर पनि यति धेरै कार्य गर्नुलाई ज्यादै अतुलनीय र स्राहनिय काम ठान्दछु । यस्तै कार्यक्रम र अवधारणाका कारणले नै होला सिविन केन्द्रीय बालकल्याण समिति देखि बालबालिकाका जुन कुनै समितिहरूमा पनि सिविन

संलग्नु हुन र बालबालिकाको विषयमा निर्णय गर्ने तहसम्म निरन्तर रहनु यो सिविनलाई राज्यले पनि स्वीकारेको अवस्था हो । यी र यस्तै सिविनका मुख्य मुख्य उपलब्धीहरू हुन् ।

अहिले सिविन शहरी क्षेत्रमा आफ्ना कार्यक्रम र क्रियाकलाप गर्दै छ । बालबालिकाको बरबादीको स्थिति गाउँमा छ । पढ्न नपाउने बालबालिकाहरू अझै लाखौं छन् । बालबालिकाले पाउने आधारभूत अधिकारबाट वञ्चित छन् । म आफू पनि गाउँमा नै हुर्केको मानिस हुँ । गाउँमा बालबालिकाको दुर्दशा र दुःख राम्रैसँग देखेको छु । परिवारमा समुदायमा, अनेकौं ठाउँमा बालबालिकाले पीडा भोगेको छन् । जहाँ गरिबी छ त्यस परिवारका बालबालिकाले आधारभूत कुराहरू शिक्षा, स्वास्थ्य, विकासका कुनै पनि अधिकार उपभोग गर्न र विकास गर्न पाएका छैनन् । सिविनको अवको काम शहरी क्षेत्रका कार्यलाई निरन्तर राख्दै ती ग्रामिण क्षेत्र जहाँ बालबालिका धेरै उत्पीडनमा परेका छन्, उपेक्षामा परेका छन त्यहाँ सिविन पुग्नु अध्ययन अनुसन्धन गर्नु कामको थालनी गर्नु र राज्यलाई त्यहाँ पुऱ्याउनु घचघच्याउनु हो । अहिले बालअधिकारको नाममा देखौवा किसिमको साक्षरता अभियान, भर्ना अभियान चलेका छन् तर यो माथिबाट चलेर हुँदैन, यो गरिबीसँग गाँसिएको छ, अशिक्षासँग गाँसिएको छ । अशिक्षा र गरिवी जराको रूपमा रहेका छन् गरिवी यथावत भएसम्म माथिबाट जतिसुकै नारा लिएर गए पनि हुनेवाला छैन । यस्ता समस्याका जरासम्म सिविन पुग्नु पर्दछ र पुग्न सक्दछ पनि । सिविनले यस्ता समस्याहरूमा लामो समयदेखि अध्ययन गरेको छ काम गरेको अनुभव छ । यी विषयमा राष्ट्रिय जनमत बनाउन सिविन लाग्नु पऱ्यो । यदि अध्ययन कतै हुनुपर्छ भने त्यस्ता बालबालिकाको समस्यामा हुनुपऱ्यो ।

शिक्षा, स्वास्थ्य, पालनपोषण बालबालिकाको मौलिक हक हो र यो राज्यको दायित्व हो भनी अन्तरिक संविधान र नयाँ निमार्ण प्रक्रियामा रहेका मस्यौदा संविधानमा यी विषयहरू समेट्रियका छन् यसमा संसद देखि सभासदहरूको त पहिलो भूमिका रऱ्यो नै यसमा सिविनको पनि महत्वपूर्ण भूमिका रहेको थियो । यसलाई व्यवहारतः कार्यान्वयन हुनकोलागि कानुन नियमावली, नीति र निर्देशिका बाहिर आउनु पऱ्यो । यो संस्थातग रूपमा नै आउनु पऱ्यो संविधान जारी हुनुपऱ्यो ।

मस्यौदा संविधानमा बालअधिकारका राम्रा विषयहरू समेटिएका छन् त्यसलाई समावेश गराउन पनि निरन्तर लागि पर्नु पऱ्यो । मुख्यतया नेपालमा कृषि क्षेत्रका बालबालिका बढीनै पीडित छन् । पारिवारमा विचलन हुनासाथ बालबालिका शहर र यसपछि सडकमा आईपुग्छन् यो त्यही परिवार र समाजको वर्वादी हो । शहरमा सढकमा बालश्रमिक देखिनु परिणाम मात्र हो । मुहान त्यहाँ छ, सिविनले परिणाममा मात्र काम गरेर हुँदैन । मुहानमा नै काम गर्नु पऱ्यो ।

नेपाली बालबालिकाले भोग्नु परेका अन्याय शोषण दुर्व्यवहारको पक्ष सार्वजनिक गरिदिने र, नीति निर्माता र सरोकारवालाहरूसम्म पुऱ्याउने कार्य सञ्चार क्षेत्रको हो । यसरी बाहिर ल्याउनु नै महत्वपूर्ण कार्य हो । यो सञ्चार जगत्को दायित्व हो । नीति निर्माताहरूलाई दवाव दिने कार्य सञ्चार क्षेत्रबाट गरिनु पर्दछ । त्यहीं गरेर गर्ने दवाव एउटा हो भने सञ्चार मार्फत् दवाव दिनु अर्को पाटो हो । जस्तो कुनै पनि सामाजिक विषयलाई सञ्चारले बाहिर ल्याउनसाथ संम्बोधन गरिहाल्ने दवाव महसुस भईहाल्दछ । यो सञ्चारको तागत हो । बालबालिकामाथि हुने अन्ययका विषयलाई समाधान र विकल्पसहित प्रस्तुत गर्न सञ्चार जगतले महत्वपूर्ण भूमिका खेल्न सक्छ । यसरी सञ्चार जगतसँगको सहकार्यमा अगाडि बढ्नु पर्दछ । यसमा बौद्धिक तथा विशेषज्ञहरूको बहस र उनीहरूको विचार सार्वजनिक गर्न पनि सिविनले सञ्चारजगतसँगको सहकार्य गर्दै अगाडि बढ्नु पर्दछ ।

# कानुन कार्यान्वयन र सन्धि पालन नहुनु नेपालको कमजोर पक्ष



**युवराज घिमिरे**

स्वाभाविक रूपमा सिविन एउटा पायोनियर संस्थाको रूपमा गठन भएको हो । यसले जति पनि काम गरेको छ, त्यसलाई म व्यक्तिगत रूपमा शुभकामना दिन चाहन्छु । बालबालिकाको लागि त्यो परिस्थितिमा पनि काम गर्नु राम्रो र एकदमै महत्वपूर्ण विषय हो ।

बालबालिकाहरूलाई शोषण, दुर्व्यवहार र हेला नहोस् भन्नाका लागि अभियानहरू पर्याप्त भएका छैनन् । तर पनि सिविनले बालअधिकार संरक्षणमा जे गरेको छ त्यसको प्रशंसा गर्दछु । खास गरी द्वन्द्वको समयमा सिविनले अगाडि आएर बालसंरक्षणमा काम गर्ने जस्तै रिपोर्टहरू कम्पाइल गर्नेदेखि लिएर उनीहरूलाई माया गर्ने, घाइते बालबालिकाको उद्धार, उनीहरूलाई न्याय दिलाउन गरेका कामहरूबारे मलाई जानकारी छ त्यसको पनि म प्रशंसा गर्दछु ।

नेपालको सन्दर्भमा कानून बन्ने र कार्यान्वयन नहुने र अन्तराष्ट्रिय सन्धिमा हस्ताक्षर गर्ने र त्यो पालना नहुने गरेको छ । यो बालअधिकारको निमित्त कमजोर पक्ष हो । सन् २०१५ सम्म हामीले सबैलाई साक्षत गर्नुपर्छ । यो एक महत्वपूर्ण बालअधिकार हो हामी गर्न सकिरहेका छैनौं । यी कुराहरूलाई अभियानको रूपमा अगाडि लाने कुरामा हामीले ध्यान दिनु पर्दछ । अर्को बालमजदुरको कुरामा हामीले जागृति ल्याउनमा पहल गर्दा पनि त्यो बालअधिकारको रूपमा रुपान्तरित हुनुपर्छ यो नै सफलता मानिन्छ । मेरो अनुभवमा यो २५ वर्षमा सिविनले नेपालमा बालअधिकारको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । मेरो शुभकामना ।

अव बालबालिकाको अधिकारका लागि सामाजिक रूपमा सरकार एउटा महत्वपूर्ण भाग हो । शिक्षा विना चाहिँ बालअधिकार अपूरो हुन्छ । बालबालिकाको अधिकार सुनिश्चित गर्न शिक्षा र स्वास्थ्य महत्वपूर्ण कुराहरू हुन् । मलाई के लाग्छ भने यो बृहत् अभियानको हिस्सा उनीहरूलाई बनाउनुपर्छ । बालबालिकाको अधिकार कसरी सुनिश्चित गर्ने भन्ने कुरा अब हामीले सरकारी तहमा पनि सँगसँगै छलफल गरेर जानुपर्छ ।

# कुनै पद नलिइकन पनि काम गर्ने सिविन संस्कृति



**शोभा गौतम**

जुन बेला म पत्रकारिता गर्थे समाचार संकलन गर्न जाने क्रममा सिविन हेर्ने बुझ्ने मौका पाएको थिएँ । सडक बालबालिकाको लागि स्वास्थ्य उपचार व्यवस्था, पुनस्थापनको व्यवस्था, परिवारसँग पुनर्मिलन गराउने व्यवस्था हेर्दा म अति नै प्रभावित भएको थिएँ । पछिल्ला दिनहरूमा इरिकोन स्थापना गरेपछि साझेदारको रूपमा सँगै काम गर्ने अवसर मिल्यो । सिविनलाई अझ राम्रोसँग हेर्ने बुझ्ने मौका मिल्यो । जिल्ला जिल्लामा पुगेर सिविनले बालअधिकार स्थापना र विकासका लागि जुन योगदान दिएको छ त्यति अरु कुनै संस्थाले दिन सकेको छैन । द्वन्द्वरत क्षेत्रमा पीडित बालबालिकाको लागि सिविनले उद्धार र पुनर्स्थापनको व्यवस्था गर्‍यो । त्यो अति सराहनीय छ ।

सिविनले बालअधिकारका लागि बालबालिकाको क्षेत्रमा नेतृत्वकारी भूमिका पूरा गरेको छ । बालबालिकासम्बन्धी ऐन २०४८ र नियमावली २०५२ बनाउन सिविनले नै भूमिका खेल्यो । कुनै समय थियो, बालबालिकालाई काममा लगाउन हुँदैन भन्ने कुरा गरेर सिविनले सबै विगार्न लाग्यो, डलर खाएर विगार्न लाग्यो भन्नेहरू पनि थिए । बालअधिकारको पक्षमा जति पनि ऐनहरू परिमार्जत भएको छन्, अन्तरिम संविधानमा बालअधिकारको कुराहरू जति समावेश भएका छन्, त्यसमा सिविनको भूमिका प्रमुख छ । बालअधिकार ऐन लागु गर्नको लागि सिविनले खेलेको भूमिका कसैले नकार्न र बिर्सन पनि सक्दैन ।

शान्तिमालिका स्थापनाकालमा देखि नै सिविन र इरिकोन त्यस सञ्जालको सस्दस्यको रूपमा रहे । सञ्जालको सदस्यका रूपमा रहेर कुनै पनि पद नलिईकिन सिविनले काम गरेको छ । अरु कति व्यक्तिहरू पदकै लागि होडबाजी गरेको पनि मैले देखेको छु । सन् २००५ मा तीन दिनसम्म महिला शान्ति सम्मेलन गरियो । त्यस सम्मेलनमा एजेन्डाहरू संकल्पकासाथ पास गरेका थियौं संकल्पप्रस्तापका साथ घोषण-पत्र जारी गरेको थियौं । उक्त सम्मेलनको घोषणा-पत्रमा बालबालिकाको विषय समावेश गराउन सुम्निमाले महत्वपूर्ण भूमिका खेल्नु भएको थियो । त्यति मात्र हैन द्वन्द्वको समयमा महिलाको कुराहरू उठ्थे, तर बालिकाको कुराहरू छुटेका हुन्थे । यसरी बालबालिकाका कुरा छुट्दा सञ्जालभित्र बसेर कुराहरू उठाउने काम महत्वपूर्ण हुन्छ । जस्तो एच.आई.भि. संक्रमित बालबालिकाको कुराहरू पत्रकारिताको कुरा गर्दा हामी एउटै सञ्जालमा थियौं, त्यहाँ बालबालिकाका कुरा ल्याउनको लागि सिविनले आफै कतिपय ठाउँमा विना पैसा स्रोत व्यक्ति पठाएर पनि बालबालिकाका एजेण्डा ल्याउनका लागि योगदान गर्‍यो । पत्रकारिताका क्षेत्रमा कहाँ कसरी बालबालिकाको कुराहरू उठाउन सकिन्छ ? द्वन्द्वको समयमा बालबालिकामा परेको प्रभाव कस्तो हुन्छ ? कसरी समाचार संकलन गर्न सकिन्छ ? भन्ने बारेमा उपयुक्त सल्लाह दिएर सिविनले एकदमै ठूला मद्दत गरेको छ ।

नीति निर्माण तथा परिमार्जित गर्ने कुराहरूमा सिविनले जुन दवावमूलक काम गरिराखेको छ, त्यसलाई निरन्तरता दिनु पर्छ । कतिपय नीतिहरूमा बनेका छन्, तर कार्यान्वयनमा पुगेका छैनन् । अर्को कुरा नीति कार्यान्वयनको लागि सरकारलाई दवाव दिनु पर्‍यो, नयाँ नीति परिमार्जन गर्नको लागि तथा नपुगेको नीति बनाउनको लागि उसले एक्लै हिडेर हुँदैन सञ्जालमा बसेर काम गरिरहेको छ । यस्ता सञ्जाललाई कायम राखेर अगाडी गयो भने सिविन नेपालको पायनियर संस्थाको रूपमा अझ अगाडी जान सक्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा सिविनले गरेका राम्रा कामहरू थुप्रै छन्, त्यसको प्रचार प्रचार हुनु पर्ने जति भएको छैन । सिविनको दवावको कारणले र नेटवर्कको दवावको कारणले नेपाल सरकारको तर्फबाट बालबालिकाको क्षेत्रमा राम्रा कामहरू धेरै नै भएका छन् । सिविन सधैं बालबालिकाको अभिभावक भएर बाँच्न सकोस् मेरो शुभ कामना छ ।



# उत्तरोत्तर विकास र निरन्तरता सिविनको विशेषता

**विष्णु रिमाल**
**अध्यक्ष, नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)**

नेपालको सन्दर्भमा सिविन र बालअधिकार आन्दोलन पर्यायवाची शब्दको रूपमा स्थापित भएका छन् । पञ्चायती शासकहरूले पनि मुमा वडामहारानीको जन्म दिवसको उपलक्ष्यमा चक्लेट बाँडेर बाल दिवस मनाइन्थ्यो । ठूलाबडाका सन्तानहरूको समस्याको बारेमा मात्रै कुरा गर्थे । सिविनले सडकमा फालिएका बालबालिकाको अधिकारको सवालबाट काम थाल्यो । त्यसपछि काम गर्ने न्यूनतम उमेर के हुनुपर्ने हो ? कुन उमेरका मान्छेलाई काममा लगाउन पाईने र काममा लगाउन नपाईने भन्ने कुरा उठायो । सिविन स्थापनादेखि आजका मितिसम्म आउँदा बालअधिकारका विभिन्न पक्षहरूमा गरिएका पहलहरू छन् ।

सिविनको गतिविधिलाई धेरै पाटोहरूबाट हेर्नुपर्छ । यो सुरुमा कल्याणको हिसावले आएको हो । जतिबेला सुकुलमा सिविन चल्दै थियो । सिविनको संस्थापक अध्यक्ष मेरो साथी पनि र आन्दोलनको पनि सहयोगी साथी भएकोले मलाई थाहा छ । सुरुमा सडकमा फ्याँकिएका, कसैले ध्यान नदिएका, परित्यक्त, गरीब, टुहुरा, बालबालिकाहरूलाई दुई छाक ख्वाएर भए पनि सेवा थाल्नुपर्छ भनेर थालियो । यसरी यो कल्याणकारी कामबाट गएको जस्तो देखिन्छ । कल्याणकारी कामबाट सिविनले के अनुभव गऱ्यो भने, यसबाट यो टुँगोमा पुगिने हैन रहेनछ । अधिकारको लागि नै बोल्नुपर्ने रहेछ । बालअधिकार कुनै मुद्दाको रूपमा स्थापीत भएकै थिएन । त्यसपछि पैरवी काम गऱ्यो विशेष गरेर प्रचारात्मक अभियानमा अगाडि बढ्न थाल्यो । प्रचारले एउटा गति लिएपछि साथीहरू खोज्न थाल्यो । सिविन र जिफन्टको स्थापनामा २ वर्षको फरक छ । जिफन्ट १९८९ मा बनेको भएता पनि त्यो भन्दा गाडि ट्रेड यूनियन आन्दोलन शुरु भैसकेको थियो । राष्ट्रिय संघ थियो महासंघ थिएन । त्यतिखेर श्रम आन्दोलनसित बालअधिकार जोड्नु पर्छ कि पर्दैन भन्ने मामिलामा ध्यान दिन थालियो । प्रचारात्मक तहबाट साथीहरू खोज्न थालियो । साथीहरू खोज्दा अन्तरराष्ट्रिय अभियानकर्तालाई आफ्नो साथी वनाइयो, देशमा नीति निर्मातालाई पनि साथी बनाउने प्रयत्न गरियो । यो पञ्चायतकालमा त्यति सम्भव थिएन । त्यसपछि आन्दोलकारीलाई यो आन्दोलनको विषय हुन सक्छ भनी साथी बनायो । सिविन यसरी सडकमा फ्याँकिएका बालबालिकाबाट, कालकोठरी जस्तो ठाँउमा काममा दलिएका स–साना नानीहरूको बीचमा पुग्यो । मलाई अहिले पनि याद छ, तामारोमा टि भीले बालश्रम खासगरी गलैंचा बालश्रमको बारेमा टेलिभाइज गर्दा तत्कालीन समयको लोकतान्त्रिक सरकारसम्म हल्लिने स्थितिमा पुगेको थियो । औद्योगिक क्षेत्रमा त ठूलो हल्लाखल्ला नै मच्चाउने काम गरेको थियो । त्यो तहमा आफूलाई उकास्यो । सिविनले सडकमा बसेका बालबालिकादेखि लिएर प्रत्येक शोषित, पीडित बालबालिकाहरूको अधिकार खोज्दै खोज्दै जाने र

अन्तमा गएर नीति निर्माण गर्ने भन्ने तहसम्म आफूलाई पुऱ्याउने काम गऱ्यो । नीति निर्माण गरेपछि बाल इजलास जस्ता कुराहरू, बालविजाँई भनेको के हो, बाल अपराध भनेको के हो, यसको भिन्नता के हो, यस्ता कुराहरूमा सिविनले आफूलाई स्थापित गराउदै लिएर गयो । यो लामो यात्रालाई हेर्दा आफ्नै व्यवहारबाट सिक्दै र अन्तराष्ट्रिय अनुभवबाट सिक्दै अन्तराष्ट्रिय एजेन्सीहरूको समेत सहयोगबाट सिविनले आफ्नो आन्दोलनलाई संयोजन गर्दै आएको म देख्छु ।

आन्दोलन र दान दातव्यको काम गर्ने संस्थामा धेरै फरक हुन्छ । सिविनपछि धेरै बालअधिकारसम्बन्धी काम गर्ने संस्थाहरू खुलेका छन् । बालमजदुरको लागि नै काम गर्छु भनेर आएका छन् । ती संस्थाहरू च्यारीटीको रूपमा मात्र आए । वेलफेयरको कुराभन्दा माथि उठाउन सकेनन् । कठैबरा भन्ने तहमा मात्र उनीहरू पुगे । सिविनले के गऱ्यो भने जुन ठाँउमा आन्दोलन नचलाएसम्म यो समस्या हल हुदैंन त्यो ठाँउमा आन्दोलन चलाउनु पर्छ भन्ने बुझेर अगाडि बढ्यो । उदाहरणको लागि १९९० सालमा प्रजातान्त्रिक व्यवस्था आएपछि मे दिवस मनायौं । मे दिवसको नारा बालश्रमिकहरूलाई पनि सङ्गठित गर्नुपर्छ भनी लगायौ । तत्काल सिविनले हामीलाई प्रश्न उठायो । बालमजदुर तपाँइहरूको सदस्य बन्छ कि बन्दैन भनेर । हामीले आपसमा छलफल गऱ्यौं । बालमजदुर यूनियनको सदस्य बन्ने हो भने, बालबालिकाले काम गर्न पाउने कुरालाई ग्यारेन्टी गर्नुपऱ्यो । काम गर्नु अपराध होइन रहेछ भनी बुझ्नु पऱ्यो । यदि बालमजदुर यूनियनको सदस्य बन्न नहुने हो भने बालश्रमलाई रोक्ने बाटोबाट जानुपऱ्यो । त्यो नीतिगत स्पष्टता त्यहाँबाट आयो र बालमजदुर यूनियन बनाउने कुरा गलत हो भनी रोक्यौं । एउटा निश्चित उमेरभन्दा तलका मान्छेलाई श्रममा लगाउन हुन्न, लगाउनेहरूलाई दण्डित गर्नुपर्छ भन्ने मुद्दालाई एकै ठाँउमा ल्याउने काम गऱ्यौं । सुरुको समयमा धेरै अप्ठ्यारो कुरा थियो । मान्छे भोकै मर्नुभन्दा काम गरेर खानु राम्रो हो भनी धेरै ठाँउबाट तर्फ आएको थियो । सिविन त पहिले नै डामिनै सकेको थियो । ट्रेड यूनियन पनि डामिसकेको थियो । यसले विदेशी व्यापारको मलजल गर्छ, नेपालको व्यापार सिद्धिन्छ भन्ने कुराहरू उठेको थियो । प्रकारान्तमा गएर बालअधिकारको लागि वोल्ने न्यूनतम उमेरभन्दा तलमाथि जानुहुन्न भन्ने कुराहरू अन्तराष्ट्रिय रूपमा नै स्थापित कुराहरू रहेछ । आइ.एल.ओ.कन्भेन्सले भनेका कुराहरू र न्यूनतम उमेरसम्बन्धी कन्भेन्सन पनि अध्ययन गऱ्यौं । सहकार्यको कुरा गऱ्यौं । सिविन र जिफन्ट कुनै सल्लाह गरेर होइन, सिविन आफैं नेपालको चिया बगानमा गयो । केही अध्ययन गऱ्यो १९९० ताका । त्यहाँ केही श्रमिकहरूलाई बालश्रमिक ठहर गऱ्यो । बालश्रमिक राख्नु हुन्न भनी पैरबी गऱ्यो । त्यहाँ आफ्ना स्थानीय शाखाहरू बनायो । केटाकेटीहरूलाई स्कूलमा पढ्न पठाउनु पऱ्यो भनी हामीलाई रिर्पोट गऱ्यो । त्यसको ३ वर्ष पछि १९९४ मा हामीले अध्ययन गऱ्यौं । सिविनले जे गऱ्यो ठीक गऱ्यो । यदि तपाईहरूको नजिक स्कूल छैन भने स्कूल बनाउन लबिगं गर्छौं । होइन भने सिविनले स्पोन्सर गर्न सक्छ भने हामी अनुरोध गर्छौं भन्यौं । तर बालश्रमिक राख्न पाइन्न भन्यौ । सामाजिक, सास्कृतिक हिसावले, सिविनले ४/५ वटामा अध्ययन गरेको थियो, हामीले ३५ वटा चिया बगानमा सामाजिक, साँस्कृतिक अध्ययन गऱ्यौं । त्यो अध्ययन पछि रिपोर्टमा जति संख्यामा बालबालिका देखिए, कति सिविनले स्पोन्सर गरेको स्कूलमा जोडिदिने र कतिलाई सिधै व्यवस्थापकलाई दवाव दिएर स्कूल पठाउन लगाउने, कति पारिबाट आएका बालबालिकालाई त्यहीं नै व्यवस्थापन गर्ने काम गर्ने भनी योजना बनायौं । हामीले सन् २००० सम्ममा नेपालको चिया बगान बालमजदुर मुक्त हुन्छ भनी घोषणा गऱ्यौं । त्यो कामले एउटा नतिजा ल्यायो र

धुरा भित्रको जीवन भनी रिपोर्ट पनि छाप्यौं । सन् २००० मा युनिसेफले चिया बगानमा गएर अध्ययन गरी एउटा सर्टिफिकेट जारी गऱ्यो कि नेपालको चिया बगानमा बालश्रम छैन । यो एउटा उपलब्धि हो । सिविन र जिफन्ट एक किसिमले तालमेल मिलाएर काम गऱ्यौ । सिविनले एडभोकेसी गर्ने र सब्सीडाइज गर्ने र स्पोन्सर गर्ने काम गऱ्यो भने हामीले आन्दोलन गर्ने र दवाव दिने काम गऱ्यौं । त्यसले नतिजा आयो । त्यसपछि ग्लोवलमार्चमा जोडिने काम भयो । अरु सेक्टरहरू जस्तै कमैया सेक्टर, सफाई क्षेत्रका बालबालिकाको कुरा यी सबै ठाँउमा हामी जोडिएर जान थाल्यौं । एउटा नजिर के स्थापित भयो भने– "अधिकारकर्मी गैर सरकारी संस्थाहरू र अधिकारका लागि लडिरहेका सामाजिक आन्दोलनहरूसँगै काम गऱ्यो भने समाज सुधार र परिवर्तनका लागि मद्दत पुग्दो रहेछ" ।

यो त स्थापित भैसक्यो । १९९७ भन्दा अघि ट्रेड यूनियनहरूले न्यूनतम उमेरसम्बन्धी आइ.एल.ओ अभिसन्धिलाई कसरी हेर्ने भन्ने कुरामा समस्या थियो । १९९८ पछि आइ.एल.ओ.ले मौलिक अधिकारको विश्वव्यापी घोषणा त्यसलाई हामी कोर कन्भेन्सन भन्छौं । चारवटा सेटमा हरेको कोर कन्भेन्सन । त्यसपछि १८२ र १३८ पनि -याटीफाईड गर्ने काम ग्यो । विश्वभरीकै ट्रेडयूनियनवादीहरूले ८ वटा कन्भेन्सन लागु गर्नुपर्छ भनी हिंडे । त्यो बेला नारा नै निश्चित गरियो कि बालबालिका स्कूलमा, ठूला मान्छे काममा भनेर । त्यसले अहिले काम गरिरहेको छ । त्यसले भोली पनि काम गर्नुपर्छ भन्ने लाग्छ । नेपालको समाज हेरेर भन्दा हामी एक तह माथि उठिसकेको लाग्छ । हामी ९० को दशकलाई हेर्दा अहिलेभन्दा धेरै पछि थियौ । काम गरी खाइरहेका छौ त के घाटा भयो भन्ने थियो । अहिले १६, १८ वर्ष उमेरका बालबालिकाले चिया ल्याइ दिदा हामीलाई अप्ठारो लाग्छ । चेतनाको तह पनि उठेर गएको छ । भोलिको दिनमा यही प्रक्रियालाई निरन्तरता दिंदा रम्रो हुन्छ जस्तो लाग्छ ।

सिविनले एउटा विषयलाई वाहिर ल्याईसक्यो । श्रमसँगसम्बन्धी बालबालिकाको हक कुरा अव ट्रेड यूनियनहरूले पिकअप गर्न सक्छ । श्रम आन्दोलनबाट अगाडि जान सक्छ । एउटा बालबालिकाले काम गर्न पाउनु भनेको तिनकै अभिभावकहरू बेरोजगार हुनु हो । नेपालमा वेरोजगारीको तथ्यांक नहेरेर अर्ध रोजगारीको, कामको अल्प प्रयोग तथ्याकं हेर्ने हो भने १०० मा ३० जना मान्छे वेरोजगार छन् । जवकि २० देखि २६ लाख वीचमा केटाकेटीहरू काममा छन् । जवसम्म २५, २६ लाख बालबालिका काममा रहन्छन् तवसम्म २५,२६ लाख वयस्कहरू कामबाट वाहिरिनु पर्ने स्थिति आउँछ । यो ट्रेड यूनियन आन्दोलनको विषय बनिसक्यो । काममा न्युनतम उमेरका मान्छे राख्न हुन्न भन्नलाई अलिकती बल मात्र पुऱ्याए पुग्छ । त्यसलाई टाउको दुखाउनु पर्ने छैन । श्रम आन्दोलनले उठाएर लिएर लान्छ । श्रम आन्दोलनले नछोएको विषय बाल इजलास, बालपन भनेको के हो ? कसरी बालबालिकासँग व्यवहार गर्नुपर्छ ? शिक्षाको विधि कस्तो हुनुपर्छ ? सिकाईका र भोगाइका कुराहरू के हुन् ? यस्ता कुरा सबै बालबालिकाहरूले मौलिक हकको रूपमा शिक्षा पाउनुपर्छ भन्ने कुराहरू, अवको दिनमा सिविनले उठाउनु पर्ने विषय हो जस्तो लाग्छ मलाई । सव सेक्टरमा जादा निरन्तरता पाउनुपर्ने कामहरू पनि छन् । सडक बालबालिकाहरूको समस्या अझ पनि अन्त भैसकेका छैन । जवसम्म असमानता रहन्छ । समाजमा फ्याँकिने मान्छेहरूको संख्या घट्नेवाला छैन । त्यसलाई ध्यादिंदै नीतिगत जुनजुन कुरा सिविनले बाहिर लिएर आयो त्यसलाई पूर्णता दिने र प्रणाली भित्र बाँध्ने काममा ध्यानदिनु पर्छ ।

पहिलो त बालबालिकाको काम गर्ने ठाँउ कलकारखाना होईन, स्कूल हो भन्ने कुरा स्थापीत

गऱ्यो सिविनले । त्यसपछि बनेका जतिपनि बालअधिकारसम्बन्धी संस्थाहरू छन् जति पनि नीतिहरू छन्, त्यो बाईप्रोडक्ट मात्र हुन् । सिविन नै प्रोडक्ट हो । पछि आएका संस्थाहरू बाई प्रोडक्ट हुन् । मेन प्रोडक्टको जे भूमिका रहन्छ त्यही नै भूमिका सिविनको हो । दोस्रो, सिविनले बालबालिकाको हकको प्रसंगको कुरा गर्दा कामबाट उन्मुक्ति पाउने कुरा मात्र होइन, उसले बेचविखनसँग सम्वन्धित विषय पनि छोएर गएको छ । सुरुमा बालयौन दुराचार कुराहरू अरुले उठाउदैन थिए, सिविने नै पेडोफिलको कुरा उठाएको हो । चेलिबेटी बेचबिखन र बालबालिका बेचबिखनको कुरा सँगसँगै सिविनले उठाएर आयो । यद्यपि यसले कामको एरिया भनेको बालबालिका मात्र भनेर ताकिएको थियो । यो दोस्रो उल्लेखनीय पक्ष हो । तेस्रो नीतिगत संबृद्धिको लागि अर्न्तरराष्ट्रिय जगतमा होस् वा हाम्रो देश भित्र बालनीति बनाउने कसरी ? बालअधिकार लागि लाग्ने कसरी ? भन्ने बारेमा जुन योगदान गऱ्यो त्यो पनि उल्लेखनीय कुरा हो जस्तो लाग्छ ।

नेपालमा तत्कालीन समयमा बनेका गैह्रसरकारी संस्थाहरू मध्ये ४ वटा संस्थाको नाम सँगसँगै लिने गर्छु । ४ वटा सेक्टरबाट तिनीहरू अग्रणी रहे । बालबालिकाको सम्बन्धमा सिविन आयो, जेनेरल मानवअधिकारको सर्न्दभमा इन्सेक आयो । विकासको कामसँग सम्वन्धित क्षेत्रमा आर.आर.एन आयो र पीडितहरूको लागि बोल्ने सिभिक्ट आयो । यी हाम्रो देशमा युनिक संस्था थिए । ती संस्थाहरू मध्ये कुन ग्राफ तलमाथि छ त्यो आफ्नो ठाउँमा छ, तर सिविनले यो कामलाई निरनन्तरता दिइरहेको छ । त्यही हिसावले म सम्झन चाहन्छु ।

# राजनीतिक अस्थिरता आजको प्रमुख समस्या

**अच्युतराज पाण्डे,**
**महासचिव, नेपाल ट्रेड यूनियन कांग्रेस**

बालअधिकार र श्रमिक अधिकार एक आपसमा जोडिएका कुरा हुन् । हाम्रो ट्रेड यूनियनको तर्फबाट हेर्दा बालबालिकाको अधिकारलाई सुनिश्चित गरिएन उनीहरूको शिक्षा, दीक्षा लगायत अरु अधिकारको र मनोवैज्ञानिक विकास हुने कुरामा लगाइएन भने, उनीहरूको विकास हुँदैन । श्रमिकहरूले रोजगार पाउदैनन् र वयस्कहरूले रोजगार पाउदैनन् । बालबालिकाहरूलाई रोजगारी दिंदा र वयस्कहरूले रोजगारी नपाउने स्थिति छ । ट्रेड यूनियनले बालबालिकाको अधिकार सुनिश्चित हुनुपर्छ, श्रमिकको अधिकार सुनिश्चित हुनुपर्छ भनी रहेका छन् । बालअधिकार स्थापित गर्न सिविनको भूमिका छ, बालअधिकारको लागि लडिरहेको छ त्यो सिविनको उल्लेखनीय कार्य हो ।

बालबालिकाले चोरेर खानुहुन्न, काम गरेर खानुपर्छ भन्नु नकारात्मक कुरा होईन । तर नेपालको आर्थिक, भौगोलिक कारणले बालबालिकाहरूले पाउनुपर्ने अधिकार, सुविधा र विकासका कुराहरू उपलब्ध नहुने स्थिति छ । उनीहरूले पढ्नुपर्छ, खेलकुदमा भाग लिनैपर्छ, उनीहरूको मानसिक र शारीरिक रूपमा विकास हुनुपर्छ भन्ने कुरामा हाम्रो पनि दुईमत छैन । तथापि हाम्रो जस्तो गरीब देशमा, बालबालिकाले घरपरिवारमा सघाइरहेको स्थिति छ । त्यो पनि हाम्रो नकारात्मक कुरा होइन । बालबालिकाले आफ्नो बृद्धि विकासमा नरोकिने किसिमले काम गर्दा अप्ठेरो पर्दैन भन्ने सोच पनि हाम्रो देशको लागि राम्रो र सकारात्मक कुरा हो ।

सिविनले बेलाबेलामा सरकार र अन्य सम्वन्धित ठाँउमा लविंग गर्ने काम गरिरहेको छ । यसमा ट्रेड यूनियनले पनि सिविनको अभियानलाई सहयोग गर्ने काम गरेको छ । २०४६ साल पछि बालबालिकाको विकासको लागि उल्लेखनीय कुरा अगाडि बढिराखेको छ । अहिले २०६२।६३ को आन्दोलन पछि बालबालिकाको अधिकारलाई संविधानभित्र राख्ने जुन आन्दोलन भयो त्यसमा सिविनले पनि काम गरेको थियो । देशको राजनीतिले गर्दा कार्यान्वयन नभएको स्थिति हो । कार्यान्वयनको पाटो फितलो भएको छ । चेतना र सशक्तता भने अगाडि बढेकै छ ।

उपलब्धिको सिलसिलामा बालबालिकाको लागि यो गर्न हुन्छ, यो गर्न हुँदैन भन्ने कानुनहरू र सचेतनाहरू एकातिर छ । कानुनमा सबै कुरा हुँदैन सचेतना पनि उत्तिकै जरुरत हुन्छ । कानुन बनिसकेपछि राज्यले पनि कार्यान्वयन गर्नु पर्ने दायित्व हुन्छ । उलंघनका घटनाहरू भए दण्ड सजाए दिने र अगाडि वढाउने काम राज्यले गर्नैपर्ने हुन्छ । यसमा सिविनको भूमिका महत्वपूर्ण छ । सिविन बालबालिका कै लागि भनेर खोलिएको संस्था हो । यो २५ वर्षको अभियानमा उल्लेखनीय उपलब्धि हासिल भएको छ ।

अन्तराष्ट्रिय स्तरमा अधिकारका कुराहरू, अभिसन्धिका कुराहरू आउँछन् । त्यसमा नीति निर्देशन गरेर अगाडि बढ्ने कुरामा हामी अगाडि छौं । त्यसमा दुईमत नै छैन । कार्यान्वयनमा राजनीतिक कारण, आर्थिक कारण होला । एकपक्षले

एउटै कुरा मात्र कार्यान्वयन हुने होईन । धेरै कानुनहरू बनेका छन् कार्यान्वयनमा फितलो छौं । कार्यान्वयनको भूमिका सरकारको नै हो ।

तुलनात्मक रूपमा बालश्रमिकहरू धेरै कम देखिन्छन् । ट्रेड यूनियनको विकासको कारणले होला । यो कानुनको विकासले पनि होला र तैपनि बालबालिकाहरूलाई निष्कृष्ट प्रकारको श्रममा लगाउने परम्परा हटिसकेको छैन । सकेसम्म लुकीछिपी गरिरहेको देख्छौं । खास गरी यातायात क्षेत्र, टुरिजम सेक्टरहरूमा बालश्रमिक अहिले पनि देखिन्छन् । अझै पनि धेरै काम गर्न बाकी नै छ । सिविन र ट्रेड युनियनले आफ्नो अभियान त चलाएको छ । राजनीतिक अस्थिरताको कारणले पनि धेरै कुरा अगाडि बढ्न नसकेको हो । नत्र धेरै अगाडि बढिसक्थ्यौ । धेरै कुराहरू राजनितिक स्थायीत्वमा पनि निर्भर गर्छ । हामी जुन अभियानमा लागेका छौ, ट्रेड यूनियनको संगठन, बालअधिकारका कुराहरू, श्रमिकहरूको अधिकारको दिलाउने कुरा यी सबै कुरा राजनीतिमा नै निर्भर हुने भएकोले सुगा रटाई गरेर बालअधिकारको मात्र कुरा गर्नुभन्दा राजनीतिको सफा वातावरण र स्थायित्वका कुराहरू उठाउँदै आफ्नो अभियानसँग जोडेर लिएर गयौं भने मात्र अभियानमा सफल हुन्छौं । सिविनले पनि ती कुराहरू अगाडि बढाउनुपर्छ । विभिन्न संघसंस्थासँग संयोजन गर्ने र देशको राजनीतिलाई ठीक गर्ने तर्फ लाग्नु जरुरी छ ।

सिविनले आफ्नो अभियानमा उत्तरोत्तर सफलता प्राप्त गरोस् र आफ्नो अभियानमा अरु सबै सहकर्मीहरूलाई लिएर जान सकोस् । यही शुभकामना ।



# श्रमिक अधिकारभन्दा बालअधिकार गम्भीर

**शालिकराम जमरकट्टेल**
**अध्यक्ष, अखिल नेपाल ट्रेड यूनियन महासंघ**

हाम्रो जस्तो देशमा श्रमिकका अधिकार बालअधिकार लगायत जनसमाजको अधिकार एउटा सीमीत समुदायले मात्र प्रयोग गरीराखेको अवस्थामा सिविनले उठाएको कुरा महत्वपूर्ण छन् । अहिले सिविनले मुलतः नेपालको बालअधिकारको क्षेत्रमा आवाजहरू उठाईराखेको छ । यो हाम्रो श्रमक्षेत्रसित पनि सम्वन्धित छ । ट्रेडयूनियनसित पनि सम्बिन्धित छ ।

नेपालमा धेरै किसिक श्रमिकहरू छन् । सिविनले बालश्रमिकका बारेमा कुरा उठाएको छ । कति बालबालिकाहरू शिक्षाबाट बन्चित र अपहेलित छन् । बाँच्नको निम्ति बाध्य भएर श्रम गर्नु पर्ने अवस्थामा छन् । श्रमिक अधिकार त उमेर पुगिसकेपछि श्रमक्षेत्रमा प्रवेश गरीसके पछिको राजनितिक र पेसागत अधिकार हो । त्यो आफ्नो ठाउँमा छ दै छ । बालकको पहुच हुँदैन, समुदाय हुँदैन,समाज भएपनि परिपक्व हुँदैन । नेपालको श्रमक्षेत्रमा थुप्रै बालबलिकाहरू शोषणमा छन् उत्पीडनमा छन् । अपहेलित भईराखेका छन् । यस्तो बेलामा हामीले मुख्य रूपमा बालअधिकारलाई जोड दिनुपर्छ । बालकलाई श्रममा लगाउनु हुँदैन । शिक्षाको व्यवस्था गर्नुपर्छ बालकहरूलाई समुदायका वा जसका अभिभावक छैनन् यस्ता श्रमिक बालबालिकाहरूको बारेमा श्रमक्षेत्रहरूबाट हामीले पनि अत्यन्तै गम्भीरतापूर्वक हेर्नुपर्छ । राज्यले बनाएको कानुन व्यवाहरमा कार्यान्वयन हुन सकेको छैन त्यसैले बालअधिकार श्रमिक अधिकारभन्दा अलि गम्भीर हो ।

सिविनले जुन काम गरी राखेको छ । नजिकबाट हेरि राखेको छु । प्रकाशनहरू पनि पढिराखेको छु । सिविनले गरेको काम एकएमै सराहनीय छ । बालश्रमहरूको उन्मूलन गर्नुपर्छ भन्ने पक्षमा नेपालका ट्रेड यूनियनहरूले पनि आफ्नो ठाउँबाट सरकारलाई दवाव दिईराखेका छौं । राज्यले वैकल्पिक व्यवस्था नगरुन्जेल राज्यले बालश्रम अन्तगर्नु पर्छ भन्ने व्यवहारमा नल्याउनजेल अन्यक्षेत्रबाट गरेको कामहरू अलि अपर्याप्त हुँदोरैछ अहिले सिविन संस्थाहरूले र ट्रडयूनियन हरूले जुन कार्यक्रमहरू अगाडिबढाई राखेका छन् र त्यसले एउटा खालको चेतना त आएको छ । सबैलाई बालअधिकार हनन् भएको छ । बालअधिकारको रक्षा भएको छैन, बालकहरूले आफ्नो मौलिक अधिकार प्रयोग गर्न पाएका छैनन् भन्ने कुरा बुझ्न पाएका छन् । एउटा चेतना दिएको छ । जागरण पनि आएको छ । बालक कहाँ खान्छ कहाँ बस्छ कहाँ जान्छ भन्ने कुरा राज्यले व्यवस्था गर्नुपर्ने हुन्छ राज्यले त्यसको दायित्व लिनु पर्ने हुन्छ । तर राज्यले त्यो दायित्व लिन नसकुन्जेल पूर्ण रूपमा बालश्रम उन्मूलन हुन सक्दैन ।

नेपालको कार्यान्वयन पक्ष भेदभावपूर्ण छ । सबैको निम्ति समान खालको छैन । विभेदपूर्ण तरीकाले नेपालको कानुन कार्यान्वयन हुन्छ । सबैको निम्ति समान ढङ्गले काम गर्ने वातावरण राज्यले बनाउनु

पर्छ । राजनितिक पार्टीहरूले त्यसको निम्ति राज्यलाई उत्तरदायी बनाउन दवाव दिनु पर्छ। हाम्रो क्षेत्रबाट पनि पर्याप्त काम हुन सकेको छैन । कार्यन्वयनको पक्ष सन्तोष जनक छैन । नेपालमा कानुनहरू नभएको हैन, कानुनमा नलेखिएका पनि हैनन् नेपालमा जो बलियो छ, जसको पहूँच छ उसलाई मात्र कानून हुन्छ । जसले गर्न सक्दैन राज्यको पहुँचभन्दा बाहिर छ ।त्यस्ता मान्छे वा समुदायले कानूनको उपयोग गर्न पाएका छैनन् । बालअधिकार क्षेत्रका सबै कानून कार्यान्वयन नहुनु र राज्यले उतरदायित्व नलिनु समस्या नै हो ।

सिविनले धेरै कर्यक्रमहरू गरिरखेको छ। हामी ट्रेड यूनियन एउटा क्षेत्रमा मात्र सिमित भएर कार्यक्रम अगाडि बढउँछौ । हामीले राजनितिक ढङगले मात्र अगाडी बढाउछौँ। सिविनले जसरी आफ्नो तरीकाले आफ्नो काम अगाडी बढाई राखेको छ । यसबाट आगामी दिनमा नेपालमा बालअधिकार संरक्षण हुन सक्छ, बालबालिकामाथि भइरहेको दुर्व्यवहार अन्त हुन सक्छ भन्ने मलाई लागेको छ । सिविनले बालअधिकारसम्बन्धी जुन अभियान चलाएको छ । त्यो एकदमै सराहनीय छ।

सिविनले आफ्नो २५ वर्षको रजत उत्सव मनाउँदै छ । यस अवसरमा सिविनले आफ्नो सम्पूर्ण गतिविधिको समीक्षा गर्ने छ भन्ने आशा गर्दछु । सिविन आफ्नो अभियानमा सफल होस् । अखिल नेपाल ट्रड यूनियन महासंघको तर्फबाट शुभकामना ।

# बालअधिकार, बालमैत्री शिक्षा र विद्यालय शान्ति क्षेत्र



**बाबुराम अधिकारी**
**अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठन**

जुन बेला सिविन नेपालको स्थापना भयो त्यतिवेलै यसको उद्देश्य स्पष्ट थियो । अहिले धेरै बालबालिकाको क्षेत्रमा, मानवअधिकारको क्षेत्रमा, शिक्षाको क्षेत्रमा काम गर्ने गैह्रसरकारी संस्थाहरू छन्, तीमध्ये धेरैको प्रोफाईल हेर्दा के गर्न खोजिएको हो उदेश्य नै किटान छैन । उदेश्यहरू छरपष्ट भएको देख्छु । जहाँसम्म सिविनको कुरा छ उद्देश्य सुरुदेखि नै स्पष्ट थियो । स्पष्ट उद्देश्य र कामगर्ने साथीहरूमा राम्रो किसिमको भिजन भएर नै मिसन योजनाहरू बनाउन सिविन सफल भएको थियो । त्यसै भएर नै यसले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा आफ्नो पहिचानलाई स्थापित गर्न सक्यो । स्थापनाको केही समय पश्चात्देखि म सिविन नेपालसँग प्रत्यक्ष परोक्षरूपमा सम्ववन्धित छु ।

जहिले पनि बालबालिकाको विषयमा कुराकानी हुँदा, नीतिनिर्माणका तहमा कसरी जाने भन्ने सवालमा बहस हुदाँ, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय धेरै कार्यक्रममा म सिविन नेपाल सँगसँगै छु ।

बालबालिकाको अधिकारका कुरा सुन्दा पहिले मानिसहरूलाई अनौठो लाग्थ्यो । बालबालिकाको पनि के अधिकार हुन्छ र ? ती त अभिभावकको संरक्षणमा हुन्छन् । तिनलाई अधिकारको के आवश्यकता छ र ? भन्ने गरिन्थ्यो । बालअधिकारका नाममा बाहिरको सहयोग लिएर कमाउने धन्दा चलाउन खोजे भन्ने आलोचना पनि थियो । तर यो अविरल र अविचलित ढंगले काम गर्दै गयो । अहिले नेपालको बालबालिकाका क्षेत्रमा काम गर्ने अरु संस्थाहरू पनि छन् तिनिहरूलाई पनि म सम्मान गर्न चाहन्छु । तर सिविन नेपाल नेतृत्वदायी भूमिका निर्वाह गर्ने संस्था हो । अरु संस्थाहरूले यसलेजस्तै गरी काम गर्न सकिरहेका पनि छैनन् र स्पष्टता पनि छैन ।

सिविन नेपालले गरेका कामकै आधारमा सरकारले अहिले विद्यालय शान्ति क्षेत्र हुन् भन्ने घोषणा गरेको छ । पहिले सिविन नेपाल एक्लैले जवरजस्त ढंगले यसलाई नेतृत्व दियो । पछि हामी शिक्षक संगठनहरूले, अरु गैह्रसरकारी संस्थाहरूले, र निजी स्कूलहरूले पनि साथ दिए । त्यसपछि राज्यले शान्ति क्षेत्र घोषणा मात्र गरेन अहिले आएर मोडालिटि नै तयार गरेको छ । यद्यपि कार्यान्वयनको पाटो अझै कमजोर छ ।

जुन बेला सिविन नेपाल सवै किसिमका बालबालिका विषयमा काम गर्थ्यो त्यो बेला म अर्न्तराष्ट्रिय कार्यक्रममा सहभागी हुन जान्थेँ । त्यसबेला नै नेपालमा स्थापित संस्थाको नाम लिनुपर्दा सिविन नेपालको नाम लिन्थे । म अत्यन्त खुसी हुन्थेँ । आफुले सँगै काम गरेको, सरसल्लाह गर्ने गरेको संस्था अन्तराष्ट्रियरूपमा स्थापित भएको रहेछ भन्नेमा गौरव लाग्थ्यो । जसरी विदेशीहरूले नेपालमा शिक्षकहरूको संगठनका रूपमा एन एन टि ए लाई चिन्छन् ।किन भने स्थापनाकालको एक मात्र संस्था यही मात्र थियो । यो भूमिका किन भनिरहेको भने सुरुमा नेपालमा बालबालिकाको क्षेत्रमा काम गर्ने स्पष्ट उदेश्य र अवधारणाको साथ काम गर्ने एक मात्र संस्था कुन थियो भनियो भने सिविन नेपालको

नाम आउँछ । यो पनि यसको एउटा पहिचान हो ।

म आफु कुनै पनि बालबालिकालाई शारीरिक सजाय दिएर हैन, सम्झाएर बुझाएर सिकाउन सधाउन सकिन्छ भन्ने मान्यतामा विश्वासराख्ने मान्छे हुँ । म शिक्षा शास्त्र संकायको विद्यार्थी, कक्षाको र यत्रो नेटवर्कको नेतृत्व गरिरहेको व्यक्ति भएको आधारबाट पनि कक्षाकोठा सजायरहित नै हुनुपर्छ भन्नेकुरा बारम्वार उठाउँदैआएको छु । सिविनले जसरी यो अभियानलाई अगाडी बढाएको छ त्यसलाई सवैले साथ दिनुपर्छ । बालमैत्रीका कुराहरू आएका छन् । शारिरीक सजायको समस्या सामुदायिक विद्यालयमा भन्दा बढी निजी विद्यालयमा छ । किन कि निजी विद्यालयमा अनुशासनको डण्डा बढी नै लगाईन्छ । सामुदायिक विद्यालयमा शारिरिक सजाय नै छैन भन्ने कुरा होइन, त्यहाँ पनि छ,तर फरक ढङ्गको छ ।

कति विद्यालयमा कक्षाकोठाको व्यवस्थापनको कारणले पनि समस्या छ । कुनै विद्यालयमा कतिसम्म पनि छ भने १ जना शिक्षकले १०० भन्दा बढी विद्यार्थीलई सम्हाल्नु पर्ने अवस्था छ । यस्तोमा शिक्षकले आफ्नो विषय बस्तु कसरी पढाउने ? बस्ने ठाउँ अथवा टेक्ने ठाँउसम्म पनि छैन । शिक्ष्कले चर्को स्वरले बोल्नुपर्ने र नपिटे पनि हातमा डण्डा लिनुपर्ने अवस्था छ । तर त्यो गर्नु हूदैन । सरकारले कम्तीमा विद्यार्थी बस्न पर्याप्त ठाउँसहितको कक्षाकोठा तथा आवश्यक भौतिक सामग्रीको व्यवस्थापन र विद्यार्थीलाई पढ्नको लागि उत्साहजनक बातावरणको सिर्जना गर्नुपर्दछ ।

यो बालअधिकारको क्षेत्रमा प्रत्यक्ष रूपमा काम गर्ने, समर्थकको रूपमा काम गर्ने, सहयोगीको रूपमा काम गर्ने यी सवै तिनै पक्षको सवन्वय हुनुपर्छ ।आज ट्रेड यूनियनले र हामीले पनि बालबालिकाका कुरा गरिरहेको अवस्था छ । यसलाई सवन्वयत्मक रूपमा अगाडी बढाउन पर्दछ ।

सवभन्दा पहिले त यो बालअधिकारसम्बन्धी चेतना नेपालको मेचीदेखि महाकालीसम्म हिमाल पहाड तराई सवै ठाउँका सवै विद्यालयमा, विद्यार्थी, शिक्षकहरूको बीचमा पु¥याउनुपर्छ । पूर्व प्राथमिकदेखि प्राथमिक सम्मका विद्यार्थीहरूलाई समेत बालअधिकारको कुरा जानकारी दिनु पर्दछ । त्यो सर्वस्वीकार्य हुन्छ । सिविनले सोचेका कुरा, शिक्षक संगठनहरूले साचेको कुरा, अन्य गैह्रसरकारी संस्थाले सोचेका कुरा, ट्रेड यूनियनहरूले् सोचेका कुरा र सरकारले सोचेका कुराहरूको बीचमा एउटै ढङ्गले प्राथमिकीरण गर्न सकियो भने कार्यान्वयनको पक्षमा दह्रोसँग जान सकिन्छ । त्यसैले नीति नियमको कार्यान्वयनको पक्षमा, बालअधिकारको पक्षमा, बालबालिकाको शिक्षा लिनपाउने अधिकार र बालमैत्री बातावरण निर्माण लगायतका विषयमा संयन्त्र बनाएर काम गर्नुपर्दछ । संन्जाल वा संयन्त्र बनाएर मात्र पनि हुँदैन । ग्लोवल मार्च अभियानको सुरुमा सिविनले नेतृत्व गरेको थियो । पछि हामीले सिविनले मात्र हैन है सवै मिलेर काम गर्नुपर्दछ भनेर हामीले एउटा साझा संयन्त्र बनायौं । अहिले त्यसमा ५२/५४ ओटा संस्थाहरू शिक्षाको लागि राष्ट्रिय अभियान एन सि ई भित्र पनि छन् । त्यहाँ भित्र सिविन एउटा महत्वपूर्ण जिम्वेवारीमा छ ।

हामीले सवैभन्दा पहिले प्राथमिकीकरण गरिसकेपछि बालअधिकारको पक्षमा, बालमैत्री बातावरणको पक्षमा, शान्ति क्षेत्रको पक्षमा र बालअधिकारको कुरा संविधानमा स्पष्ट ढंगले उल्लेख गर्नेपक्षमा पहल गर्दा, नीति निर्माण गर्दा, पैरवी गर्दा, अनुसन्धान गर्दा यी ४ ५ ओटा कुराको नेतृत्व सिविन नेपालले गनुपर्दछ भन्ने धारणा राख्यौं। नेटवर्क भित्र सवैको सहभागिता हुनुपर्दछ । तर जिम्मेवारी लिने र बाँडफाड गर्ने हिसाबमा क्षेत्रगत ढंगले जिम्मेवारी लिएर गहिरोसँग काम गर्नुपर्दछ । अव सिविन नेपाल यसरी नै अगाडी बढ्नुपर्छ भन्ने हम्रो धारणा हो ।

# केही सोंच, केही सुझाव

**गुणराज लोहनी**
**अध्यक्ष, अखिल नेपाल राष्ट्रिय शिक्षक संगठन**

सर्व प्रथम त सिविनले सडक बाल बालिकाको क्षेत्रमा बढी काम गरेको देखिन्छ । बालअधिकारका २ वटा पक्षहरू छन्, एउटा बाबु आमा भएका बालबालिकाहरूको पनि पढ्न पाउने, खान पाउने, स्वास्थ्य पाउने लगायतका अधिकार, अर्को सडकमा भएका बाल बालिकाहरूको अधिकार कती आमा बाबु नभएका बाल बालिका छन् । सिविनले टेक केयर गर्ने र तिनलाई व्यवस्थापन गर्ने काम गरी रहेको छ, तेस्रो बालअधिकार भनेको के हो यो कसरी प्राप्त हुन्छ र महासन्धिहरूमा कसरी व्यवस्था गरिएको छ भन्ने बारेमा प्रचारात्मक काम गरेको छ । यी ३ वटै पक्षबाट सिविनले गरीरहेको काम एकदमै राम्रो पाएको छु ।

युद्धकालमा हामी भूमिगत भएका कारण सहकार्य हुन सकेन, हाम्रा ईच्छा चाहनाहरू एउटै हुँदा हुँदै पनि सम्भव भएन, पछिल्लो कालमा हामीले केही कार्यक्रममा भाग लिने पनि गरिरहेका छौं । बहस तथा छलफलहरूमा भाग लिने लगायतका काम गरीरहेका छौं । हाम्रो संगठनले मुख्यरूपमा शिक्षासँग जोडेर उठाएको कुरा के भने नेपालको शिक्षालाई हेर्ने हो भने भ्क्र्म मा अहिले जम्मा दश लाख बालबालिकाहरू पढ्छन् । जब कि शिक्षा विभागको पछिल्लो तथ्याकं अनुसार १५ लाख बाल बालिकाहरू भ्क्र्म मा पढने उमेरका छन् । ५ लाख बाल बालिकाहरू अहिले पनि ECD बाट बन्चित छन् । त्यो हामीले अलि बढी उठाएको कुरा हो । दोश्रो कुरा कक्षा ८ मा पुग्दा ८० प्रतिशत बालबालिकाले विद्यालय छोडने, दोहोऱ्याउने, अनुत्तीर्ण हुने समस्या कारणहरू पत्ता लगाउनु पर्दछ भनेर हामीले भनेका छौं । अनुत्पादक बाल श्रममा लगाउने, भाई बहिनीहरू हेर्नु पर्ने, भेडा बाख्राहरू चराउनु पर्ने अथवा सडकमा गएर गिटी कुट्नु पर्ने जस्ता कारणहरू यसको अन्त्य हुनु पर्दछ । त्यसको लागि नयाँ वातावरण तयार गर्नु पर्दछ भनेर हामीले भनेका छौं । अर्को राज्यले पनि अभियान चलाउनु पर्ने कुरा छ । जस्तैः विद्यायलमा स्वागत छ भन्ने कार्यक्रम त ल्यायो सवैका लागि शिक्षा भन्ने कार्यक्रम त ल्यायो तर विशुद्ध प्रचारात्मक मात्र भयो । हामी जस्ता संस्थाहरूले त्यसलाई कार्यान्वयनको लागि पनि दबाब दिनु पर्दछ । त्यस पछि गाँस, बास, कपास, स्वास्थ्य र शिक्षाको प्रत्याभूति दिनु पर्दछ भन्ने कुराहरूमा ठोस रूपमा बहस गरेर कार्यक्रम बनाएर जान सक्छौं । चौथो कुरा भनेको सडक बालबालिकाको कुरा तपाईंहरूलाई बढी थाहा छ । हामीले हेर्दा बालबालिकाहरू आर्थिक समस्याको कारणले, घऱ्मा शारिरीक श्रम गर्नु पर्ने कारणले, घरमा बाबु आमा नभएको कारणले, आमाले दोस्रो विवाह गरेर गएका कारणले, बाबुले अर्को श्रीमती ल्याएका कारणले र अरु विभिन्न दुर्व्यशनका कारणले सडकमा आउँछन् । अभियान चलाएर सडक बालबालिकालाई व्यवस्थित गर्ने सवालमा सिविनले सघाउँदा सघाउँदै पनि अझै हुन सकिराखेको छैन । सडक बालकहरूलाई अधिकारको पूर्ण ग्यारेन्टी गर्ने सवालमा थप अभियान चलाउन र ऐन कार्यान्वय गर्ने राज्यलाई दबाब दिने सलवामा हामी सँगै काम गर्न सक्छौ ।

बालअधिकार भनेको के हो ? बाबु आमाले दिनु पर्ने के हो ? राज्यले दिनुपर्ने के हो ? अन्य सामाजिक

संघ संस्थाले दिनु पर्ने के हो ? स्वयंम् बालबालिकाले पनि गर्नु पर्ने के हो भन्ने बारेमा सचेत बनाउन असाध्यै महत्वपूर्ण भूमिका निर्बाह गरेको छ । दोश्रो कुरा सिविन आफैले पनि त्यस्ता बालबालिकाहरूको संरक्षण गर्ने गाँस बास कपासको व्यवस्था गर्ने जुन काम गरेको छ असाध्यै महत्वपूर्ण छ ।

सिविनले समस्याको पहिचान त गऱ्यो, अहिलेको राज्य संरचना भित्र रहेर हामीले गर्न सक्ने २ वटा काम छन् जस्तैः सडकमा बालबालिका नजाउन भनेर सचेतना जगाउने आम बालबालिकाका अभिभावकहरूलाई सचेत बनाउने प्रचारात्मक काम, दोश्रो राज्यलाई अलि बढी दवाव दिने र जिम्वेवार बनाउने काम । नेपालको अन्तरिम संबिधानमा विद्यालय शिक्षा निःशुल्क भनेको छ तर व्यवहारमा कार्यान्वयन गर्न सकेको छैन, अन्तरिम संबिधानमा भएका कुराहरूलाई ऐनमा परिवर्तन गरेर कार्यान्वयन गर्ने नियमावलि बनाउन तिर हामी सबै लाग्नुपर्छ मूलतः यो राज्यले गर्ने कुरा हो । सामान्य मस्यौदा बनाउँने सवालमा केही गर्न सकिन्छ । दबाब सिर्जना गरेर संयुक्त माग बनाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट सिविनले गर्ने काम हो । अभिभावकलाई अझै सचेत बनाउनु छ । कयौंको बाबुआम छन् तर बच्चा सडकमा छन् । अर्को डरलागदो रोग देखापरेको छ, सद्दे बालबालिकालाई विकलाङ्ग बनाएर माग्ने काममा लगाएका छन् । यो एकदमै डरलाग्दो छ । यी कुरामा हामी संयुक्त भएर अभियान चलाऔं । हाम्रो संगठनको धेरै उद्देश्य मध्ये यो पनि एउटा हो त्यसमा हामी तयार छौं । छलफल गर्न तयार छौं । हामी संयुक्तरूपमा जान तयार छौ । कार्यक्रम बनाएर जान तयार छौं ।

नेपालको शिक्षामा दृष्टिकोणकै समस्या छ के पढाउने, कहाँ पढाउने, कसरी पढाउने र किन पढाउने भन्ने नै प्रष्ट छैन अर्को नेपालमा कस्तो खालको शिक्षा चाहिन्छ भन्ने संरचना नै राज्यले प्रष्ट पार्न सकेको छैन्, तेस्रो भर्ना र पहुँचका कुराहरू छन्, एक कक्षामा भर्ना भएका १५२९३०९ जना विद्यार्थी मध्ये जम्मा ३ लाख दश कक्षा पुग्छ, ८० वा ८१ प्रतिशत बालबालिका दश कक्षासम्म पुग्दैनन् । निदान र उपचारका बारेमा हामिले छलफल गर्नु जरुरी छ । अर्को उत्पादन कुरा पनि छ । नेपालमा शैक्षिक बेरोजगार असाध्यै बढेको छ । शिक्षित बिदेश पलायन भईरहेका छन्,नेपालमा कृषि विशेषज्ञ नपाएर बेहाल छ ४ हजारभन्दा बढी कृषि विशेषज्ञ विदेशमा गएका छन् । तथ्यांकहरू हेर्दा यो देखिन्छ, यसमा पहिला त हामीले शैक्षिक प्रणाली मा नै कसरी छलफल गर्ने, अब संबिधान पनि बन्ने प्रक्रियामा रहेको छ संविधान भोली बन्ला भन्ने आशा गरौ यो शिक्षामा कसरी हेर्ने भन्ने कुरा भयो । दोश्रो कुरा राज्यले जुन मैले अघि भनेजस्तो ऐन कानुन चाहिं बनाउने, संबिधानको धारामा चाहि लेख्ने त्यसलाई कार्यान्वयन नगर्ने । यी यस्ता समस्या निराकरण गर्नु हामीले अलि बढी काम गर्नु पर्दछ । तेस्रो कुरा भनेको आम जनतामा शिक्षाको सवालमा सचेतना नै लैजाने हो । पढ्नु पर्दछ र पढाउनु पर्दछ भन्ने बारेमा अहिले पनि चेतनाको कमी नै छ त्यसलाई अगाडी बढाउनुपर्दछ । यी तीन वटा कुरा हामीले गऱ्यौं भने असाध्यै राम्रो हुन्छ ।

२५ औं बर्ष पूरा गरेको शुभकामना ।

# शिक्षक कर्मचारीको आचरण र त्यसको दूरगामी प्रभाव

**भरत शाह**
**वीरष्ठ उपाध्यक्ष, शिक्षक यूनियन**

सिविनका कार्यकम्रहरूमा प्रभावकारी रूपमा छन् । गाउँ बस्तीका प्रत्येक छेउ कुनामा बालअधिकार चेतनाको लहर पुग्न त अझ बाँकी छ । बालअधिकारका कुरा शिक्षाका कुरा जहाँ पुगेको छ । राम्रो छ । प्रगति गरेको छ । गाउँघरमा शिक्षाको अभावले गर्दा कति आमाबुबा आफ्ना बच्चहरूलाई स्कुल पठाउन चाहदैनन् । गाउँघरमा कति मान्छे पढेलेखेर बेरोजगार बसेका पनि छन् । कति आमाबुबाले फलानोको छोराले एस .एल .सि पास गऱ्यो आई .ए वि.ए पास गऱ्यो तर जागीर पाएको छैन भन्छन् । शिक्षकहरूको भूमिका बढीभन्दा बढी केटाकेटीहरूलाई स्कूलमा ल्याउने उनीहरू कक्षा नछोडुन् भन्नेको लागि विभिन्न किसिमका कार्यक्रमहरू स्कूलमा ल्याउने हो । बालबच्चाहरूलाई आर्कर्षित केही गर्नको लागि यस्ता योजना शिक्षा मन्त्रालयले पनि दिएको छ । त्यसले गर्दा विधालयमा बालबच्चहरूको पहुँच बढेको छ नियमित हुन सकेको छैन ।बच्चाहरू स्कूलमा आउछन् । छात्राबृद्धि पाए लिएपछि र नपाए भर्ना भएको अलि दिनपछि स्कूल छोडिदिन्छन् । त्यसमा हाम्रोपनि कमजोरी हुन सक्छ । शिक्षकहरूको मुख्य सरोकारवाला भनेको आमाबुबा हो । गाउँघरमा आमाबुबाहरूले पढ्दै गरेको बच्चाहरूलाई घासपात गर्न, बाखा चराउन, पठाईदिने पनि गर्छन् । चार पाँच वर्षको अवधिमा यसमा पनि पहिलाको तुलनामा धेरै परिर्वतन भएको छ ।पहाडतिर पनि तराई तिर पनि छात्राहरूलाई आमाबुबाले स्कूलमा पठाउन थालेका उदाहरण पनि छन् । विभिन्न कारणले गर्दा परम्परागत अवस्थामा । परिवर्तन भईसकेको छ ।छोरा छोरी दुबैलाई स्कूल पढाउँछन् ।

विद्यालयमा जाने खाजाका रकमहरू वा छात्रवृत्तिको लागि जाने रकम धेरै ठाउँमा दुरुपयोग भएको देखिएको छ । यसमा कही शिक्षकहरू पनि दोषी छन् । जहाँको बालबच्चाले पैसा पाउनु पर्ने हो । खाजा पउनु पर्ने हो,त्यसले नपाईकन गलत ठाउँमा त्यो पैसा पुग्छ सिविन जस्तो संस्थाले शिक्षा मन्त्रालयसँग मिलेर यस्तोमा अनुगमन गनुपर्छ ।

शिक्षक यूनियन र सिविन जस्तो संस्थाले सहकार्य गरेर विश्वशिक्षा मार्फत् शिक्षा कार्यलय मार्फत् विद्यालयहरूमा विभिन्न कार्यक्रमहरू चलाउन सकिन्छ । शिक्षाका कक्षाहरू संञ्चालन गर्ने सवालमा बालबच्चाहरूसँग सरोकार राख्ने खाजा कार्यक्रमहरूको सवालमा अलि चनाखो हुनुपर्छ ।राज्यले सानो कक्षाको लागि ५ कक्षा सम्म संञ्चालन भएका कति स्कूलहरूमा खाजा कार्यक्रम दिएको छ तर कति स्कूलमा दिएको छैन ।एउटै गाउँको स्कूलमा कुनैमा खाजा कार्यक्रम संञ्चालन छ कुनैमा संचालन छैन ।जहाँ छ त्यहाँ बढी बच्चाहरू जान्छन् । १ देखि ५ र ५ देखि ८ कक्षा सम्म १२ सम्म कति सम्म दिने हो त्यो सबै स्कूलमा व्यवस्थित गरिनु पर्छ । यसको लागि शिक्षक यूनियन र सिविनले सहकार्य गर्नु पर्छ । तराईका दलितसमुदायका सबै बच्चाहरू अझैपनि विद्यालय जान सकिरहेको

छैनन् । दलितहरू आफ्नो बच्चाहरूलाई पढाउन पठाउनुको सट्टामा काम गर्न पठाउँछन् । बाख्रा चराउन, घास दाउरा खेप्न खेतमा काम गर्न पठाईदिन्छन् । विद्यालय भर्ना कार्यक्रममा सरकारले विद्यालय भर्नाहुन चाहने र नसक्ने विद्यार्थीहरूलाई पैसा पनि दिने चलन ल्याएको थियो । नाम लेखाउने पैसा लिने र स्कूल छोडिदिने समस्या आयो । समाजका मान्छेहरूसँग अन्तर्क्रिया गरेर उनीहरूमा बालबालिका पढाउनै पर्छ भन्ने भावना जगाउनु पर्छ । अहिले दलित समुदायका बच्चाहरू जति मात्रामा हुन पर्ने हो त्यति मात्रामा हुन सकिरहेका छैन र यसका थुप्रै कारणहरू छन् । दलितका लागि दिएका छात्रावृत्ति रकम पुग्नुपर्ने ठाउमा पुग्दैन । कमिसनको चलखेल छ । दलितको छात्रावृत्ति बढी जान्छ । रकमहरू शिक्षा कार्यलयले पठाउने हो । जहाँ पठाउनु पर्ने हो त्यहाँ पठाएको हुदैन । शिक्षा कार्यलयबाट सिधै रकम पुग्न सक्दैन भन्ने गुनासो पनि सुनिन्छ । सिविनले यस्ता सानातिना तर दूरगामी प्रभावकारी कुरामा ध्यान दिनु जरुरी देख्छु ।



# चेतनामूलक भूमिकामा निरन्तरता

**बाबुराम पोखरेल**
**अध्यक्ष, प्याप्सन नेपाल**

सिविनले २५ वर्ष अगाडि नै बालअधिकार बालसंरक्षण, सुरक्षा जस्तो महत्वपूर्ण बिषयलाई सामाजिक रूपमा स्थापित हुनु पर्छ भनी जुन बिषय उठायो यो नै अत्यन्त महत्वपूर्ण पक्ष हो । यस्तो महत्वपूर्ण क्षेत्रमा निरन्तर अभियान सञ्चालन गरी २५ वर्ष पूरा गरेकोमा शुभकामना छ । आउने दिनहरूमा अझ सशक्त ढंगबाट अगाडि बढ्न सफल होस् यही कामना गर्दछु ।

नेपालमा बालबालिकाको लागि बोली दिनु पर्द, उनीहरूका हक अभिकारको लागि काम गरिदिनु पर्छ भन्ने बिषय विगतमा त्यति अगाडि बढेको बिषय थिएन । हुनत बालसंगठन, परोपकारहरू थिए तर तिनीहरू सेवाको भावले मात्र अगाडि बढेको देखिएको थियो । सामाजिक जिम्मेबारीका हिसाबले नेपालमा बालअधिकारका कुरा उठाउने र स्थापित गर्ने पहिलो संस्थागत कार्य सिविनले नै गरेको हो । विश्वका विकसित देशहरूमा हेरियो भने बालबालिकाको विकासको पक्षदेखि लिएर उनीहरूले गर्ने गतिविधिहरूको बिषय सरकारले पहिलो प्राथमिकतामा राखेको हुन्छ र सामाजिक संघसंस्थाहरूले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

बाबुआमाबाट जन्म पाएपछि प्रत्येक बालबालिकाले संरक्षण, शिक्षा, स्वास्थ्य विकास र खाने बस्ने खेल्ने लगायतका सबै अधिकार नागरिकको हैसियतले उपयोग गर्न पाउनु पर्छ भनी निरन्तर नेपालको बालअधिकारवादी पहिलो र सशक्त संस्थाको रुममा सिविन रहेको छ । विद्यालय शान्ति क्षेत्र हुनु पदर्छ भनेर सबै राजनीतिक पार्टीको नेतृत्व पङ्तिले भन्ने गरेको छ विद्यालयमा नियमित पठन पाठन हुनु पर्दछ यसमा अवरोध आउनु हुँदैन भनेर प्रतिवद्धता जनाएको पनि हो । यसै गरी संसदमा पनि यो बिषयले संकल्प प्रस्थावको रूपमा पारित भएको हो । यसलाई नेपाल सरकार शिक्षा मन्त्रालयले विद्यालय तथा विद्यालय शिक्षा शान्ति क्षेत्र निर्देशिका पनि जारी गरिसेको हो । यी र यस्ता बिषयहरूलाई व्यवहारतः कार्यान्वयनमा ल्याउन राजनीतिक तरलता र संक्रमणकालिन परिस्थितिले असर पारिरहेको छ । यस्तो अवस्थामा पनि सिविन जस्ता संस्थाले सामाजिक, शैक्षिक, राजनीतिक, सरकारी सबै क्षेत्रमा सचेत गराउने कामको लागि योगदानहरू दिई रहेको छ ।

प्याप्सने भित्र बालअधिकार विभाग निर्माण गरेको छ । सिविनसँग प्याप्सनले धेरै कुराहरू सिक्ने अपेक्षा राखेको छ । अनुभव सुन्ने र सुझाब, सल्लाह लिने तयारीमा छौं । प्यापसनको ७० जिल्लामा सञ्जाल रहेको छ यी सबै जिल्लामा बालअधिकारका कुराहरू कम्तीमा विद्यालय बालकालिकाले पाउने शारीरिक मानसिक दण्ड सजायको अन्त होस्, बालबालिकाबीचको विभेद तथा बालबालिका बालबालिका बीचको हेपाईको अन्त्य होस् भन्ने कुराको सन्देश अभिभावकसम्म पनि पुऱ्याउन सकियोस् । हरेक अभिभावकले बालबालिकासँग सल्लाह, सुझाब र सल्लाहमा छोराछोरीको मनोभावना बुझेर काम गर्न सफल हुन् । डर त्रास र धम्की दिने परिपाटी हटोस् । यस विषयमा प्याप्सनले आफ्ना सदस्य विद्यालयमा व्यवस्था गर्ने नीति नै तय गरी जारी गरेको छ ।

विद्यालय उमेरका बालबालिका हाल पनि १० -१२ प्रतिशत विद्यालय बाहिर छन् । उनीहरू सबैलाई विद्यालयमा ल्याउने सरकारको हो । यसमा सिविनले पनि महत्वपूर्ण भूमिका निवार्ह गरेको छ । यसमा सचेतना मूलक भूमिका निरन्तर लिएर जानु पर्दछ ।

# गाउँ गाउँमा पुगोस् सिविन

**मोहन ज्ञावली**
**अध्यक्ष, शिक्षक संघ**

बालअधिकारको सचेतनाको क्षेत्रमा नेपाल पछाडि परेको मुलुक हो । जव सिविनको स्थापना भयो त्यसपछि बालबालिकाका अधिकार सवालहरूलाई राष्ट्रव्यापी रूपमा छलफल गराउने चेतना गराउने कार्यक्रम भएका छन्

बालअधिकारलाई संबैधानिक रूपमा मानव अधिकारको रूपमा सुनिश्चित गर्ने अन्तरिम संविधानमा जे जति कुरा लेखाउन सक्यौं । बालिका संवन्धी अन्तराष्ट्रिय संधिमा नेपाललाई हस्ताक्षर गराउन सक्यौं । यसमा सिविनको एकदम महत्वपूर्ण भूमिका छ ।

सिविनले उठाएका धेरै मुद्दाहरू छन् । बालबलिकाहरूको सम्बन्धमा अधिकारको कुरा मात्र नगरेर शिक्षा स्वास्थ्य पौष्टिक आहारसम्बन्धी थुप्रै विषयहरू छन् । समग्रमा भन्नुपर्दा नेपालमा बालअधिकारको कुरा गर्ने वित्तिकै हामीले अर्को साईडमा सिविनलाई सम्झिनै पर्छ र । सम्झिरहेकै छौं ।

मुख्य त बालबालिकाको शिक्षाको, स्वाथ्यको क्षेत्रमा काम गर्ने हामी शैक्षिक संस्थाहरू बालबालिकाको क्षेत्रमा काम गर्ने अन्य संस्थाहरू सरोकारवाला संस्थाहरूका बिच संयोजनकारी भूमिका सिविनले गरोस् अहिले हामीकहाँ भएको सबैभन्दा ठूलो समस्या के हो भने । संवैधानिक व्यवस्था र नितिगत व्यवस्था त गरिदिन्छौं । त्यसलाई कार्यान्वयनमा ल्यउन सकेका छैनौं ।कार्यान्वयनमा खास रूपमा सफलता पाउन सकेको छैनौं ।यसको लागि सिविनले संयोजनकारी भूमिका खेलोस भन्ने अपेक्षा म गर्दछु ।

सिविनले जे गरिरहेको छ सफलहोस् र गाँउ गाँउमा जहाँ बालबालिका शिक्षाबाट वन्चित छन् त्यस ठाउमा सिविन पुग्न सकोस् । सिविनलाई यही सफलता प्रप्त होस यही शुभकामना ।



# यात्रा सहयात्रा प्राप्ति र अनुभूति

**डिल्ली चौधरी**
**अध्यक्ष, ब्याकवार्ड एजुकेशन सोसाइटी (बेस), दाङ**

नेपालमा बालअधिकारको पहिलो आवाज उठाउने संस्था सिविन नै हो । जस्तो सुकै गाह्रो परिस्थितिमा पनि सिविनले बालअधिकारको कुरालाई कहिलै पनि छोडेन । अहिले नेपालमा जति पनि बालअधिकारको कानून आएको छ त्यसमा सिविनले अग्रणी भूमिका खेलेको छ । नेपालमा विभिन्न अधिकारको कुरा उठिरहँदा सिविनले बालअधिकारको कुरा नेपालमा मात्र उठाएन अन्तर्राष्ट्रिय रूपमा नेपालको मुद्दालाई अगाडि सार्ने, नेपालको एजेण्डालाई अगाडि लैजाने, बालअधिकारको कुरा अगाडि सार्ने नेपालमा कुन कुन क्षेत्रमा बालबालिका जोखिमपुर्ण अवस्थामा छन् भनी खोजी गर्ने पहिलो संस्थाको रूपमा यसलाई हामीले लिएका छौं ।

हिजोका दिनमा बेस कमैया बधुवा मजदुरमा लाग्यो भने सिविन बाल श्रमिक मजदुरको अधिकारको क्षेत्रमा लाग्यो । बेस गाउँमा स्थापित भएको संस्था र सिविन राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा स्थापित भएको संस्था जसले थुप्रै नीतिगत तहमा काम गरेको छ । हामीले सिविनसँग हिजोका दिनहरूमा पनि सहकार्य गरेर काम गरेका थियौं त्यो रहिरहने छ । सिविनसँग भएको बालअधिकारको अनुभवलाई राष्ट्रिय तहमा मात्र नभएर अन्तर्राष्ट्रिय तहमा समेत बाड्न सक्छौं । जाहे त्यो दक्षिण एशियाको आन्दोलनमा होस् वा बालश्रम विरुद्धको विश्व यात्रा (Global March Against Child Labour) मा होस्, अहिले पनि सँगै छौं र भोली पनि सँगै जान सक्छौं । अर्को हामीले देखिराखेको कुरा के हो भने अन्तर्राष्ट्रिय रूपमा ठूला ठूला संस्थाहरू आए होलान, उनीहरूको आउने जाने क्रम जारी छ । तर सिविन र बेसले सँगै काम गऱ्यो भने ती संस्थाहरूले सहयोग मात्र गर्ने हो तर नेपालमा के देखिन्छ भने अन्तर्राष्ट्रिय ठूला संस्थाहरूले आफुलाई बाहेक अरुलाई देख्न चाहादैनन् । यस्तो अवस्थामा हामीलाई एउटा सहयोगीको रूपमा नलिएर हामी मात्र हौं भन्ने गर्दछन् । यसको लागि हामी विभिन्न अधिकारको क्षेत्रमा काम गर्ने संस्था मिलेर काम गऱ्यौं भने नेपालमा बालअधिकारको आन्दोलनमा ठूलो भूमिका खेल्न सकिन्छ । अहिले पनि धेरै बालबालिका सडकमा छन् । त्यसको लागि सहकार्यको आवश्यकता छ ।

पहिला बालबालिकालाई लक्षित गरेको कार्यक्रम हुँदैनथ्यो । सेभ द चिल्डेन, आइएलओ, युनिसेफ जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले पनि बालबालिका भनेका गरिवीका कारणले सडकमा आएका हुन, गरिवी नै मुख्य कारण हो र पहिला गरिवी हटाउनुपर्छ भनेर त्यससम्बन्धी लक्षित कार्यक्रम हुन्थ्यो । तर अहिले धेरै परिवर्तन भएको छ । उनीहरूको गरिवीको कारणले होइन, उनीहरूको दृष्टिकोणमा परिवर्तन भएको छ । उनीहरूको अधिकारमा परिवर्तन भएको छ । उनीहरूको लगानीमा परिवर्तन भएको छ ।

पहिले नेपालमा बलियो कानून थिएन,अहिले त्यसमा परिवर्तन भएको छ । तर एउटा कुरा अहिले पनि के देखिन्छ भने नेपालका ठूला ठूला राजनितिक पार्टीका नेताको घरमा बालमजदुर राख्ने र मेरा घरमा यति नोकर छन् भनेर गर्व गर्ने गर्दछन् । गत मार्च महिनामा हामीले सिविनसँग मिलेर होटलका

बालबालिको क्षेत्रमा काम गर्दा बालमजदुर भएको होटलमा खाना नखाने भन्यौं तर बालमजदुर नभएको होटल नै भेटिएन । यसले के देखाउँछ भने नेपालमा अहिले पनि करिव १० लाख बालबालिका बालमजदुरको रूपमा काममा छन् । यस्तो अवस्थामा सिविन लगायत अन्य संघसंस्थाहरू सहकार्य गरेर अगाडि जान पाएमा यसबाट उल्लेखनीय भूमिका निर्वाह गर्न सकिन्छ भन्ने लाग्दछ ।

नेपालमा मानवअधिकार, महिला अधिकार, जातीय अधिकार जस्ता विभिन्न अधिकारका कुरा उठ्दा बालअधिकारका कुरा सँगै उठ्न सकेको छैन । यस्तो हुनुमा दुईवटा कुरा प्रमुख छन् । एउटा त दातृसंस्थाले पैसा के मा दिन्छ, समस्याभन्दा पनि पैसा जे मा आउँछ त्यसमा जोड दिने चलन छ । जातीय कुरा राजनितिक रूपमा उठेका कुरा हुन् तर हामी जातीयभन्दा पनि सामाजिक आन्दोलनका कुरा गर्दछौं । हिजो हामीले कम्लरीको समस्यामा काम गऱ्यौं । त्यसको साथसाथै धेरैले अहिले थारु बालबालिकाको लागि काम गरेका छन् । उनीहरूको काम गराइमा के देखिन्छ भने थारुका बच्चा भए उद्धार गर्ने त्यही ठाउँमा पहाडीका बच्चा भए वास्ता नगर्ने गरेको पाइन्छ । यसले के देखाएको छ भने थारुको बच्चा निकालेर पहाडीको बच्चालाई प्रतिस्थापन गर्ने गरेको छ यसबाट के देखिन्छ भने बालश्रमको विषयभन्दा पनि कुनै वर्गलाई सम्बोधन गरेको देखिन्छ । यस्तो प्रकारको समस्यालाई हटाउन मानवअधिकारको क्षेत्रमा सामाजिक आन्दोनको तरीकाले, बृहत् आन्दोलनको तरीकाले जानुपर्छ । अर्को कुरा ठूला घरहरूमा बालबालिका राख्ने प्रवृतिलाई हटाउन उनीहरूसँगको संयुक्त सहकार्य गरेर जानुपर्छ ।

सञ्जालसँग सहकार्य गरेर काम गर्दा सवालमा विरोधाभासभन्दा पनि सावाल समाधानमा मजबुत हुन बनाउन सहयोग पुर्‍याउँछ । बालबालिकाको क्षेत्रमा काम गर्नको लागि सिविनसँग क्षमता राम्रो छ । बालबालिकाको अधिकारको सवालमा हाम्रो पनि ऐक्यवद्धता छ । यसो गर्दा जन दवाव अझ बढ्न सक्छ र हाम्रा कार्य सफल हुन सक्छन् ।

समग्र बालबालिकाले आफ्नो अधिकार स्वतः प्राप्त गर्न प्रभावकारी रूपमा कानूनको कार्यान्वयन हुनुपर्छ । यसको लागि विभिन्न संस्थाहरूको सहकार्यको जरुरी छ । अहिले कानून बनेता पनि त्यसको प्रभावकारी कार्यान्वयनको अभावको कारण मानिसले बालमजदुर घरमा राख्दा त्यसले यो सजायँ पाउछ भन्ने अवस्था छैन । सिविनले यस क्षेत्रमा केही काम गरेता पनि राष्ट्रिय रूपमा कानूनको पालना भएको पाइदैन । यदि मैले बालमजदुर राखें भने मलाई यो कानून लाग्छ भन्ने डर मानिसमा छैन त्यसैले उसले गरिवको बालबालिकालाई दुःखमा दयामाया देखाएर राखेको भन्छ । अव दयामाया होइन उसको अधिकारको कुरा गर्नुपर्छ ।

सिविनले गरेका कामका कारणले कानूनमा आएको परिवर्तन वा सामाजिक परिवर्तका कुरालाई सम्झनुपर्दा बालअधिकारको कानूनको निर्माण हुन सक्यो । अर्को कुरा बाल हेल्पलाइन जसले बालबालिकालाई जोखिम न्यूनीकरणको लागि सहयोग हुन सक्छ । समग्रमा भन्नुपर्दा जति पनि बालअधिकारका कानून आए त्यसमा सिविनको ठूलो लगानी छ ।

# पीडित बालबालिकाको लागि न्याय सहायक

**शशि राउत**

**अध्यक्ष, कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**

बालअधिकारको विषयमा सिविनले धेरै राम्रो भूमिका निर्वाह गरेको छ । चाहे त्यो बालबालिका अधिकार हनन भएकोमा अधिकारको लागि अदालतमा उपस्थित भएर उनीहरूको अधिकार हासिल गराउन होस् वा ती बालबालिका घरवार विहीन, आमा बाबु विहिन भएको अवस्थाका सडकबालबालिकाको अधिकारको लागि उनीहरूले बाँच्न पाउने अधिकार, खान पाउने अधिकार, शिक्षाको अधिकारहरूलाई सम्बोधन गरेर काम गरेको पाएको छु। साथसाथै अधिकारबाट बञ्चित भएका अथवा हिंसामा परेका बालबालिकाको लागि उनीहरूलाई हिंसाबाट बचाएर उनीहरूको अधिकार दिलाउनको लागि पनि ल्याकसँग मिलेर अदालतमा जाने सिविनको महत्वपूर्ण भूमिका भएको छ । यसको अतिरिक्त जो बालबालिकाको आफ्नो बसोवास छैन र जो बालबालिका आफ्नै घरमा बसेर मुद्दा लड्ने अवस्थामा छैनन्, जसको आर्थिक अवस्था कमजोर छ त्यस्ता बालकको लागि छुट्टै बालगृह र बालिकाको लागि पनि छुट्टै गृह बनाएर उनीहरूको लागि खान बस्न र शिक्षाको साथसाथै आयआर्जन गर्न सक्ने समेत ती बालबालिकाको लागि दिएर सीपयुक्त दक्षता अभिबृद्धि गरेर उनीहरूलाई बाँच्नको लागि काम गरेर खान सक्ने बनाएको छ । कतिपय घरायसी कामदार बालबालिकालाई घरमालिकले यातना दिएको पोलीदिएको, डामी दिएको त कसैलाई कुटपिट गरेर घाइते गराएको अवस्थामा सिविनले उद्धार गरेको छ । त्यस्तो परिस्थितिमा सिविनले आफैले ती बालबालिकाको उद्धार गरेको छ भने ल्याकलाई पनि फोन गरेरे समावेस गराएको छ यस्ता उद्धार कार्यमा म पनि पुगेकी छु । त्यस्ता बालबालिकालाई उद्धार गरेर हामीले प्रहरी कार्यालयमा पुऱ्यार उनीहरूको कानूनी अधिकारको लागि हामी अगाडि बढेर मुद्दा नै चलाएका छौं । त्यस्ता बालबालिकालाई कतिलाई राहत, प्रदान गरेको छ भने कतिलाई न्यायको लागि कानूनी प्रक्रिबाट मुद्दा दायर गरेको छ भने कतिपयलाई हिंसाको अवस्था हेरर क्षतिपूर्ति दिलाउने काम पनि गरेको छ । त्यसरी दिइने क्षतिपूर्ति रहम पीडितको नाममा बैकमा खाता खोलेर त्यसमा राख्न लगाएर त्यो पैसाले उनीहरूको शिक्षाको लागि सहयोग गरेको छ र उनीहरूले परिवारमै बसेर शिक्षा आर्जन गरेको आज पनि मलाई ताजै लाग्छ।

बालअधिकारसम्बन्धी कानूनी कार्यान्वयनको कुरा गर्दा एउटा बालिका जुन यौन दुराचारमा परेर सिविनले कानूनी उपचारको लागि ल्याकमा ल्याएको थियो । उनको अधिकारको लागि अदालत जानु पऱ्यो । पहिला मुलुकी ऐनको जर्वरजस्ती करणी सम्बनिध महलमा यसको कुनै व्यवस्थै थिएन । अन्य कानूनको हकमा पनि कुनै व्यवस्था नभएको अवस्थामा बालबालिकासम्बन्धी कानुन २०४८ आयो । यो कानूनमा भने यौन दुराचारसम्बन्धी कुरा राखिएको थियो त्यो कानूनलाई समातेर जानुपऱ्यो भन्ने निर्णय गरेर हामी काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दायर गर्न जादा जिल्ला अदालतमा सम्बन्धित फाँटमा यो कसरी दर्ता हुन्छ मुलुकी ऐनको कुन दफा समातेर आउनुभएको हो त्यो भयो भने मात्र दर्ता हुन्छ नत्र यो दर्ता हुर्दैन भनेर मान्दै मानेन । पछि हामीले एक बजे सम्म कुरेर बस्यौं र चियाको समयमा न्यायधीशसँगलाई भेटेर बालबालिका सम्बन्धी ऐन र नियमावली पल्टाएर त्यसमा भएको व्यवस्था भनेपछि यसको आधारमा हामी आएका हौं भनेपछि यो मुद्दा दर्ता गरिदिनु भनेर मात्र हामीले मुद्दा दर्ता गराएका छौ । यस्तो परिस्थितिमा बालबालिकासम्बन्धी ऐन २०४८ लाई कार्यान्वयन गराउन पनि सिविनको ठूलो भूमिका रहेको छ ।

अधिकारको सन्दर्भमा कुरा गर्दा ल्याकले समग्र महिला अधिकारको कुरा गर्दछ भने सिविनले बालबालिकाको

अधिकारको कुरा गर्दछ । ल्याकले महिला र बालबालिकाको अधिकारको कुरा गर्दछ भने सिविनले बालअधिकारको कुरा गर्दछ । महिला अधिकारको कुरा गर्दा एउटा महिला हिंसामा परेर घरबाट निस्कनु पर्‍यो भने उसको साथसाथै काखमा बच्चा च्यापेर निस्कनुपर्छ । यस कारण महिलाको मात्र अधिकारको कुरा गर्दा एकांकी हुने हुदा हामीले महिलाको साथसाथै बालबालिकाको पनि अधिकारको कुरा गर्दछौं । यस अर्थमा सिविनको बालअधिकारको कुरा र ल्याकको महिला अधिकारका कुरा एक अर्काका परिपूरक हुन । यसकारण पनि हामी सगै पनि काम गरेका छौं । कतिपय हाम्रा कामहरू मिल्दाजुल्दा पनि छन । जसरी सिविनले बालअधिकार स्थापित गर्नको लागि हिडेको छ त्यसरी नै ल्याक पनि महिला अधिकारको साथसाथै बालअधिकारको विषयलाई एक साथ लिएर हिडेको छ।

मानवअधिकार भन्नाले समग्र मानवअधिकार हो । त्यसमा बालक पनि पर्दछन र बालिका पनि पर्दछन् । बालिकाको अधिकारको लागि भनेर सिविनले धेरै काम गरेको छ । यी दुई लिङ्गलाई भिन्न रुपबाट पनि हेरेको छ । लैङ्गिक विभेदका कारण बालकको तुलनामा बालिका अझ बढी विभेदमा परेका कारणले पनि सिविनले बालिकालाई अझ बढि जोड दिएको कुरा अति नै राम्रो छ । समग्र बालबालिका नभनी विशेष बालिका भनेर जोड दिदा त्यो बालिका भोली गएर महिला नै हुने हो बालक भोली मानवको रूपमा अगाडि बढ्छ । बास्तवमा मानवअधिकारको कुरा गर्दा महिलाको अधिकार, बालिकाको अधिकार, श्रमिकको अधिकारसँगै जोडेर जानुपर्छ । ल्याक पनि यी विषयमा सगै जाने गरेको छ । सिविनले यसरी महिला अधिकार, बालअधिकार, श्रमिकको अधिकार जस्ता विषयमा काम गर्दा कतै पनि विवादास्पद हुने देखिदैन । साधारणतय यो जोडेर जानैपर्ने कुरा हो । यो भन्दैमा सिविनले विशिष्ट रूपमा लिएको बालबालिकाको सवाललाई छोडेको पनि त छैन । त्यसैले बालअधिकारमा अन्य अधिकारका सवाल जोडिदा सुनमा सुगन्ध नै भएको मानिन्छ ।

सिविनले गरेको कामलाई कानूनसँग जोडेर हेर्दा पहिला बलात्कारका कुरा त्यसमा पनि बालिकाको बलात्कारको कुरा त्यति बाहिर आउँदैनथे । तर अहिले जव सिविनले संरक्षण गृहमा राखेर उनीहरूको कुरा उठान गर्‍यो र न्यायको लागि मुद्दा दायर गर्न पनि पहल गरिदिदा त्यो अत्यन्तै महत्वपूर्ण काम भएको लाग्छ । यदि मुद्दा उठान गरेर घरमै राखिदिएको भए उसलाई असुरक्षा महसुस हुन सक्दथ्यो । यसरी संरक्षण गृह उपलव्ध गराउँदा मुद्दा फैसला नभएसम्म राखि दिने हुँदा अहिले अधिकांश बलात्कारका सवालहरू सिविनले अगाडि बढाएको छ । जति पनि बालिकाले न्याय पाएका छन् र अपराधीले सजायँ भोगेका छन् यो सिविनको पहलमा भएको महत्वपूर्ण काम लाग्छ । बालश्रमिकको कुरा गर्दा पनि बालश्रमिक उन्मूलनको लागि टेवा दियो । कमैया उन्मूलनमा पनि सिविनले अवाज उठायो र कानूनमा पनि संशोधन भयो । जस्तै बालिकाहरूमाथि बलत्कार हुँदा भिन्दै सजायको व्यवस्था थिएन अहिले कानून संशोधन भएका छन् । कानून संशोधन गराउन पनि सरकारलाई अनुभुति गराउनु पर्ने रहेछ । पहिला यौन दुर्व्यावहारको परिभाषा नै थिएन । सामूहिक बलत्कार हुन्थ्यो तर कानून नै थिएन । साथै अप्राकृतिक यौन दुर्व्यावहारको कुरा पनि थिएन । अहिले अप्राकृतिक यौन दुर्व्यावहारलाई बलत्कार हो भनेर कानूनमा संशोधन भयो । यो सिविनको योगदान हो जस्तो लाग्दछ ।

सामाजिक रुपान्तरणको लागि जनचेतनाको आवश्यक छ । यसको साथसाथै कानून निर्माता र कार्यान्वयनकर्ता हरूलाई नै अझै सचेत गराउनुपर्छ अनि मात्र सामाजिक रुपान्तरण हुन्छ ।

अब सिविनले नीतिनिर्माण गर्ने कार्यहरूमा पनि अझै बढी सहभागिता लिनुपर्छ । अरु कार्यहरू आफैमा राम्रा छन तर नीतिनिर्माणको तहमा पनि कार्यक्रम ल्याउनुपर्छ जस्तो लाग्छ । जसले गर्दा नीतिहरूमा समय सापेक्ष परिवर्तन हुँदै जाओस् । यसका साथै सिविनले नीतिको कार्यान्वय र सचेतनाका कार्यक्रमा विस्तार गरोस् भन्ने लाग्दछ ।

# हार्दिक बधाई र शुभकामना



**सुनिता दनुवार**
**अध्यक्ष, शक्ति समूह**

सन् १९९६ मा भारतको महाराष्ट्र सरकारको आदेशमा त्याँहाको कोठीमा नारकीय जीवन विताउन बाध्य भएका १८ वर्षभन्दा कम उमेरका बालिकाहरूलाई तत्काल उद्धार गर्नका लागि आदेश भएको थियो । त्यसै अनुरुप त्यहाँको प्रशासनले त्यस क्षेत्रमा छापा मारी १८ वर्षभन्दा कम उमेरका लगभग ५०० जना बलिकाहरूको उद्धार गरेको थियो । उद्धार गरिएका बालिका एवं किशोरीहरू अधिकांश रूपमा बंगलादेश, भारत र नेपालका रहेको थिए । नेपाल बाहेक अन्य राष्ट्रका बालिकाहरूलाई उनीहरूको देशको सरकारले तुरुन्त आफ्नो देश लगेको थियो भने नेपालका बालिका एवं किशोरीहरूलाई तत्कालिन सरकारले उनीहरू नेपालको नागरिक भन्ने के प्रमाण छ र उनीहरूलाई नेपाल भित्रयाउने ? समाजमा फैलिनुका साथै एच.आइ.भि. को पोको भित्रिन्छ भन्दै नेपाल फर्काउन इन्कार गरेको अवस्थामा नेपालमा कार्यरत ७ ओटा गैरसरकारी संस्थाहरूले नेपाल सरकारलाई चुनौनित दिदै ती सात ओटा मध्ये बालबालिकाको क्षेत्रमा कार्यरत सिविन नेपालका अध्यक्ष गौरी प्रधानज्यू इन्डियाको चेम्पुरमा रहेको सरकारी गृहमा रहेका बालिकाहरूलाई भेट्न जानु भएको थियो त्यतिबेला सम्म नेपाली बालिकाहरूले नेपाल फर्कन पाइँदैन भन्ने आशा समेत मारेका थिए तर गौरी प्रधानज्यू गएर अबको एक हप्ता भित्र तिमीहरू नेपाल जानेछौ भन्नु भएको थियो । तर पत्याउने अबस्था थिएन र एक हप्ताभित्र त्यहाँ रहेका र अन्य सरकारी गृहमा विगत ७ महिनादेखि बस्न बाध्य १२८ जना नेपाली बालिकाहरूलाई नेपाल ल्याउन सफल भएका थिए र ती १२८ जना मध्येको एक म पनि थिएँ । नेपालमा ल्याएर पनि ती बालिका तथा किशोरीहरूलाई ती गैरसरकारी संस्थाहरूले आफ्नो आफ्नो क्षमता अनुरुप आवासीय सेवा प्रदान गरी सशक्तीकरण समेत गरेको थियो । यी गैरसरकारी संस्था मध्ये सिविनको पनि ठूलो भूमिका रहेको थियो । यो शक्ति समूह संस्थाको तथा मेरो व्यक्तिगत जीवनको लागि अत्यन्तै अविस्मरणीय रहेको छ ।

सिविन नेपाल र शक्ति समूह बिचमा समन्वय एवं सहकार्य समेत गर्दै आएका छौं । बिशेष गरी बेचबिखनमा परेका बालिकालाई शक्ति समूहमा रिफर गरेको थियो र उनीहरूको कानुनी मुद्दा समेत चलेको छ । बजिर सिहं तामाङ उसलाई हालै सिन्धुपाल्चोक अदालतले १७० वर्षको जेल सजाय दिने फेसला गरेको छ । उक्त बालिकाहरूले हाल शक्ति समूहको सुरक्षित आवासमा बसी अध्ययन समेत गर्दै छन् र एक बालिकाले एस.एल.सी समेत पास गरी क्याम्पस पढ्दै छिन् । त्यसै गरी बालबालिकामाथि हुने यौन शोषण, बलात्कार जस्ता घटनाहरूमा पनि सिविन र शक्ति समूहले समन्वय तथा सहकार्यमा कार्य गर्ने गरेको छ ।

यसरी आफ्नो स्थापनाकालदेखि नै सिविनले बालबालिकाको क्षेत्रमा ठूलो भूमिका निर्वाह गर्दै आएको छ । सिविनले धेरै अफ्ठयारा, चुनौतीका बावजुद पनि उक्त अफ्ठयारा तथा चुनौतीको सामना गर्दै बालबालिकाको क्षेत्रमा पुरयाएको योगदान अत्यन्तै सह्रानीय रहेको छ । आगामी दिनमा पनि यसरी नै बिभिन्न समस्याबाट प्रभावित बालबालिकाको सेवाको लागि निरन्तरता दिइरहने छ भन्ने मलाई विश्वास लागेको छ । सिविनले बिभिन्न कठिनाइ तथा चुनौतीका बापजुद पनि सफलता हासिल गर्दै बालबालिकाको क्षेत्रमा योगदान पुरयाउँदै आएको २५ औं वर्ष पार गरेकोमा हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु ।

# उपस्थितिको उर्जा प्रवाह

**देवेन्द्र गुरुङ**
**अध्यक्ष, नाओस**

नेशलन एलाइन्स मार्फत् अरु क्षेत्रमा हमीले सिविनसँग प्रत्यक्ष काम गरेका छैनौँ । नेशनल एलाइन्स को परिप्रेक्षबाट् हेर्दा सिविनले बालबालिको क्षेत्रमा धेरै सक्रियतापूर्वक भूमिका निर्बाह गरेको छ। एलाइन्समा मभन्दा अगाडी सिविनले प्रतिनिधित्व गरेको र माधब सरले अध्यक्षता गर्नुभएको थियो । युरोपियन यूनियन काठमाण्डा् कार्यालयको भनाईमा सिविन नेटवर्कहरूमध्येको सबैभन्दा राम्रो नेटवर्क हो । त्यो रिपोर्टिङ्ग, पारदर्शिता र कार्यान्वयनको हिसावले राम्रो भनेको हो। तर त्यसममा पनि माधब सरले मुख्य तिन वर्षको यरोपियन यनियनसँगको सहकार्यको समयमा मुख्य एकवर्ष माधब सरले सिविनको तर्फबाट नाओसको अध्यक्षता गर्नु भएको थियो । यस हिसाबले पनि युरोपियन यूनियनको भनाईमा पनि हामीहरूले व्यवहारिक रुपले हेर्दा सिविनको भूमिका महत्वपूर्ण र फलदायी छ भन्ने मलाई लागेको छ ।

सिविन अहिले २५ वर्ष पूरा गरेर छव्विसौं वर्षमा प्रवेश गरेको छ। अब पोखराको परीप्रेक्ष्यमा बालअधिकारको कुरा यहाँ केही बर्ष अगाडि वा एक दशक अगाडिको र अहिलेको तुलना गर्ने हो भने सिविनको नेतृत्वकारी उपस्थितिले गर्दा पोखरा पनि बालअधिकारको सवालमा एकदमै जागरुक भएको छ र गैर सरकारी निकाय मात्र हैन अभिभावक तथा बाल बालिकाहरूमा पनि चेतनाको विकास भएको छ। त्यस हिसाबले हेर्दाखेरी मोफसलमा पनि सिविनले बालअधिकारको क्षेत्रमा उपलब्धिमूलक काम गरेको छ भन्ने महसुस हन्छ ।

क्षेत्रीय रूपमा भन्नुपर्दा श्रृजना र सचेतनाको विकासको लागि सिविनको उपस्थिति नै महत्वपूर्ण हो । सिविनको महत्वपूर्ण कार्य पोखरामा बाल हेल्पलाईन नेपाल १०९८ (दश,नौ,आठ) मार्फत बालसंरक्षणको लागि अभियान सञ्चालन गर्नु पनि हो । यस हिसाबले हेर्दा सिविन प्रायः सबै क्षेत्रमा पुगेको पाएको छ । प्रायः सरकारी निकाय र गैरसरकारी निकाय तथा संस्थाहरूमा पनि सिविनको पुहुँच पुगेको छ र सिविनले पुग्दो मात्रामा बालअधिकारसम्बन्धी खुराक दिएको मैले महसुस गरेको छु ।

सिविनले छोटो समयको कार्यक्रम र सचेतनाको हिसावले मात्र कार्यक्रम गरिराखेको छ । सिविन बालअधिकारको क्षेत्रमा नेतृत्वदायी संस्था भएको हुनाले यही क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूलाई पनि समेटेर लान सकेको खण्डमा निकट मोफसल र काठमाण्डौमा मात्र नभएर अन्य दुर्गम ठाउँहरूमा कार्यक्रम पुऱ्याउन बल गर्नु पर्छ। दुर्गम स्थनहरूमा पनि प्रत्यक्ष रूपमा बालबालिकालाई फाईदा पुग्ने कार्यक्रम गर्नु पर्छ। बालबालिकाको प्रवाह धेरै भएको स्थानहरूमा र सडक पुगेको ठाउँमा सिविन पुग्नु पर्दछ । सडक पुगेको स्थानहरूमा सडक बालबालिकाका बढी नै हुन्छन् । यसका लागि सिविनले अन्य संस्थाहरूसँग पनि समन्वय गरेर जानु पर्छ त्यस्ता क्षेत्रमा छोटो समयको कार्यक्रम मात्र नभएर लामो समयको कार्यक्रम हुनुपर्छ । यसले समुदायलाई पनि प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्न सक्छ। यस विषयमा अन्य संघ संस्थाले पनि महसुस गर्ने गरी सिविनले कार्यक्रम सञ्चाल गर्नु पर्छ । यसबाट समुदायमा सिविन प्रति जुन विश्वास छ त्यसलाई कायम राख्न पनि सहयोग पुग्छ ।

# सहयोगी भूमिकामा सिविन

**अशोक जैरु**

**अध्यक्ष, एन.एन.एस. डब्लु. ए कञ्चनपुर**

सिविनले बालअधिकारको लागि चलाएको कदम एकदमै सराहनीय र प्रेरणादायी पनि छ । सुदुरपश्चिमको समस्या बालबालिको हकमा अलि फरक थियो । यहाँका बालबालिका जमिनदारको घरमा काम गर्न बस्ने खासगरी थारुका छोराछोरी र अन्य जातिका बालबालिका बालमजदुरको रूपमा इण्डियामा गएर काम गर्ने चलन थियो । कम्लरी प्रथा थियो । जब सिविनले बालअधिकारको आभियान सुरु गर्‍यो तव हामीलाई समेत त्यस क्षेत्रमा काम गर्न प्रेरणा मिल्यो र धेरै सजिलो भयो । यसले गर्दा पछि कम्लरी मुक्त हुने अवस्था आयो । धेरै बालबालिकालाई घरायसी कामबाट छुटाउन सकियो । यसपछि धेरै बालबालिका स्कूल जान, शिक्षा प्राप्त गर्न सक्ने भए । यसमा सिविनको सहयोग भयो । यस अर्थमा सिविनले एउटा मार्गनिर्देशकको रूपमा हामीलाई पनि अगाडि बढ्न सहयोग पुर्‍याको अनुभव हुन्छ ।

समाजिक परिवर्तनको र कानूनी कुरामा सिविनले धेरै ठूलो काम गरेको छ । जस्तै मुक्त कमैया अभियानमा पनि सिविनको सहयोग छ । यस सन्दर्भमा मुक्त कमैया घोषणा हुनुभन्दा अगाडि को कुरा हो सुदुरपश्चिममा एउटा १२ वर्षको बालक पनि कमैयाको रूपमा काम थियो । हामीले उसलाई लिएर सिडियो कार्यालयमा गयौं । त्यहाँबाट हामीले सिविनलाई पनि फोन गरेका थियौं । एउटा १२ वर्षको बालक पनि कमैयाको रूपमा काम गर्न बसेको छ के गर्न सकिन्छ भनेर बायोडाटा सबै सिविनमा पठायौं र त्यसमा सिविनले पनि सिडियो कार्यालयमा फोन गरिदिएकोले त्यो मुद्दालाई छिटोभन्दा छिटो दर्ता गरेर अगाडि बढाउनुपर्छ भनेकोले हामीलाई त्यसमा काम गर्न सजिलो भएको थियो । त्यतिबेला कमैया आन्दोलन चलिरहेको थियो त्यसको एक महिनापछि त कमैया मुक्तिको घोषणा पनि भयो । अहिले ती बालमजदुरको रूपमा काम गरेका मानिसहरू मुक्त पनि भएका छन् । तर केही ठाउँमा अझै पनि छन । कानूनी रूपमा सिविनले निकै ठूलो काम गरेको छ । अहिले सरकारले कम्तीमा पनि बालमजदुर हुनुहुँदैन भनेर कानून ल्यायो । यसपछि धेरै बालबालिका शिक्षाको उज्यालोतिर जान सकेको मलाई लाग्छ ।

द्वन्द्वको समयमा जाँहा अन्य संस्था पुगेका थिएनन् त्यहा सिविन पुगेर सिविनल द्वन्द्वको समस्या र अप्ठ्यारो परेका बालबालिकालाई संरक्षण र सहयोग गर्‍यो । त्यसबेला सिविनले केही बालबालिकाहरूलाई एन एन.एस.डव्लुसँगको सहकार्यमा ती पनि बालबालिकालाई सहयोग गरेको हामीले देखेका थियौं । सुदूरपश्चिममा सिविनले काम गर्न नखोजेको होइन, केही कुराको अभावका कारण मात्र नगरेको होला । मलाई लाग्छ सिविनले सुदूरपश्चिममा भएका बालअधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरूलाई एउटा सञ्जालमा आवद्ध गरेर उनीहरूलाई तालिम दिएर निर्देशिका दिएर जाने हो भने यहाँका बालबालिकाहरू जो भोली बालमजदुर बन्न मा छन् उनीहरूको लागि ठूलो राहत हुनेछ । आर्थिक सहयोग मात्र ठूलो होइन । यदि यसरी नेटवर्क बनाएर गएमा सरकारले बनाएका जुन नीतिनियमहरू छन् त्यसको पालना गराउन जिल्लामा रहेका सरकारी तथा गैरसरकारी संस्था, जिल्ला बालकल्याण समिति आदि

पनि सक्रिय हुनेछन् । यिनीहरूलाई पनि काम गरेर अगाडि बढ्न मद्दत पुग्ने छ । यदि सिविनले सक्छ भने बेला बेलामा आएर तालिम दिने, उनीहरूलाई सक्रिय बनाउन, केहि मार्गनिर्देशन दिने गरोस, यसले सुदूरपश्चिमका बालबालिकालाई ठूलो राहात मिल्ने छ भन्ने लाग्दछ ।

विभिन्न अधिकारका कुराका साथसाथै बालअधिकारको कुरा उठाउनको लागि सिविनले समयानुसार कार्याशाला गरेर मानवअधिकार, बालअधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरूबीचको सहकार्यबाट ग्रामिण तथा समुदायको तल्लो तहसम्म पुग्न सजिलो हुन्छ । सिविन एउटा एउटा ऋतुमा मात्र आइदिए पुग्छ । यसले आर्थिक सहयोग नै गर्नुपर्छ भन्ने छैन, प्राविधक सहयोगले मात्र पनि धेरै काम गर्न सकिन्छ । बालअधिकारका सवाललाई धेरै अगाडि लैजान सकिन्छ । सिविनले अगुवाइ गरेर वा यहाँ भएका मुद्दालाई यसरी गर्नुहोस् भनेर केही संस्थासँग सहकार्य गरेमात्र पनि धेरै राम्रो काम गर्न सकिने अवस्था छ । सुदूरपश्चिमका ९ वटा जिल्लाका एक एक जना मानिसहरू मात्र बोलाएर सिविनले अभिमूखीकरण गरिदिएमा मात्र पनि पुग्छ । यति गर्न सकेमा समुदायसम्म बालअधिकार समितिहरू बनेका छन् त्यहाँ सम्म पुग्न सकिन्छ । विभिन्न संस्थाहरूले बालक्लब बनाएका छन् । स्कूलमा बालविकास कार्यक्रम भईरहेका छन् त्यस मार्फत बालअधिकारको पनि काम गर्न सकिन्छ ।

सिविनले गरेको कार्यबाट बालअधिकारको क्षेत्रमा यो राष्ट्रको लागि उपलब्धिमूलक काम सम्झनुपर्दा सडक बालबालिकाको कुरा उठाएको छ, बालमजदुरको कुरा, बालअधिकारको कुरा उठएको छ । यसको आधारमा संयुक्त राष्ट्रसंघले नेपाललाई जुन CRC पठायो यसलाई संसदमा पास गराउने कुरादेखि विभिन्न कुरामा सिविनको ठूलो भूमिका रहेको छ । अर्को कुरा सिविनको अध्यक्ष नै मानवअधिकार आयोगमा सदस्यको रूपमा जानुभयो यो बालअधिकारको क्षेत्रमा काम गरेको उपलब्धिकै रूपमा हो । यदि उहाँले सिविनमा काम नगरेको भए मानवअधिकारको समितिमा उहाँको योग्यता कम हुने थियो । साथै बालअधिकारको क्षेत्रमा उहाँले काम नगएको भए मानवअधिकार आयोग वा नेपाल सरकारले गैरसरकारी क्षेत्रमा काम गर्ने मानिसलाई संझनुपर्ने अवस्था आउने थिएन । यसमा सिविनको भूमिका ठूलो छ । आगामी दिनहरूमा सिविनले बालअधिकारको क्षेत्रमा एउटा आयाम थप्नेछ भन्ने आशा छ ।

# निश्चित लक्ष्य केन्द्रितता, निश्चित परिणाम

**दिल्ली गुरागाँइ**

**सदस्य, सी.नेड.ओ.पी.पी.**

नेपालको बालअधिकारक्षेत्रमा सिविन एउटा अग्रणी संस्था नै हो,जुनबेला बाधिकार महासन्धीलाई संयुक्त राष्ट्रसंघले पारित गरेको थिएन, मुलुकभित्र खुल्ला राजनितिक अवस्था पनि थिएन । अधिकारबारे बोल्न समेत प्रतिबन्ध भएको अवस्था थियो, त्यति बेला बालअधिकारका क्षेत्रमा काम गर्नु धेरै असजिलो थियो । त्यो बेला एक हिसावले आज इृतिहास भएको छ। इतिहासका ती दिनपार गरेर सिविनले बालअधिकार आदोलनको २५ बर्ष पूरा गर्दैछ । बालअधिकारको क्षेत्रमा नेपालमा एक हिसावले कोसे ढुङगा सावित भएको छ । सिविनको नेतृत्व गरेर जानुहुने जति पनि व्यक्तित्व हुनुहुन्छ उहाँहरूले पनि एक हिसावले देशमा अधिकारको क्षेत्रमा विभिन्न ओहदामा पुगेर काम गरिसक्नु भएको छ र उहाँहरूको पहिचान बढिरहेको छ र जस्ले गर्दा संस्थाको उचाई पनि बढाएको छ। बाल बालिकाको क्षेत्रमा काम गर्ने अरु थुप्रै संघ संस्थाहरू छन् तर अधिकारको दृष्टीकोणबाट हेरेर काम गर्ने संस्था मध्येमा चाहि म सिविनलाई एउटा उच्चकोटीको संस्थाको रूपमा लिन्छु । जुन संस्था आवश्यकता महसुस भएको अवस्थामा जुनसुकै परिस्थितिमा पनि नडराईकन काम गर्न सक्छ। अधिकारको क्षेत्रमा काम गर्दा कहिलेकाहिँ कति बाधा अबरोधहरू आईपर्छन् खास गरी नागरिक तथा राजनीतिक अधिकारको सवालमा कहिलेकाहीँ भीषण बाधा अबरोध पनि आईपर्छन् त्यस्तो बेलामा निर्भीकतापूर्वक आफ्ना कुरा अगाडी राखेर बालबालिकाको हितमा कामगर्ने संस्थाको रूपमा म सिविनलाइ चिन्छु। सिविनको इतिहास, यसले काम गरेका तौर तरीकाहरू र यसले निर्धारित गरेका मान्यताहरू हेर्दा यसलाई बालअधिकारको क्षेत्रमा नेपालमा महत्वपूर्ण योगदान दिईराखेको एउटा सवल संस्थाको रूपमा म लिन्छु ।

वास्तबमा नेपालले CRC को पक्ष भएपछि र अनुमोदन गरी सकेपछि नेपालमा कानुनहरू बनाउने सवाल थियो ।त्यसै क्रममा बाल बालिकासम्बन्धी ऐन १९९२ मा बन्यो । १९९० मा नेपालले सन्धि अनुमोदन गरेपश्चात् कार्यान्वयनका लागि नयाँ कानुनहरू चाहिन्छन्, राष्ट्रिय कार्ययोजनाहरू चाहिन्छ, नीतिहरू चाहिन्छन् भन्ने कुरामा सिविन स्पष्ट थियो र त्यो हिसावले त्यसमा योगदान पनि दिएको थियो, बालअधिकारका क्षेत्रमा कुरा गर्दासरकारी गैरसरकारी कुनै पनि निकायले सिविनलाई छुटाएको पाईदैन । सिविनलाई छुटाएर अगाडी जान सकिदैन भन्नेजस्तो अभिव्यक्तिहरू राखेको पाईन्छ । त्यसकारणले हेर्दा कुनै एक क्षेत्रमा निरन्तर रूपमा काम गर्दै जादा निखारपना आउने कुरा पनि स्वाभाविक हो ।

कुनैएक क्षेत्रमा काम गर्दै जादाँ निखारपना आउने कुरा स्वाभाविक हो ।कुनै पनि विषयमा प्रभाव पार्न सक्ने क्षमताविकास भएपछि यो हुने कुरा पनि हो र सिविनले त्यो क्षमताको विकास गरीसकेको छ ।

द्वन्द्वको एउटा चरणमा अत्यधिक मात्रामा बाल बालिका प्रभावित हुन थालिसकेपछि अधिकारवादी संघसंस्थाहरूले संयुक्त रूपमा आवाज उठाएपछि मात्र राज्य वा विद्रोही पक्षले हाम्रो आवाज सुन्छन् भन्ने सोच बन्यो र सञ्जालको आवश्यकतावोध भयो सञ्जालको निर्माण पनि भयो । सिविन यसमा सुरुदेखिनै रहेको छ मलाई जहाँसम्म थाहा छ सञ्जाललाईस्थापित गर्नमा बालबचाउको पनि भूमिकामा थियो र सिविन त्यसमा सँगसगै रहदै आएको छ ।सञ्जालको स्थापनाकालदेखि नै सिविन संलग्न रहँदै आएको छ । अत्यन्तै जटिल र कठिन त्यस अवस्थामा बालअधिकारको कुरा उठाउने र बालबालिकालाई शान्ति क्षेत्रको रूपमा अगाडी लानु पर्दछ र द्वन्द्वको कुनै पनि प्रभावहरूबाट बालबालिकालाई मुक्त राख्नु पर्दछ, भन्ने कुराको पैरवी गर्नमा सिविन अगााडि रहिआएको छ । बालबालिकामा द्वन्द्वको प्रभाव अत्यन्तै नकारात्मक छ र मारिनेदेखि लिएर विभिन्न प्रकारले प्रयोग हुने खतराबाट बालबालिकालाई जोगाउनु पर्दछ भन्ने त्यतिखेरको सञ्जालको उद्देश्य रहेको थियो र त्यतिखेरदेखि नै काम

गर्ने सवालमा सिविनको महत्वपूर्ण भूमिका रहदै आएको छ । किनभने यो नेटवर्क त्यसै चलेको छैन यसलाई चलाउन कसै न कसैले पहल गर्नु परेको छ ।नेटवर्कको सचिवालय छ तर सचिबालयलाई समग्रमा नेतृत्व प्रदान गर्ने काम Staring Committee ले गर्दछ र त्यो Committee मा पनि लगातार सिविनको प्रतिनिधित्व रहेको छ । एउटा नेटवर्कको सवालमाभन्दा नेटवर्क वनाउने अनि काम गर्ने सवालमा त्यसलाई आफ्नो उचयवभअत को तरीकाले लिएर जाने वा आफुलाई Fund Raise गर्ने अबसरको रूपमा मात्र लिएर जाने प्रवृत्ति मात्र पनि देखिएको छ, तर सिविन यी यस्ता सबै प्रवृत्तिबाट मुक्त देखिएको छ । यो पनि एउटा राम्रो योगदान हो ।नेटवर्कलाई यस अवस्थामा ल्याईपुऱ्याउनमा सिविनको सहकार्य र नेतृत्व समेतको योगदान रहदै आएको छ । बालिका शान्ति क्षेत्र अभियानले विद्यायल शान्ति क्षेत्र हुन् भन्ने जुन काम सुरु गरयो त्यसमा सरकारी स्तरको निर्देशिका बनाउनमा र विद्यायललाई शान्ति क्षेत्र घोषणा गर्ने काम जुन सरकारले गरेको छ यो तहसम्म ल्याइपुरयाउनमा सिविनले जुन दवाब श्रृजना गर्न सक्यो यो एकदमै महत्वपूर्ण छ ।

एउटा कस्तो हुन्छ भने सञ्जालमा धेरै सदस्यहरू रहेका हुन्छन् र त्यो हिसावले सवैको चाहना एउटै हुदैन सवै संस्थाहरूको उद्देस्य एउटै हुदैन र सवै संस्थाहरूको उद्देश्य फरक फरक हुन्छनन् । सञ्जालमा आएपछि एउटा उद्देस्य र साझा लक्ष्यको लागि काम गर्नु पर्दछ । कहिलेकाहिँ कस्तो देखिन्छ भने सञ्जालमा काम गरेको लामो अनुभबको अधारमा संस्थाको आफ्नो लक्ष्य र सञ्जालको लक्ष्य नमिल्दा कहिलेकाहि समस्या सिर्जना हुने गरेको छ । हरेक संस्थाले आफ्नो हिसावले आफनो संस्थाका उद्देश्यसँग मेल खाने किसिमले सञ्जाललाई हाँक्न चाह्यो भने त्यो अलिकति गारो हुन्छ यो एउटा साझा थलो खोज्नु पर्दछ किनभने धेरै संस्थाहरू हुन्छन र अहिले हाम्रो साझाथलो भनेको बाल बालिकाको संरक्षण हो त्यो overall broad हिसावले चाहि ठिक छ तर त्यहा भित्र हेर्दै जाने हो भने काम गर्ने तौर तरिकामा मान्छेहरूको फरक फरक धारणा रहेको हुन सक्छ, त्यसकारण सञ्जालमा काम गर्नु चुनौती छ । र कहिले काहि कुरा मिल्दैन र काम गर्न समय लाग्छ । एउटा संस्थाले एकैदिनमा निर्णय गर्न सक्ने कुरा सञ्जालमा गर्दा हप्तौ वा महिनौंसम्म पनि लाग्न सक्छ । किनभने त्यहाँ र सवै सहमत हुनु पर्‍यो तर त्यसलाई हामी कसरी रणनैतिक हिसावले अगाडी लैजान सक्छौ र कसरी साझा लक्ष्य बनाउने र सवै संस्थाहरू कसरी एउटै छातामुनि आउने भन्ने कुरा महत्वपूर्ण हुन्छ । हामीले कति काम सञ्जाल मार्फत् लानु महत्वपूर्ण हुन्छ । उदाहरणको लागि सरकारलाई कुनै कुरामा दवाव श्रृजना गर्दै छौ भने त्यस्ता काममा एउटा संस्थाले गर्नेभन्दा सञ्जालले गर्ने कार्यक्रमको प्रभाबकारिता निश्चय नै बढी हुन्छ । भावी संविधानमा बाल बालिकाका कुरा आउनु पर्छ भनेर धेरै प्रयास गरियो । विभिन्न संविधान त आएन तर गरेका कामको अभिलेख छ ।

बाल संरक्षणसँग सम्बन्धित कामहरू छन् । रोकथाम र धेरै दायित्वको क्षेत्र यसै विस्तृत छ । एउटै क्षेत्रमा केन्द्रित भएर लाग्यो भने संस्थाको विशेषज्ञता पनि बलियो हुदै जान्छ र त्यसले देखाउने प्रभाब पनि राम्रो सँग देखाउन सक्छ । अहिले संस्थाहरूमा कस्तो संस्कार देखिन्छ भने सहयोग जताबाट आउँछ त्यतै काम गर्ने र यो पनि काम गर्ने र त्यो पनि काम हामी गर्न सक्छौं भन्ने पनि देखिन्छ त्यो खालकोतिर नगईकन एउटा विषयमा केन्द्रित भएर काम गर्नु राम्रो हुन्छ, त्यसले एउटा परिणाम दिन्छ जसरी सिविनका कामले परिणाम दिएका छन् । अनि अर्को कुरा सिविनले अधिकारको दृष्टिकोणबाट अहिलेसम्म जुन काम गरी रहेको छ  त्यसबाट विचलित हुनु हुदैन भन्ने मलाई लाग्छ ।

सिविन अहिले पनि विभिन्न सञ्जालहरूमा सदस्य छ । मुख्य कुरा Relevent Network मा वस्नुपर्दछ । कुनै सञ्जालमा हामी नेतृत्व तहमा छौं वा त्यँहा योगदान गरीरहेका छौं भने पनि सबैलाई मिलाएर लान सक्नु पर्ने हुन्छ ।

सिविनले राम्रो काम गरिआएको छ । यो रजत महोत्सव सफल रहोस् जुन उद्देश्यले संस्था स्थापना भएको हो र त्यस उद्देश्यमा डटेर लागि परिरहन सकोस् । नेपालमा बालअधिकारको क्षेत्रमा महत्वपूर्ण सारै नै राम्रो योगदान दिन सक्ने संस्थाको रूपमा पछिसम्म रहन सकोस् यही शुभ कामना व्यक्त गर्न चाहन्छु ।

# अभियन्ताबाट अझै थप अपेक्षा

**दीर्घ नारायण श्रेष्ठ**
**अध्यक्ष, एन.सी.इ.**

सर्वप्रथम त म सिविनलाई धन्यबाद र बधाई ज्ञापन गर्न चाहन्छु २५ बर्ष पूरा गरेको उपलक्ष्यमा । सिविनका गतिविधिहरूलाई हेर्दा यसले बालअधिकार सुनिश्चित गर्नको लागि महत्वपूर्ण भूमिका खलेको मैले महसुस गरेको छु । साँच्चै भन्ने हो भने बालअधिकारलाई प्राप्त गर्नको लागि शिक्षा महत्वपूर्ण कुरा हो । बाल विकासमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाको लागि भन्ने हो भने अहिले नेपाल सरकारले अन्तराष्ट्रिय रूपमा प्रतिबद्धता जनाएको सवैको लागि शिक्षा भन्ने जुन छ त्यसमा ६ वटा लक्ष्य रहेकोमा त्यसमा दोस्रो लक्ष्य जुन Universal primary education भन्ने छ सवै बालबालिका त्यसमा पनि जोखिममा परेका बाल बालिकाह्रुको शिक्षा सुनिश्चित गर्नु पर्दछ भन्ने रहेको छ । सिविनको सवालमा मैले थाहा पाएसम्म त्यस्ता जोखिममा परेका बालबालिकाहरूको उद्धार गरेर उनीहरूको बालअधिकारको सुनिश्चितताको लागि सिविनको केन्द्रमा ल्याउने उनीहरूलाई शिक्षामा संलग्न गराउने जुन काम गरेको छ त्यो साँच्चिकै सह्राहनीय काम गरेको मैले महसुस गरेको छु । यसले बालबालिकाको व्यक्तित्व विकासमा महत्वपूर्ण काम गरेको छ । र राष्ट्रिय रूपमा हेर्दा पनि सवैको लागि शिक्षा भन्ने जुन सरकारको लक्ष्य छ त्यसलाई पनि यसले सहयोग पुरयाएको छ भन्ने लाग्छ ।

सिविनले बालअधिकारको लागि नेतृत्वदायी भूमिका खेलेको छ । सडकबालबालिकाका सवालमा कसैले आवाज उठाउननसकेको अवस्थामा सकारात्मक र नेतृत्वदायी पहल गरेको थियो । जोखिममा परेका बालबालिकाका पक्षमा पैरवी र उद्धार सहयोगको दोहोरो काम गर्‍यो । यो सह्राहनीय काम हो । जति बेला सरकारमा नीतिगत स्पष्टता थिएन यस कुरालाई सतहमा ल्याउने र नीतिनिर्माणका तहमा बसेका व्यक्तिहरूलाई झक्झक्याउने कामको नेतृत्व गैर सरकारी क्षेत्रबाट सिविनले नै गरेको थियो । सिविनले गैससहरूसँग र नीति निर्माताहरूसँग समेत समन्वय गरेर एकीकृत रूपमा काम गरेको मैले पाएको छु ।

एक्लै गर्दा पैरवी प्रभावकारी नहुन सक्छ । मिलेर पैरवी गर्न समान सोच भएका संस्थाहरूको विचमा सञ्जाल बनाउने र संयोजन गर्ने काम आवश्यक र महत्वपूर्ण हुन्छ । सञ्जालमार्फत गर्दा धेरै प्रभावकारी हुन्छ । आवाज जसलाई हामी सुनाउन चाहन्छौं उसले त्यो सुन्छ । नीति निर्माणका तहमा रहेका व्यक्तिहरूलाई आवाज सुनाउन सक्छौं ।अर्को एक आपसमा सिक्ने र काम गर्नेहरूविच एक आपसमा दोहोरोपन पनि हुँदैन । अहिलेसम्म सिविनले धेरै स्रष्टाहरूसँग समन्वयकारी भूमिका निर्बाह गरी रहेको छ, धेरै सञ्जालहरूको नेतृत्व गरेको छ । पक्कै पनि National campaign for Education जुन संस्थाको म अध्यक्षता गरिरहेको छु यसको प्रारम्भमा सिविनले नै नेतृत्वदायी भूमिका खेलेको थियो र यस संस्थालाई यो ठाउँसम्म ल्याई पुरयाउन सिविनले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ यस कामको नेतृत्व सिविनले नै गरेको हो । त्यस्तै हाम्रा अन्य विभिन्न सञ्जालहरू छन् । आफुले जोखिममा परेका

बालबालिकाहरूसँग काम गरेको अनुभवका अधारमा नेटवर्कमा सिविनले आफ्ना संस्थागत हिसाबमा योगदान दिएको छ भने आएका आवाजहरूलाई माथिसम्म पुऱ्याउन सञ्जालका तर्फबाट पनि प्रभाबकारी भूमिका खेलेको पाउन सकिन्छ । अधिकारलाई सुनिश्चित गर्नर्को लागि यो महत्वपूर्ण पनि हो । बालबालिकासम्बन्धी नीति ल्याउने, निर्देशिकाहरू बनाउने काममा पनि सिविनको पहलबाट नेपालमा धेरै सफलता प्राप्त भएको छ । नेपाल सरकारले बालअधिकारलाई सुनिश्चित गर्नको लागि शिक्षा, स्वास्थ्य, जोखिममा परेका बाल बालिकाहरू, द्वन्द्व पिडित बाल बालिकाहरू, अपाङ्ग तथा असाहाय बाल बालिकाहरू लगायतका क्षेत्रहरूमा धेरै नितिहरू ल्याएको छ र अहिलेको चुनौती भनेको ती नीतिहरूलाई कार्यान्वयन गर्न नसक्नु नै हो । नीतिप्रति राज्यले लिनुपर्ने जवाफदेही लिएको नदेखिनु अर्को समस्या हो । आगामी दिनमा सिविनले गर्नु पर्ने एउटा महत्वपूर्ण काम राज्यले घोषणा गरेका नीतिहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरू र संबिधान,नियम, कानुनहरूमा उल्लेख भएका अधिकारका कुराहरूको सुनिश्चितताको लागि राज्यलाई जवाफदेही बनाउन पहल गर्नु र अझै हुन सक्छ भने गैरसरकारी क्षेत्रमा पनि अझै बढी समन्वय गर्नु पनि हो । सरकारी क्षेत्र, राष्ट्रिय तथा अन्तराट्रिय क्षेत्र मा पनि अझ बढी समन्वय गरेर सरकारलाई अझ दोहोरो नपर्ने गरी नीतिहरू कार्यान्वयन गर्न सिविनले समन्वयकारी भूमिका खेल्न सक्छ । अर्को महत्वपूर्ण कुरा ग्रामीण तहमा अझै हामी बालअधिकार उलंघनका घटना हामी पाउछौँ विशेष गरी बालबालिकाका, स्वास्थ्यका कुराहरू हुन सक्छन् यस्ता समस्याहरूको उजागर गर्ने र आवश्यक उपचारका लागि पहल गर्ने कुरा पनि महत्वपूर्ण हो जस्तो मलाई लाग्छ ।



# निश्चित दृष्टिकोण भएको संस्था

**दुर्गा सोब**
**फेडो नेपाल**

बालअधिकारको मुद्दालाई कुनै पनि संस्थाले नउठाएको अवस्थामा सिविनले उठायो। अहिले २५ औ वर्षमा काम गरीरहेको अवस्था छ । बालअधिकार आन्दोलनमा सिविनले नेतृत्वदायी भूमिका निभाएको मैले पाएकी छु । बालअधिकारका लागि राष्ट्रिय र अन्तराष्ट्रिय स्तरसम्म पुगेर सिविनले खेलेको भूमिकालाई हामीले विसर्नु हुँदैन। यसको काम तथा योगदानको हामी सबैले कदर गर्नै पर्छ।

अरु संस्थाहरू धेरै ठाउँमा हात हाल्छन्। धेरै कुराहरू गर्न खोज्छन, सिविन नितान्त बेग्लै छ। बालबालिकाको पक्षमा, बालबालिकाको पुनर्स्थापना, परामर्श क्षेत्रमा काम गरेको छ । सरकारलाई नीतिगत रुपमा दवाव दिईरहेको छ । अन्तर्राष्ट्रिय स्तरमा आवाजहरू उठाईरहेको छ । बालबाालिका भनेको ठूला क्षेत्र हो । बालबालिकालाई कस्तो नागरिक बनाउने भन्ने कुरामा हामी सबै लाग्नु पर्छ।

सिविनले बालअधिकरको लागि जुन किसिमको भूमिका खेलेको छ। यतिहुँदा हुँदै पनि सडक बालबालिका, घरेलु कामदार बालबालिका अझै पनि धेरै छन्। त्यतिमात्र नभएर अझैपनि गरिव परिवारका बालबालिकाको बालअधिकार हनन् भईरहेको छ । यस्ता परिवारका बालबालिका सामान्य बालअधिकारबाट पनि बन्चित भईरहेको अवस्था छ।

हामीले सामाजिक रुपन्तरणको लागि जुन किसिमको मुद्दाहरू उठाईरहेका छौं, त्यो भनेको हामीले राज्यलाई ठूला सहयोग पुऱ्यईरहेको हो, राज्यको लागि योगदान दिईराखेको हो भन्ने मलाई लाग्छ। बालअधिकारको रक्षा गर्ने राज्यको दायित्व हुँदा हुँदै पनि प्रर्याप्त ध्यानाकार्षण नपुगेको, जति सम्वेदनशील हुनुपर्ने थियो त्यति नभएको अवस्थामा छ । सिविनले बालअधिकारको पक्षमा राज्यलाई जुन किसिमको सहयोग पुऱ्याईरहेको छ यो अत्यन्त महत्वपूर्ण छ। बालअधिकारको लागि सिविनले गर्ने काम भनेको पथप्रदर्शन पनि हो। सिविनले सडक बालबलिकालाई पुर्नर्स्थापना गर्ने काममा अझ सशक्त भूमिका निर्वाह गरे हुन्थ्यो । विद्यमान अवस्थामा अभिभावकविहीन बालबालिकाहरू धेरै छन् त्यस्ता बालबालिकाहरूलाई पनि केन्द्रमा मात्र जिल्ला जिल्लाका विभिन्न ठाउँमा पुगेर काम गर्नु पर्दछ।

बालबालिका भनेको संवेदनशील क्षेत्र हो यसमा सिविनले मात्र गर्नुपर्छ भन्ने होईन । सिविनले हामी सबैलाई सँगै लिएर अगाडि बढ्नमा अझै सशक्त भूमिका निर्वाह गर्न सक्नु पर्दछ । हामी जस्ता अधिकारको क्षेत्रमा काम गर्नेहरूको पनि अझै बालअधिकारको क्षेत्रमा पुग्नु पर्ने जति ध्यान पुग्न सकेको छैन । यसमा हामी गम्भीर भएर लाग्नु पर्ने देखिन्छ।

बालबालिका र महिलाका क्षेत्रमा काम गर्न त्यति सहज बातावरण छैन। बालबालिकाको अधिकारको विषयलाई सबैको सरोकारको विषयको रूपमा अगाडि बढाउन अब अरुलाई पनि कसरी संवेदनशील बनाउने भन्ने बारेमा पनि सिविन लाग्नु पर्छ । सिविनको बालबालिकासँग काम गर्ने संस्थासँग मात्र बढि समन्वय र अन्य संस्थासँग सहकार्य अलि कम भएको हो कि ? मैले यस्तै महसुस गरेकी छु। अरुलाई पनि जिम्वेवार र जवाफदेही बनाउनु पर्छ। बालबालिकाको मुद्दा सबैको मुद्दा हो, सबै ठाउँमा बालबालिका छन्, यो विशेष जाति, समुदाय र संस्थाको मुद्दा मात्र होइन । यो मुद्दा सबैको भएको हुनाले सबै जात जाति वर्ग समुदाय र क्षेत्रलाई यसमा सँगसँगै हिडाँउन सिविन सक्नुपर्छ । सिविनसँग सही दृष्टिकोण र क्षमता भएकोले यो गर्न सक्छ पनि।

# समूदायमा बालिकाको अवस्था बढी दयनीय

**मैमुना खातुन**

**कार्यवाहक अध्यक्ष, फातुमा फाउन्डेशन**

नेपालका बालबालिकाको अवस्थामा अहिले धेरै परिवर्तन देखेको छु । पहिले एकदमै दयनीय थियो । सिविन नेपाल बालबालिकाको लागि क्रियाशिल पहिलो सामाजिक संस्था हो । २५ वर्ष देखि बालबालिको लागि एकदम निरन्तर काम गर्दै आइरहेको छ । २५ वर्ष देखि अभियानकै स्तरमा बालबालिको लागि निरन्तर लड्डै आइरहेको छ । अहिले बालबालिका पनि जागरुक भएका छन् । अभिभावक पनि जागरुक भएका छन् । यो पूरा देश भरि नै परिवर्तन देखि रहेका छौं । कठिन अवस्थामा रहेका बालबालिकामाथि कसैको ध्यान नै नपुगेको बेलामा विभिन्न किसिमको अनुसन्धान सडक बालबालिकाको सामाजिकिरणको निम्ति जोखिममा परेका बालबालिकाको निम्ति कमन रुमको व्यवस्था, हेल्पलाईन लगायतका प्रसस्त काम सिविनले गरेको छ । विभिन्न अन्य अभियान जस्तै बाल दासता विरोधी सम्मेलनको सफल आयोजना र दक्षिण एसियाको यो सञ्जालको स्थापनामा धेरै भूमिका सिविन छ । बालश्रमका विरुद्ध पहिलो आवाज उठाउने पनि सिविन नै हो । सिविन नेपालले बालबालिकाको अनुसन्धान गरी सत्यतथ्य पनि बाहिर ल्याउने गरेको छ ।

सिविनले अहिले जोखिम परिस्थितिमा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना र विकासको लागि धेरै राम्रो काम गरेको छ । मुस्लीम बालबालिकाका सम्बन्धमा पहिला नेपाल सरकारले पनि खास ध्यान दिएको थिएन तर अहिले मदरसालाई पनि सरकारी मान्यता दिएको छ । दर्ता गरेको छ । त्यस्तै धेरै मुस्लीम बालबालिका पनि यो आफ्नो सामाजिक शिक्षाका साथ धार्मिक शिक्षाको पनि अध्ययन गरिरहेका छन् । सिविनले विशेष गरी यस्ता बालबालिका जुन एकदमै पछाडि पारिएका बालबालिका जस्तै मुस्लीम बालबालिकालाई विशेष ध्यान दिनु पर्छ । त्यसमा पनि झन् बालिकामाथि ध्यान दिनुपर्छ । आज पनि समुदायको सोच के छ भने छोरी माथि किन लगानी गर्ने ? छोरालाई लगानी गर्ने हो । यस्तो सोच एकदमै मिटाएर, राम्रो सोंचको विकास गर्नुपर्छ । नेपाल सरकारले दलितको नाममा छात्रवृत्ति दिएको छ । त्यो ठिक छ । तर दलित, गरिव मात्र होइन । यहाँ धेरै परिवार धेरै समुदायका बच्चाहरू गरिव छन् । जस्तै मुस्लीम पनि छ । हाम्रो समुदायमा पनि बाल बालिकाका लागि छात्रवृत्तिको एकदमै आवश्यकता छ । चाहेर पनि पढ्न सकिरहेका छैनन् । बालबालिकाको स्तर माथि उठाउनको लागि शिक्षामा विशेष ध्यान दिनु पर्छ । जस्तै निःशुल्क शिक्षाको व्यवस्था, स्टेसनरी पनि निशुल्क हुनु पर्छ । महिला टिचरको व्यवस्था हुनुपर्छ । गाउँका विद्यालयमा चर्पी नभएकोले गर्दा शिक्षिका र बालबालिकालाई गाह्रो छ । हाम्रो बालबालिकामा बालिकाहरू जुन १० १२ वर्ष पुगे पछि वयस्क हुन थाल्दछन् । त्यस्ता कुरामा पनि विशेष ध्यान दिनु पर्छ । सिविनजस्तो संस्थाले हाम्रा मुस्लीम, मधेसी, दलित र पछाडि पारिएका बालबालिकाको अधिकारका लागि पनि ध्यान दिनु पर्छ । रजत वर्षको उपलक्ष्यमा शुभकामना ।

# सञ्जाल र संयन्त्रहरूमा सिविन उपस्थितिको आवश्यकता

**पुरुषार्थ श्रेष्ठ**
**संयोजक, टुकी संघ दोलखा**

टुकीले सिविनसँग मिलेर करिव २०५६ सालदेखि दोलखामा बालअधिकारसम्बन्धी विभिन्न गतिविधि सञ्चालन गर्दै आएको हो । सुरु सुरुका वर्षमा बालअधिकार सचेतनाका कार्यक्रम सामुदायिक स्तरमा संयुक्त रूपमा सञ्चालन भएको थियो । कतिपय कार्यक्रम विद्यालय स्तरमा सिविन आफैले र जिल्ला बालकल्याण समिति मार्फत् तथा अन्य संघसंस्थाहरूसँग पनि सञ्चालन गर्दै आएको थाहा भयो । यो कार्यक्रम व्यापक रूपमा नभएपनि समुदायस्तरमा गएको कार्यक्रम थियो । पछिल्ला समयमा नर्वेजियन अन्तर्राष्ट्रिय गैरसरकारी संस्था फोरुटको सहयोगमा सिविन र टुकी मिलेर दोलखा जिल्लामा महिला र बालबालिकासम्बन्धी एउटा परियोजना सञ्चालन गरिएको छ । यो कार्यक्रम ८ वटा गाविसमा भएपनि यसको प्रभाव अन्य गाविसहरूमा पनि परेको छ । सुरुमा त हामीले सिविन बालबालिकासँग अर्थात् बालअधिकारको क्षेत्रमा मात्र काम गर्दछ भन्ने सुनेका थियौं । जब सँगसँगै काम गर्दै गयौं तव थाहा भयो कि सिविनले साच्चै नै जोखिममा परेका, अवसरबाट बन्चित र विभिन्न समस्या भोग्नेबाध्य बालबालिका साथै समग्र बालबालिकलाई अगाडि बढाउनको लागि राम्रो योगदान गरेको रहेछ भन्ने प्रस्टसँग थाहा भयो । यसले टुकिसँग बालअधिकारको सचेतना कार्यक्रम समुदायस्तरमा संचालन गर्नु अगाडि टुकिसंघका कार्यसमितका सदस्य र कर्मचारीहरूलाई अभिमूखीकरणका साथै प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी गरेको थियो । यसबाट पनि थाहा भयो कि साच्चै सिविनले दत्तचित्त भएर बालबालिकाको क्षेत्रमा काम गरेको रहेछ र नेपालका बालबालिकाले जो जोखिममा परेका थिए उनीहरूले राम्रो अवसर वा उपलब्धि हासिल गर्न सके । नेपालका बालबालिकाको भविष्य निर्माणको लागि सिविनले ठूलो योगदान दिएको हामीले पायौं । अहिले टुकी संघ दोलखा पनि सिविनसँग सँगसँगै कृषिको साथै बालबालिकाको हक अधिकार संरक्षण गर्नमा लागेको छ ।

पहिला हाम्रो समाजमा ठूला मानिसका अगाडि बालबालिका खासै ध्यान दिनु पर्ने वा विचार पुऱ्याउनु पर्ने बर्गमा पर्दैनथे । यी केटाकेटी हुन केहि कुरा जान्दैनन् । सबै कुरा ठूला मानिसले जान्नुपर्छ र जान्दछन् भन्ने दृष्टिकोण थियो र यिनीहरूको केही भूमिका हुँदैन भन्ने थियो । हरेक परिवारदेखि समुदायका हरेक क्षेत्रमा बालबालिकालाई कुनै पनि क्रियाकलापमा सहभागी गराइँदैनथ्यो । जब सिविन नेपालले समुदायदेखि सरोकारवालसम्म बालबालिकाको सम्बन्धमा यस्तो चलन ठीक होइन, बालबालिका भनेका भोलीका भविष्य हुन् । जति उनीहरूको शारीरिक, मानसिक, बैद्धिक विकास गराइन्छ, त्यत्ति नै परिवार, समाज र राष्ट्रलाई विकास पुग्दछ भन्ने कुरा सबैलाई बुझाउँदै गएको कारण अहिले परिवार,समाजले पनि कमसेकम बालबालिकालाई विकासको कुरामा पनि सहभागी गराउनुपर्छ भन्ने सोचमा परिवर्तन हुँदै आयो । हाल

आएर सबै क्षेत्रबाट पहिलो ध्यान बालबालिकामाथि जानुपर्ने अवस्था आइपुगेको छ । यसमा सिविन नेपालको निकै ठूलो योगदान छ। यसैगरी पहिला ऐन नियमको व्यवस्था थिएन। अन्तर्राष्ट्रियस्तरमा घोषणा भएको महासन्धीको पालनाको लागि पनि सरकारीस्तरबाट राम्रो पहल नभएको अवस्थामा सिविन नेपालले एकातिर उनीहरूलाई घच्घचाउने अर्कोतिर सहयोग पनि गर्ने गरेर लागु गराउन सक्यो ।

सम्पूर्ण ठाउँमा बालबालिको अधिकारलाई स्थापित गर्न वा सबै बालबालिकालाई उनीहरूको हक अधिकारको प्रत्याभूति दिलाउने सन्दर्भमा सिविनले बालबालिकाको सवाल अब सबैको साझा सवाल हो भन्ने महसुस त गराएको छ । तर सबै बालबालिकालाई यसको प्रत्याभूति गराउनको लागि सरकारी तथा गैरसरकारी क्षेत्रका विभिन्न सञ्जाल तथा संयन्त्रहरूमा सिविनको उपस्थिति अझै जरुरी छ। अझै पनि बालअधिकारको क्षेत्रमा काम गर्नुपर्ने धेरै कुरा छन् । अझै पनि होटल, रेष्टुराँदेखि घर घरमा पनि बाल मजदुरहरू छन्। यी सबै एक साथ समाप्त हुन नसकेको अवस्थामा समाजका सम्पूर्ण संयन्त्रहरूमा यसको ध्यान जानु आवश्यक छ । जबसम्म उनीहरूको शिक्षा, स्वास्थ्य, बौद्धिक क्षेत्रमा ध्यान जादैन तव सम्म समाजको साँचो विकास हुँदैन । त्यस अर्थमा पनि बालबालिको सर्वाङ्गीण विकासको लागि सिविन नेपाल बालअधिकारको क्षेत्रमा विश्वसनीय संस्थाको रूपमा स्थापित भएकोले सबै क्षेत्रलाई जस्तो सरकारी क्षेत्रका साथसाथै गैरसरकारी क्षेत्रका विभिन्न निकायका पनि यसको नियमन गरेर कार्यान्वयनको लागि संयोजनकारी भूमिका निर्वाह गर्नुपर्छ । सबैमा एकरुपता ल्याएर कसैसँग पनि कुनै किसिमको मनमुटाव नराखिकन समान दृष्टिकोण र एउटै दिशा तय गरेर जानुपर्छ भन्ने लाग्दछ ।

अन्तमा सिविन नेपालले गरेको विभिन्न महत्वपूर्ण भूमिकालाई सम्झनुपर्दा पहिलो कुरा त यसले स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म बालअधिकारको क्षेत्रमा सचेतना जगाउन सकेको छ । दोस्रो कुरा परिवार, समुदाय तथा विभिन्न संघसंस्थालाई लिएर बालअधिकारकोबारेमा राम्ररी बुझाउन जुन प्रयत्न गरेको छ त्यो ज्यादै राम्रो छ । अर्को कुरा बालअधिकारलाई सुनिश्चित गर्नको लागि परिवार, समुदाय र संघसंस्थाले मात्र काम गरेर पुग्दैन यसको लागि राज्यले नै आफ्नो नीति बनाएर राज्यका विभिन्न निकायहरूमा पनि यसको सुनिश्चित गर्नुपर्ने भएकोले यसमा सिविनको उल्लेखनीय भूमिका रहेको देखिन्छ । समग्रमा भन्नुपर्दा सचेतना जगाउने, नीतिनियम बनाउने सम्बन्धित निकायमा पहल गर्ने र बनेका नीतिनियमको कार्यान्वयन गराउन जोड दिने कुरामा सिविन नेपालको महत्वपूर्ण भूमीका रहेको पाइन्छ ।

# स्थानीय विकास र बालबालिका

**राम प्रसाद सुवेदी**

**क्षेत्रीय इन्चार्ज, गैसस महासंङ्घ, पश्चिमान्चल**

सिविनसँग नजिक भएर मैले काम गरेको १५ वर्ष भएको भयो । मेरो बुझाइमा नेपालमा बालअधिकारको सवालमा कुरा उठाउने पहिलो संस्था सिविननै हो । नेपाल सरकारले जिल्ला जिल्लामा जिल्ला बालकल्याण समिति नबन्दै सिविनले बालबालिकाको सवालमा कुरा उठाएको हो । बालअधिकारको क्षेत्रमा, सहभागिताको, संरक्षणको, बालमैत्रीका बातावरण, बालमैत्री विद्यालय, बालबालिका शान्ति क्षेत्र अभियानका जस्ता कुराहरूमा सिविनको महत्वपूर्ण योगदान रहेको छ ।

बालअधिकारसम्बन्धी महासन्धीको वकालत गर्ने कुराहरूमा सिविन सधै अगाडि छ । गाउ गाउँमा पुगेर महासन्धिका कुराहरू प्रचार प्रसार गर्न सिविनले ठूलो भूमिका निभाएको छ । त्यहाँका समुदायलाई बालअधिकार महासन्धि के हो के को लागि हो, बालबालिकाको के के अधिकारहरू छन् जस्ता कुरामा जानकारी दिनमा सिविनको ठूला भूमिका छ । महासन्धिको प्रचार प्रसार सिविनको ठूलो भूमिका छ । बालबालिकाको शिक्षा, स्वास्थ्यका अधिकारका कुराहरू अघि सार्नमा नेपालमा बालअधिकारसम्बन्धी कानुन बनाउने सन्दर्भमा पनि सिविनले धेरै महत्वपूर्ण भूमिका छ । बालबालिकासम्बन्धी १० वर्षीय राष्ट्रिय योजना बालबालिकासम्बन्धी योजनाहरू बनाउने कुरामा पनि सिविनले नेतृत्व प्रदान गरेको छ ।

सिविनले स्थानीय संघसंस्थाहरूको क्षमता अभिवृद्धि गर्ने र बालअधिकारको पक्षमा पैरवी गर्ने सवालमा महत्वपूर्ण भूमिका खेलेको छ । बालबालिका विरुद्ध गरिने दुर्व्यवहारहरू पनि सिविनले बाहिर लिएर बालबालिकाको पक्षमा आवाज उठाउने कुराहरूमा पनि सिविनको अग्रणी भूमिका छ । स्थानीय रूपमा बालबालिकालाई अधिकारका कुरा बोल्न सिकाउने समुदायहरूलाई, विद्यालयहरूलाई, गुरुहरूलाई, आमाबुबालाई बालबालिका सित राम्रो व्यवहार गर्न सिकाउने कुराहरूमा भूभिका खेलेको छ ।

सिविन नेपाल राष्ट्रिय स्तरको संस्था हो । दक्षिण एसियामा नै सिविनको पकड रहेको छ । सिविनले बाल हेल्पलाईन चलाएको छ । प्रभावकारी देखिएको छ । त्यसैगरी सिविनले बालबालिकाहरूको अधिकारमूखी कानुनहरू बनाउन लागि राष्ट्रिय रूपमा पहल गरेको छ ।

गैरसरकारी संस्थाहरू अधिकारको क्षेत्रमा काम गर्ने संघसंस्था हुन् या खानेपानीको क्षेत्रमा काम गर्ने, अरु निर्माणको क्षेत्रमा विद्यालय बनाउनेमा काम गर्ने सबै गैरसरकारी संस्थाको उदेश्य नै अधिकारको क्षेत्रमा वकालत गर्ने हो । सिविनले गैरसरकारी संस्थाहरूहरूको क्षमता अभिवृद्धि गर्ने क्षेत्रमा पनि काम गनुपर्छ । बालगृह चलाएका संस्थाहरू र संचालकहरू कतिमा बालअधिकार ज्ञान नभएको स्थीति छ । सरकारी निकायमा पनि बालिकालाई गर्नुपर्ने व्यवहारका सम्बन्धमा राम्रो ज्ञान छैन । अभिभावकको उत्तरदायित्वको कुरा पनि छ। सरकारी निकायहरू, सुरक्षा निकायहरूमा पनि बालबालिकालाई गर्ने व्यवहारका बारेमा जानकारी दिनुपर्ने छ । बालबालिकालाई बोलाउने, बालबालिकासँग बोल्ने कुराहरूमा समेत सम्बोधन

गर्नु पर्ने कुराहरू छन् । बालबालिकाहरूलाई सार्वजनिक ठाउमा होच्याउने चलन हामी अहिले पनि हामी भेट्न सक्छौ । यस्ता कुराहरूलाई पनि सिविनले भावी योजनामा ध्यान दिनु पर्छ । स्थानीय निकायहरूमा बालबालिकाको नाममा थुप्रै पैसाहरू गएको छ । त्यसको दुरुपयोग भएको छ । बालबालिकाको क्षेत्रमा छुट्याइएको पैसा बालबालिकाकै लागि खर्च भएको छ कि छैन त्यो मनिटरिङ्ग गर्नमा पनि सिविनले भूमिका खेल्नुपर्छ ।

सिविनले २५ वर्षमा महत्वपूर्ण फट्को मारेको छ । भविष्यमा पनि सिविनले विगतका २५ वर्षीय सिकाइहरूलाई अनुसरण गर्दै भविष्यमा पनि बालबालिकाको क्षेत्रमा महत्वपूर्ण भूमिका निभाउन सफल रहोस् शुभकामना दिन चाहान्छु ।

# राष्ट्र निर्माणको पक्षमा महत्वपूर्ण योगदान

**शारदा पोखरेल**
**अध्यक्ष, शान्ति मालिका**

सिविनसँग मेरो सम्बन्ध शान्तिमालीकामा आएदेखि मात्र हैन दवाब समुहमा रहंदादेखि नै हो । महिला सुरक्षा दवाव समूह देखि नै सिविनसँग हामीले मानवअधिकारको सवालमा धेरै कार्यकक्रमहरू साझेदारको रूपमा पनि गरेमा छौँ । शान्तिमालीकामा आए पछि हाम्रो सम्बन्ध झन् मजबुत भयो । महिला मानवअधिकार र बालबालिकाको सवालमा सिविनले काम गरीराखेको छ । बालबालिका हुंदा देखि नै बालअधिकारको हनन सुरु हुन्छ । बालिका अधिकारको हनन झन् बढी हुन्छ । एउटा प्रतिवद्धताका साथ लागेको संस्था हो सिविन ।

यसले उपेक्षित भएर सडकमा पुगेका बालबालिकासँग पनि काम गरीराखेको छ । सिविन सडक बालबालिकादेखि लिएर घरेलु कामदार, द्वन्द्वपीडित बालबालिकाको अधिकारको सवालमा पनि काम गरीरहेको छ । उनीहरूलाई उद्धार गर्ने र उनीहरूका शिक्षाको सवालमा जुन एउटा अधिकारको लागि पूर्ण हिसाबबाट काम गरी राखेको छ, त्यो अत्यन्तै सराहनीय छ । त्यसले राष्ट्र निर्माणको पक्षमा महत्वपूर्ण योगदान दिएको छ भन्ने मलाई लागेको छ।

सिविनकै कारणले कतिपय कुरामा राज्य संवेदनशील हुन बाध्य भएको छ । बालअधिकारको सवालमा र नीतिगत कुराहरूमा नयाँ नीतिहरू बनाउने कुराहरूमा सिविनको महत्वपूर्ण योगदान रहेको छ । किन भने बालबालिकाको अधिकारहरूलाई नितिगत रूपमा नै जस्तो कि संयुक्त राष्ट्रसंघले पारीत गरेपनि राष्ट्रिय कानुनहरूमा समाविष्ट भएन भने अन्तराष्ट्रिय कानुन पास भएर अन्तराष्ट्रिय संन्धि सम्झौताहरूको कुनै अर्थ हुदैन त्यसलाई नेपालमा कार्यान्वयन गर्नको निम्ति सिविनले जुन महत्वपूर्ण ूमिका खेलेको छ त्यो मैले अत्यन्तै सराहनीय देखेको छु । खास गरेर द्वन्द्वकालमा बालबालिकाको प्रयोगलाई लिएर सिविनले महत्वूर्ण आवज उठाएको थियो । विद्यालयहरूलाई शान्तिक्षेत्र बनाउनुपर्छ भन्ने सवालमा एउटा महत्वपूर्ण भूमिका खेलेको जस्तो मलाई लाग्छ ।

अझै नेपालमा बालश्रम रोकिएको छैन । बालबालिकालाई स्कूलमा नपठाएर घरको कामदार बनाउने प्रचलन छ । त्यसलाई अन्त्य गर्न पनि सिविनले उल्लखेनीय भूमिका खेलेको छ । छोरीलाई हेर्ने दृष्टिकोण अझै पनि फेरिएको छैन । छोरीलाई गोठालो पठाउने, घास दाउरा पठाउने, घरको काम गराउने, आफ्ना भाई बहिनिलाई हेराउने प्रवृत्ति अझै पनि हटिसकेको छैन । त्यसलाई परिवर्तन गर्नको निन्ति सिविनले धेरै महत्वपूर्ण काम गर्छ भन्ने मलाई लाग्छ । धेरैजसो स्कूलजाने उमेरका बच्चाहरूले खलासी बनेर गाडीको छेउमा उभिएर जोखिमपुर्ण कामहरू गरिराखेका छन्

मेरो धेरै धेरै शुभकामना छ । सिविनले गरेको कामहरूको म अत्यन्तनै सराहना गर्न चाहन्छु अझ बढी अनुभवहरूलाई सङगालेर अझै बढी सशक्तरुपले देशमा बालबालिकाका लागि हुने विभेदलाई हटाएर दिगो शान्ति स्थापना गर्नको निम्ति अझै महत्वपूर्ण भूमिका खेल्न सिविनले सकोस भन्दै म हृदयदेखी नै धेरै धेरै शुभकामना ।

# नेपालमा बालअधिकार आन्दोलनको २५ वर्ष

**शकुन्तला सुब्बा**
**कार्यकारी निर्देशक, उप्का नेपाल धरान सुनसरी**

सिविन नेपालले २५ वर्षको बालअधिकार आन्दोलनमा राष्ट्रिय स्तरमा अग्रणी भूमिका खेल्न सकेको छ। बालअधिकार अभियानमा राष्ट्रिय स्तरमा बालअधिकार आन्दोलनसँग सम्लग्न भएका गैरसरकारी संस्थाहरूसँग समन्वय गरेर सँगसँगै सहकार्य गर्न सक्षम भएको छ। उप्का नेपालले पनि सिविन नेपालको भूमिकालाई अझ उज्जवल बनाउन पूर्वाञ्चल क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ।

सिविन नेपाल बालअधिकार लागि नीति निर्माणका क्षेत्रमा निरन्तर रूपमा प्रयासरत रहेको छ। कार्यान्वयनमा अझै पनि पहूँच पुग्न नसकेको कारणले गर्दा यसका लागि सम्बिन्धित क्षेत्रका संघसंस्थाहरूसँग सहकार्य गर्दै आन्दोलनलाई अगाडि बढाउने विश्वास रहेको छ।

सिविन नेपालले बालअधिकार कार्यान्वयनको आन्दोलनमा अग्रणी रूपमा नेतृत्व दिंदै निकृष्ट स्तरका श्रमक्षेत्रमा काम गर्न बाध्य श्रमिक बालबालिकामाथि भएका शोषण र दमनलाई हटाउँदै राष्ट्रिय स्तरमा बालश्रम निर्मूल पार्न अझै अरु ज्वलन्त लगाउनु पर्ने देखिन्छ।

बालअधिकार कार्यान्वयनको आन्दोलनमा सिविन नेपालसँग सहकार्य गर्दा उप्का नेपाललाई धेरै उपलब्धिहरू हाँसिल भएको छ। विशेष गरेर सडक बालबालिकामाथि कार्य गर्दा मानव स्रोत विकास र संस्थागत विकास गर्नलाई योगदान गरेकोमा उप्का नेपाल सिविनलाई सधैं स्मरण गर्दै निकट भविष्यमा पनि यस्तै सहकार्यको अपेक्षा गर्दछ।

बालश्रम विरुद्ध विश्व यात्रा (ग्लोबाल मार्च) १९९९मा बालश्रम न्यूनीकरण गर्ने अभियानमा उप्का नेपालले पूर्वाञ्चलको संयोजक र समन्वयको भूमिका निवार्ह गरेकोले आफ्नो छुट्टै पहिचान निर्माण गर्न सफल भएको छ। यसैगरी वित्तप्रशासन प्रणालिमा मानवस्रोतको क्ष्मता अभिबृद्धि गर्न सहयोग पुगेको छ। सडक बालबालिकासँग प्रत्यक्ष कार्य गर्न मानवस्रोतको क्षमता अभिबृद्धि गर्न सिविन नेपालले महत्वपूर्ण योगदान गर्दै आएको छ।



# जागृतिको प्रगतिमा सिविनको योगदान

**तिलोत्तम पौडेल,**
**संस्थापक अध्यक्ष, जागृति बालक्लब**
**प्रगतिनगर-३, जागृति टोल, नवलपरासी**

हामी साना थियौं । २०४८ चैत्र २५मा प्रगतिनगर-३ जागृति टोलमा एक घरको पिँडीमा बसी ७ जना मिलेर नवप्रभात बालक्लब स्थापना गरेका थियौं । जसको नाम २०५२ देखि जागृति बालक्लब बनायौ । हामीले स्वतर्स्फूत रूपमा आफै बालक्लब खोलेका हौं । हामीलाई हाम्रो अधिकार, जिम्मेवारी र राज्यको दायित्वको वारेमा जानकारी थिएन । काठमाडौंमा सिविन भन्ने संस्था सुनेका थियौं तर हामी परिचित भने थिएनौं । २०५० मा उपचारको सिलसिलामा काठमाडौं आउँदा मात्र वाफल सिविनको कार्यालयमा पुगें परिचय सहित सामान्य प्रचा पोस्टर लिएर घर फर्केर पछि सिविनसँगको सम्पर्क नियमित पत्राचार र फोनमा कुराकानी हुन थाल्यो । हामी त समुदायमा बालक्लब खोलेर कामै गरी सकेका थियौं । सिविनले चलाएको विद्यालय बालअधिकार मञ्च स्थापना गरी बालअधिकार प्रबर्द्धन गर्नुपर्छ भन्ने अभियानलाई हामीले पनि साथ दियौ र बालअधिकार मञ्च खोल्ने काममा सहयोग पनि गरियो । २०५३ तिर सिविनले जागृति बालक्लबसँगको सहकार्यमा २ दिने बालअधिकारसम्बन्धी प्रशिक्षण प्रदानबाट बालअधिकारको विषय नवलपरासीको पनि नवलपुर क्षेत्रका हामी सहित थुप्रै बालबालिका लाभान्वित भयौं । संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धी अनुसार विना नागरिकता बालसंस्था दर्ताको कानुनी मान्यता पाउनु पर्छ भन्ने विषयमा जानकारी पश्चात सिविनसँगको सहकार्यमा थप बृद्धि भयो । हामीले स्वत स्फूर्त खोलेको बालक्लब भएपनि कानुनी मान्यताको निम्ति सिविनबाट धेरै सहयोग पाइयो । हामी २०५४ कार्तिकमा जिल्ला प्रशासन कार्यालय नवलपरासीमा जाँदा हामीले उठाएको बालक्लबको कानुनी मान्यताको कुरा सुनवाई भएन । हामी गृहमन्त्रालयमा पुग्यौं त्यहाँबाट पनि सकारात्मक जवाफ नआएपछि विना नागरिकता बालसंस्थाको कानूनी मान्यताको निम्ति २०५५ मा सर्वोच्च अदालतको ढोका घचघच्याउनेदेखि २०५८ साल साउन २५ मा बालबालिकको पक्षमा फैसला नहुन्जेलसम्म मात्र हैन फैसलाको कार्यान्वयन गरी २०६४ मा नवलपरासीको जि.प्र.कामा जागृति दर्ता हुने काम सबैमा सिविनको महत्वपूर्ण सहयोग रहयो । बालअधिकार र बालसहभागिताको आन्दोलनको एउटा नजिरको रूपमा बालसंस्था दर्ता पक्षमा सर्वोच्च अदालतले गरेको फैसलालाई जागृति र सिविन बीचको सहकार्य र जागृति यो स्थानमा आईपुग्न सिविनको योगदानको रूपमा हामीले लिने गर्छौं । तर यस को थप प्रचार प्रसार र कार्यान्वयनको निम्ति थप कार्य अघि बढाउनु पर्ने देखिन्छ ।

हामीले पींडीमा स्वत:स्फूर्त बालक्लब खोल्दा २०४८ मा हामी नेपालमा एक्लै थियौं जस्तो लाग्छ तर आज नवलपरासीमा मात्र ५०० भन्दा बढी बालक्लबहरू छन् । हाल नेपालमा १३ हजार बालक्लबहरू नाघिसकेका ३ लाख बालबालिका आबद्ध छन् । बालअधिकारको संरक्षण प्रबर्द्धन र सहभागिताको निम्ति नमूना भएका छन् । नेपालमा बालअधिकार

सबैको सरोकारको विषय भएको छ। बालअधिकारको चर्चाको विषय बनेको छ । बलाबालिका माथि हुने श्रम शोषण भेदभावप्रति मानिसहरू सचेत, सुसूचित भएका छन् । जसको श्रेय सिविनलाई दिन सकिन्छ । विगतमा बालक्लब सुरु गरेका बालबालिकाहरू आज युवा भईसकेका छन् । उनीहरू सामाजिक तथा राजनैतिक, व्यवसायिक क्षेत्रमा स्थापित मात्र हैन नेतृत्व गर्नसक्ने भएका छन् ।

जागृति पनि त्यसकै एउटा उदाहरण हो सिविनसँगको सकारात्मक सहयोग समन्वय र सहकार्यले जागृति बालक्लब आज राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा परिचित छ। १५ सयभन्दा बढी सदस्य रहेको जागृतिले आफ्नै बैंक खाता, नियमित लेखा परीक्षण, प्रत्येक दुईवर्षमा साधारण सभा र नेतृत्व हस्तान्तरण मात्र हैन हालसम्म ५००० भन्दा बढि सरोकारवालाद्धारा जागृतिको कार्यालय भ्रमण, २५० भन्दा बढी राष्ट्रिय कार्यक्रम र १० वटा अन्तराष्ट्रिय कार्यक्रममा सहभागिता जनाईसकेको छ । जागृति कै अनुरोध पहलमा आज प्रगतिनगर गा.वि.स.मा नेपालकै पहिलो बालमैत्री र नमूना गा.वि.स. स्थापनाको निम्ति पहल भइरहेको छ । बालसहभागिता स्थानीय स्तरमा बृद्धि भएको छ । बालसंरक्षणको निम्ति अभियान सञ्चालन गरेका छन् । आज नेपालमा सिविनले २५ वर्ष अगाडि सुरु गरेको बालअधिकार आन्दोलन स्थापित मात्र हैन दक्षिण एसियामा नमूना बनेको छ । बालअधिकारको निम्ति थुप्रै संस्था र संञ्जाल जन्मेका छन् । राज्यले महिला तथा समाज कल्याण मन्त्रालयमा बालबालिका थपेको छ। केन्द्रमा केन्द्रिय बालकल्याण समिति जिल्लामा जिल्ला बालकल्याण समिति स्थापना गरी कार्यथालनी गरेको छ । बालबालिकासम्बन्धी ऐन नियम कानुन बनाउने र समयानुकूल परिवर्तनको निम्ति पहल भएको छ । बालबालिकासँग जोडिएका विभिन्न योजनाहरू निर्माण भएका छन् । अन्तराष्ट्रिय सन्धी सम्झौतामा प्रतिबद्धता जनाइ बालअधिकारको विषय सकारात्मक सुधार हुन थाल्नु र बालसहभागिता स्थापित हुनुमा सिविनको महत्वपूर्ण योगदान रहेको छ । सिविनको यो महत्वपूर्ण योगदानले आज सिविन मात्र हैन बालअधिकार सबैको सरोकारको विषय बनेको छ । यसैको एउटा उदाहरणको रूपमा जागृति बालक्लबलाई लिन सकिन्छ । आगामी दिनमा बालअधिकार र बालसहभगिताको सामाजिक आन्दोलनका लागि सिविनलाई शुभकामना ।

# लू निभाः बाल सरोकार समूहको स्थापना, विकासक्रम र सिविनसँगको सम्बन्ध

लू निभाः बाल सरोकार समूह एक गैरसरकारी संस्था हो । बाल अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरू मध्ये एक अग्रणी तथा शसक्त संगठनको स्थापना आजभन्दा लगभग २ दशक पुर्व सन् १९९४ मा प्राथमिक र निम्न मा.बि तहमा पढ्दै गरेका स्कूले केटाकेटीहरूको सक्रिय सहभागितामा भएको थियो । शिक्षाबाट बन्चित बालबालिकालाई आधार बनाई यो संस्थाको स्थापना भएको थियो । प्रारम्भमा ललितपुरको खोकना गा.वि.स.मा एउटा सानो बालबाचनालयको रुपमा स्थापित लू निभाः ले यसका संस्थापकहरूको युवा अवस्थामा प्रवेश सँगै सन् १९९७ मा एक गैर सरकारी संस्थाको आकार पायो ।

खोकना एक प्राचीन र ऐतिहासिक तथा बिशुद्ध किसानहरूको गाँउ हो । राजधानीबाट मात्र ७ किलोमिटरको दूरीमा रहेर पनि शैक्षिक रुपमा अत्यन्तै पिछडिएको गाऊँ थियो । लू निभाः को स्थापना हुनुपुर्व सम्म पनि यहाँका बासिन्दाहरू शिक्षा प्रति खासै चासो र महत्व दिँदैनथियो । छोरा र छोरी प्रतिको व्यवहारमा भेदभाव र असमानता थियो । शिक्षा दिलाउने कार्यमा समेत छोरालाई काखा र छोरीलाई पाखा गर्ने परम्परा थियो । छोरीलाई घरकै काममा मात्र सिमित राख्ने गलत प्रथा विद्यमान थियो । बालबालिकाहरूले शिक्षा प्राप्त गर्नु त परै जाओस, सामान्य बाल अधिकारबाट समेत बंचित थिए ।

शिक्षाको महत्व नबुझ्केका अधिकाशं अभिभावकहरूमा, छोराछोरी प्रतिको बेवास्ता, भेदभावपुर्ण व्यवहार र चिन्तनको निर्मुल गर्ने उद्देश्य सहित बालबालिकाहरूको एउटा समूह नै गठन भयो । यसै समूहले सन् १९९४ मा सिविन नेपालको सहयोगमा लू निभाः बाल बाचनालय नामक पुस्तकालय स्थापना ग-यो । स्थापना सँगै गाँऊका बालबालिकाहरूलाई सदस्य बनाउने, पढाउने र बालअधिकारका बारेमा चेतना जगाउने जस्ता कार्यहरूको शुरुवात गर्‍यो । यसका साथै बालचेतना जगाउन उनीहरूका घरघरमा गई सम्झाउने बुझाउने र अभिभावकहरूलाई समेत शिक्षाको आवश्यकताका बारेमा बुझाउने कार्यको शुरुवात गर्‍यो । लू निभाः ले संचालन गर्ने सबै कार्यक्रमहरू विशेष गरी बाल हित, शिक्षा र अधिकारमै केन्द्रीत रहेर गरिन्थ्यो । बाल प्रतिभाको प्रदर्शनी अन्तर्गत, बाल कविता, कथा, निवन्ध, चित्रकला, नृत्य, हाजिरी जवाफ प्रतियोगीता, ज्ञानवर्दक एवं मनोरन्जनात्मक खेलकुद प्रतियोगीताहरूका अतिरिक्त बाल अधिकार र स्वास्थ्य शिविर, सरसफाई अभियान इत्यादि त लू निभाः बालबाचनालयले स्थापना कालदेखि नै निरन्तर रुपमा गर्दे आइरहेका छन्, जुन हालसम्म पनि कायमै छ ।

बिषेशतः सिविन नेपालको सहजीकणमा बाल अधिकार सम्वन्धी जानकार भएका बाचनालय संचालन समितिका सदस्य बालबालिकाहरूको अर्को महत्व पूर्ण योगदानको रुपमा बाल सहभागिता प्रबर्द्धनमा पनि देखिन्छ । खोकना र बुङ्गमती गा.वि.स मा बि.स २०५२ सालमै सबै वडाहरूमा बाल क्लव गठन गर्न सफल यस समूहले बाल क्लवमा सहभागि बालबालिकाहरू लाई आफ्नो अधिकारका बारेमा पनि सचेत पार्दै लगेको थियो । जुन अनुभवले गर्दा आज लू निभा : लाई बाल सहभागितामा काम गर्ने अग्रनी संस्थाको रुपमा चिनिन्छ ।

लू निभाः को बाल केन्द्रित कार्यक्रमहरूबाट खोकनाका बालबालिका त लाभान्वित भए नै र साथसाथै अभिभावकहरूमा समेत छोराछोरीको अधिकार र उनीहरूको शिक्षाको महत्वको बारेमा समेत सचेतना र जागरण आएको पाइन्छ । फलस्वरुप उनीहरूको परम्परागत मान्यता र सोचमा ठूलो परिवर्तन ल्यायो ।

शिक्षालाई खासै महत्व नदिने, दिइहाले पनि छोरीलाई घरकै काममा सिमित राख्ने र पढ्न नपठाउने अभिभावकहरू, गाऊँमा लू निभाः बाल बाचनालयको स्थापनाको केही बर्षमै छोरीलाई पनि विद्यालयमा पढाउनु पर्दछ , छोरी पनि छोरा सरह हुन भन्ने धारणा र चेतनाको विकास भई एउटा भेदभाव रहित र चेतनशिल समाजमा रुपान्तरण भयो । लू निभाः को महत्वपूर्ण उपलब्धीको रुपमा गाऊँमा आएको यो परिर्वतनलाई सकारात्मक मान्न सकिन्छ । शुरुमा यी बच्चाहरूले के गर्न सक्ला र ? भनी नाक खुम्च्याउनेहरू आज लू निभा : को कार्यको मुक्तकण्ठले प्रशंसा गर्छन र आफै सहभागी भई सहयोग समेत गर्ने गर्दछन् ।

बालबालिकाहरूको विकासमा लागी परेको लू निभाः को बाचनालय संचालनार्थ खोकना गा.वि.सको सहयोगमा गा.वि.स भवनकै पछाडिको भागमा अवस्थित जीर्ण र भत्कनै लागेको सार्वजनिक टहरा सहयोग स्वरुप बाचनालयका लागि प्राप्त भयो । त्यसपछि लू निभाःले स्थान त पायो तर जीर्ण अवस्थामा रहेको उक्त टहरोमा बाचनालय संचालन गर्दा पानी चुहिने, भित्र पानी जम्ने पुस्तक र ऱ्याकहरू भिज्ने जस्ता समस्याहरू आइलागे । यस्तैक्रममा स्थापना भएदेखि नै लू निभाः लाई मार्गदर्शन गर्दै आएको संस्था नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन)ले लू निभाः ले बाल विकास र बालअधिकारका क्षेत्रमा देखाएको अथक परिश्रम, मेहनत र लगनशिलताबाट प्रभावित भए । फलस्वरुप सन् १९९६ को अन्त्यतिर सिविनले बेल्जियमका स्वयंसेवक विद्यार्थीहरूको प्रत्यक्ष सहयोग र सहभागितामा लू निभाः र पुस्तकालय रहेको जीर्ण टहरोलाई भत्काई दुई तल्ले पक्की पुस्तकालय भवनको निर्माण गरिदियो ।

कयसरी थुप्रै अनुभव र ज्ञान हाँसिल गरिसकेपछि लू निभाः का सदस्यहरूले बालबालिकाहरूको समग्र विकास र हितलाई मुख्य उद्देश्य बनाई लू निभाः बाल सरोकार समूह नामक संस्था गठन गरी संस्थालाई बिधिवतरुपमा जिल्ला प्रशासन कार्यालय ललितपुरमा सन् १९९७ मा दर्ता गर्यो । हाल लू निभाः बाल सरोकार समुहको रेखदेख र व्यवस्थापनमा बाचनालयको संचालन नवयुवाहरूको सक्रियता बाटै भइरहेका छन् । २५० वटा पुस्तकबाट शुरु भएको बाल बाचनालाय हजारौ संख्यामा विभिन्न पुस्तकहरू अध्ययनका लागि उपलब्ध छ ।

लू निभाः बाल सरोकार समूहको विधिवत गठन र स्थापना सँगै यसको कार्यक्षेत्र पनि क्रमस वृद्धि हुदै गयो । शुरुका दिनहरूमा बालबालिकाहरूको शैक्षिक विकासका क्षेत्रमा मात्र सीमित लू निभाः ले हाल खोकना जस्तै पिछडिएका गरीवी र अशिक्षाले ग्रस्त नेपालका अन्य गा.वि.स.हरूमा समेत विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन गर्दै आएकोछ । शिक्षाको महत्व बुझेर पनि पढ्न र पढाउन नसकेका अभिभावकहरूलाई विशेष जोड दिई शैक्षिक सहायता जस्ता कार्यक्रमहरूलाई अगाडि बढाइरहेको छ, हाल इन्टरपेडिया मार्फत फिनल्याण्डको विदेश मन्त्रालयको सहयोगमा नेपालका ३ वटा जिल्लाहरू (काठमाडौं, ललितपुर र डडेलधुरा) का १५ गाविसका ४५ बिद्यालयहरूमा बिभिन्न शैक्षिक स्तरको प्रबर्द्धनार्थ आफ्ना गतिविधिहरू तिब्र गतिमा संचालन गरिरहेका छन् भने विभिन्न गाउँ तथा जिल्ला स्तरका स्थानीय सरकारी निकाय, गैर सरकारी संस्थाहरू र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूसंग समेत सहकार्य गर्दे आएको लू निभाः ले शैक्षिक विकासमा एउटा आयम नै थपेको छ । स्थापनकाल देखि एक अभिभावक संस्थाको रुपमा रहेको सिविन नेपाल संग हाल आएर बिभिन्न कार्यकमहरूमा पनि सहकार्य गर्ने गरेको पाइन्छ । आउदा दिनहरूमा पनि सिविन नेपाल र लू निभाः बिचको सम्वन्ध बाल अधिकार अभियानमा समधुर हुनेछ ।

**सम्पर्क**

Loo Niva Child Concern Group, Nepal
G.P.O 8975 EPC 2127 Kathmandu
Phone: +977-1-5592054; Fax: +977-1-5591329
Email: info@loonivachild.org.np
Website: www.loonivachild.org.np

# बालअधिकार आन्दोलनमा सिविन नेपालको महत्वपूर्ण उपलब्धीहरू

- श्रमिक, परित्यक्त, सडक, द्वन्द्व पीडित तथा प्रभावित, अभिभावकविहीन, सिमान्तकृत तथा आर्थिक रुपमा विपन्न परिवारका २५९,४७३ बालबालिकालाई प्रत्यक्ष शैक्षिक सहायता प्रदान ।
- सिविन-नेपाल, नेपाल सरकार, नेपाल टेलिकमको सहकार्यमा काठमाण्डौं विराटनगर, नेपालगञ्ज, हेटौडा र पोखरामा सञ्चालित बालहेल्पलाइन नेपाल १०९८ (दश नौ आठ) मार्फत करिब ३ लाख बालबालिका संरक्षणका बिषयमा प्रत्यक्ष टेलिफोन सेवा प्रदान गर्नुका साथै करिब १८००० जना बालबालिकाको उद्धार, कानुनी सहायता तथा संरक्षण ।
- श्रमिक, परित्यक्त, सडक, द्वन्द्व पीडित तथा प्रभावित, अभिभावकविहीन, सिमान्तकृत तथा आर्थिक रुपमा विपन्न परिवारका करिब ५१०० जना नव युवा (१४ देखि २४ वर्ष उमेर समूहका)हरूको आत्मनिर्भरताको निम्ति सीप शिक्षा तथा लघुउद्यम सहयोग ।
- बालश्रम, बालयौन शोषण, ओसारपसार, द्वन्द्व र बालबालिका, र इन्टरनेट अनलाईनमा बालसंरक्षण, बालबालिका संरक्षण, सडक बालबालिका, बालबालिका र वातावरण लगायत बालबालिकासँग सम्बन्धित करिब १०० भन्दा बढी क्षेत्रमा अध्ययन, अनुसन्धान एवं उक्त बिषयमा कार्य सञ्चालन
- सामाजिक तथा बालअधिकार अभियान मार्फत लाखौ बालबालिका तथा लाखौ जनसमुदाय र सरोकारवालाहरूबीच पुगी बालश्रम, बालसाहित्य, बालसहभागिता बालबालिका शान्ति क्षेत्र हुन्, राजनीतिका पार्टीहरू र निर्वाचन घोषणा पत्रमा बालअधिकार, गलैंचा क्षत्रमा बालश्रम, बालबालिकाको निम्ति शान्ति संविधानमा बालअधिकार, सजाँय, ओसारपसार, बालयौन दुर्व्यवहार, टेम्पोमा बालश्रमिकको उद्धार, बालसुलभ विद्यालय, कानुन निर्माण र परिमार्जन, सडक बालबालिका, बालसहभागिता, बालबालिकामाथि हुने सजाँय, बालदासता विरुद्ध दक्षिण एसियाली यात्रा, बालश्रम विरुद्धको विश्व यात्रा, सबैका लागि शिक्षा बालबालिका शान्ति क्षेत्र एवं विद्यालय शान्ति क्षेत्र, बालसाहित्य र सहसिर्जना, व्यानर्स टु व्याग, सार्वजनिक स्थानमा धुम्रपान विरुद्ध अभियान, नेपालमा मदिरा नीति तथा मदिराको हानीकारक प्रयोग विरुद्ध राष्ट्रिय अभियान, घरेलु बालश्रमको प्रयोग, संसदीय निर्वाचनको समयमा निर्वाचनमा बालअधिकार अभियान ।
- बालबालिका शान्ति क्षेत्र अवधारणागत विकास र सञ्जाल निर्माण गरी अभियान सञ्चालन पहिलो पटक परिवार तथा समाजबाट तिरस्कृत सडक बालबालिकाको अध्ययन अनुसन्धान सामाजिकीकरण, सशक्तिकरण लगायत पारिवारिक पुनर्एकिकरण कार्यक्रम थालनी/ करिब ५ हजार सडक (एचआई भि/एड्स, दुर्व्यसन लगायत विभिन्न रोगबाट प्रभावित
- सन् १९८८ नेपालमा पहिलो पटक बृहत्तर रुपमा बालअधिकार तथा मानवअधिकारका विविध विषयमा राष्ट्रिय सूचना स्रोत केन्द्र सञ्चालन मार्फत ५५००० स्वदेशी तथा बिदेशी विद्यार्थी, अनुसन्धानकर्ता, संचारकर्मी, अधिकारकर्मी, सामाजिक कार्यकर्ताहरूलाई सेवा प्रदान ।

- नेपाल टेलिभिजन प्लसबाट बालअधिकारको बिषय (२०० वटा श्रृङ्खला) नियमित रुपमा सञ्चालन गरिसकेको छ भने बालअधिकारका विविध बिषयमा ५ वटा गीति एल्बम तथा ५० बटा भिडियो डक्मेन्ट्री निर्माण ।
- रेडियो नेपालमा पहिलो पटक बालअधिकार सम्बन्धी कार्यक्रम सञ्चालन र हाल आएर विगत नौ वर्ष देखि सामुदायिक रेडियो रेडियो सरगमाथामा नियमित रुपमा साप्ताहिक कार्यक्रम र सिटिजन एफ एम र क्यापिटल एफ एम मा नियमति रुपमा बालअधिकार कार्यक्रम सञ्चालन ।
- सिविनका मित्रहरू कार्यक्रम मार्फत १७,००० स्वयंसेवी एवं सयौं शैक्षिक संस्था कलेज तथा विद्यालयका विद्यार्थी इन्टर्नहरूको संलग्नता ।
- १९९४ मा पहिलो पटक बालबालिकाको वैकल्पिक स्याहारसहित पारिवारिक तथा सामाजिक पुनर्एकिकरणको कार्यक्रमको थालनी हालसम्ममा करिब ७०३० जनालाई पारिवारिक तथा सामाजिक पुनर्स्थापन गर्न सफल ।
- सन १९९४ मा बालिका सशक्तिकरणमा छुट्टै कार्यक्रमका साथ बालिका गृह सञ्चालन गरी करिब १०३०० बालिका तथा किशोरीहरूको संरक्षण, विकास र सशक्तिकरण सीप शिक्षा आत्मनिर्भर र किशोरी शिक्षा लगायत पारिवारिक तथा सामाजिक पुनर्एकिकरण निरन्तर सञ्चालन ।
- १९९६ मा सशस्त्र द्वन्द्वको सुरुवातसँगै बालबालिकालाई हिंसाको शिकार नबनाईयोस् भनी अभियान थालनीका साथ बालबालिका शान्ति क्षेत्रको अभियानको थालनी । २००३ मा सशस्त्र द्वन्द्वको चरम उत्कर्षमा पुगेको समयमा रुकुम, रोल्पा र सल्यानमा सशस्त्र द्वन्द्व प्रभावित बालबाकिलाको संरक्षण, विकास र विद्यालय शिक्षा कार्यक्रमको प्रारम्भ । सशस्त्र द्वन्द्व प्रभावित तथा संलग्न करिब २० हजार बालबालिका तथा सशस्त्र फौज तथा समूहमा आवद्ध बालबालिकालाई निरन्तर सहयोग ।
- कानुन कार्यान्वयन र बालअधिकारको प्रत्याभूतिका लागि नेपाल सरकार, सरोकारवालाहरू र जिल्ला बालकल्याण समितिको सशक्तिकरण कार्यक्रम सञ्चालन ।
- बालअधिकारको संरक्षण, विकास, सहभागिता र सचेतनाको बिषयमा जिल्ला बालकल्याण समिति, शिक्षक, गैसस सदस्य/कर्मचारी, नेपाल प्रहरी, कानुन व्यवसायी, जिल्ला विकास प्रतिनिधि, स्वास्थ्य कार्यकर्ता, आमा समूह, किशोर किशोरी, युवा, बालबालिका, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, धार्मिक तथा सामुदायिक नेता, मानवअधिकार तथा महिला अधिकारवादीहरू, जनजाति नेता कार्यकर्ता, ट्रेडयुनियन आदि गरी करिब १ लाख २५ हजारलाई तालिम प्रदान ।
- स्थापना देखि प्रजातान्त्रिक अभियानमा प्रत्यक्ष संलग्न भई बालअधिकार महासन्धीका मस्यौदाको अनुवाद गरी बालअधिकार महासन्धीबारे छलफल देखि महासन्धिलाई अनुमोदन गराउने कार्य देखि यसमाथि अनुवाद र प्रचारप्रसार गर्दै बालबालिका सम्बन्धी ऐन नियमावली नीति निर्माण देखि बालबालिका सम्बन्धी १० वर्षीय कार्ययोजना निर्माणको नेतृत्वदायी भूमिकाका साथ बालबालिका कानुन कार्यान्वय र नयाँ संविधानमा बालअधिकारको बिषय समावेश गर्न सांसद तथा संविधान सभा सदस्यहरूसँग लविङ, संवैधानिक समिति लगायतसँग विभिन्न बालअधिकारका बिषयमा छलफल ।



# गैरसरकारी संस्थाहरुसँग सहकार्य गर्न चाहन्छौ

**उमेश श्रेष्ठ**
अध्यक्ष, हिसान

सिविनलाई बालअधिकारको लागि निरन्तर क्रियाशील रहि २५ वर्ष पूरा गरेकोमा बधाई  तथा धन्यवाद छ । आर्थिक विपन्नतामा हुर्किएका बालबालिकाका लागि सिविनले शिक्षा दिने काम गरेको छ । त्यो अत्यन्तै सह्रानीय कार्य हो । हामी निजी विद्यालय सञ्चालन गर्नेहरुले हुनेखानेका परिवारका बालबालिकाको लागि शिक्षा दिएको जस्तो देखिन्छ । तर हामीले उनीहरुका परिवारका बालबालिकाको लागि मात्र शिक्षा दिने होइन । गरिव, निमुखा, सडकमा काम गरेर वा मागेर खान बाध्य तथ श्रम गरेर बाँच्ने बालबालिकाको लागि पनि शिक्षा दिनुपर्छ । यो हाम्रो सामाजिक उत्तर दायित्व हो भनेर प्याप्सन र हिसानसँग आबद्ध विद्यालय तथा उच्च माविहरुलाई हामीले सचेत पनि गराएका छौ  ।

शिक्षा सबै बालबालिकाको नैसर्गिक अधिकार हो, सरकारले उक्त उत्तर दायित्व पुरा गर्न नसके कै कारण ७० जिल्लाहरुमा निजी श्रोतमा विद्यालय सञ्चालनमा आएका हुन । निजी विद्यालयमा आफ्ना छोरा छोरीलाई सबै अभिभावकहरुले पैसा भएरै मात्र पढाएका होइनन् । सामुदायिक तथा सरकारी विद्यालय शिक्षा प्रतिको अविश्वसाका कारण आफ्ना सन्तानको सुनिश्चित भविष्यको लागि सकि नसकि निजी विद्यालयमा पढाएका हुन । सरकारले गुणस्तरीय शिक्षा दिन सकेन । प्रर्याप्त विद्यालयहरु खोल्न नसकेका कारण निजी शिक्षण संस्था सञ्चालनमा आएका हुन् ।

विद्यालयलाई शान्ति क्षेत्रका रुपमा घोषणा गर्नका लागि सिविन लगायत संघसस्थाहरु र हामीले लामो संघर्ष गर्नुपर्‍यो । यसका लागि सरकार तथा राजनीतिक पार्टीहरुसँग धेरै चरणमा छलफल बहस चलायौं । हाल नीतिगत रुपमा शिक्षा मन्त्रालयबाट विद्यालय शान्ति क्षेत्र अवधारणा र निर्देशिक जारी गरिसकेको छ । विद्यालय शान्ति क्षेत्र वास्तवमा नै महत्वपूर्ण पक्ष हो, शिक्षण प्रक्रियामा अवरोध हुनु हुँदैन । विद्यालय बन्द हुनु हुँदैन, बालबालिकाको लागि विद्यालय बन्द भएको दिन कहिल्यै पनि फर्केर आउँदैन । तर पनि व्यवहारत यस्तो महत्वपूर्ण बिषय कार्यान्वयन हुन सकेको छैन । यसको कार्यान्वयनका लागि शिक्षक, अभिभावक, विद्यार्थी, समुदायले आवाज उठाएको खण्डमा र राजनीतिक पार्टीहरुले पालना गरेको खण्डमा कार्यान्वयनमा आउन सक्छ ।

हामी निजी स्रोतमा आफूलाई अगाडि बढाउँदै आएका संस्था हौं । हाम्रो बीचमा पनि अस्वस्थ्य प्रतिस्पर्धाले गर्दा धेरै गर्नुपर्ने कार्यहरु गर्नु सकिएको छैन । विद्यालयमा दण्ड तथा भयरहित शिक्षण सिकाइ हुनुपर्दछ । दुई चार वर्ष अगाडिको भन्दा धेरै हदसम्म विद्यालयमा दिइने दण्डमा सुधार आइसकेको छ । अबका दिनहरुमा बालमनोविज्ञान, बालअधिकारलाई ध्यानमा राखेर अध्यापन गराउनु पर्ने वातावरण बनिसकेको छ ।  नेपालको कानुले नै बालबालिकालाई सजाय तथा दण्ड दिने कुरा निषेध गरिसकेको छ । ग्रामीण समुदायका केही विद्यालयमा अझै पनि दण्ड दिएको सुन्नमा आउने गरेको छ । अहिलेको २१औं सताब्दीमा धम्काएर, तर्साएर, सजाय

दिएर शिक्षण गराउने समय होइन । यसको अनुगमन र कार्यान्वयन हुनु जरुरी छ । बालबालिका माथि विद्यालयमा हुने शारीरिक सजाय, हेपाइ आदिका अवस्थामा परिवर्तन ल्याउनको लागि प्रमुख कार्य नै सचेतना हो । यसमा हामी साथ-साथ अगाडि बढ्न सकियो भयो यसमा ठुलो परिवर्तन ल्याउन सकिन्छ ।

सिविन र हाम्रो सहकार्यमा बालअधिकारका सन्देशमूलक पर्चा, पोष्टर वा स्टिकर निर्माण गरी विद्यार्थीमा वितरण गर्न सकेको खण्डमा एक पटकमा देशभरिका १५ देखि २० लाख बालबालिका र तिनीहरुका अभिभावकमा एकै साथ पुग्नेछ । त्यसको लागि हामी सहकार्यमा काम गर्न तयार छौं । यो हाम्रो सामाजिक उत्तरदायित्व पनि हो ।

सिविन निक्कै अप्ठेरो अवस्थाबाट निरन्तर बालअधिकारको लागि काम गर्न सफल भएको छ । यो अत्यन्त स्रहानीय कार्य हो । यसको कार्य सरकार देखि परिवार, बालबालिका, समुदाय हुँदै संघसस्था सम्म र सहर देखि जिल्ला र गाउँसम्म काम गर्नु सफल हुनु अतुलनीय रहेको छ । हिजोका दिनमा बालअधिकार प्रत्याभूत गर्नु सरकार र हामी जस्ता संस्थाहरुको अझ बढी दायित्वको बिषय हुनु पर्दथ्यो त्यो हुनु सकेन । यसमा सिविनले महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो । अबका दिनमा विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाको लागि तपाईं हाम्रो निरन्तर सहकार्य र हातेमालो मार्फत सयौ बालबालिकालाई शिक्षाको अधिकारको प्रदान गर्न सकिन्छ । निर्भीक र निडर रुपमा निरन्तर बालअधिकरको लागि अगाडि बढ्नको लागि शुभकामना छ ।

# २५औं वार्षिकोत्सव
# मूल समारोह



सिविन-नेपालको २५औं वार्षिकोत्सव एवम् अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा सिविनद्वारा आयोजित राष्ट्रिय कार्यक्रमका प्रमुख अतिथि

# सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यूको मन्तव्य



आजको यस विशेष कार्यक्रमका अध्यक्ष ज्यू,

सम्मानित व्यक्तित्वहरु, यस कार्यक्रममा उपस्थित बालअधिकार प्रति प्रतिवद्ध महानुभावहरु, उपस्थित प्यारा बालबालिकाहरु । अभिभावदन ।

नेपालमा बालअधिकार आन्दोलनको २५ वर्ष र सिविन-नेपालको २५औं वार्षिकोत्सव एवम् अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा सिविनद्वारा आयोजित यस विशेष कार्यक्रममा प्रमुख अतिथि भएर उपस्थित हुन पाउँदा हर्षित भएको छु । यस अवसरमा सर्वप्रथमतः सम्पूर्ण नेपाली बालबालिकाको उत्तरोत्तर प्रगतिको शुभकाना व्यक्त गर्दछु । नेपालमा बालअधिकार आन्दोलनको आरम्भकर्ता सिविन-नेपालले २५ वर्ष पूरा गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दछु ।

पञ्चायती व्यवस्थामा राजनैतिक दलहरु प्रतिबन्धित रहेको अवस्थामा विद्यार्थी मोर्चाबाट मानवअधिकार र राजनैतिक परिवर्तनका लागि नेतृत्व गरिरहेका तत्कालिन विद्यार्थी मित्रहरुले सुरुवात गरेको यो संस्था सिविन-नेपालले २५ वर्ष पूरा गरेको छ । बालबालिका दयामायाका पात्रमात्रै होइनन्, समाजका सक्रिय हिस्सा हुन्, अधिकारी हुन् भन्ने बालअधिकारमुखी दृष्टिकोणबाट आरम्भ भएको सिविन-नेपालले सामाजिक आन्दोलनलाई योगदान दिएको छ । अढाई दशक अघि देखि नीतिनिर्माणको तह देखि घरपरिवारसम्म बालबालिका प्रति हेरिने

"उपकारी" दृष्टिकोणमा परिवर्तन गरी अधिकार, कर्तव्य र जिम्मेवारीको आँखाले हेर्ने नविन संस्कार बसाउने कार्यमा सिविन-नेपालले पुऱ्याएको योगदान सह्रानीय रहेकोछ ।

देशको परिवर्तनकामी जनयुद्धकालीन अवस्थामा सिविनले बालअधिकार र सिंगो मानवअधिकारका पक्षमा खेलेको निष्पक्ष भूमिका पनि स्मरणीय छ । मलाई संझना छ, शान्तिवार्ताका क्रममा हामी सिविनमा आयोजित मानवअधिकारकर्मीहरुका बैठकहरुमा सहभागी भएका थियौं । यी बैठकहरुमा पनि सिविन समग्र मानवअधिकारभित्र बालअधिकारका कुरालाई स्थापित गराउन प्रयासरत थियो । कुनै पनि पक्षबाट बालअधिकारको हनन् नहोस् भन्ने कुरामा सिविनले सदैव सचेतकको भूमिका निर्वाह गऱ्यो र प्रभावित बालबालिकाको संरक्षणमा महत्वपूर्ण योगदान गऱ्यो ।

बालअधिकारका विषयमा चर्चा गर्दा बालअधिकार सम्बन्धी महासन्धि १९८९ तथा यसका दुई ऐच्छिक आलेखहरु, निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि नं १८२ जस्ता थुप्रै अन्तरराष्ट्रिय दस्तावेजहरु, सार्क स्तरमा भएका घोषणाहरु लगायतमा नेपालले आफ्नो प्रतिवद्धता जनाई सोको कार्यान्वयनका लागि सम्बैधानिक व्यवस्था लगायत राष्ट्रिय कानुन, नीति र कार्ययोजनाहरु पनि निर्माण भएकाछन् । अन्तरिम संविधानले बालअधिकारलाई मौलिक हक अन्तरगत समेटीसकेकोछ ।

सरकारले यसै वर्ष बालबालिका सम्बन्धी राष्ट्रिय नीति पारित गरेकोछ । बालबालिका सम्बन्धी दश वर्षीय कार्ययोजना परिमार्जन पनि गरिएकोछ । बालश्रम न्यूनिकरण सम्बन्धी गुरुयोजना परिमार्जनको क्रममा रहेकाछ । द्वन्द्व प्रभावित बालबालिकाको पुर्नस्थापना सम्बन्धी कार्ययोजना बनेको छ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र सोको कार्यान्वयन कार्यविधि, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका लगायतका थुप्रै कार्यविधि, निर्देशिकाहरु जारी भएकाछन् । बालअधिकार संरक्षण र प्रवर्द्धनका सन्दर्भमा नेपालका प्रयासलाई हेर्दा नीतिगत रुपमा नेपाल निकै अगाडि रहेको स्पष्ट छ । बालबालिकाको अवस्थाको विश्लेषण र अधिकारमुखी सोचका साथ नेपाल सरकारका नीति निर्माण कार्यमा तथा यीनको कार्यान्वयनका तहमा समेत सिविनजस्ता बालबालिकाका क्षेत्रमा क्रियाशील संस्थाहरुका अनुभव सहयोगी सिद्ध हुने छन् भन्ने विश्वास छ । तर कार्यान्वयनलाई प्रभावकारी बनाउन हामीले धेरै प्रयास गर्नै पर्ने आवश्यकता छ ।

बालअधिकार प्रतिको सचेतनाको स्तर पनि क्रमशः बढीरहेको नै पाइन्छ । बालबालिका स्वयम् पनि बालसमुहहरुमा आवद्ध भई बालअधिकारका निम्ति क्रियाशिल छन् भने राज्यका संयन्त्रहरुमा पनि बालबालिका प्रति सम्बेदनशिल रहने जनशक्तिको विकास भैरहेकोछ । बालअधिकार प्रति आम सचेतना बढाउन सन् १९९८मा भएको बालश्रम विरुद्धको विश्वयात्रा देखि "नयाँ नेपालको निर्माण, बालअधिकारको सम्मान" भन्ने मेची देखि महाकालिसम्मको अभियानमा संयोजनकारी भूमिका निर्वाह गर्ने सिविन लगायत सहभागी सात सय भन्दा बढी संघसंस्था, निकायका संयुक्त र बृहत अभियानहरु सञ्चालन गरिएका छन् ।

सबैको सहयोग र सहकार्यमा नेपालले बालबालिकाको क्षेत्रमा खास गरी शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा केही प्रगति गरेकोछ । उदाहरणका लागि प्राथमिक तहको खुद भर्ना दर ९५.१ प्रतिशत रहनुले शिक्षामा बालबालिकाको पहुँच बृद्धि भएको देखिन्छ । तर बांकी करिब पाँच प्रतिशत बालबालिकालाई विद्यालय भित्र ल्याउने कठीन कार्य बांकि नै छ भने सामुदायिक विद्यालयमा पुगेका

बालबालिकाको शिक्षाको गुणस्तरीयता कायम गर्ने, विद्यालयमा बालमैत्री वातावरण कायम गर्ने जस्ता ठूला चुनौतिहरु यथावतै छन् । बालस्वास्थ्यमा केही सुधारहरु भएकाछन्, हाल पाँच वर्ष मुनिका बालमृत्यूदर घटेर ५४ प्रतिहजारमा पुगेकोछ जुन सहश्राब्दी विकास लक्ष्य अनुसार सन् २०१५का लागि निर्धारित लक्ष्य हो । तर अझै पनि सबै बालबालिका लागि गुणस्तरीय र निशुःल्क स्वास्थ्य सेवा पुऱ्याउन सकिएकोछैन ।

बालश्रम नेपाली श्रमक्षेत्रको एक दुःखद यर्थाथता बनेकोछ, बालबालिका विरुद्धका दुर्व्यवहार र शोषणलाई व्यवहारत अझै उन्मुलन गर्न सकिएको छैन । हामी प्रत्येक बयस्कमा बालबालिका प्रतिको संवेदनशिलता र जिम्मेवारीपना हुन जरुरीछ । बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बालअधिकारका चार पक्षहरुमा अझ पनि थुप्रै गर्न बाँकी रहेको छ । खास गरी सरकारी दस्तावेजहरुमा रहेका कुराहरुलाई व्यवहारमा उतार्नका निम्ति कार्यान्वयनका तहमा रहेका सबै निकाय र पदाधिकारीहरुलाई जनसंख्याको झण्डै आधा हिस्सा ओगटेका बालबालिकाको विषयलाई प्राथमिकतामा राख्न र बालबालिकाको विषय प्रति सम्बेदनशिल हुन  यस अवसरमा आग्रह गर्दछु ।

बालबालिका सम्बन्धि राष्ट्रिय नीति २०६९ जारी भैसकेको सन्दर्भमा सबै मन्त्रालयहरु र मातहतमा निकायले नीतिमा उल्लेख भएका विषयहरुलाई आ-आफ्नो कार्ययोजना भित्र समावेश गर्न र बजेट विनियोजन सहितका प्रभावकारी कार्यक्रमहरु निर्माण गर्न पनि सम्वन्धित मन्त्रालयले पहल गर्ने छ भन्ने विश्वास दिलाउन चाहन्छु । सरकार बालबालिकाको विषयमा सम्वेदनशिल छ र यसक्षेत्रका अनुभवी विज्ञहरुको सुझावको सदैव स्वागत गर्दछ । बालअधिकारको संरक्षण प्रवर्धन गर्ने कुरा कुनै एक संस्था, निकाय वा सरकारको मात्रै जिम्मेवारी होइन । यो सबैको चासोको विषय हो ।  बालबालिका सम्बन्धी विविध समस्या समाधानका निम्ति यसै क्षेत्रमा लामो समयदेखि क्रियाशिल रही विशेषज्ञता हासिल गरेका गैर सरकारी संस्थाहरुको अनुभव, ज्ञान र क्रियाशिलताले सरकारलाई सघाउ पुऱ्याउनेछ । गैर सरकारी संस्थाहरु पनि अझबढी उत्तरदायी र पारदर्शी हुने छन् भन्ने पनि मैले विश्वास लिएको छु ।

विगत लामो समय देखि देशमा विद्यमान अन्योलको अवस्थामा पनि राज्य तथा सिविन र यो जस्ता नागरिक समाजका संस्थाहरुको प्रयासले बालअधिकार संरक्षणका क्षेत्रमा महत्वपूर्ण उपलब्धी हाँसिल भएको तथ्यलाई मध्यनजर गर्दै आगामी दिनमा पनि त्यो सहकार्य जारी रहने अपेक्षा गर्दछु ।

अन्तमा नेपालमा बालअधिकार आन्दोलन र सिविनले २५ वर्ष पूरा गरेको र अन्तर्राष्ट्रिय बालअधिकार दिवसको सन्दर्भमा आयोजित यस विशेष कार्यक्रममा हाम्रा आशा र भरोसाका केन्द्र नेपाली बालबालिकालाई पुनः हार्दिक शुभकामना दिँदै सिविनले आउने दिनमा बालबालिकाका पक्षमा थप असल कार्य गर्दै जावस् भन्ने कामनाका साथ बिदा हुन्छु ।

धन्यवाद ।

२० नोभेम्बर २०१२
काठमाण्डौं ।

# बालबालिकाका लागि लगानी गर्नु जरुरी छ

**गौरी प्रधान**

**संस्थापक अध्यक्ष सिविन नेपाल एवं सदस्य, राष्ट्रिय मानवअधिकार आयोग**




म आफै विश्वविद्यालयको विद्यार्थी रहेको हिजो जस्तो लाग्छ । त्यतिखेर नेपालमा नेपालमा निरंकुशताको विरुद्ध विद्यार्थी आन्दोलनमा लाग्ने क्रममा मानव अधिकार आन्दोलनको एक हिंस्सा भएको बेला मानवअधिकारको क्षेत्रमा पनि बालअधिकारको बिषयले प्राथमिकता नपाएको अवस्था थियो । वास्तवमा समाज परिवर्तन बालबालिकाको जीवनमा परिवर्तन ल्याई सकेपछि मात्र हुन्छ । बालबालिका माथिको अन्याय, उत्पीडनहरुलाई मुक्त गरे पछि मात्र समाजमा साँचो अर्थको परिवर्तन आउँछ भन्ने विचार र भावनाको साथ त्रिभूवन विश्व विद्यालयका विद्यार्थीहरुमा जागरुक भयो । जतिखेर हामी अन्तर्राष्ट्रिय विद्यार्थी आन्दोलनको हिंस्सा समेत थियौं । अन्तर्राष्ट्रिय रुपमा नै एकै साथ :नेपाल, भारत, बंगलादेश, पाकिस्तान, श्रिलंका, इन्डोनेसिया, बर्मा, थाईल्याण्ड, फिलिपिन्स, दक्षिण कोरिया, मालेसिया, सिङ्गापुर आदि देशका विद्यार्थी आन्दोलनका साथीहरु सक्रिय भएर बालअधिकार आन्दोलन सञ्चालन गर्ने निधो भयो । यी सबै देशमा त्यतिन्जेल एक प्रकारको तानाशाही निरंकुशताको अवस्था थियो । त्यसकै परिणतिको रुपमा सन् १९८७ मा सिविन नेपालको गठन भएको हो ।  सिविन नेपाल बालअधिकार महासन्धी परित हुनुभन्दा पनि दुई वर्ष अगाडि स्थापित संस्था हो ।

आज २० नोभेम्बर अन्तर्राष्ट्रिय बालअधिकर दिवस हो । साथै सन् १९५९ मा बालअधिकार सम्बन्धी घोषणा पत्र पारित भएको दिन पनि हो । तर त्यो

घोषणा, घोषणामा नै सीमित रऱ्यो र अन्तर्राष्ट्रिय रुपमा रुपान्तरित नभएको अवस्था थियो । यसैगरी बालश्रम विरुद्धका आइएलओ नं.१८० र १९० पारित हुनु भन्दा पहिले नै दक्षिण एसियाबाट बालदासता विरुद्धको अभियान तथा बालश्रम विरुद्धको विश्व अभियान सुरु भएको हो । यसमा सिविनले नेपाल तथा दक्षिण एशियाको नेतृत्वदायी भूमिकामा रहेर अभियानलाई सफलतापूर्वक सम्पन्न गरेको थियो ।

नेपालको बालअधिकार आन्दोलनको २५ वर्ष एवम् सिविनको २५ औं वार्षिक उत्सवको यस महत्वपूर्ण अवसरमा बालअधिकार आन्दोलन तथा सिविनको निर्माणको क्रममा योगदान दिनुहुने सम्पूर्ण साथीहरु, खासगरी भारतमा क्रियाशील बधुँका मुक्ती मोर्चाका अध्यक्ष स्वामी अग्नी वेस पनि यस आन्दोलनको सहयोगी हुनुहुन्थ्यो । वहाँ जस्ता सम्पूर्ण साथीहरुलाई यस अवसरमा सम्झन  चाहन्छु । नेपालमा प्रा.डा. मथुराप्रसाद श्रेष्ठ, पद्ममरत्न तुलाधर, सुवास नेम्वाङ्ग लगायत सबै साथीहरु र नपुर भट्टाचार्य जस्ता लामो समय देखि बालसञ्चारमा योगदान दिनेहरुलाई पनि सम्झन चाहन्छु । यसैगरी रामेश, रामकृष्ण दुवाललाई सम्झन चाहन्छु जसले नेपाली बालगीत र संगीतको माध्यमबाट बालअधिकारलाई अगाडि बढाउनुभयो । साना-साना ढुङ्गा माटो मिली अग्लो पहाड बन्छ, साना-साना खोला खोली मिली ठूलो नदिबन्छ मिली ठूलो सागर बन्छ ।

यसैगरी बालबालिकाको निम्ति गरेको योगदान तथा लगानीबाट मात्र परिवर्तन सम्भव हुन्छ भन्ने सम्पूर्ण साथीहरुलाई सम्झन चाहन्छु ।  मूलतः आजको दिनमा सम्पूर्ण बालबालिकालाई सम्झन चाहन्छु । आज हाम्रो देशमा बालबालिका सक्रियतामा र सहभागितामा १३ हजार भन्दा बढी बालसंगठन तथा बालक्लबहरु निर्माण भएका छन् । ती सबै बालबालिकाको बालसंगठन तथा बालक्लब/समुहहरुलाई सम्झन चाहन्छु । वहाँहरुले गरेका बालविवाह तथ बालश्रम शोषणका विरुद्ध गरेका कामहरु, बाल सहभागिताका कामहरु, बालअभियानहरुलाई सम्झन चाहन्छु ।

यतिन्जेल सम्ममा हामीले बालबालिका निम्ति विश्व शिक्षा अभियान, बालश्रम विरुद्धको विश्व अभियानहरुलाई उठाएका छौं । यी अभियानहरु नेपाल र दक्षिण एसियामा मात्र सीमित नरहेर बालबालिकाका लागि काम गर्नेहरुमा मात्र नभई सम्पूर्ण मानव अधिकारको क्षेत्रमा काम गर्नेहरुले विश्वभरि नै पदयात्रा गरेर गाउँ-गाउँ सम्म पुगेर मानिसहरुलाई बालअधिकारको पक्षमा समर्पित हुन र केही गर्न आव्हान गरेका छन् ।

अन्तमा बालअधिकारको बिषय नयाँ नेपालको निर्माण क्रममा बाल प्रतिनिधि बालिका सविता परियार बहिनीले भनेको वाक्यलाई सापटी लिन चाहन्छु । यदि हामीले साचो अर्थमा नयाँ नेपाल निर्माण गर्ने हो भने बालबालिकाको आवाजसँगै, बालबालिकाको वर्तमानसँगै उनीहरुको भविष्यसँग जोडेर बालबालिकासँग मिलेर नयाँ नेपाल बनाउन आव्हान गर्न चाहन्छु । अबका दिनमा बालमैत्री संविधान बनोस्, बालमैत्री घर, बालमैत्री समाज बनोस् भन्ने चाहन्छु । बालबालिका माथि कुनै पनि प्रकृतिको शोषण, दुर्व्यवहार, हिंसा, भेदभाव, तिरस्कार विद्यमान नहोस् बालबालिकाको पूर्ण सहभागिता होस भन्ने चाहन्छु । अन्तमा विश्व प्रशिद्ध चिनिया उखान यहाँ प्रस्तुत गर्दै मेरो भनाइ यही टुङ्याउँछु । "यदि एक वर्षको निम्ति केही गर्नु हुन्छ भने विउँ रोप्नुस् अर्का वर्ष फल दिन्छ, यदि दश वर्षको लागि लगानी गर्नु हुन्छ भने रुख रोप्नुहास् रुखले छहारी दिन्छ, तर सय वर्षको लागि लगानी गर्न चाहनु हुन्छ भने बालबालिका निम्ति लगानी गर्नुहोस, बालबालिकाको निम्ति शिक्षा दिनुहोस् । उज्यालो निुहोस्  सिंगो विश्वलाई उज्यालो दिनेछन् ।"

# 25 years! What bright 25 years!

**Dr. Will Parks**
**Deputy Reprentative, UNICEF Nepal**




*Pacchis Barsa! Kastochamkilo pacchis barsa!* (25 years! What bright 25 years!). On behalf of UNICEF I would like to extend our heartiest greetings to CWIN for having crossed the quarter century mark of undivided commitment and dedication to the realization of rights of Nepali *balbilka* and *kishor-kishori*!

Speaking of *balbalika*, I would like to take this opportunity to also wish all children, and guardians of children, a happy International Children's Day today! *Badhaai* and *Shubhakama*to all of us!

Honourable Prime Minister, distinguished guests, ladies, gentlemen and children: Permit me to relay three key messages, three P's: Pioneer, Protection and Power.

First, **Pioneer**: CWIN is a pioneer and one of the most reputed child rights organisations in Nepal that UNICEF feels extremely proud and honoured to be a partner with. CWIN has been undertaking very innovative and pioneering work in these 25 years. These include the successful establishment and management of the Child Helpline; reaching thousands of children in need of protection; the continuous advocacy efforts carried out to ensure that children's rights are not forgotten and are placed on the Government's agenda; the communication and sensitisation programmes on children's rights broadcast through different mass media and community dialogues efforts. CWIN is the only organisation in Nepal who has the capacity to deliver social and financial literacy training for children and adolescents, so needed in modern Nepal. CWIN has been our great partner in

celebrating the first International Day of the Girl Child on October 11 in the presence of the Vice- President and also developing the first national framework on holistic adolescent development.

Second, **Protection**: The realisation of children's rights, and in particular, the right to protection, requires great political commitment, resources, and the absolute conviction that the foundations of a true democracy are based on how the most valuable and vulnerable citizens are recognised as subjects with equal rights.

CWIN, you have contributed a lot to protect children from violence and abuse. You are always there when the voice of the most disadvantaged, silenced by fear and powerlessness, needs to be heard.

And yet, too many children in situations of etreme risk nad vulnerability remain unable to access the institutions, the people, and the support mechanisms they need to live a better life. Children still face different forms of violence, ranging from physical, psychological, sexual violence, to neglect and exploitation.

It makes it even more important to work all together, State and non-State actors, civil society and multi – lateral organisations, to urgently put in place a Protection System that is capable of preventing and responding to all forms of child protection violations taking place in the country.

Building a comprehensive child protection system is not an easy task, but it's a task we must achieve, and the process has already begun. Like you say in Nepali it is a collective '*ho-stay, hain-say!"* effort that will help us make the situation of children better in this country.

Honourable Prime Minister, distinguished guests, ladies, gentlemen and children, let me end with my third message: **Power**.

I have often heard that to secure Nepal's future economic prosperity we must invest in massive infrastructure, especially hydro power. But there is another form of power that I believe we must focus on in equal measure. What is that power? I hear you ask.

There are three million individuals in Nepal who live on the edge between exclusion and inequality. These individuals face the toughest challenges to the protection of their rights. Their power has yet to be seen, has yet to be unleashed. But what a power it is. The global and local evidence is compelling that investing in these individuals can bring social and economic prosperity to families, communities and society at large. Their education can boost a country's economy, lower child mortality, bring financial security to families and maintain peace. These three million individuals are Nepal's 10 -19 year old GIRLS. Gentlemen, do not get me wrong. Investing in adolescent boys is smart economics. But investing in adolescent girls is smarter economics. Wherever ther are women, there is wealth. *JahanStreeTyaha Shree*. So I say, invest in Girl Power!

CWIN, the little sapling in pacchisBarsa has grown into a beautiful tree. We in UNICEF hope that you continue to be a pioneer,that your branches will continue to spread ever wider so that more and more children and adolescents in Nepal, cab be protected, and their rights ensured, and that you help to unleash girl power! This is our wish you on your 25$^{th}$ anniversary! And thank you again for all that you have done for Nepali *balbalika* and *kishorkishori*!

*Dheraidheraidhanyabaad!* (Thank you very much!)

# हामी बालबालिकाको आँखामा नयाँ नेपाल खोज्नुहोस्

**सबिता परियार**




हामीलाई भन्नुहोस हामी बिर्सन्छौं । हामीलाई देखाउँनुस हामी सम्झन्छौं । हामीलाई सहभागी गराउनुस् हामी बुझ्दछौं । आज मेरो मनमा एउटा छुट्टै उत्साह र उमंगका लहरहरु उर्लिएका छन । सायद आज हाम्रो जीवनमा उदाएको प्रकाशको किरणले सल्बलाएर होला । आज भन्दा २५ वर्ष अगाडि हाम्रो जीवनको कुनै मूल्य थिएन । हामी माथिहुने अन्याय अत्याचारबाट पिल्सिएका स्वरहरुको कुनै स्थान थिएन । त्यसबेला हाम्रो अमूल्य जीवनको लागि जुन आवाज बनिदिनु भयो, बालअधिकारको बिषयलाई स्थापित गरिदिनु भयो । त्यस्ता व्यक्तिहरु र संस्थालाई म सबिता र सम्पूर्ण नेपाली बालबालिकाको तर्फबाट हार्दिक धन्यवादका साथ फूलका गुच्छाले सम्मान गर्न चाहन्छु ।

हामी बालबालिका देशका कर्णधार हौं । भविष्य मात्र हैनौ वर्तमान पनि हौं । जुन देशमा बालबालिकाको जीवनको सुरक्षा हुँदैन त्यो देशको कहिल्यै पनि भविष्य सुरक्षित हुँदैन । जुन देशका बालबालिका विभिन्न समस्याबाट ग्रसित हुन्छन् । त्यो देश कहिल्यै पनि उन्नतिको शिखरतिर लम्कन सक्दैन । यदि तपाईं नयाँ तथा विकसित नेपाल चाहनु हुन्छ । हामी बालबालिकाको साथमा नयाँ नेपालको नक्सा कोर्नुहोस् । अनि हामी भित्रका क्षमता र सिर्जनाहरुलाई बाहिर अंकुराउनु अवसर दिनुहोस्, फूल्न दिनुहोस् र त्यसका सुवासलाई संसारभरि पुऱ्याउनुहोस् ।

हामी हिड्न सक्छौं । हाम्रो देशको माटोलाई उर्बरा बनाउन सक्छौं । हामी कुनै गन्तव्य बिनाको बाटो हिड्न चाहँदैनौं । हामी यस देशका नागरिक हौं । हाम्रो तपाईंहरुको भन्दा अझ बढी अधिकार छ सो

अधिकार प्रदान गर्ने दायित्व तपाईंहरुको हो, सरकारको हो , नागरिक समाजको हो, संघसस्थाको हो । हामी त अधिकारका हकवाला हौ ।

हामीभित्र पनि भावनाहरु छन् । चाहनाहरु छन् । इच्छा र आकंक्षाहरु छन् । हामी पनि हाम्रो देशलाई सम्पन्न र विकसित भएको देख्न चाहन्छौं । बनाउन चाहन्छौं । त्यसैले हामी बालबालिकाको जीवनलाई त्यतिकै खेर नफाल्नुहोस् । हामी यस देशका आमूल्य हिरा हौं । आज पनि यिनै हिराहरु श्रम शोषणमा पिल्सिएका छन् । यौन शोषण र दुर्व्यवहारका सिकार भएका छन् । शारीरिक र मानसिक यातनाको दलदलमा फसाईएका छन् । अपहरणमा परेका छन् । बेचविखनका गर्ने दललको फन्दामा पारी बेचिएका छन् । औषधि र उपचारको नपाएर मरिरहेका छन् । अपाङ्ग भएका छन् । भोकभोकै मरिरहेका छन् । विभिन्न कुलत र अपराधमा फस्न बाध्य भइरहेका छन् । यस्ता बालबालिकाको उद्धार र संरक्षण गर्नु प्रमुख दायित्व सरकारको हो भने संघसंस्था र व्यक्तिहरुको पनि त्यतिकै जिम्मेवारिता र दायित्व हो ।

आज सम्म जे जति कार्यहरु बालबालिकाको क्षेत्रमा गरिदिनु भएको यसको लागि सरकार, संघसस्था सबै प्रति आभारी छौं । अबका दिनहरुमा सम्पूर्ण बालबालिकाले स्वतन्त्र र सहभागितात्मक रुपमा आफ्ना अधिकारहरु प्राप्त गर्ने अवस्था सिर्जना गर्नका लागि मूलतः सरकारले प्रमुख उत्तर दायित्व लिइदिनुहोस्, नयाँ नयाँ योजनाहरु ल्याईदिनुस् संमाननीय प्रधानमन्त्री डा. बबुराम भट्टराई समक्ष अपिल गर्दछु । साथै संघसस्था तथा यहाँ उपस्थित सम्पूर्णमा हाम्रा लागि अझ राम्रा कार्यक्रम र कार्ययोजना लिएर आउनुहोस हाम्रो अग्रह छ । हाम्रा सिर्जनाहरुलाई यस देश भित्र मात्र सिमित नराखी विश्वभरी नेपाली बालबालिका भएर चम्कना चाहन्छौं । हामी बालबालिकाका भावनालाई त्यतिकै खेर जान नदिहोस्, हाम्रा पनि रङ्गी विरङ्गी सपनाहरु छन् । ती सपनाहरुलाई हामी विपनामा साकार पार्न चाहन्छौं । हाम्रा सीप क्षमता र प्रतिभाहरुलाई आकार दिएर देखाउन चाहन्छौं । कृपया हाम्रो भावनाको सम्मान गरिदिनुस् । हामीलाई र हाम्रा अधिकारलाई लेखाइमा, बोलाइ, भाषण र कानुनमा मात्र सीमित नगरिखिनुस् साच्चिकै व्यवहारमा उतारीदिनुहस् । आउनुन हामी बालबालिकाको बीचमा हाम्रो साथमा काम गरेर हेर्नुस् कती रमाईलो हुन्छ । हाम्रा प्रतिभा र सिर्जनाहरु प्रर्दशन गर्ने अवसर र ठाउँहरु मिलाई दिनुस् । हाम्रा भावना र चाहानाहरु प्रस्फूटन गर्ने अवसर र वातारण तयार गरिदिनुहोस् हामी समूह निमार्ण गर्न र समूहमा मिलेर काम गर्न चाहन्छौं । आफ्ना विचर र भावनाहरु अभिव्यक्त गर्न चाहन्छौं । अब कुनै हिंसा, शोषण, दुर्व्यवहार सहेर बस्न चाहँदैंनौं । अब हामीले बालअधिकारको बिषयमा जानीसकेका छौं, सचेत भईसकेका छौं । हामीलाई बालअधिकाररुपी प्रकाशको किरण दिनुहोस् त्यसमा कसरी सल्बलाउनु पर्दछ हामीले जानीसकेका छौं । तपाईंहरुले नयाँ नेपालको परिकल्पना गरिरहनुभएको यस अवसरमा हामी बालबालिकाको साथमा गर्नुहोस् । एक पटक हामी बालबालिकाको आँखामा खोज्नुहोस्,